# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक :

प्रस्तुत शोधपत्रको शीर्षक **हरि मञ्जुश्रीको निबन्धकारिता** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३. विषय-परिचय :

हरि मञ्जुश्री कोसी अञ्चलअन्तर्गत पर्ने भोजपुर जिल्लाको दिङ्ला केउरेनीपानीमा वि.सं. २०१६ साल आश्विन ५ गते जन्मेका हुन् । हाल उनी बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. १० मा बसोबास गर्दै आएका छन् । उनले साहित्यका विभिन्न विधाहरू : कथा, उपन्यास, कविता, निबन्ध, भाषा-व्याकरण, अनुसन्धान, जीवनी आदि क्षेत्रमा कलम चलाएका छन् । यसरी उनले अनेक साहित्यिक विधामा कलम चलाई प्रशस्तै पुस्तकहरूको लेखन, प्रकाशन र सम्पादन गराएका भए पनि प्रस्तुत शोधपत्रमा उनका निबन्धहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

## १.४ शोधसमस्या :

नेपाली कथा, उपन्यास र कविताका क्षेत्रमा सफलता प्राप्त गरेका हरि मञ्जुश्री नेपाली निबन्धलेखनमा पनि सक्रिय छन् । उनले वि.सं. २०४१ सालदेखि निबन्ध लेख्न थालेका हुन् । उनको निबन्धलेखन अद्यापि जारी छ । यसबीचमा उनले विविध विषयमा १ टिप्पणी र ६ सङ्ग्रहमा करिब ९ दर्जन निबन्धहरू लेखेका छन्, तर तिनका बारेमा छिटफुट चर्चाबाहेक व्यवस्थित अध्ययन कसैबाट पनि भएको पाइँदैन । पत्रकारिताका क्रममा अनेकौं लेखरचनाहरू लेखिरहने मञ्जुश्रीका शुद्ध निबन्धहरू नै के-कति छन् भन्ने कुराको अध्ययन पनि प्रमुख चासोको विषय बनेको छ । यसका अतिरिक्त उनका निबन्धहरूको विषयवस्तु, संरचना, भाषाशैली, उद्देश्य र प्रकार आदिको समष्टिगत अध्ययन गरी उनको निबन्धकारिताको स्वरूप र पृष्ठभूमिको स्पष्ट रेखाङ्कन पनि भएको पाइँदैन । यस समस्यालाई निम्नलिखित बुँदाहरूमा राखेर स्पष्ट गर्न सकिन्छ –

क) उनको निबन्धयात्रा के-कस्तो छ ?

ख) उनका निबन्धहरूमा के-कस्तो विशेषता पाइन्छ ?

ग) उनका निबन्धहरूमा शिल्प, संरचना, भाषाशैली र उद्देश्य के-कस्तो छ ?

ङ) उनका निबन्धहरू कस्ता प्रकारका छन् ?

च) उनी कस्ता निबन्धकार हुन् र उनका निबन्धहरूको योगदान के-कस्तो छ ?

१.५ शोधकार्यका उद्देश्यहरू :

निबन्धको सैद्धान्तिक पृष्ठभूमिको उल्लेख गर्दै हरि मञ्जुश्रीको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त चर्चासहित निबन्धयात्राको चरणविभाजन तथा उनका निबन्धहरूको अध्ययन, वर्गीकरण, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस अध्ययनको उद्देश्य हो । यसलाई निम्न बुँदाका आधारमा स्पष्ट गर्न सकिन्छ –

क) हरि मञ्जुश्रीको निबन्धयात्रालाई रेखाङ्कन गर्नु

ख) उनका निबन्धहरूको विषयवस्तु, शिल्प, संरचना, भाषाशैली र उद्देश्यको अध्ययन र विश्लेषण गर्नु

ग) उनका निबन्धहरूको वर्गीकरण गर्नु

घ) उनका निबन्धहरूको योगदान र निबन्धकारिताको मूल्याङ्कन गर्नु ।

१.६ पूर्वकार्यको समीक्षा :

हरि मञ्जुश्री सफल कथाकार, उपन्यासकार र कविका अतिरिक्त निबन्धकार पनि हुन् । उनको कथाकारिता, उपन्यासकारिता र कवित्वका बारेमा सामान्य चर्चा-परिचर्चा भएको पाइए पनि निबन्धकार मञ्जुश्री भने ओझेलमा परेका देखिन्छन् । उनका बारेमा चाहिँ यदाकदा अति सामान्य चर्चा मात्र भएको पाइन्छ । उनका बारेमा आजसम्म भएका चर्चा-परिचर्चातिर दृष्टि पुऱ्याउँदा निम्नलिखित स्थिति देखापर्छ ।

सर्वप्रथम नारायण गोदारेले **जनमत** (साहित्यिक मासिक पत्रिका) मा **हरि मञ्जुश्री : फूलको मीठो वासना** शीर्षकको लेखमा हरि मञ्जुश्रीको लेखनशैलीको टिप्पणी गर्ने क्रममा भनेका छन् – “व्यवहारमा जति नम्र, भलादमी, कमला र मृदुभाषी छन्, लेखनमा त्यत्तिकै कठोर पनि छन् (गोदारे, २०५६) ।” त्यसै गरी गोपाल पराजुलीले हरि मञ्जुश्रीको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर**मा उनका बारेमा टिप्पणी गर्ने क्रममा ‘साहित्य र पत्रकारिता क्षेत्रको लेखन र सम्पादनको हरेक पक्षमा हरि मञ्जुश्रीको दखल छ । हरेक शैलीमा, हरेक विधामा, हरेक स्थितिमा, हरेक विषयमा पाठकलाई सन्तुष्टि दिलाउने गरी कलम चलाउन सक्नु उनको विशिष्ट खुबी हो । गहन विषयलाई सरल प्रकृतिबाटै बुझाउन उनी समर्थ छन् । काल्पनिकतालाई पनि वास्तविक स्वरूप दिन सक्नु उनको विशिष्टता हो’ भनेका छन् । हरि मञ्जुश्रीका बारेमा उनले भनेका छन् – “उनी मान्छेलाई तीतो दिने तीतेपाती होइनन्, मीठो सुवास दिने फूल हुन् । उनी फूलका रसचखुवा होइनन्, मीठो रस दिने रसमूल हुन् (पराजुली, २०६०) ।” साहित्यकार तीर्थराज

अधिकारीले **जवाहरको दर्शन** निबन्धसङ्ग्रहको मन्तव्यलेखनका क्रममा हरि मञ्जुश्रीलाई 'ओझेलमा रहेका व्यक्तिहरूलाई अगाडि ल्याउने र विशिष्ट व्यक्तित्वका बारेमा जानकारी दिने जस्ता प्रशंसनीय काम गर्ने व्यक्ति हुन्' (अधिकारी, २०६०) भनेका छन् । गङ्गाराम गड्तौलाले **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** निबन्धसङ्ग्रहका विभिन्न निबन्धहरूको समीक्षा गर्दा उनको रोचक शैलीका बारेमा **भो, म अरू लेख्तिनँ** (गड्तौला, मध्यमार्ग, २०६२) शीर्षकको लेखमार्फत **मध्यमार्ग** साप्ताहिक पत्रिकामा टिप्पणी गरेका छन् । त्यसै गरी हिरण्य भोजपुरेले **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** निबन्धसङ्ग्रहका बारेमा २०६३ वैशाखको **मधुपर्क**मा प्रकाशित **मैले पाएको नोबेल पुरस्कार** शीर्षकको निबन्धात्मक लेखमा 'हरि मञ्जुश्री भावुक छन् भावविहीन छैनन्, गवेषक छन् विचारशून्य छैनन् । उनी शुद्ध अर्थमा एक मात्र व्यावसायिक लेखक हुन्' (भोजपुरे, २०६२ : ५४) भनी लेखेका छन् । डा० मोहन हिमांशु थापाले **शशि भण्डारी आयाम र आलोक**को भूमिकामा मन्तव्यलेखनका क्रममा भनेका छन् – 'टिप्पणीमा हरि मञ्जुश्रीको निजात्मकता, भावात्मकता र काव्यात्मकता पाइन्छ । निबन्धात्मक र समीक्षात्मक दृष्टिविन्दुको सम्मिश्रण नै उनको प्रयोगशील पक्ष हो ।' (हिमांशु थापा, २०६३)

यसरी हेर्दा हरि मञ्जुश्री विशिष्ट साहित्यकारका साथै विशिष्ट निबन्धकार पनि हुन् भन्ने सूचना प्राप्त भए पनि उनले के-कति र कस्ता निबन्ध लेखेका छन् र तिनको उपलब्धि र सीमा के हो भन्ने कुराको अध्ययन र मूल्याङ्कन भने भएको पाइँदैन ।

१.७ शोधकार्यको औचित्य र महत्त्व :

कथाकार, उपन्यासकार र कविका साथै विशिष्ट निबन्धकार हुँदाहुँदै पनि हरि मञ्जुश्रीका निबन्धहरूको केन्द्रीयतामा रही सामान्य चर्चा वा अध्ययनसम्म पनि भएको पाइँदैन । यसकारण निबन्धकारिताका समग्रतामा उनलाई चिनाउने अध्ययनको आवश्यकता टड्कारो रूपमा देखिन्छ । यस शोधकार्यले यो आवश्यकतापूर्तिमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ । यसबाट मञ्जुश्रीका खास निबन्धहरू सूचीबद्ध हुनाका साथै तिनमा छनोट गरिएको विषय र त्यसलाई प्रस्तुत गर्नाका लागि अँगालिएका शिल्पप्रविधिको सीमाका बारेमा पनि यथार्थ जानकारी प्राप्त हुनेछ । अतः यस शोधकार्यबाट मञ्जुश्रीका निबन्धकलामा अभिरुचि राख्ने प्रत्येक व्यक्ति लाभान्वित हुन सक्नेछन् । यसअतिरिक्त यस अध्ययनले निबन्धको अध्ययनका निम्ति पनि केही निश्चित आधारहरू प्रस्तुत गर्नेछ र अन्य निबन्धकारका निबन्धहरूको अध्ययनमा तिनलाई प्रयोग गर्न सकिनेछ । यिनै परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व सिद्ध हुन्छ ।

१.८ शोधकार्यको क्षेत्र र सीमा :

हरि मञ्जुश्रीका निबन्धहरू वि.सं. २०४१ सालदेखि २०६४ सालसम्मको अवधिमा निकै बढी लेखिएका छन् । तीमध्ये कतिपय अप्रकाशित अवस्थामा छन् भने अधिकांश प्रकाशित अवस्थामा छन् । प्रकाशितमध्ये पनि कुनै पुस्तकाकारका रूपमा छन् भने कुनै फुटकर रूपमा । प्रस्तुत

शोधकार्य वि.सं. २०४३ देखि वि.सं. २०६४ सालसम्ममा पुस्तकाकार सङ्ग्रहका रूपमा सङ्कलित निबन्धहरूमा आधारित रहेको छ । यसमा मञ्जुश्रीका (क) **आजको नेपाल कता लागिरहेछ ?** ( टिप्पणी), (ख) **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (निबन्धसङ्ग्रह), (ग) **जवाहरको दर्शन** ( निबन्धसङ्गह), (घ) **अध्यात्म चिन्तन**, (ङ) **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (विचार-प्रवाह), (च) **शशि भण्डारी : आयाम र आलोक** (विचार-प्रवाह), (छ) **अनेक स्रष्टा अनेक प्रसङ्ग** (ज) **काभ्रेका केही कर्मयोद्धा** (निबन्धसङ्ग्रह) लाई आधार बनाई उनका निबन्धहरूको अध्ययन गरिएको छ । यही नै यस शोधकार्यको क्षेत्र र सीमा मानिएको छ ।

१.९ शोधको अध्ययनविधि :

यो शोधपत्र मूलतः पुस्तकालयीय स्रोतलाई प्रयोग गरी तयार गरिएको छ । यसका अतिरिक्त यसका निम्ति निबन्धकार मञ्जुश्रीसँग लिखित अन्तर्वार्ता लिई आवश्यक जानकारी बटुल्ने कार्य गरिएको छ । यसरी प्राप्त भएका सबै तथ्य र सूचनाहरू आवश्यकताअनुसार वर्गीकरण र संयोजन गरिएको छ । विवेचनाका लागि आवश्यकताअनुसार जीवनीपरक, प्रभावप्रक र समालोचनात्मक आदि विधासिद्धान्तलाई आधार मानी वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक अध्ययनपद्धति अपनाइएको छ ।

१.१० शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधपत्रलाई विभिन्न परिच्छेदहरूमा विभक्त गरिएको छ । यसमा जम्मा ६ परिच्छेदहरू रहेका छन् र ती सबै दशमलवप्रणालीमा अङ्क मिलाई शीर्षक-उपशीर्षकमा विभक्त गरिएका छन् । यस शोधपत्रको मूल रूपरेखा वा सङ्गठन यस प्रकारको छ –

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | निबन्धको सैद्धान्तिक परिचय |
| परिच्छेद तीन | : | नेपाली निबन्ध-परम्परामा हरि मञ्जुश्री |
| परिच्छेद चार | : | हरि मञ्जुश्रीका निबन्धहरूको अध्ययन |
| परिच्छेद पाँच | : | निजात्मक प्रस्तुतिका आधारमा हरि मञ्जुश्रीका निबन्धहरूको अध्ययन |
| परिच्छेद छ | : | मूल्याङ्कन र निष्कर्ष |

परिच्छेद दुई

# निबन्धको सैद्धान्तिक परिचय

सुरुसुरुमा पद्यलाई मात्र साहित्य भनिन्थ्यो । समयको अन्तरालमा मानवीय दैनिक व्यवहारको माध्यम गद्यलाई पनि साहित्य मान्न थालियो । त्यसपछि गद्य र पद्य दुवै साहित्यका अलग-अलग विधाका रूपमा विकसित भए । यसरी निबन्धले पनि गद्यविधाका रूपमा साहित्यिक स्वरूप प्राप्त गऱ्यो । प्राचीनकालदेखि नै पूर्व र पश्चिम दुवैतिर 'निबन्ध' शब्दको प्रयोग विभिन्न अर्थमा हुँदै आएको पाइन्छ । यहाँ दुवैतिरका निबन्धसम्बन्धी दृष्टिकोणलाई सङ्क्षेपमा प्रस्तुत गरिन्छ ।

२.१ पूर्वीय मान्यता :

पूर्वीय दृष्टिकोणअनुसार 'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपाली भाषामा आएको तत्सम शब्द हो । यो 'बन्ध' आधारपदमा 'नि' उपसर्ग र 'घञ्' प्रत्यय लागेर बनेको हो । यस शब्दको व्युत्पत्तिगत अर्थ बाँध्नु, सङ्ग्रह गर्नु, रचना गर्नु, जुटाउनु भन्ने हुन्छ -लुइँटेल र गौतम, २०५४ : १) । यस अर्थमा 'निबन्ध' शब्दले विषयविशेषलाई निश्चित सीमामा बाँधिएको रचना भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा 'निबन्ध' शब्दको प्रयोग निकै पुरानो देखिन्छ । **गीता** मा श्रीकृष्णले अर्जुनलाई उपदेश दिने क्रममा दार्शनिक सन्दर्भ दिँदै 'निबन्ध' शब्दलाई आत्मालाई सांसारिक मायाजालबाट बाँधेर राख्ने आसुरी सम्पत्तिका रूपमा प्रयोग गरेका छन् (सुवेदी, २०४९ : ६) ।

आठौँ शताब्दीमा 'निबन्ध' शब्दको प्रयोग टीका, व्याख्या, भाष्य आदि अर्थमा गरिएको पाइन्छ (पूर्ववत् : ६) । संस्कृतका कोशकार आप्टेले 'निबन्ध' शब्दका बाँध्नु, कस्नु, नियन्त्रण गर्नु जस्ता विभिन्न ११ अर्थ लगाएका छन् (आप्टे, १९९९ : ५२७) । **वासवदत्ता** र **न्यायमञ्जरी** मा ग्रन्थरचनाका अर्थमा प्रयोगलाई हेरी व्यापक अर्थमा अर्थ्याउन खोज्दा 'निबन्ध' शब्दको अर्थ 'कुनै विषयलाई सीमामा बाँध्नु' भन्ने हुन्छ, तर आजभोलि प्रयोग गरिएको 'निबन्ध' शब्दको प्रयोग संस्कृत साहित्यकालमा भएको पाइँदैन (सुवेदी, २०४९ : ७) । निबन्ध साहित्यिक विधाका रूपमा विश्वसाहित्यको आधुनिक काल सुरु भएपछि मात्र स्थापित भएको हुँदा यसको स्वरूपलाई बुझ्न पाश्चात्य मान्यता र प्रक्रियालाई बुझ्नुपर्ने हुन्छ ।

२.२ पाश्चात्य मान्यता :

अङ्ग्रेजीमा 'निबन्ध' लाई एस्से (Essay) भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ (Essai) बाट अङ्ग्रेजीमा आएको हो । यसको अर्थ 'प्रयास' वा 'प्रयत्न' हुन्छ (थापा, २०५० : १८५) । पाश्चात्य साहित्यमा 'निबन्ध' शब्दको प्रयोग गर्ने पहिलो व्यक्ति 'द मोन्तेन' (१५३३ – १५५२) हुन् । उनले

आफ्ना रचनाहरूलाई एसाइ (Essai) भन्ने नाम दिएका थिए, जसको अर्थ 'प्रयास' हुन्छ (दि न्यु इन्साइक्लोपेडिया ब्रिटानिका, १९६८ : ५६२) ।

निबन्धकार मोन्तेनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । वैयक्तिक भाव, सरल भाषा, अनौपचारिक अभिव्यक्ति र आत्मानुभूतिको प्रकाशन गर्ने साहित्यिक रचनाका अर्थमा मोन्तेनले 'निबन्ध' शब्दको प्रयोग गरेका थिए । उनका ती रचनाहरू बौद्धिकताका नभएर हार्दिकताका अभिव्यक्ति थिए (लुइँटेल र गौतम, २०५४ : २) । 'म नै मेरा निबन्धको विषयवस्तु हुँ र मलाई सबैभन्दा नजिकबाट चिन्ने व्यक्ति म नै हुँ' भन्ने निबन्धगत मान्यता भएका मोन्तेन आफ्ना निबन्धहरूमा खुलस्त रूपमा अहंवादी देखिए पनि उत्तिकै नम्र र विनीत पनि देखिन्छन् (अधिकारी, ..... : ...) । उनका रचनामा निजात्मक अभिव्यक्तिको धर्म स्पष्ट देखिन्छ ।

यसरी मोन्तेन पाश्चात्य साहित्यको निबन्धक्षेत्रमा प्रथम प्रयोक्ताका रूपमा देखापर्दछन् र उनले आफ्ना निबन्धमा व्यक्तिगत अनुभव, अनुभूति र भावनाहरू प्रस्तुत गरेका छन् । यिनका निबन्धमा बौद्धिकताभन्दा हार्दिकताको, विचारभन्दा भावनाको, चिन्तनभन्दा अनुभूतिको, वस्तुसत्यभन्दा कल्पनाको प्रबलता पाइन्छ । त्यसैले निबन्धलाई सर्वप्रथम साहित्यिक गद्यका रूपमा स्थापित गराएकाले मोन्तेनलाई पश्चिमी साहित्यमा निबन्धविधाका जनक भनेर मानिन्छ ( सुवेदी, २०४९ : १०) ।

१७ औँ शताब्दीमा बेलायतका साहित्यकार फ्रान्सिस बेकन (१५६२ – १६२६) ले विभिन्न रचनाहरूको सङ्ग्रह प्रकाशित गरी तिनलाई Essay नाम दिए । सङ्क्षिप्त आकारका ती लेखरचनाहरू विचारप्रधान, दार्शनिक र सैद्धान्तिक खालका थिए (लुइँटेल र गौतम, २०५४ : ३) । बेकनले निबन्धलाई छरिएर रहेका विचार र चिन्तनलाई सूत्रबद्ध गर्ने एक विशिष्ट विधाका रूपमा स्वीकारेका छन् । उनका निबन्धहरू विचारप्रधान र वस्तुनिष्ठ छन् (प्रसाद, १९७३ : १६१) । त्यसैले उनका निबन्धहरू सरल र सरस छैनन् । उनका निबन्धहरू सिद्धान्त-प्रतिपादन, पाण्डित्य-प्रदर्शन, ज्ञान-प्रदर्शन तथा शास्त्रीय पूर्वाग्रहबाट प्रेरित छन् र निबन्धका शीर्षक नै एकदम बौद्धिक र गम्भीर छन् तथा शैली उच्चस्तरको र औपचारिक छ (अधिकारी, ..... : ....) । मोन्तेनले निबन्धलाई अहंको अभिव्यक्तिका रूपमा लिए भने बेकनले विशृङ्खलित चिन्तनका रूपमा लिए (थापा : २०५० : १८६) । यसरी मोन्तेनका निबन्धमा सहज, स्वाभाविक निश्छलता प्रकट हुन्छ भने बेकनका निबन्धमा तथ्य र प्रमाणयुक्त विश्लेषण प्रकटित भएको पाइन्छ (बराल, २०४९ : २६) ।

यसरी मोन्तेन आत्मपरक निबन्धकारका रूपमा देखिए भने बेकन वस्तुपरक निबन्धकारका रूपमा । १६ औँ शताब्दीपछिका निबन्धकारहरूले यिनै दुई मान्यतालाई स्वीकार गरी निबन्धको सिर्जना गरेको पाइन्छ । मोन्तेनबाट थालिएको आत्मपरक धारालाई अब्राहम काउली, प्रिस्टली,

चार्ल्स ल्याम्ब, स्विट्स स्टिल, हेजलेट गोल्डस्मिथ आदिले अघि बढाए भने बेकनबाट प्रारम्भ भएको वस्तुपरक धारालाई बेन जोन्सन, डिन क्विन्स्की, मेकाले, वाल्टरपिटर आदिले अघि बढाए (लुइँटेल र गौतम, २०५४ : ३) । यसरी निबन्धले साहित्यिक गद्यविधाको स्वरूप प्राप्त गर्‍यो । फ्रान्सबाट सुरु भएको निबन्धले बेलायत हुँदै विश्वभरि नै आ□नो प्रभाव कायम गर्न सकेको छ ।

२.३ निबन्धको परिभाषा :

निबन्धलाई प्राचीनकालदेखि नै पूर्व र पश्चिम दुवैतिरका विभिन्न साहित्यकारहरूले आ-आ□नै ढङ्गले परिभाषित गरेका छन् । यी परिभाषाहरूमा विषयवस्तु, आयाम र भाषाशैलीमध्ये कुनै एक पक्षमा जोड दिइएको देखिन्छ । साहित्यका अन्य विधाको परिभाषामा मतैक्य नभएझैं यस विधाको परिभाषामा पनि मतैक्य पाइँदैन । निबन्धविधाको जन्म फ्रान्सबाट भए पनि यसको विकास र विस्तार बेलायतमा भयो । पाश्चात्य विद्वान्हरूले निबन्धलाई चिनाउने क्रममा विभिन्न परिभाषा गरेका छन् ।

निबन्धका जन्मदाता मोन्तेनले आफू स्वयंलाई नै निबन्धको विषय भनी स्पष्ट गरेका छन् । यिनले निबन्धलाई आत्माको अभिव्यक्तिका रूपमा लिएका छन् । यिनी भन्दछन् – “म कागजसँग त्यसरी नै कुराकानी गर्छु, जसरी कुनै व्यक्तिसँग पहिलो भेटमा कुराकानी गरिन्छ (शर्मा, २०६० : ६७) ।” यसपछि फ्रान्सिस बेकनले निबन्धबारे टिप्पणी गर्दै आ□नै मान्यताअनुकूल निबन्धको रचना गरेका छन् । यिनका सत्य, प्रतिशोध जस्ता गम्भीर विषयका लघुनिबन्ध प्रकाशित छन् । उनी भन्छन् – “छरिएका चिन्तनको प्रस्तुति नै निबन्ध हो (पूर्ववत्) ।”

यहाँ केही महत्त्वपूर्ण परिभाषाहरू प्रस्तुत गरिन्छ ।

केही पाश्चात्य विद्वान्हरूका निबन्धसम्बन्धी धारणा –

- दि कन्साइन्स अक्सफोर्ड इङलिस लिट्रेचर - “निबन्ध भनेको साधारणतया एउटा छोटो गद्यरचना हो, जसमा लेखकको विषयविशेषको प्रतिबिम्ब हुन्छ ।” (पूर्ववत्)
- मोन्तेन – “निबन्ध एक प्रकारको आत्मप्रकाशनको प्रयत्न हो ।”
- बेकन – “विकीर्ण चिन्तन नै निबन्ध हो ।”
- जोन्सन (१७०९ – १७८५) – “कुनै क्रम र नियममा नबाँधिएका, अपरिपक्व, अनियमित र अव्यवस्थित विचारहरूको उन्मुक्त विचरण वा मनोजगत्को थाकेको बुद्धिविलास नै निबन्ध हो ।” (उपाध्याय, २०४९ : १९६)
- मरे (१८३७ – १९९५) – “कुनै विषयमा केन्द्रित भई सङ्क्षिप्त आयाममा प्रायः सुगठित र अलङ्कृत शैलीमा लेखिएको रचनालाई नै निबन्ध भनिन्छ ।” (लुइँटेल र गौतम, २०५४ : ४)

- प्रिस्टली (१९९४) – “आ□ना बारेमा कुरा गर्ने वा कुनै विषय र आफूबीचको सम्बन्धलाई अभिव्यक्त गर्नका लागि जुनसुकै विषयमा पनि लेखिएको रचनालाई निबन्ध भनिन्छ ।” (पूर्ववत्)
- सेन्ट ब्युभ (१८०४ – १८६९) – “निबन्ध सङ्क्षिप्तमै धेरै कुरा भन्न सकिने साहित्यको कठिनतम र रमाइलो विधा हो ।” (पूर्ववत्)
- हडसन (१८४१ – १९१२) – “निबन्ध गीतिकाव्यझैँ आत्माभिव्यक्तिको सशक्त माध्यम हो ।”
- बेन्सन – “काल्पनिक रूपमा नभई यथार्थ र तटस्थ ढङ्गले जीवनमाथि प्रकाश पार्ने रचना नै निबन्ध हो ।” (पूर्ववत्)

केही नेपाली निबन्धकारहरूको निबन्धसम्बन्धी धारणा –

- लक्ष्मीप्रसाद देवकोटा (१९६६ – २०१६) – “यो (निबन्ध) टेबुलगफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन न त बमनवेदान्त । यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ ।” (उपाध्याय, २०४९ : २००)
- डा० ईश्वर बराल (१९७८) – “निबन्ध भनेको एक किसिमको कुरागराइ हो । लेखकको मनका भावनालाई स्वगत कथनका रूपमा उद्गारित गराउने विधाविशेष हो ।” (पूर्ववत्)
- भैरव अर्याल – “कुनै विषयमा आफूले जानेका, सोचेका र लागेका कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो ।” (लुइँटेल र गौतम, २०५४ : ५)
- हृदयचन्दसिंह प्रधान – “निबन्धमा लेखकले कलमको पछि दौडेर मात्रै पुग्दैन, पाठकलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्ग्य, हास्य र ठट्यौलोपन मामुली तवरबाट पोख्तै जानुपर्छ ।” (शर्मा, २०६० : ५)
- बालकृष्ण पोखरेल – “सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको श्रोतालाई सुनाएको गन्थन हो ।” (पूर्ववत्)
- रामलाल अधिकारी – “निबन्ध त्यो काव्यविधा हो जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेष्टा नभई आत्मप्रकाशकै लक्षमा केन्द्रित हुनुपर्छ ।” (अधिकारी, ..... : ...)

केही भारतीय विद्वान्हरूको निबन्धसम्बन्धी धारणा –

- आचार्य रामचन्द शुक्ल – “निबन्धमा वैयक्तिक विशेषता व्यक्त गर्नका निमित्त, त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूको प्रवाह ज्ञात रूपले वा अज्ञात रूपले

होस्, विशृङ्खलित भने हुन दिनु हुँदैन । भावप्रवाहको विचित्रता देखाउनका निमित्त अनुभूतिका स्वाभाविक वा लोकसामान्य रूपसँग कुनै सम्बन्ध नै राख्न सक्नु वा परिभाषित प्रश्नहरूको जस्तै व्यायामिक वा सहयोगीहरूले झैँ आसन-साधन गराइरहनु हुँदैन ।" (पूर्ववत्)

) गुलाब राय – "निबन्ध यस प्रकारको रचनाविशेष हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट प्रकारको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता सङ्गति र सम्बद्धतापूर्वक भएको हुन्छ ।"

यसरी विभिन्न विद्वान्हरूले निबन्धलाई अर्थ्याउने र परिभाषित गर्ने प्रयास गरेका छन् । यी अर्थ र परिभाषाहरू निबन्धका कुनै न कुनै पक्षसित सम्बद्ध देखिन्छन् । कुनै परिभाषाले संरचनापक्षलाई त कुनैले विषयवस्तुको पक्षलाई जोड दिएका छन् । वस्तुतः बन्धनहीन भने पनि कसिएको रचना नै निबन्ध हो र यसमा लेखकको आत्मप्रकाशनचाहिँ अनिवार्य तत्त्व हो । त्यसैले निबन्धमा व्यक्तित्वको प्रकाशन आवश्यक हुन्छ (पूर्ववत् : ११०) ।

समग्रमा हेर्दा निबन्ध त्यस्तो साहित्यिक रचना हो, जुन एउटा विषयमा मात्र केन्द्रित भएको हुन्छ अनि न लामो न छोटो संरचनामा संरचित भएर लेखकका व्यक्तिगत अनुभव र दृष्टिकोणहरू सहज र स्वाभाविक रूपमा व्यक्त भएका हुन्छन् (दि न्यु इन्साइक्लोपेडिया ब्रिटानिका, १९६८ : ५६३) । जीवनयापनका क्रममा लेखकले प्राप्त गरेका अनुभवहरू अत्यन्त वैयक्तिकताका साथ व्यक्त गर्दा निबन्धको सिर्जना हुन्छ । आत्मपरक निबन्धका निबन्धकारले कुनै वस्तुलाई टिप्नासाथ त्यसलाई आफ्नो आत्मरागमा मुछेर व्यक्त गर्दछ । तसर्थ वैयक्तिक स्वाधीनता आत्मपरक निबन्धको आत्मा हो र यसमा व्यक्तित्व तथा अहम्को प्रबलता रहेको हुन्छ (नलिन, ..... : १) । निबन्धको विषय व्यापक हुन्छ । निबन्धकारले जुनसुकै विषयमा पनि निबन्ध लेख्न सक्ने भएकाले निबन्धका लागि विषयको कुनै सीमा छैन (पूर्ववत्) । तर त्यस विषयलाई अभिव्यक्त गर्ने कलाले निबन्धलाई छुट्याउँछ । निबन्धले वस्तुलाई मात्र प्रस्तुत गर्ने प्रयास गरेमा त्यो वस्तुपरक निबन्ध बन्छ भने त्यसलाई टिप्तै आफ्नो आत्मरागमा मुछेर आफ्नो जीवनको सुख-दुःख, हाँसो-आँसु, हर्ष-बिस्मात आदि व्यक्त गर्दा आत्मपरक निबन्ध बन्न पुग्दछ ।

यसरी 'निबन्ध' भन्नाले गद्यमा लेखिएको त्यस्तो साहित्यिक रचनालाई बुझिन्छ, जसमा वैयक्तिक अनुभूतिहरूलाई अनौपचारिक शैलीमा सरल र सरस रूपमा व्यक्त गरिएको हुन्छ ( ओझा, २०५४ : ७) । आजको सन्दर्भलाई हेर्दा निबन्धलाई यसरी परिभाषित गर्नुपर्ने देखिन्छ – जुनसुकै विषयवस्तुलाई आत्मपरक वा वस्तुपरक ढंङ्गले स्वस्फूर्त प्रवाहका साथ सङ्क्षिप्त आयाममा भावाभिव्यक्त गरिएको रसिलो र कसिलो गद्यविधा नै निबन्ध हो ।

२.४ निबन्धका तत्त्वहरू :

निबन्धको आफ्नै संरचना हुन्छ । संरचनाको निर्माण त्यसको अवयव र तत्त्वहरूले गर्छन् । कुनै पनि वस्तुलाई अस्तित्व प्रदान गर्ने आवश्यक अङ्गलाई तत्त्व भनिन्छ (लुइँटेल र गौतम, २०५४ : ५) । निबन्धलाई संरचना प्रदान गर्ने आवश्यक अङ्ग नै निबन्धका तत्त्व हुन् । निबन्धका तत्त्वका बारेमा पनि साहित्यका अन्य विधाका तत्त्वमा झैँ मतभिन्नता पाइन्छ, तापनि निबन्धका तत्त्वलाई निम्नानुसार प्रस्तुत गरिन्छ – क) विषयवस्तु, ख) हार्दिकता / बौद्धिकता, ग) वैयक्तिकता, घ) सङ्क्षिप्तता, ङ) उद्देश्य, च) विचार, छ) भाषाशैली / प्रस्तुति ।

विषयवस्तु :

विषयवस्तुलाई निबन्धको प्रमुख अङ्गका रूपमा लिइन्छ । निबन्ध जीवनजगत्का जुनसुकै विषयमा पनि लेखिन्छ । जेबारे निबन्ध लेखिएको छ, त्यसलाई त्यस निबन्धको विषय भनिन्छ र प्रत्येक निबन्ध कुनै विषयको मूर्तरूप हुन्छ (शर्मा, २०५५ : ५१६) । लेखकले विषयवस्तुलाई स्वतन्त्र रूपमा छनोट गर्छ । विनाविषय निबन्धको रचना गर्न नसकिने हुँदा विषयवस्तु निबन्धको प्रमुख तत्त्व हो र यो निबन्धको बाह्य पक्षसँग सम्बद्ध हुन्छ (लुइँटेल र गौतम, २०५४ : ६) ।

हार्दिकता / बौद्धिकता :

हार्दिकता मान्छेको हृदयपक्षसँग सम्बद्ध हुन्छ भने बौद्धिकता मस्तिष्कपक्षसँग सम्बद्ध हुन्छ । हार्दिकता व्यक्तिको आन्तरिक व्यक्तित्व हो भने बौद्धिकता बाह्य व्यक्तित्व (पूर्ववत्) । आन्तरिक पक्षले मूलतः प्रतिभालाई र बाह्य पक्षले अभ्यास, अध्ययन र चिन्तन-मननलाई बुझाउँछ । निबन्धमा हार्दिकताको पक्ष बढी हुने भए पनि त्यसमा निबन्धकारको बौद्धिकताको प्रभाव अवश्यै रहन्छ । त्यसैले स्रष्टाको बाह्य तथा आन्तरिक पक्षसँग सम्बद्ध बौद्धिकता र हार्दिकता निबन्धका आवश्यक तत्त्व हुन् ।

वैयक्तिकता :

व्यक्तिनिष्ठता वा व्यक्तित्वको अभिव्यक्ति नै वैयक्तिकता हो (पूर्ववत्) । निबन्धकारका विचार, भाव र रुचिको प्रकटीकरणलाई वैयक्तिक अभिव्यक्ति भनिन्छ । निबन्ध व्यक्तिनिरपेक्ष हुँदैन । मूलतः निबन्धमा निबन्धकारको निजी व्यक्तित्व वा उसको रुचि, मनन, अध्ययन आदिको प्रकटीकरण हुन्छ । कुनै एक विषयमा केन्द्रित भई निबन्धकारले आफ्ना आस्था, विश्वास र जीवन-भोगाइका विविध वैयक्तिक अनुभूतिलाई कत्ति पनि नढाँटीकन पाठकसामु प्रस्तुत गर्दछ । वैयक्तिकताले निबन्धकार र पाठकका बीचमा सोझो सम्बन्धको सिर्जना गर्ने काम गर्दछ । आत्मपरक र वस्तुपरक दुवैखाले निबन्धमा निबन्धकारको निजी दृष्टिकोण अभिव्यक्त हुन्छ । आत्मपरक निबन्धमा वैयक्तिक अनुभूति बढी र वस्तुतत्त्वको प्रस्तुति कम हुन्छ भने वस्तुपरक निबन्धमा वस्तुतत्त्वको प्रस्तुति बढी र वैयक्तिकता कम हुन्छ । वैयक्तिकता कमबेसी जे-जति भए पनि अभिव्यक्त भएकै हुन्छ । अतः वैयक्तिकता अनिवार्य तत्त्व हो ।

सङ्क्षिप्तता :

सङ्क्षिप्तता निबन्धको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । निबन्धको आयाम निर्धारण गर्न गाह्रो भए पनि सङ्क्षिप्त हुनुपर्छ । विषयवस्तुगत व्यापकताभित्रै सङ्क्षिप्तताको सीमा निर्धारण गर्नुपर्छ । विषयवस्तुलाई सङ्क्षिप्तताभित्र पनि सम्पूर्णता दिनु अनिवार्य हुन्छ । सङ्क्षिप्त आयामभित्रै सम्पूर्णता वा स्वयंमा पूर्ण गद्यविधा निबन्ध भएकाले सङ्क्षिप्तता बाह्य पक्षसँग सम्बन्धित भए तापनि यो निबन्धको महत्त्वपूर्ण तत्त्व हो (पूर्ववत् : ७) ।

उद्देश्य वा प्रयोजन :

जेका निमित्त निबन्ध लेखिएको छ, त्यसलाई निबन्धको उद्देश्य वा प्रयोजन भनिन्छ (शर्मा, २०५५ : ५१६) । विनाउद्देश्य साहित्य-सिर्जना हुँदैन । निबन्ध पनि साहित्यिक विधा भएकाले यसको सिर्जना पनि निश्चित उद्देश्यद्वारा अभिप्रेरित हुन्छ । विनाउद्देश्य निबन्ध सिर्जना गरिएमा निरर्थक हुन्छ (लुइँटेल र गौतम, २०५४ : ७) । छोटो समयमा पढ्न सकिने गरी छोटो आयामभित्र आफ्ना भावना, विचार, अनुभव र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्नु नै निबन्धकारको प्रमुख उद्देश्य हुन्छ । कथ्यसँग सकेसम्म सान्दर्भिक प्रसङ्ग जोडेर निबन्धकारले रचना गर्नु नै उपयुक्त हुन्छ । निबन्धकारका सूचनाप्रदान, सहमतीकरण, अनुभवविस्तार र घटनाप्रस्तुतिजस्ता चार उद्देश्यमध्ये कुनै न कुनै एउटा उद्देश्यपूर्तिका लागि निबन्ध लेखिएको हुन्छ (शर्मा, २०५५ : ५१७) । यसरी निबन्धको रचना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा उद्देश्य पनि निबन्धसिर्जनाका लागि एउटा महत्त्वपूर्ण तत्त्व हो ।

विचार :

निबन्धकारका भाव, विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठकसमक्ष प्रस्तुत गर्ने माध्यम वा पद्धतिलाई विचार भनिन्छ । आफ्ना अनुभूति र चिन्तनलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया नै निबन्धको विचार हो (पूर्ववत्) । निबन्ध प्रथम र तृतीय पुरुष दुवै दृष्टिविन्दुमा रचना गर्न सकिन्छ । पहिलोलाई आन्तरिक र दोस्रोलाई बाह्य दृष्टिविन्दु भनिन्छ । प्रथमतमा निबन्धकारले आफ्नो भाव पाठकसित सोझै अभिव्यक्त गर्दछ भने तृतीय पुरुष शैलीमा कुनै विषयवस्तु, घटना-सन्दर्भ आदिको उपस्थापना गरी आफ्नो भाव अभिव्यक्त गर्न सक्तछ । तृतीय पुरुष शैलीमा निबन्धकार पाठकसामु सोझै उपस्थित नभई घटना-वर्णनका माध्यमले उपस्थित हुन्छ । एउटै निबन्धमा दुवै दृष्टिविन्दु प्रयोग गरेर पनि निबन्धको रचना गर्न सकिन्छ (लुइँटेल र गौतम, २०५४ : ८) ।

भाषाशैली :

निबन्ध गद्यविधा भएकाले यसमा गद्यात्मक शैलीको प्रयोग गरिन्छ (पूर्ववत्) । अन्य विधाका तुलनामा निबन्धको भाव रागात्मक हुन्छ । भाषाशैली रचनाशिल्प भएकोले हरेक निबन्धकारको आ-आफ्नै भाषाशैलीगत विशिष्टता हुन्छ । शैली अभिव्यक्तिको प्रकार हो । यसले निबन्धलाई

रोचक र आकर्षक रूप प्रदान गर्दछ (शर्मा, २०५५ : ५१७) । सङ्क्षिप्तता, सुगठितता र कसिला वाक्यको प्रयोग निबन्धका भावशैलीगत वैशिष्ट्य हुन् । निबन्धको भाषा सरल, सहज, कोमल, हार्दिक, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शी हुनुपर्छ ।

निबन्धमा बौद्धिक भाषाको पनि प्रयोग गर्न सकिन्छ । यस्तो भाषा परात्मक निबन्धमा बढी प्रयोग हुन्छ । निबन्धको भाषा पाठकको मनलाई छुन सक्ने, पाठकको भावलाई झकझक्याउन सक्ने प्रभावकारी हुनुपर्छ (लुइँटेल र गौतम, २०५४ : ८) । शैलीको वर्णनात्मक, आलङ्कारिक, तार्किक, व्याख्यात्मक, विवेचनात्मक, चित्रात्मक, हास्यव्यङ्ग्यात्मक, चेतनप्रवाह आदि विभिन्न भेद छन् । निबन्धमा यीमध्ये जुनसुकै शैली अपनाइएको भए तापनि त्यसलाई सरल, स्पष्ट, प्रभावकारी, हृदयस्पर्शी, पाठ्य, सुबोध्य, रोचक र मनोरञ्जनात्मक ढङ्गले प्रयोग गरिनुपर्दछ । आफ्नो विचार र अनुभूतिलाई पाठकसमक्ष पुऱ्याउने निबन्धको भाषाशैली सङ्क्षिप्ततामा विस्तृतता (पूर्णता) लाई समेट्न सक्ने तथा पाठकलाई मनोरञ्जन प्रदान गर्न सक्ने खालको हुनुपर्छ । त्यसैले भाषाशैली निबन्धको बाह्य पक्षसँग सम्बन्धित भए तापनि यो महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो ।

### २.५ निबन्धको अन्य विधासँग सम्बन्ध :

आधुनिक नेपाली साहित्यका विभिन्न विधामध्ये एक स्थापित गद्यविधा निबन्ध हो (ओझा, २०५४ : ८) । यसको अन्य विधासँग के-कस्तो सम्बन्ध छ भन्ने कुरा बुझ्नका लागि यससँग तुलनीय विधाहरूलाई मात्र लिइएको छ । ती विधाहरूमा कथा, प्रबन्ध, शब्दचित्र, चिठीपत्र, अन्तर्वार्ता आदि पर्दछन् । त्यसैले यहाँ अन्य विधा भनेर यिनैलाई लिइएको छ । निबन्ध एक विशिष्ट र लोकप्रिय विधा भएकाले यसमा अन्य विधाका कतिपय गुणहरू पाइन्छन् भने केही यस्ता तत्त्वहरू छन्, जसले अन्य विधाबाट यसलाई अलग पार्दछन् । यहाँ यिनै विधासँग निबन्धको तुलनात्मक चर्चा गर्ने प्रयास गरिएको छ ।

#### २.५.१ कथा र निबन्ध :

कथा र निबन्ध दुवै गद्यसाहित्यका रचना हुन् । यी दुईमा आकारप्रकारका दृष्टिले पनि समानता पाइन्छ । विषय तथा समस्याको प्रबलता दुवैमा रहँदारहँदै पनि निबन्धमा निबन्धकार एउटा निष्कर्षमा पुगी पाठकमा कौतूहल उत्पन्न गराई सन्तुष्टि दिने प्रयास गर्दछ (नारायणस्वामी, १९८७ : ९४) भने कुशल कथाकारको कथाशिल्पमा त कथाको अन्त्य भइसकेपछि पनि कथाद्वारा सिर्जित उत्सुकता र कुतूहलता अन्त्य भएको हुँदैन (थापा, २०५० : १६४) । कथाको कथ्य विषय नै आत्माका रूपमा आउँछ भने निबन्धमा विषय पुष्टि गर्न व्यक्त गरेको तर्क वा विचार आत्माका रूपमा आउँछ । निबन्धको अपेक्षा कथामा पात्रगत अल्पता, विषयगत सीमितता, वस्तुगत तीव्रता हुने भएकाले तदनुकूल भाषामा सङ्क्षिप्तता र सरलता हुनु आवश्यक छ (पूर्ववत् : १७२) । कथामा कथावस्तु, पात्र र परिवेश अनिवार्य हुन्छन् भने निबन्धमा तिनको अनिवार्यता रहँदैन । कथाको सुरु र अन्त्य निश्चित क्रममा हुन्छ भने निबन्धमा सुरु र अन्त्यको निश्चित क्रम हुँदैन ।

निबन्धमा व्यक्तित्वको प्रधानता रहन्छ भने कथामा विषयको प्रधानता रहन्छ । निबन्धमा कल्पनाको प्रबलता हुन्छ भने कथामा बढी यथार्थको अभिव्यक्ति हुन्छ । कथा आख्यानात्मक विधा हो भने निबन्ध आख्याननिरपेक्ष विधा हो ।

२.५.२. प्रबन्ध र निबन्ध :

व्युत्पत्तिको दृष्टिले प्रबन्ध र निबन्ध बन्धनकै तात्पर्यमा प्रयोग हुन्छन् । निबन्धले खुकुलो बन्धन र प्रबन्धले कसिलो बन्धनलाई बुझाउँछ (लुइँटेल र गौतम, २०५४ : १२) । नेपालीमा देवकोटालगायतका केही निबन्धकारहरूले निबन्धकै अर्थमा 'प्रबन्ध' शब्दको प्रयोग गरेका छन् । बङ्गाली साहित्यमा निबन्ध र प्रबन्ध शब्दलाई पर्यायवाची शब्दका रूपमा लिइएको छ, तर निबन्ध र प्रबन्ध पर्यायवाची शब्द नभएर गद्यसाहित्यका पृथक् विधा हुन् । निबन्धअन्तर्गत अनेक विषयका निजात्मक र परात्मक अभिव्यक्ति भएका लघुआयामयुक्त रचनाहरू, यात्रावर्णन, संस्मरण आदि पर्छन् भने प्रबन्धअन्तर्गत शोधपत्र, लेख-रचना, समीक्षा, अनुसन्धान, प्रतिवेदन, जीवनी, सम्पादकीय, भूमिका आदि अपेक्षाकृत विस्तृत आयामका रचनाहरू पर्दछन् (पूर्ववत्) ।

विषयवस्तु, बाह्य स्वरूप र सङ्गठनको दृष्टिले निबन्ध र प्रबन्धमा केही समानता पाइए तापनि यी दुई विधाहरू आयाम, शैली र प्रस्तुतीकरणका दृष्टिले फरक हुन्छन् । निबन्धको आयाम छोटो हुन्छ भने प्रबन्धको आयाम लामो हुन्छ । निबन्ध बढी भावनात्मक, रागात्मक, हार्दिकता एवं कल्पनातत्त्वयुक्त हुन्छ भने प्रबन्ध बढी बौद्धिक, वस्तुगत र तथ्यपरक हुन्छ । तर्क, प्रमाण, पुष्टि, विवेचना, व्याख्या, विश्लेषण आदि प्रबन्धका आवश्यक तत्त्व हुन् भने निबन्धमा यी कुनै आवश्यक हुँदैनन् । प्रबन्धमा व्यक्तित्व प्रकट रूपमा नआएर परोक्ष रूपमा रहेर लेखकले आफ्ना सूक्ष्म दृष्टि, ज्ञानचातुरी, प्रकाशनपद्धति उपस्थित गराउँछ, तर व्यक्तित्वको सशक्त प्रकाशन निबन्धको निजी विशेषता हो (नलिन, .....: ६०) ।

२.५.३ चिठीपत्र र निबन्ध :

चिठीपत्र एक प्रकारको कुरागराइ हो । प्रेषक र प्रापकबीचमा कुरागराइजस्तै निबन्धमा पनि निबन्धकारले अत्यन्त औपचारिक शैलीमा आफ्ना मनका लहडहरूलाई व्यक्त गरेको हुन्छ । आरम्भ र अन्त्य भागलाई छाडेर पत्रको बीच भागमा आएका रमाइला पक्षले निबन्धको रूप लिन्छन् । निबन्धको रूप व्यक्तिप्रधान भए पनि सामाजिक बढी हुन्छ भने पत्रसाहित्य वा चिठीपत्र शुद्ध रूपमा व्यक्तिप्रधान हुन्छ (पूर्ववत् : ३९) ।

सामाजिक मूल्य र मान्यतालाई मर्यादा गर्ने क्रममा निबन्धकार सधैँ सचेत रहनुपर्छ, तर चिठीपत्रमा लेखकले ती मान्यताको पालना गर्नैपर्छ भन्ने केही छैन । चिठीपत्र अत्यन्तै निजात्मक र गोप्य हुने भएकाले यिनमा सामाजिक मर्यादाको विद्रोह पनि हुन सक्छ । विषयका दृष्टिबाट


पनि निबन्धको क्षेत्र चिठीको दाँजोमा व्यापक हुन्छ । यिनै कतिपय समानता हुँदाहुँदै पनि आफ्नै निजी वैशिष्ट्यले गर्दा चिठीपत्र र निबन्ध भिन्नाभिन्नै विधा हुन् ।

२.५.४ अन्तर्वार्ता र निबन्ध :

अन्तर्वार्ताको शाब्दिक अर्थ साहित्य, धर्म, संस्कृति, कला तथा यस्तै क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिसँग गरिने कुराकानी हो । अन्तर्वार्ताका पर्यायवाची शब्दका रूपमा संवाद, संलाप, भेटवार्ता आदि शब्द पनि प्रयोग गर्न सकिन्छ । अन्तर्वार्तामा प्रश्नोत्तरका नायकबाट नै प्राप्त गरेका जानकारी र ती जानकारीमा केन्द्रित भएर नायकप्रति आफ्ना भावना वा धारणा प्रस्तुत गरिएको हुन्छ (प्रधान, २०४४ : ६२) । अन्तर्वार्तासाहित्यमा लेखकद्वारा नायकको जीवन वा विचारधारामा केन्द्रित भएर चरित्रोद्घाटनको उद्देश्य राखिएको हुन्छ (पूर्ववत् : ६३) भने निबन्धमा नायकको आफ्नो संस्मरण वा सम्बन्धका आधारमा एक क्षणको प्रसङ्गमा टेक्तै कुनै विषयमाथि आफ्नो धारणा व्यक्त गरिएको हुन्छ । अन्तर्वार्तामा वार्तालापतत्व बढी हुन्छ भने निबन्धमा वार्तालाप भए पनि कम र वर्णनात्मकता ज्यादा हुन्छ ।

२.६ निबन्धको वर्गीकरण :

निबन्ध-रचनाका क्रममा निबन्धकारले जुनसुकै विषयवस्तुलाई पनि ग्रहण गर्न सक्ने र प्रत्येक निबन्धकारको प्रस्तुति बेग्लाबेग्लै हुने हुनाले यसको वर्गीकरणको ठोस आधार भेट्टाउन निकै कठिन पर्छ । विषयको विविधताका आधारमा निबन्धको वर्गीकरण गर्दा जीवनजगत्, साहित्य, इतिहास, कला, शैली, राजनीति, सङ्गीत, विज्ञान, प्रकृति आदि विविध आधार अवलम्बन गर्न सकिन्छ (ओझा, २०५४ : ६३) । विषयवस्तु, शैली र व्यक्तिनिष्ठता वा वैयक्तिकता, चिन्तन र अनुभूति, व्यक्तित्व जस्ता आधारमा पनि निबन्धको वर्गीकरण गरेको देखिन्छ । मोन्तेनको अहम् र बेकनको चिन्तनका क्रमले गर्दा निबन्धका लागि सीमाङ्कन भएको छ । आकारका दृष्टिले निबन्धलाई दुई रूपमा विभाजन गर्न सकिन्छ – आत्मपरक र वस्तुपरक (थापा, २०५०: १९०) । यस्तै शैलीका आधारमा निबन्धको वर्गीकरण गर्दा निजात्मक र परात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ (ओझा, २०५४ : १९) । निजात्मक निबन्धलाई विचारात्मक, भावात्मक र वैयक्तिक गरी ३ भागमा र परात्मक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ (लुइँटेल र गौतम, २०५४ : ९) । त्यसकारण निबन्धको सम्पूर्ण स्वरूपलाई स्थूल रूपमा दुई वर्गमा र सूक्ष्म रूपमा पाँच उपवर्गमा विभाजन गर्नु उपयुक्त देखिन्छ । निबन्धको वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ –




२.६.१ निजात्मक निबन्ध :

निजात्मक निबन्धलाई आत्मपरक निबन्ध पनि भनिन्छ । यो व्यक्तित्वप्रधान हुन्छ भने विषयचाहिँ गौण हुन्छ । निबन्धकारको आत्मप्रकाशन वा स्वको अभिव्यक्ति निजात्मक निबन्धको मुख्य विशेषता हो । यो हृदय, भावना र बुद्धिपक्षसँग सम्बद्ध हुन्छ (पूर्ववत्) । निजात्मक निबन्धकारको भाव, व्यक्तित्व र विचारको अभिव्यक्तिगत प्रधानताका आधारमा यसलाई निम्नलिखित ३ भागमा वर्गीकरण गरिन्छ –

२.६.१.१ भावात्मक निबन्ध :

भावात्मक निबन्धमा हृदयको आग्रहको प्रधानता एवं भावुकताको प्रबलता रहेको हुन्छ (नलिन, ..... : २२) । यसमा दया, माया, प्रेम, करुणा जस्ता अमूर्त भावहरूको अभिव्यक्ति हुन्छ । यसमा अमूर्त विषयवस्तुलाई संवेदनात्मक तथा हार्दिक रूपमा प्रस्तुत गरिन्छ । यसमा तर्कवितर्क, बहस र छलफलको आवश्यकता हुँदैन । यस्ता निबन्धमा रागात्मकता बढी हुन्छ । विषयलाई भावना र कल्पनाले रङ्गाएर विशिष्ट बनाइएको हुन्छ । स्वतःस्फूर्त रूपमा आएका भावहरूलाई संङ्गतिमूलक बनाई निबन्धात्मक स्वरूप प्रदान गरिएका निबन्ध नै भावात्मक निबन्ध हुन् (लुइँटेल र गौतम, २०५४ : १०) । समग्रमा भन्दा भावात्मक निबन्धमा निबन्धकारले वस्तुको वर्णन भावना र कल्पनाको सहारामा अत्यन्त रागात्मकता र कलात्मकताका साथ गरेको हुन्छ ।

२.६.१.२ वैयक्तिक निबन्ध :

मूलतः व्यक्तित्वको प्रकटीकरण भएको निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ (पूर्ववत् : १५) । यस्ता निबन्धमा निबन्धकार आफैँ उपस्थित हुन्छ र आफ्ना वैयक्तिक भावनाहरू अत्यन्त निजात्मकताका साथ व्यक्त गरेको हुन्छ । निबन्धकारद्वारा आफ्नो जीवनको भौतिक परिस्थिति, भाव-अभाव, विवशता-वेचैनी, शोक-ग्लानि, आलोक-अन्धकार, भूल-अपराध, सफलता-असफलताहरू व्यक्त गरेका हुन्छन् (नलिन, ..... : २६) । आफ्ना निजी भावहरू व्यक्त गर्दागर्दै पनि निबन्धकार यस्ता निबन्धमा पाठकको आत्मीयता, सहानुभूति तथा संवेदना प्राप्त गर्न सफल हुन्छ । यस्ता निबन्धको सिर्जना बढी मात्रामा भौतिक अभावका कारण भएको हुन्छ (पूर्ववत्) । निजी व्यक्तित्व प्रखर रूपमा प्रकटित हुने वैयक्तिक निबन्धका अन्तर्मुखी प्रवृत्ति, अनौपचारिकता, आत्माभिव्यञ्जना खास विशेषता हुन् ।

२.६.१.३ विचारात्मक निबन्ध :

खास चिन्तन, विचार वा दृष्टिकोणको प्रधानता भएका निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यसमा भावात्मक निबन्धमा पाइने हृदयपक्षको प्रबलताभन्दा विपरीत बुद्धिपक्षको प्रबलता रहन्छ (लुइँटेल र गौतम, २०५४ : १०) । यस्ता निबन्धमा राजनीति, कला, दर्शन, साहित्य, संस्कृति जस्ता गहन विषयमा मौलिक विचारको प्रस्तुति हुन्छ । यस्ता विचारात्मक निबन्धहरूमा भाषाशैलीगत वैशिष्ट्य आफ्नै प्रकारको हुन्छ । शैलीको चमत्कारमा मात्रै नअल्झिने विचारात्मक निबन्धमा भाषा साङ्केतिक, श्लेषात्मक र सङ्क्षिप्त हुनुका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ (थापा, २०५० : १९०) । थोरैमा धेरै भन्नुपर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचारहरू दिइरहेका हुन्छन् । खँदिला वाक्य र अनुच्छेदमा अभिव्यक्त हुने विचारात्मक निबन्धको भाषाशैली कसिलो, सुगठित र आलङ्कारिक हुन्छ (लुइँटेल र गौतम, २०५४ : ११) ।

२.६.२ परात्मक निबन्ध :

परात्मक निबन्धलाई वस्तुपरक निबन्ध पनि भनिन्छ । विषयको वर्णन र विवरणसँग सम्बद्ध परात्मक निबन्धमा व्यक्तिको स्वभन्दा पर प्रधान हुन्छ । विषयवस्तुको वर्णन र विवरणको प्रधानताका आधारमा वर्णनात्मक र विवरणात्मक गरी यसलाई दुई प्रकारमा वर्गीकरण गरिन्छ –

२.६.२.१ वर्णनात्मक निबन्ध :

वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ (नलिन, ..... : १८) । यसमा स्थित्यात्मक (Static) वस्तु र ठाउँविशेषको वर्णन हुन्छ (थापा, २०५० : १९२) । यसो भन्नाको तात्पर्य प्राकृतिक पक्षका नदी, पहाड, झरना, तलाउ आदिको र अप्राकृतिक रूपका रेडियो, टी० भी०, मोटर आदिको वर्णन गरिने विषयमा प्रधानता पाइन्छ । खास विषयवस्तुमै केन्द्रित भई कल्पना र भावनाको यथोचित प्रयोग गर्दै सङ्क्षिप्तताभित्रै सम्पूर्णताको अभिव्यक्ति हुन्छ (लुइँटेल र गौतम, २०५४ : ११) । यस्ता निबन्धमा कुनै वस्तुलाई प्रभावोत्पादक ढङ्गले गहिराइसम्म पुगी यससँग सम्बद्ध सबै पक्षको सूक्ष्म रूपमा अवलोकन गरिन्छ । निबन्धलाई जीवन्त, रोचक, प्रभावकारी तथा कलात्मक तुल्याउनका लागि कल्पनातत्वको भूमिका पनि रहेको हुन्छ । विषयवस्तुको वर्णनमा क्रमबद्धता, व्यवस्थितता, सङ्क्षिप्तता र मौलिकता वर्णनात्मक निबन्धका प्रमुख विशेषता नै हुन् (पूर्ववत्) । यसमा सरल, सुबोध, प्राञ्जल र आलङ्कारिक भाषाशैली अपेक्षित हुन्छ ।

२.६.२.२ विवरणात्मक निबन्ध :

कुनै घटना वा वृत्तान्तको साङ्गोपाङ्ग वर्णन गरिएको निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । विवरणात्मक निबन्धको विषय कुनै पनि साहसिक कार्य, घटना तथा अविस्मरणीय यात्रा हुन सक्छ (थापा, २०५० : १९३) । यस्ता निबन्धमा घटना वा वृत्तान्तको बेलिविस्तारलाई प्राथमिकता दिई विवेचनात्मक विवरण प्रस्तुत गरिएको हुन्छ । घटनामा लेखकको आत्मीयता र व्यक्तित्वको छाप प्रधान विशेषताका रूपमा रहेको हुन्छ (नलिन, ..... : १९) । सामान्य रूपमा हेर्दा खासै अन्तर नदेखिने विवरणात्मक निबन्ध गम्भीर रूपमा हेर्दा वर्णनात्मकभन्दा छुट्टै विशेषता लिएर आएको देखिन्छ । कथात्मकता र ऐतिहासिकता

वर्णनात्मकताको अपेक्षामा विवरणात्मक निबन्धको विशेष पहिचान विवरण प्रस्तुत गर्नु हो । विवरणात्मक निबन्धमा घटना र विषयको कालक्रमिक र शृङ्खलित विवरण प्रस्तुत गरिए पनि यो इतिहासभन्दा फरक हुन्छ । विवरणात्मक निबन्धले काल्पनिक र रागात्मक रूपमा विषयवस्तुलाई प्रस्तुत गर्नुका साथै गतिशील विषय प्रस्तुत गर्दछ । यस्ता निबन्धलाई कथात्मक निबन्धका रूपमा पनि लिइन्छ (लुइँटेल र गौतम, २०५४ : ११) । वर्णनात्मक निबन्धमा कुनै स्थान वा हृदयको तटस्थ र सजीव वर्णन हुन्छ भने विवरणात्मक निबन्धमा कुनै कार्य वा घटनाको अनुशीलन तथा चित्रण गरिएको हुन्छ ।

अन्त्यमा, निबन्धको वर्गीकरण गर्नु ज्यादै कठिन कुरो हो । निबन्ध गद्यलेखनको स्वतन्त्र प्रक्रिया हुनाले यसमा नयाँ-नयाँ प्रयोग पनि भइरहेका हुन्छन् । त्यसो हुनाले वर्गीकरण गर्ने प्रयास निबन्धको रूप पहिचान गर्ने र निबन्धको फाँटमा प्रवेश गर्ने ढोका मात्र हो । निबन्धको प्रकृतिभित्र पसेर अरू विभाजन गर्ने सम्भावना सधैँ रहेको नै हुन्छ (प्रसाद, १९७३ : १६६) ।

परिच्छेद तीन

# नेपाली निबन्ध-परम्परामा हरि मञ्जुश्री

## ३.१ नेपाली निबन्धको विकास :

नेपाली निबन्धसाहित्यको विकासक्रमलाई हेर्दा ढोका खटखट्याउने कृति शम्भुप्रसाद ढुङ्गेलका कलमबाट जन्मेको भए तापनि निबन्धको स्वरूप-निर्माणको पूर्वतयारी नेपाली भाषाको प्राचीनकालदेखि हुँदै आएको देखिन्छ । पृथ्वीनारायण शाहको **दिव्योपदेश** लाई निजात्मक मूल्यको छटा झल्काउने निबन्धवर्गको पहिलो कृति मान्नुपर्दछ (सुवेदी, २०४९ : ४६) । **दिव्योपदेश** देखि शम्भुप्रसादसम्मको करिब १५० वर्षको समय नेपाली निबन्धको गर्भवास-अवधि हो । यस अवधिभरि नेपाली निबन्ध आफ्नो छुट्टै स्वरूप निर्माण गर्न प्रयत्नरत रह्यो ।

नेपाली निबन्धको प्रारम्भिक अवस्थालाई हेर्दा यस अवधिमा केही पत्रपत्रिकामा छोटा लेख, टिप्पणी, रिपोर्ट र सम्पादकीयभन्दा छुट्टै स्वरूप निबन्धले प्राप्त गर्न सकेको छैन । विशुद्ध निजात्मकताले भरिएका निबन्धहरू सम र देवकोटाको प्रवेशपूर्व पाइएन । विशुद्ध निजात्मकता नभए पनि ढुङ्गेलका निबन्धले छरितो र चखिलोपन, निजात्मक अनुभूतिको मसला, अभिव्यक्तिको सहजता जस्ता मूल्यहरू वरण गर्ने प्रयास गरे (पूर्ववत्) । वि.सं. १९७४ सालपछि ढुङ्गेलबाट लेखिएका **महीन्द्र मल्ली, समयको मूल्य, प्रभात, कविताको फल** आदि निबन्धहरूले निबन्धविधाको स्वस्थ र सिर्जनात्मक थालनी गरेका छन् । शम्भुप्रसाददेखि सम र देवकोटाको आगमनपूर्वको डेढ दशक नेपाली निबन्धविधानिर्माणको प्रयासको अवधि हो ।

नेपाली साहित्यमा अन्य कतिपय विधाहरूको कालविभाजनमा मतमतान्तर देखिएझैँ निबन्धविधाको कालविभाजनमा पनि मतैक्य छैन । तर पनि नेपाली निबन्धको विकास-प्रक्रियालाई निम्नलिखित चार चरणमा छुट्याएर हेर्नु उपयुक्त देखिन्छ (लुइँटेल र गौतम, २०५४ : १४) –

क) प्राथमिक काल (सुरुदेखि १९५७ सम्म) पृष्ठभूमिकाल

ख) माध्यमिक काल (१९५८ देखि १९९१ सम्म) प्रारूपनिर्माणकाल

ग) आधुनिक काल (१९९२ देखि हालसम्म) विकासकाल

### ३.१.१ प्राथमिक काल (सुरुदेखि १९५७ सम्म) पृष्ठभूमिकाल :

**गोरखापत्र** को प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको प्राथमिक वा पृष्ठभूमिकाल भनेर अध्ययन गर्न सकिन्छ । यो काल अभिलेख, ताम्रपत्र, शिलापत्र, ज्योतिषशास्त्र, नीतिविषयक ग्रन्थ, ओखतीमूलोसम्बन्धी कृतिहरूमै सीमित रहेको पाइन्छ । यस्ता आख्यानात्मक र प्रबन्धात्मक कृतिहरूमा साहित्यिक लेखनको पृष्ठभूमि पाइन्छ । **भाश्वती** (१४५७ पूर्व), **राजा गगनिराजको**

**यात्रा** (१५५०), **राम शाहको जीवनी** (१६६१ तिर), **खण्डखाद्य, जातक कर्मपद्धति, बाजपरीक्षा, ज्वरोत्पत्तिचिकित्सा, प्रायश्चित्तप्रदीप, औषधि, रसायन** आदि यस कालका उल्लेखनीय कृतिहरू हुन् । यिनीहरूमध्ये **राजा गगनिराजको यात्रा** ले यात्रासाहित्य र **राम शाहको जीवनी** ले जीवनीसाहित्यको पृष्ठभूमि तयार पारेको देखिन्छ । यी सबै कृतिहरूमा आख्यानात्मक र प्रबन्धात्मक विशेषता पाइन्छ ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरणसम्बन्धी अभियानसँगै नेपाली भाषाको पनि विकास र विस्तार हुन थाल्यो (पूर्ववत् : १६) । यस क्रममा शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व** (१८२७) बाट साहित्यिक लेखनको विस्तार भयो भने पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट नेपाली साहित्यको आख्यानेतर गद्यसाहित्यको पहिलो पाइलो अघि सऱ्यो । वैयक्तिक अनुभूति, स्वतन्त्र अभिव्यक्ति, सामूहिक विचार र वर्णनात्मक प्रस्तुति जस्ता प्रवृत्तिले गर्दा प्रस्तुत कृतिमा निबन्धात्मक अभिलक्षणहरू देखापर्छन् । त्यसपछि भानुदत्तको **हितोपदेश** (१८३३) शक्तिबल्लभको **हास्यकदम्ब** (१८५५), सुन्दरानन्द बाँडाको **त्रिरत्नसौन्दर्यगाथा** (१८९०), रामभद्र पाध्याको **लक्ष्मीधर्मसम्वाद** (१८५१), दैवज्ञकिशोरी अर्यालको **गोरक्षयोगशास्त्र** (१८७७), यदुनाथ उपाध्यायको **रतिकोशसार** (१८५५), ललितत्रिपुरसुन्दरीको **राजधर्म** (१८८८ पूर्व), सन्त शशिधरको **वाणोपनिषद्** (१८८९) आदि कृतिहरू पृष्ठभूमिका रूपमा छन् ।

यसपछि सुन्दरानन्द बाँडाको **अध्यात्म रामायण** (१९९० तिर), योगी अम्बरको **ब्राह्मयज्ञोपनिषद्** (१९८१) र **योगवाशिष्ठसार** (१९१२), भवानीदत्त पाँडेको **आत्मबोध** (१८९३ पूर्व), सन्त शशिधरको **वैराग्याम्बर** (१९०६ पूर्व) र **जोसमनीको जोगशास्त्र** (१९०९ पूर्व), रघुवीर सिंहको **शान्तिशतक** (१९०९) आदि आध्यात्मिक विषयवस्तुमा आधारित गद्यकृति हुन् । यसपछिको अज्ञात लेखकद्वारा लेखिएको **जङ्गबहादुरको बेलायतयात्रा** (१९९०) यात्रासाहित्यको विशिष्ट उपलब्धि हो । यसपछि अज्ञात लेखककै **बत्तीस सालको रोजनाम्चा** (१९३२), मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (१९४८), चिरञ्जीवी शर्माको **आफ्नो कथा** (१९९५) जस्ता कृतिहरू यात्रा र जीवनीसाहित्यका कृति हुन् । नेपाली गद्यलेखनलाई विकसित तुल्याउने काममा यी कृतिहरूको उल्लेख्य भूमिका रहेको पाइन्छ ।

समग्रमा नेपाली निबन्धसाहित्यको पृष्ठभूमिकाललाई हेर्दा आख्यानात्मक तथा प्रबन्धात्मक साहित्यिक लेखनका साथै यात्रा र जीवनीसाहित्यको लेखन विस्तार भएको देखिन्छ । यस अवधिमा आख्यानेतर गद्यसाहित्य पाइनुका साथै गद्यभाषाको राम्रो नमुना तयार भएका कारण निबन्धलेखनको आधारशिला तयार भएको मान्न सकिन्छ ।

३.१.२ माध्यमिक काल (१९५८ देखि १९९१) प्रारूपनिर्माणकाल :

वि.सं. १९५८ मा **गोरखापत्र** को प्रकाशन हुन थालेपछि गद्यलेखननमा पनि विस्तार हुन थाल्यो । यसमा निबन्धात्मक र प्रबन्धात्मक प्रवृत्तिहरू भएका थुप्रै रचनाहरू प्रकाशित भएका छन् । यसमा प्रकाशित भएका रचनाहरू **अघि मूर्ख पछि बुद्धिमान्** (१९५९), **मातृभाषाको उन्नति** (१९६६), **निद्रा** (१९६६), **व्यापार** (१९६७) **भलाइ** (१९६८), **भिक्षुशिक्षा** (१९७०) आदिजस्ता निबन्धात्मक प्रवृत्ति भएका मौलिक रचनाहरू प्रकाशित भएका छन् (पूर्ववत् : १४) । यस अवधिमा **गोर्खे खबरकागत** (१९५८, दार्जिलिङ), **सुन्दरी** (१९६३, बनारस), **माधवी** (१९६५, बनारस), **चन्द्र** (१९७१, बनारस), **गोर्खाली** (१९७१, बनारस), **चन्द्रिका** (१९७४, खरसाङ) जस्ता साहित्यिक पत्रिकाको प्रकाशनले नेपाली निबन्धको विकासमा उल्लेखनीय योगदान गरेका छन् । **सुन्दरी** मा प्रकाशित **बेसरी** (१९६१) र **उचित चर्चा** (१९६५), **माधवी** मा प्रकाशित राममणि आ. दी. को कविता **रीति** (१९६५) लगायत धर्मदत्त शर्मा, रामप्रसाद सत्याल, जयपृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरिहर आ. दी., दुर्गादेवी आ. दी., कुलचन्द्र गौतम आदिका रचनाहरू पनि उल्लेखनीय छन् ।

यसै गरी गद्यप्रधान **चन्द्र** (१९७१) पत्रिकामा पद्‌मनाथ सापकोटा, सूर्यविक्रम ज्ञवाली, बैजनाथ सेढाईं, पारसमणि प्रधान, सुनकोसी आदिका विविध विषयका लेख-रचनाहरू प्रकाशित छन् । **गोर्खाली** (१९७१) पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पद्‌मनाथ सापकोटा, देवीप्रसाद सापकोटा, कृष्णप्रसाद कोइराला, मणिसिंह गुरुङ आदिका वस्तुपरक रचना प्रकाशित छन् । **चन्द्रिका** (१९७४) पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको **महीन्द्र मल्ली** (१९७५) (पूर्ववत् : १५), सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, नारायण प्रधान आदिका विवरणात्मक निबन्धको स्वरूप लिएका रचना प्रकाशित भएका छन् । **जन्मभूमि** (१९७९) मा कृष्णप्रसाद कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक वा भावात्मक निबन्धात्मक रचना प्रकाशित छन् । **गोर्खासंसार** (१८८३) मा वेदनिधि शर्मा, हैकमसिंह राई, खड्‌गबहादुर क्षत्री, विद्यावती जस्ताका निबन्धात्मक रचना प्रकाशित भएका छन् । **नेपाली साहित्य-सम्मेलन** (१९८९) मा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान र रूपनारायण सिंहका बौद्धिक तथा निजात्मकताले ओतप्रोत निबन्धहरू प्रकाशित भएका छन् ।

समग्रमा नेपाली निबन्धको प्रारूपकाललाई हेर्दा पत्रपत्रिकाका माध्यमबाट नेपाली निबन्धलेखनमा गति प्रदान हुनुका साथै प्रवासबाट नेपाली निबन्धलेखनको थालनी र विस्तार भएको छ । यस समयमा जातीय जागरणको उद्‌घोष र भाषा, साहित्य एवं राष्ट्रिय उत्थानको आकाङ्क्षा लिएको पाइनुका साथसाथै वैचारिक, वर्णनात्मक र विवरणात्मक निबन्धको प्रारूप विकसित भएको पाइन्छ ।

३.१.३ आधुनिक काल (१९९२ देखि हालसम्म) विकासकाल :

नेपाली निबन्धले आधुनिक प्रवृत्ति अँगाल्न थालेको यही चरण हो । देवकोटाको निजात्मक निबन्ध **आषाढको पन्ध्र** (१९९२) यसै बखत **शारदा** (१९९१) मा प्रकाशित भयो (शर्मा, २०६० : ११) । यसभन्दा अघि नै प्रकाशित भएको बालकृष्ण समको **बर्दहामा सिकार** (१९९१) निबन्ध नभएर कथा थियो (श्रेष्ठ र शर्मा, ........ : १२६) । त्यसैले देवकोटा आधुनिक निबन्धकार हुन् (पूर्ववत्) । सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए । उनको पद्यमूलक गद्यशैली र नवीन मानसिक चेतना अभिव्यक्त भएको विषयवस्तुले आधुनिक नेपाली निबन्धको बीजाधान गऱ्यो ।

यसरी आधुनिक नेपाली निबन्धको थालनीकालमा नै नेपालभित्र र बाहिर गरी थुप्रै निबन्ध र निबन्धकारहरू देखापरे । वि.सं. १९९२ सालदेखि हालसम्मको नेपाली निबन्धको आधुनिक परम्परालाई निम्नलिखित चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ (लुइँटेल र गौतम, २०५४ : १४) –

क) पहिलो चरण -वि. सं. १९९२ देखि २००३ सम्म)

ख) दोस्रो चरण -वि. सं. २००४ देखि २०१६ सम्म)

ग) तेस्रो चरण -वि. सं. २०१७ देखि हालसम्म)

३.१.३.१ पहिलो चरण :

वि. सं. १९९० को दशक नेपाली गद्यको महत्त्वपूर्ण समय हो । यसै दशकको दोस्रो वर्षमा नेपाली भूमिमा **शारदा** पत्रिकामार्फत आधुनिक नेपाली निबन्धले पाइला टेक्यो । **शारदा** पत्रिकाको पहिलो अङ्कमा समको **बर्दहामा सिकार** प्रकाशित भयो भने यसै वर्ष देवकोटाको **आषाढको पन्ध्र** प्रकाशित भयो । यी निबन्धलाई हेर्दा समको निबन्धबाट वस्तुपरक धाराको र देवकोटाको निबन्धबाट आत्मपरक धाराको सूत्रपात भयो । यसरी नेपाली निबन्धमा निजात्मक र परात्मक निबन्धलेखनको थालनी भएको देखिन्छ (पूर्ववत् : १९) । वस्तुपरक धारामा समले **त्यो** (१९९२), **पानी** (१९९१), **प्राकृतिक जीवन** (१९९१), **आत्मविश्वास** (१९९१) आदि थुप्रै निबन्धहरू लेखे भने यसै धारालाई अवलम्बन गर्दै नरेन्द्रमणि आ० दी०, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणीधर कोइराला, रूपनारायण सिंह, हरिनाथ खनाल, टुकराज पद्मराज मिश्र, बाबुराम आचार्य आदिले अनेकौं निबन्धहरू लेखे भने आत्मपरक धारालाई अँगाल्दै **भलादमी** (१९९५), **निद्रा** (१९९५), **फूल** (१९९५), **पहाडी जीवन** (१९९७) लगायत तेह्रवटा अनूदित निबन्धहरूको सँगालो **प्रसिद्ध प्रबन्धसङ्ग्रह** (१९९८), सैंतीसवटा निबन्धहरूको सँगालो **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) र अनेकौं फुटकर निबन्धहरू लिएर देवकोटाले नेपाली निबन्धसाहित्यलाई पश्चिमी साहित्यको समकक्षी बनाइदिए । यसै धारामा बोधविक्रम अधिकारी, सिलवाल पण्डित, भवानी भिक्षु,

चक्रपाणि चालिसे, शुक्रराज शास्त्री, झपटबहादुर राणा आदिले पनि अनेकौं निबन्ध लेखे (श्रेष्ठ र शर्मा, ...... : १२७) ।

त्यस समयमा नेपाली निबन्धलाई विकास र विस्तार गर्ने काममा स्वदेश तथा विदेशबाट निस्कने विभिन्न पत्रपत्रिकाहरूले ठूलो योगदान पुऱ्याए । **गोरखापत्र** (१९५८), **प्रगति, धरती, प्रहरी, साहित्यिक सम्मेलन** (१९८९), **उद्योग** (१९९२), **उदय** (१९९३), **नेबुला** (१९९३), **खोजी** (१९९७) र **परिवर्तन** आदि पत्रपत्रिकाले नेपाली निबन्धको विकासमा ठूलो भूमिका खेलेको देखिन्छ ।

समग्रमा हेर्दा यस चरणमा **शारदा** को प्रकाशनदेखि **युगवाणी** (२००४) को प्रकाशनपूर्व नेपाल र भारत दुवैतिरबाट नेपाली निबन्धको लेखन एवं प्रकाशन हुनुका साथै आत्मपरक र वस्तुपरक निबन्धको सूत्रपात, विकास र विस्तार भयो । यस बेलाका निबन्धहरूमा विषयवस्तु, संरचना र स्वरूपमा पनि विविधता देखियो । मौलिक तथा अनूदित निबन्धहरू लेखिनुका साथै बौद्धिकता र हार्दिकताजस्ता निबन्धका पक्षहरू प्रस्ट रूपमा छुट्टिए । निबन्धमा शैलीगत नवीनता एवं काव्यात्मकता पाइयो । यसै बेलादेखि हास्यव्यङ्ग्यात्मकताको प्रयोग पनि हुन थाल्यो । परिणामात्मक दृष्टिले अन्तर्राष्ट्रिय स्तर प्राप्त गयो । त्यसैले यस कालको प्रथम चरणलाई आधुनिक नेपाली निबन्धको स्वर्णयुग मान्नु उपयुक्त देखिन्छ (लुइँटेल र गौतम, २०५४ : २०) । यस चरणका केन्द्रीय प्रतिभा सम र देवकोटा नै रहे ।

३.१.३.२ दोस्रो चरण :

नेपाली निबन्धसाहित्यको विकासमा पत्रपत्रिकाको ठूलो योगदान रहेको छ । वि० सं० २००४ सालमा महाकवि देवकोटाको सम्पादकत्वमा बनारसबाट **युगवाणी** (२००४) पत्रिका प्रकाशित भयो । यसै समयमा हृदचन्द्रसिंह प्रधानको संयोजकत्वमा नेपालबाट **साहित्यस्रोत** (२००४) प्रकाशित भयो । यी पत्रिकाहरूले नेपाली भाषा-साहित्यमा नौलो मोड ल्याए । यी पत्रिकाहरूमा प्रशस्त निबन्धहरू प्रकाशन हुन थाले । राणाहरूको आपसी फुटका कारण शासनमा शिथिलता आएकाले लेखकहरूले स्वतन्त्र लेखनमा विस्तार गर्ने मौका पाए । हृदयचन्द्रसिंह प्रधानका नौला बान्की भएका निजात्मक निबन्धहरूबाट आधुनिक नेपाली निबन्धहरूको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । यस अवधिका **पुरुषार्थ** (२००६), **भारती** (२००६), **प्रभात** (२००७), **प्रगति** (२०१०), **नौलो पाइलो** (२०१३), **इन्द्रेणी** (२०१३), **प्रहरी** (२०१६), **नेपाली** (२०१६) जस्ता पत्रिकाहरूले स्वतन्त्र लेखनमा विस्तार गरे (पूर्ववत् : २१) । यस अवधिमा निजात्मक र परात्मक दुवै धारामा निबन्ध लेखिए ।

हृदयचन्द्रसिंहबाट थालनी भएको यस चरणको निबन्धयात्रा शङ्कर लामिछानेपूर्व (अर्थात् **रूपरेखा**, २०१७) सम्म लम्बिएको देखिन्छ । यात्रासंस्मरणात्मक निबन्धलेखनको थालनीलाई यस चरणको विशेष उपलब्धि मान्न सकिन्छ । **भूस्वर्ग** (२००४), **तीस रुपियाँको नोट**

(२००४), **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११), **अफसोच** (२०११) आदि निबन्धसङ्ग्रह र थुप्रै फुटकर निबन्धहरू दिएर हृदयचन्द्रसिंहले नेपाली निबन्धसाहित्यको भण्डारमा श्रीबृद्धि गरे । उनले निबन्धमा आत्मपरकताका साथै प्रगतिशीलता, वैचारिकता एवं यथार्थवादी दृष्टिकोणको विकास र विस्तार गरे । बदरीनाथ भट्टराई, भेषराज शर्मा, भीमनिधि तिवारी, वासुदेव शर्मा लुइँटेल आदि निबन्धकारहरूले इतिहास-पुराणदेखि लिएर मनोविज्ञान एवं दर्शनजस्ता विषयहरूलाई पनि आफ्नो निबन्धको विषय बनाई व्यङ्ग्यसमेत प्रस्तुत गरेका छन् ।

वर्णनात्मक विषयवस्तु भएको संस्मरणात्मक लेखन **पूर्व २ नं. को क्रान्ति** बारे (कोइराला, २०४८ : ...) लेखिएको निबन्ध लिएर २००८ सालमा **युगवाणी** मा कुलचन्द्र कोइराला देखापर्छन् । यसै चरणमा **निबन्ध चूडामणि** लिएर चूडानाथ भट्टराय, **खै-खै** लिएर केशवराज पिँडाली, **दाह्री** लिएर लीलाध्वज थापा, **सम्झना** लिएर माधवलाल कर्माचार्य, **सप्तकोसी** लिएर अच्छा राई 'रसिक', **बहिनीलाई चिठी** लिएर श्यामप्रसाद शर्मा, **यस्तो पनि** लिएर कमल दीक्षित आदि निबन्धकारहरू देखापरे । यसै चरणमा देखापर्ने अन्य निबन्धकारहरूमा इमानसिंह चेम्जोङ, लक्ष्मीनन्दन चालिसे, गोपाल पाँडे, खड्गमान मल्ल, हरिप्रसाद गोर्खा राई, यदुनाथ खनाल, लैनसिंह बाङ्देल, स्वयम्भूलाल श्रेष्ठ, गोविन्दप्रसाद लोहनी, नारायणप्रसाद भट्टराई, दाताराम शर्मा, जनार्दन सम, रत्नध्वज जोशी, सत्यमोहन जोशी आदि विभिन्न निबन्धकारहरू छन् । समग्रमा हेर्दा समस्त निबन्धसङ्ग्रहहरूको स्वतन्त्र लेखन तथा प्रकाशनको चरणका रूपमा यस चरणलाई लिन सकिन्छ । यस चरणमा यात्रासंस्मरणप्रधान निबन्धलेखनको प्रारम्भका साथै हास्यव्यङ्ग्यात्मकता, प्रगतिशीलता, वैचारिकता एवं बौद्धिकतायुक्त निबन्धहरू लेख्ने कार्य भए । निजात्मक र परात्मकतायुक्त निबन्धको विकास र विस्तारका साथै खोज-अनुसन्धानमूलक निबन्ध पनि लेखिए ।

३.१.३.३ तेस्रो चरण :

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको थालनीका लागि **रूपरेखा** (२०१७) पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसै पत्रिकामार्फत शङ्कर लामिछानेबाट प्रयोगशील निबन्धलेखनको पनि थालनी भई निबन्धको विकासमा नयाँ मोड आएको देखिन्छ (लुइँटेल र गौतम, २०५४ : २४) । वि.सं. २०१७ सालपछि संस्थागत रूपमा मात्र नभएर व्यक्तिगत रूपमा पनि नेपाल र भारत दुवैतिरबाट विभिन्न साहित्यिक पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । नेपालबाट **गरिमा** (२०१९), **समकालीन साहित्य** (२०४८), **मधुपर्क** (२०५५) जस्ता पत्रिकाहरू संस्थागत रूपमा र **अभिव्यक्ति, रत्नश्री, भानु, सङ्कल्प, वेदना, सुस्केरा, झिसमिसे, उन्नयन, बगर, तन्नेरी, नौलो साहित्य, रचना, सम्झना** आदि थुप्रै पत्रिकाहरू संस्थागत र व्यक्तिगत रूपमा प्रकाशित भएका छन् । यसै चरणमा भारतबाट **फूलपातपत्कर** (२०१८) **तेस्रो आयाम, मालिङ्गो** (२०२१), **हिमलोक** ( २०५५), **सुमन** (२०२२), **विन्दु, युगान्तर, प्रक्रिया** आदिसहित थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशित

भएका छन् । यी सम्पूर्ण पत्रिकाहरूले आधुनिक नेपाली निबन्धसाहित्यको विकासमा मद्दत पुऱ्याएका छन् । यी विविध साहित्यिक पत्रिकामा प्रकाशित निबन्धहरूमा विषय र प्रस्तुतिगत विविधता एवं स्तरीय निबन्धलेखनमा जोड दिएकाले यस चरणको छुट्टै विशेषता पाइन्छ ।

तृतीय चरणले जन्माएका विशिष्ट निबन्धकारहरूमध्ये शङ्कर लामिछाने विशेष उल्लेख्य छन् । यिनका **एब्स्ट्र्याक्ट चिन्तन प्याज** (२०२४) र **गोधूली संसार** (२०२७) निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । भावकै केन्द्रीयतामा विचार, तर्क र चिन्तनलाई गर्ने व्यक्त निबन्धकार लामिछानेका निबन्धमा लयात्मक, चित्रात्मक र काव्यात्मक भाषाको प्रयोग पाइन्छ । बौद्धिकता, चिन्तनशीलता र प्रयोगधर्मिता उनका निबन्धात्मक प्रवृत्तिहरू हुन् (पूर्ववत् : २५) ।

यसपछि तारानाथ शर्माका यात्रासंस्मरणात्मक निबन्धहरू र सामाजिक विकृति र विसङ्गतियुक्त विषयवस्तु भएका निबन्धहरू **नमस्ते** (२०१८), **जमर्काहरू** (२०१५), **बेलायततिर बरालिँदा** (२०२६), **जीवनका छालहरू** (२०३०), **पाताल-प्रवास** (२०४२), **श्रद्धाका सुमन** (२०४४) आदि निबन्धसङ्ग्रहका अतिरिक्त प्रशस्त फुटकर निबन्धहरू प्रकाशित छन् । यस्तै संस्मरणात्मक निबन्ध लेख्नेहरू रमेश विकल, जनकलाल शर्मा, धर्मराज थापा, श्रीधर खनाल, देवीचन्द्र श्रेष्ठ, यादव खरेल, कुलचन्द्र कोइराला, गङ्गाप्रसाद उप्रेती आदि उल्लेख्य रहेका छन् । अन्य केही निबन्धकारहरूले हास्यव्यङ्ग्य क्षेत्रमा पनि उल्लेख्य योगदान पुऱ्याएका छन् । हास्यव्यङ्ग्यलाई निबन्धमा उतार्ने निबन्धकारहरू भैरव अर्याल, लोकेन्द्रबहादुर चन्द, विपिनदेव ढुङ्गेल, चूडामणि रेग्मी, घटोत्कच शर्मा, ईश्वरबल्लभ, मोहनराज शर्मा, केशवराज पिँडाली, रामकुमार पाँडे, नरेन्द्रराज पौडेल आदि रहेका छन् ।

कुनै समीक्षात्मक, कुनै अन्तर्वार्तामूलक र कुनै समसामयिक विषयमा निबन्ध लेख्ने उल्लेख्य निबन्धकारहरू उत्तम कुँवर, भीमप्रसाद लामिछाने, खेमराज केशवशरण, कुमारबहादुर जोशी, बालकृष्ण पोखरेल, पूर्णप्रकाश नेपाल यात्री, मेघराज शर्मा मञ्जुल, राजेन्द्र सुवेदी, राममणि रिसाल, मोदनाथ प्रश्रित, किशोर नेपाल, लीलासिंह कर्मा, शिवगोपाल रिसाल, इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम, ध० च० गोतामे, बल्लभमणि दाहाल, अम्बिकाप्रसाद अधिकारी, जगदीशशमशेर, वानिरा गिरी, तुलसी दिवस, रघु घिमिरे, अम्बर गुरुङ, वासु रिमाल, घटराज भट्टराई, खगेन्द्र लुइँटेल, गोपीकृष्ण शर्मा, ठाकुर पराजुली, चूडामणि बन्धु, स्वयम्भूलाल श्रेष्ठ, कृष्णचन्द्रसिंह प्रधान, चूडामणि भट्टराई, प्रेमा शाह, घनश्याम राजकर्णिकार, हरि मञ्जुश्री आदि रहेका छन् ।

समग्रमा नेपाली निबन्धका लागि वर्तमानकाल उत्कर्ष काल हो (शर्मा, २०६० : १४) । यस चरणमा हास्यव्यङ्ग्यात्मक धाराको विस्तार र विकास हुनुका साथै यात्रासंस्मरणमा आधारित निबन्धलेखनमा तीव्रता आयो । यस समयमा निबन्धमा यथार्थवादी-प्रगतिवादी दृष्टिकोण पाइनुका साथै विश्वसाहित्यमा देखापरेका विविध प्रयोगहरू यस चरणका प्रवृत्ति रहे । बौद्धिकता, तार्किकता

एवं अनुसन्धानमूलकताका साथै प्रयोगधर्मिता, अमूर्तता र शिल्पशैलीगत नवीनता नै यस चरणको केन्द्रीय विशेषता रह्यो । यसै चरणमा कथात्मक निबन्धलेखनको थालनी भयो । यस चरणका समग्र निबन्धहरूमा राष्ट्रवादी स्वर र युगबोध पाइन्छ । चिन्तनशीलता र वैचारिकता पनि यस चरणको विशेषता रहेको छ । यस्तै किसिमका निबन्धहरूको लेखन अझै समकालीन युवक निबन्धकारका कलमबाट हुँदैछन् । यस चरणलाई समसामयिक चरण मान्दा पनि अत्युक्ति हुने छैन ।

३.२ निबन्धकारका रूपमा हरि मञ्जुश्रीको आगमन :

निबन्धकार हरि मञ्जुश्रीले वि.सं. २०४१ सालदेखि निबन्धविधामा कलम चलाएको देखिन्छ । यहाँ उनको सङ्क्षिप्त परिचय दिइएको छ ।

३.२.१. जन्म तथा पारिवारिक अवस्था :

हरि मञ्जुश्रीको जन्म वि.सं. २०१६ साल आश्विन महिनाको ५ गते तदनुसार इ.सं. १९५९, सेप्टेम्बर २१ का दिन केउरेनीपानी गा.वि.स. वडा नं. २, दिङ्ला भोजपुरमा भएको हो । उनी पिता दुर्गाप्रसाद अधिकारी र माता युगला अधिकारीका जेठा छोरा हुन् (तरङ्ग, २०६४ : ३) । उनका भाइहरू जीवन, चोलरमण र भुवन गरी तीन र बहिनीहरू मञ्जु, लक्ष्मी, चेतना, दीपिका र रेखा गरी पाँचजना छन् (शोधनायकसँगको अन्तर्वार्ता) । २०४७ साल वैशाख २ गतेका दिन ३१ वर्षका उमेरमा काभ्रे पातलेखेत गा.वि.स. निवासी हरिप्रसाद तिवारीकी जेठी छोरी गीता तिवारी ( जन्म : सामरीभन्ज्याङ गा.वि.स., मकवानपुर) सँग उनको विवाह सम्पन्न भयो (गड्तौला, २०६२ : ५४) । छोरी एक रश्मि मञ्जुश्री (२०४७।१०।०४) र छोरा एक रोशन मञ्जुश्री (२०५०।८।२६) गरी उनका दुई सन्तान छन् ।

निबन्धकारका पिता दुर्गाप्रसाद अधिकारीको दिङ्लामा घर, जग्गाजमिन प्रशस्त नै थियो । उनी खान-लाउन पुग्ने वर्गमै पर्दथे । उनी भोजपुर दिङ्लाको षडानन्द मा० वि० का शिक्षक पनि थिए । दिङ्लामा उनी आर्थिक, सामाजिक, साहित्यिक, राजनीतिक आदि सबै हिसाबमा हुनेखाने र इज्जतदार परिवारअन्तर्गत गनिन्थे । दुर्गाप्रसाद अधिकारीले षडानन्द मा.वि. को शिक्षक पेसाबाट अवकाश लिएपछि भोजपुर दिङ्लामा रहेको घर, जग्गाजमिन सबै बेचबिखन गरेर वि.सं. २०४४ सालदेखि काभ्रे जिल्लाको धुलिखेल नगरपालिका बखुन्डोलमा घरजग्गा किनेर त्यहीँ बसोबास गर्दै आएका थिए । निबन्धकार हरि मञ्जुश्री २०४७ सालमा छुट्टिई भिन्न भए । अंशबण्डापछि उनले आफ्नो जीवनवृत्ति आफ्नै तरिकाले चलाउन थाले । धुलिखेलको घरजग्गा पनि बेचेर हाल सबै बहालमा बसेका छन् (शोधनायकसँगको अन्तर्वार्ता) । हरि मञ्जुश्री भने २०३४ सालदेखि काठमाडौँमा र २०५४ सालदेखि बनेपामा डेरा गरी बसेका थिए । उनले २०५५ सालमा काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. १० गौतममार्गमा करिब ३ आना जग्गामा घर बनाएर सो घरलाई 'अक्षरधाम' नामकरण गरी सोही धाममा आफ्ना छोराछोरी, पत्नी र आफू चारैजना साहित्यसाधना, लेखन र सम्पादनको कार्य गर्दै जीवनरथलाई अगाडि बढाइरहेका छन् ।

३. २.२. बाल्यावस्था र शिक्षादीक्षा :

हरि मञ्जुश्रीको बाल्यावस्था २-३ वर्षका उमेरसम्म आमाबुबाको माया-ममता र स्नेह पाएर आनन्दपूर्वक नै बित्यो । उनी २-३ वर्षका हुँदा उनकी आमा स्थानीय ज्योतिषी भूमिनन्द लम्सालसँग चिना हेराउन जाँदा उनले 'तिम्रो छोरो त दीर्घरोगी छ, जिन्दगीभर तिमीले छोरालाई पाल्नुपर्छ, तिम्रा छोराले केही काम पनि गर्न सक्तैन र जोगी भएर हिँड्छ' भनेका रहेछन् । ज्योतिषविद्यामा विश्वास राख्ने उनकी आमालाई ज्योतिषीका कुराले अत्यन्तै ठूलो प्रभाव पारेछ । त्यो कुरा उनकी आमाले अरूलाई पनि सुनाइछन् । ज्योतिषीका कुरामा सबैले विश्वास गरेछन् । छोराप्रति सबैका धारणामा नै परिवर्तन आएछ । त्यसपछि धेरैजना उनलाई बोझका रूपमा हेर्थे (गड्तौला, २०६२ : ३४) । यस मान्छेले पक्कै पनि गरिखाँदैन भन्ने, सहयोग पनि नगर्ने हुँदा उनको बाल्यकाल माया-ममता र स्याहार-सम्भारविना नै आवारा तालमै बित्यो ।

हरि मञ्जुश्रीको परिवार शिक्षित एवं साहित्यानुरागी भएकाले उनी पनि आफ्ना बाबु-काकाहरूका सङ्गतमा रहँदा-बस्ता सावाँ अक्षर पढ्न-लेख्न जान्ने भएको बुझिन्छ । उनलाई पहिले सरस्वती प्रा.वि. मा र पछि आना पिताले पढाउने षडानन्द मा.वि. मा भर्ना गरिएको थियो । कक्षा ९ सम्म त्यहाँ अध्ययन गरेपछि त्यो विद्यालय छाडी दिङ्लाकै अरूण मा.वि. मा भर्ना भई सोही विद्यालयबाट वि.सं. २०३३ सालमा एस.एल.सी. परीक्षा दिए । पहिलो वर्षको एस.एल.सी. परीक्षामा नेपाली विषयमा फेल भए पनि कूल अङ्क भने प्रथम श्रेणीको आएको थियो । उनले दोस्रो वर्ष २०३४ सालको परीक्षा दिएर एस.एल.सी. पास गरे । २०३४ सालमै उनी घर छाडेर काठमाडौँतर्फ लागे । २०३५ सालमा नेपाल ल क्याम्पस, भृकुटीमण्डप काठमाडौँमा प्रमाणपत्र तहको अध्ययनका लागि भर्ना भएर सो तह पूरा गरी स्नातक तहका लागि त्यसै क्याम्पसमा भर्ना भएर अध्ययन गर्न थाले, तर पूरा नगरी अधुरै छाडी २०४० सालमा भारततर्फ प्रस्थान गरे । पछि भारतबाटै उत्तरमीमांसा विषयमा स्नातक तह पूरा गरे (शोधनायकसँगको अन्तर्वार्ता) । यसपछि आफ्नो औपचारिक शिक्षा छुटे पनि स्वाध्ययनलाई भने उनले ज्यादै गहन र व्यापक रूपमा निरन्तरता दिइरहेका छन् र आफ्नो ज्ञानको क्षितिजलाई ज्यादै फराकिलो बनाएका छन् ।

हरि मञ्जुश्री सानैदेखि गम्भीर, भावुक र अन्तर्मुखी स्वभावका थिए । वि० सं० २०४० सालमा उनी भारतका सिक्किम र नागाल्यान्डबाहेकका सबैजसो ठाउँमा पुगेका छन् । यसरी भौँतारिएर हिँड्दा अनेक खालका दुःखकष्ट भोग्दै अनेक खालका मानिसहरूको सङ्गत गर्ने अवसर पाएका छन् । यसै क्रममा एकपटक उनी भारतको रामेश्वरम्मा बस्ता एकजना फुँडो जोगीका कारण रातमा भागेर ज्यान जोगाउन खोज्दा परेको आपतको अवस्थालाई निबन्धकारले **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहको 'ब्ल्याकबेल्टहोल्डरकी ब्ल्याकबेल्टहोल्डर' मा उल्लेख गरेका छन् (मञ्जुश्री, २०६० : ३६) । यस्तै खालका अनुभव बटुलेर ६ महिनापछि उनी पुनः काठमाडौँ नै फर्के ।

३.२.३ साहित्यलेखन :

हरि मञ्जुश्रीको परिवार शिक्षित एवं साहित्यानुरागी भएकाले उनी पनि प्रारम्भिक चरणमा साहित्यसिर्जनातर्फ आकर्षित हुनुमा पारिवारिक वातावरण नै पहिलो प्रभाव हो । उनका पिता दुर्गाप्रसाद अधिकारी शिक्षक तथा महाकाव्यकार नै थिए । हरि मञ्जुश्री विद्यालयमा पढ्दै गरेका समयमा विद्यालयले आयोजना गरेका साहित्यिक कार्यक्रमहरूमा सहभागी हुने र प्रतियोगितामा प्रथम भई पुरस्कृत हुने गर्थे । **विजयावतीको कथा** (२०३१, अप्रकाशित) र **दिङ्ला** (२०३२, अप्रकाशित) उनको पहिलो लिखित कथा र कविता हुन् (तरङ्ग, २०६४ : १२) । त्यसपछि वि.सं. २०३३ को नियमित समूहको एस.एल.सी. परीक्षामा असफल भएपछिको प्रथम प्रकाशित कविता **असफलता** (विवेचना साप्ताहिक, झापा, २०३४) हो (पूर्ववत्) ।

हरि मञ्जुश्रीका प्रारम्भिक चरणका रचनाहरूका आधारमा उनका गुरु ज्ञानराज सुवेदीको प्रोत्साहन र हौसला, परिवारबाट गरिएको उपेक्षा र तिरस्कारका कारण उब्जेको मानसिक तनाव र हीनताबोधको हुँडलिएको मनस्थितिका साथै उनको परिवारमाथि पञ्चायती शासकले लगाएको व्यवस्थाविरोधीको आरोप आदि कारणहरू नै उनलाई साहित्यसाधनामा डोऱ्याउने वातावरण हुन् । पछिपछि भने भोको पेटले जन्माएको विद्रोहको ज्वाला कारक तत्त्व बन्यो । कृतिसम्पादनका कारण भने जीवनवृत्ति र कर्तव्यनिर्वाह हो (पूर्ववत्) ।

यसरी बाल्यकालमै परिवारबाट अपहेलित र राज्यव्यवस्थाबाट आरोपित हरि मञ्जुश्री २०३४ सालदेखि नै घर छाडी बाहिरबाहिरै हिँडेका हुन् । शरीरमा उच्चरक्तचाप, पिनास, पित्त, युरिक एसिड, ग्यास्ट्रिक, टाउको दुख्ने आदि अनेक थरीका रोगहरू लागेकाले उनले औषधि खाइरहनुपर्छ (गड्तौला, २०६२ : ३५) । सानै उमेरदेखि आँखा कमजोर, मानसिक तनाव, असन्तुष्टि र भोको पेटका बाबजुद पनि स्नातक तहपछि निरन्तर रूपमा भेटेजतिका पुस्तकहरू साहित्य, दर्शन आदिको व्यापक र गहन रूपमा अध्ययन गरेर ज्ञानको क्षितिज फराकिलो बनाई प्रौढ र परिपक्व मानसिकता बनाएर लेखन, सम्पादन, साहित्यिक एवं सामाजिक सङ्घसंस्थामा संलग्न रहेर हरेक क्षेत्रमा निकै प्रगति गरेका छन् ।

हरि मञ्जुश्रीले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका हालसम्ममा प्रकाशित मौलिक कृतिहरू २३ वटा छन्, जसमा कथामा २ वटा सङ्ग्रह र एउटा कथा (**नानीबाबु**) गरी ३, उपन्यास १, कविता-काव्य ४, भाषा-व्याकरण २, निबन्धसङ्ग्रह ८, खोज-अनुसन्धानमूलक ३, जीवनी १ र विविध १ (तरङ्ग, २०६४ : ३) । उनी एक सफल र सिद्धहस्त सम्पादक पनि हुन् । उनले सम्पादनकार्यलाई व्यावसायिक ढङ्गमा जीवनवृत्तिकै आधार बनाएर सम्पादनकार्यलाई अगाडि बढाएका छन् । उनले विभिन्न विधाका विभिन्न साहित्यकारका कृतिहरूको सम्पादन गरेका छन् । त्यसरी उनले स्मृतिग्रन्थ ८ वटा, अभिनन्दनग्रन्थ ७ वटा, कविता-काव्य र गीत १० वटा, अन्तर्वार्तासङ्ग्रह ३ वटा, लेख-समालोचना ६ वटा, कथासङ्ग्रह १

वटा, धर्म-संस्कृतिसम्बन्धी ३ वटा र व्यक्तिवृत्त २ वटा गरी जम्मा ४२ वटा कृतिहरूको सम्पादन गरेका छन् (पूर्ववत् : ६) । लेखनकार्यमा पहिलो मौलिक लिखित कृति **फोरिएको पर्खाल** (कथासङ्ग्रह, २०४०) हो भने पहिलो सम्पादित पुस्तक **नेपालीको अमर कहानी** (भुवनेश्वर आचार्यको लघुकाव्य) हो (पूर्ववत् : १२) । यिनले विभिन्न ६५ वटा कृतिमा भूमिका र ४५ वटा कृतिमा प्रकाशकीय लेखेका छन् ।

लेखन र सम्पादनका अतिरिक्त हरि मञ्जुश्री एक सफल पत्रिका-सम्पादक एवं स्तम्भकार पनि हुन् । उनले विशेषाङ्कहरू २, स्मारिका तथा मुखपत्रहरू १०, साहित्यिक पत्रिकाहरू ४, साप्ताहिक पत्रिकाहरू ५, मासिक पत्रिकाहरू ६ गरी जम्मा २७ वटा पत्रिकाहरूको सम्पादन गरेका छन् (पूर्ववत्) । उनी स्तम्भकार बनेका पत्रिकाहरूको सङ्ख्या १२ छ । उनको पहिलो सम्पादित पत्रिका **जस्केलो** (साहित्यिक सामयिक सङ्कलन, २०४१) हो भने स्तम्भ लेखेको पहिलो पत्रिका **नेपालभूमि साप्ताहिक** (२०४१) हो । उनका फुटकर रचनाहरू विभिन्न २० वटा पुस्तक-पत्रिकाहरूमा छापिएका छन् । उनले लिएका अन्तर्वार्ता ५० वटा, उनले कलाकारसँग लिएका अन्तर्वार्ता २५ वटा र उनीसँग लिइएका अन्तर्वार्ता १५ वटा छन् । उनको अन्तर्वार्ता छापिएको पहिलो पत्रिका **नेपाल जागरण साप्ताहिक** (२०५८) हो । उनको नाटक-लेखन र निर्देशन **नारीको बिलौना** (२०३२) हो । उनीद्वारा लिखित र प्रसारित टेलिचलचित्र **मास्टरजीको सपना** हो (पूर्ववत्) ।

हरि मञ्जुश्रीले साहित्य-सिर्जना, लेखन, सम्पादन र पत्रकारिताका अतिरिक्त साहित्यिक तथा सामाजिक संस्थामा आबद्ध भएर साहित्य र समाजमा अमूल्य योगदान पुऱ्याएका छन् । साहित्यिक संस्थाहरूमध्ये साहित्यिक हातेमालो परिवार (काठमाडौँ), श्रीविक्रम राणा स्मृति समिति (काठमाडौँ), छन्द समिति (काठमाडौँ), नयाँ प्रयोग समूह (काठमाडौँ) मा संस्थापक अध्यक्षको जिम्मेवारी बहन गरेका छन् । नेपाल साहित्यिक परिषद्मा संस्थापक उपाध्यक्ष, कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान र पूर्णप्रसाद ब्राह्मण स्मृति समितिमा संस्थापक सदस्य-सचिव, वासु शशी स्मृति परिषद्मा सदस्य, वाणी प्रकाशन (विराटनगर) मा संस्थापक सदस्य, जनमत प्रकाशन (बनेपा, काभ्रे) मा सहयोगी सदस्य र रोसी वाङ्मय प्रतिष्ठान (भकुन्डेबेँसी, काभ्रे) मा संरक्षक सदस्य पदको जिम्मेवारी बहन गरी ११ वटा साहित्यिक संस्थामा सेवा पुऱ्याएका छन् (पूर्ववत् : ११) । त्यसै गरी एकीकृत विकास केन्द्र, नेपाल (काभ्रे) र रङ्गपत्रकारिता उत्थान मञ्च (काठमाडौँ) का संस्थापक अध्यक्ष; नेपाल मानव-अधिकार सङ्गठन (काभ्रे शाखा) का जिल्ला सभापति, सामाजिक जागरण मञ्च (धुलिखेल) र प्राकृतिक स्वास्थ्य संस्था (काठमाडौँ) का आजीवन सदस्य, कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी (ललितपुर), नेपाल बहुउद्देश्यीय सेवा समाज (ललितपुर) र सहिद स्मृति बहुउद्देश्यीय सेवा केन्द्र (काठमाडौँ) का संस्थापक सदस्य, नारदमुनि थुलुङ स्मृति समिति (काठमाडौँ) र जनकल्याण सामाजिक गुठी (काभ्रे) का सदस्य र धनेश्वर विकास युवा समिति (काभ्रे) एवं देवराहाबाबा इन्जिनियरिङ सेवा केन्द्र (भक्तपुर) का सल्लाहकारका रूपमा रही

उक्त १२ वटा सामाजिक संस्थामा रहेर सामाजिक सेवामा योगदान पुऱ्याएका छन् (पूर्ववत्) । उनले आफ्ना पिताका नाउँमा 'दुर्गाप्रसाद अधिकारी साहित्यिक पुरस्कार' र ससुरा हरिप्रसाद तिवारीको स्मृतिमा 'वाणी पुस्तकालय' को स्थापना गराएर साहित्यिक उत्थानमा योगदान गरेका छन् (पूर्ववत्) ।

यसरी हरि मञ्जुश्रीले मौलिक कृतिको रचना, पुस्तक-सम्पादन, पत्रिका-सम्पादन, पत्रिकामा स्तम्भलेखन, साहित्यिक एवं सामाजिक सङ्घसंस्थामा आबद्धता, भूमिका एवं प्रकाशकीय-लेखन र साहित्यिक गुठी र पुस्तकालय स्थापना गर्ने जस्ता साहित्यिक र सामाजिक सेवामा डुब्दाडुब्दै पनि अझै समय निकालेर हाल काठमाडौं विश्वविद्यालयमा सञ्चार-संयोजकको जिम्मेवारी बहन गर्नसमेत भ्याएका छन् ।

३.२.४. सम्मान-पुरस्कार :

हरि मञ्जुश्रीले नेपाली भाषा, साहित्य र समाजलाई दिएको योगदानको कदर गर्दै विभिन्न साहित्यिक र सामाजिक सङ्घसंस्थाहरूले पुरस्कृत र सम्मान गरेका छन् । उनले ४ वटा पुरस्कार र ११ वटा सम्मान प्राप्त गरेका छन् भने उनीसँग सम्बन्धित पुस्तक-पत्रिकाहरूको प्रकाशनका अतिरिक्त उनका साहित्यिक विधागत एवं उनको जीवनी र व्यक्तित्वका बारेमा शोध तथा अनुसन्धानकार्य पनि भइरहेको छ ।

हरि मञ्जुश्रीले भानु कविता-उत्सव पुरस्कार (२०५३), भूपालमानसिंह कार्की युवा साहित्य पुरस्कार (२०५७), जवाहर ग्रन्थसम्पादन पुरस्कार (२०५८) र मुक्तिमार्ग दर्शन पुरस्कार (२०६०) गरी ४ वटा पुरस्कार प्राप्त गरेका छन् । उनले प्रशंसापत्र, कदरपत्र आदिबाहेक निम्नानुसारका ११ वटा सम्मानहरू प्राप्त गरेका छन् (पूर्ववत् : १०) –

१. रोसी राष्ट्रिय सम्मान, २०६४ : रोसी वाङ्मय प्रतिष्ठान, काभ्रे

२. साजा मञ्च सम्मान, २०६३ : सामाजिक जागरण मञ्च, काभ्रे

३. साधना सम्मान, २०६२ : मध्यमार्ग साप्ताहिक, काभ्रे

४. सम्मानपत्र, २०६२ : काठमाडौं विश्वविद्यालय हाइस्कुल, काभ्रे

५. सृजना-सम्मान, २०६१: सुनकोसी सहित्यिक प्रतिष्ठान, काठमाडौं

६. सम्मानपत्र, २०६० : आजाद माध्यमिक विद्यालय, काभ्रे

७. सम्मानपत्र, २०५८ : स्वतन्त्र विचार मञ्च, काठमाडौं

८. सम्मानपत्र, २०५६ : प्राकृतिक स्वास्थ्य संस्था, काठमाडौं

९. सम्मानपत्र, २०५६ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, काठमाडौं

१०. सम्मानपत्र, २०५० : सिलसिला परिवार, विराटनगर

११. सम्मानपत्र, २०५० : लायनेस क्लब अफ विराटनगर

हरि मञ्जुश्रीको साहित्यिक योगदानको कदर गर्दै **जनमत साहित्यिक मासिक** (काभ्रे, २०६५ वैशाख, पूर्णाङ्क १३०) ले **हरि मञ्जुश्री विशेषाङ्क** प्रकाशन गरेको छ । उनको व्यक्तित्व र कृतिका बारेमा पनि निम्नलिखित पुस्तिकाहरू प्रकाशित भएका छन् (पूर्ववत्) –

१. **श्रीमतीको मूल्याङ्कनमा हरि मञ्जुश्री** : गङ्गाराम गड्तौला

२. **मञ्जुश्री-मन्थन** : गङ्गाराम गड्तौला

३. **नानीबाबुको शल्यक्रिया** : माधव काभ्रेली र गङ्गाराम गड्तौला

४. **हरि मञ्जुश्रीको अक्षरचित्र** : प्रतीक तरङ्ग

यसरी हरि मञ्जुश्रीले आफ्नो प्रतिभा र अभ्यासद्धारा वाङ्मय, भाषा, साहित्य र सामाजिक तथा शैक्षिक संस्थामा योगदान गरेका छन् । त्यसबापत गरिएको कदर, सम्मान र पुरस्कारले उनलाई अझै बढी सेवा गर्न उत्साहित पारेको छ ।

३.२.५ विदेश-भ्रमण / तालिम-प्रशिक्षण / अन्य अनुभव :

हरि मञ्जुश्रीले आफ्नो जीवन जिउने क्रममा अनेक खालका भोगाइबाट अनुभव आर्जन गरेर, बाउन्न घुस्सी र त्रिपन्न थप्पड खाएर परिपक्वता र प्रौढता प्राप्त गरेका हुन् । उनले सिक्किम र नागाल्यान्डबाहेक भारतका सबै ठाउँको भ्रमण गरेका छन् । त्यसै गरी कर्णाली अञ्चलबाहेक नेपालका सबै अञ्चल र जिल्लाको भ्रमण गरेका छन् (पूर्ववत् : ४) । उनले निदरल्यान्डको सहयोगमा एसिएन मास कम्युनिकेसन रिसर्च एन्ड इनफर्मेसन सेन्टर (एमिक) सिङ्गापुर र नेपाल प्रेस इन्स्टिच्युटद्वारा संयुक्त रूपमा आयोजित साना समाचारपत्रको व्यवस्थापनसम्बन्धी तालिम प्राप्त गरेका छन् । त्यस्तै एपल म्याकिन्तोस कम्प्युटरको सञ्चालनसम्बन्धी तालिम लिएका छन् (पूर्ववत्) ।

हरि मञ्जुश्रीलाई अक्षरसँग सम्बन्धित सबै विषयको अनुभवको भण्डार नै भने हुन्छ ( पूर्ववत्) । उनीसँग शिक्षण, कम्प्युटर-सञ्चालन, भाषिक शुद्धीकरण, कार्यक्रम-सञ्चालन, पत्रकारिता, स्तम्भलेखन, छन्द-प्रशिक्षण र छापाखाना-सञ्चालन आदिको अनुभव र दक्षता छ ।

३.३ हरि मञ्जुश्रीको निबन्धलेखनको यात्रा :

वि.सं. २०४१ सालमा **नागढुङ्गा** शीर्षकको निबन्ध **कोइपी** पत्रिकामा प्रकाशित गराई आफ्नो निबन्धयात्रा प्रारम्भ गर्ने हरि मञ्जुश्री हालसम्म नै निबन्धसिर्जनारत देखिन्छन् । २५ वर्ष लामो आफ्नो यात्रामा उनले ७ वटा निबन्धसङ्ग्रह र १ टिप्पणीमूलक निबन्ध गरी जम्मा १४० वटा

निबन्ध लेखिसकेका छन् । यिनको निबन्धयात्रालाई अध्ययन गर्दा पुस्तकाकार कृति र त्यसको प्रकाशनमितिका आधारमा वर्गीकरण नगरी उनका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित रचनाहरूका आधारमा गरिएको छ, किनभने यिनका फुटकर रचनाहरूको प्रकाशन र तिनको सङ्ग्रहित पुस्तकाकार कृतिहरूको प्रकाशनमा समयान्तर पाइन्छ । त्यस्तै उनका निबन्धरचनाहरूको अध्ययनबाट उनको निबन्धयात्राका विविध मोड र खुट्किलाहरू तथा प्रवृत्तिगत चरणहरू छुट्याउनका लागि सिङ्गो पुस्तकाकार कृति वा सङ्ग्रहहरूका आधारमा नमिल्ने देखिन्छ । त्यसकारण उनको निबन्धयात्राको अध्ययन र विभाजन गर्दा फुटकर रूपमा प्रकाशित समय र तिनको सङ्ग्रहका आधारमा गरिएको छ । मूल रूपमा पहिलो प्रकाशित फुटकर निबन्धात्मक रचनादेखि लिएर २०६४ सालसम्मको अवधिलाई नै उनको निबन्धयात्रा मानिन्छ ।

कुनै पनि साहित्यकारको साहित्यिक यात्रालाई विभाजन गर्ने केही खास आधारहरू हुन्छन् । साहित्यकारको साहित्य-लेखन-अवधिभित्र स्पष्ट रूपमा देखापर्ने प्रवृत्तिगत विविधता, रचना-परिमाण तथा गुणस्तर, सक्रिय र निष्क्रियकाल, विधागत प्रधानता, साहित्यिक धारागत प्रवृत्तिको अन्तर्विकास र कृतिगत सङ्ग्रहको प्रकाशनका आधारमा साहित्ययात्राको काल र चरण विभाजन गरिन्छ (लुइँटेल, २०४६ : १००) । निबन्धकार हरि मञ्जुश्रीको निबन्धयात्राले पनि विभिन्न मोड र घुम्तीहरू पार गरेको देखिन्छ ।

निबन्धलेखनको थालनी फुटकर रचनाहरूको प्रकाशन र तिनको सङ्ग्रहित पुस्तकाकार कृतिहरूको प्रकाशन, साहित्यिक रचनाहरूको परिमाण र गुणस्तर, चरणगत प्रवृत्तिको अन्तर्विकास तथा हास्यव्यङ्ग्यात्मक निबन्धको प्रधानता एवं संस्मरणात्मक निबन्धको प्रधानताका आधारमा उनको निबन्धयात्राका विविध मोडहरू देखिन्छन् । यिनै आधारमा निबन्धकार हरि मञ्जुश्रीको २५ वर्षे निबन्धयात्राका निम्नलिखित दुई मोडहरू देखापर्दछन् –

क) पहिलो चरण ( वि.सं. २०४१ देखि २०५९ सम्म) पूर्वार्द्ध चरण

ख) दोस्रो चरण ( वि.सं. २०६० देखि हालसम्म) उत्तरार्द्ध चरण

पहिलो चरण वा पूर्वार्द्ध :

**नागढुङ्गा** (कोङ्पी, २०४१) शीर्षकको निबन्धात्मक रचनाको प्रकाशनबाट निबन्धयात्राको सुरुवात गर्ने हरि मञ्जुश्रीको यो चरण वि.सं. २०५९ सालसम्म कायम रहेको देखिन्छ । यस चरणलाई पनि २०४१ – २०४९ र २०५४ – २०५९ गरी दुई उपचरणमा राख्न सकिन्छ । यिनी वि.सं. २०४४ देखि २०४८ सम्म र २०५० देखि २०५३ सम्मको अवधिमा भने अन्य साहित्यिक विधा (कथा, कविता, उपन्यास) तर्फ बढी उन्मुख रहेको र निबन्धविधाको सिर्जनामा निष्क्रिय रहेको पाइन्छ । यस चरणका उनका निबन्धात्मक रचनाहरू सङ्ग्रहका रूपमा प्रकाशित नभई **कोङ्पी, नेपालभूमि, हिन्दू, नयाँ बाटो, घटना र विचार, महानगर, कर्मयोग** र विभिन्न स्मारिका,

मुखपत्र आदिजस्ता पत्रपत्रिकाहरूमा छरिएर फुटकर रूपमा रहेका देखिन्छन् । तीमध्ये उपलब्ध भएसम्ममा निबन्धहरूको नाम र प्रकाशित वर्ष मात्र यसप्रकार उल्लेख गर्न सकिन्छ – **नागढुङ्गा** ( कोइ्पी, २०४१), **आजको नेपाल कता लागिरहेछ ?** (२०४३, पुस्तिकाकार), **साहित्य नलेखे पनि हामी साहित्यकार** (२०४९), **समाजसेवीहरूको कालो राजनीति** (२०५४), **एक व्यक्ति तीस काम : धेरै दाम बदनाम, छन्दलाई किन हेला गरेको यसरी ?, साहित्यकारहरू पनि नामर्द हुने कि ?** ( २०५४), **चिनियाँ कविसँग तीन घन्टा, मेलम्ची चम्चा र एकादशी फलाहार, हेर्ने भए चस्मा फुकाल्नोस्, जदौ यज्ञनिधि जदौ नेपालनिधि** (२०५६), **अझै सुतिराख नार्मदहरू, नेपालीलाई नेपाली हुन किन डर ?, भ्रष्टाचार, पुरस्कार र तिरस्कार, कर्तव्यलाई कहिलेसम्म पन्छाउने ?, मलाई माफ गर्नोस् कृष्णप्रसाद** (२०५७), **आखिर कुन मानिस असल ?, राष्ट्रको दुर्दशाप्रति रुने अधिकार नखोसिदेऊ** (२०५८) आदि (शोधनायकसँगको अन्तर्वार्ता) ।

निबन्धका प्रकारका दृष्टिले यी निबन्धहरू केही वस्तुपरक भए पनि अधिकांश आत्मपरक छन् । प्राप्य र प्रकाशित निबन्धहरूलाई हेर्दा **आजको नेपाल कता लागिरहेछ ?** शीर्षकमा लेखिएको निबन्धमा निरङ्कुश, निर्दलीय पञ्चायती व्यवस्थाले देशको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रको दर्दनाक अवस्थाको यथार्थ चित्रण गरेर वास्तविकतासित परिचित गराई सम्पूर्ण नेपालीलाई जगाउने र प्रजातान्त्रिक व्यवस्था अर्थात् सुशासनको स्थापनातर्फ उन्मुख गराउन प्रेरणा प्रदान गर्दै जागरूक पार्ने विषयवस्तु प्रस्तुत गरेका छन् । यस निबन्धलाई यस चरणको प्रतिनिधि रचना मान्न सकिन्छ ।

समग्रमा हेर्दा भाषाको वस्तुपरकताझैँ लाग्ने उनका निबन्धहरूमा अनेक बिम्ब-प्रतिबिम्बको चित्रण, वर्णनात्मकता, साहित्यिक दृष्टिकोण र साहित्यसम्बन्धी आफ्नो मौलिक धारणाको प्रस्तुति, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, राष्ट्रप्रेम र सामाजिकताको रेखाङ्कन, समसामयिक स्थितिको यथार्थ चित्रण पाउन सकिन्छ । फुटकर लेखनमा मात्रै सीमित रहेका निबन्धकारको शैली एवं विषयवस्तुचयन क्रमशः विकसित बन्दै जान थालेको देखिन्छ ।

दोस्रो चरण वा उत्तरार्द्ध :

निबन्धकार हरि मञ्जुश्रीको निबन्धलेखनको दोस्रो चरण वि.सं. २०६० सालबाट सुरु भई हालसम्म कायम रहेको पाइन्छ । २०६० सालपूर्वका सबै निबन्धहरू आभ्यासिक नै थिए भन्नुपर्छ । किनकि यस चरणमा लेखिएका निबन्धहरूमध्ये **आजको नेपाल कता लागिरहेछ ?** शीर्षकको पुस्तिकाबाहेक अन्य सबै रचनाहरू पुस्तकाकारमा नभई फुटकर रूपमा मात्र पाइन्छन् । २०३४ सालदेखि घर छाडेर काठमाडौँ पसेका (पूर्ववत्) उनको जीवनभोगाइका क्रममा अनेक ठाउँमा घुमफिर गर्दा र अनेक खालका व्यक्तिहरूसँगको सङ्गतमा पर्दाका दुःख-कष्ट र बसाइसराइ, जीवनवृत्तिको अभाव आदिका कारणले लेखनगतिमा स्थिरता एवं लगनशीलताको कमी देखिन्छ । वि.सं. २०५५ सालमा ऋण-धन सरसापट गरेर, अनेक दुःख गरेर काभ्रे जिल्लाको बनेपा

नगरपालिका वडा नं. १० गौतममार्गमा घर बनाई, सोही घरलाई 'अक्षरधाम' का रूपमा लेखन तथा सम्पादनको कार्यमा उपयोग गरी व्यावसायिक रूपमा अगाडि नबढाउँदासम्म उनको जीवन जटिल बनेको देखिन्छ । लेखन र सम्पादनकार्यका कारणले विभिन्न साहित्यकारहरूसँगको सम्पर्क, विभिन्न साहित्यिक तथा सामाजिक संस्थाहरूमा आबद्धता, अध्ययन-अनुसन्धान आदिले उनको प्रतिभा माझिने एवं ताछिने कार्य भएको उनका यस चरणका पुस्तकाकारका रूपमा देखिएका कृतिहरूले प्रमाणित गर्दछन् ।

यस चरणमा आएर संस्मरणहरू, हास्यव्यङ्ग्य, समसामयिक विषयवस्तु, यात्रा, विचारप्रवाहका साथै अनुसन्धानात्मक निबन्धहरू सङ्ग्रहका रूपमा प्रकाशित भएका छन् । उनको यस चरणको थालनी वि.सं. २०६० साल असार १५ गते प्रकाशित निबन्धात्मक कृति **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** बाट सुरु हुन्छ । यसमा २६ वटा कथाका विषयमा लेखिएका २६ थरी अनुभूतिहरू, जीवन र जगत्को शाश्वत सत्यलाई भोगेको अनुभूति हुने विभिन्न उपकथा र घटनाको उदाहरण दिएर रोचक पारामा राजनीति, साहित्य, सामाजिकता, मनोविज्ञान र विसङ्गतिप्रति प्रतीकात्मक व्यङ्ग्यको प्रयोग गरिएको छ (मञ्जुश्री, २०६३ : ३१) । त्यसपछि २०६० साल भदौ २१ मा २०५५ सालको **घटना र विचार** मा प्रकाशित निबन्धहरू ६ वटा **घुँयेत्रो**, **कौशिकी** र **अनामिका** का ६ वटा गरी जम्मा १२ वटा निबन्धहरूको सँगालो **जवाहरको दर्शन** छापियो (पूर्ववत् : ३४-३५) । यसै क्रममा २०६२।८।१२ मा हिरण्य भोजपुरेको साङ्गीतिक र साहित्यिक प्रवाहनका साथै विशुद्ध संवेदनात्मक विचारप्रवाहको रूपमा **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** देखापर्छ (पूर्ववत् : ३६) । यसै चरणमा धर्म-संस्कृतिको विषयसँग सम्बन्धित बाबा विश्वनाथका विशिष्ट वचन, भक्तियोग र **श्रीमद्भगवद्गीता**को प्रसङ्गलाई लिएर लेखिएको कृति **अध्यात्म-चिन्तन** (२०६२) (पूर्ववत् : ३९) तथा २०६३ आश्विनमा शशि भण्डारी बिम्ब र हरि मञ्जुश्री प्रतिबिम्बका रूपमा रूपायित भएको निबन्धात्मक र समीक्षात्मक दृष्टिविन्दुको सम्मिश्रित रूप, स्वकीय अनुभूति र प्रयोगशील (पत्रात्मक ढाँचाको) प्रस्तुति भएको कृति **शशि भण्डारी : आयाम र आलोक** प्रकाशित हुन्छ (पूर्ववत् : ४३) ।

२०६० श्रावणदेखि २०६२ असोजको पहिलो हप्तासम्म **सञ्जीवनीपत्र साप्ताहिक** पत्रिकाको 'असाहित्यिक साहित्य' शीर्षकको स्तम्भमा लेखिएका लेखहरूलाई सङ्कलन गरेर तयार भएको निबन्धसङ्ग्रह **अनेक स्रष्टा अनेक प्रसङ्ग** हो । आदिकवि भानुभक्त आचार्यदेखि जीवन आचार्यसम्मका ५३ जना साहित्यकारका बारेमा विभिन्न स्मृतिग्रन्थहरू, अभिनन्दनग्रन्थहरू, विशेषाङ्कहरू, स्मारिकाहरू, साहित्यिक पत्रिकाहरू, दैनिक पत्रिकाहरू, साहित्यिक पुस्तकहरू, शोधपत्रहरू, सम्बन्धित लेखकले सुनाएका घटनाहरू र सम्बन्धित लेखकहरूसँग रहँदा देखेभोगेका घटनाहरूलाई आधार बनाएर लेखिएका लेखहरूको सङ्ग्रह हो यो कृति । साहित्यिक स्रष्टाहरूका विषयमा नपढिएका, ध्यान नदिइएका, नसुनिएका विविध घटनाले कहीँ पेट मिचीमिची हसाउने, कहीँ खुसीले फुलाउने, कहीँ दुःखले रुवाउने, कहीँ रिसले जरक्क पार्ने, कहीँ डरले थरर कँपाउने, कहीँ सङ्घर्षशील बन्न प्रेरित

गर्ने त कहीँ गम्भीर पार्ने रोचक, मार्मिक र संवेदनशील घटनाहरूलाई लेखकको कल्पनाशीलता र चाखलाग्दो अभिव्यक्तिले गर्दा यो कृति साहित्यिक वाङ्मयमा नवीन प्रयोगका रूपमा देखापरेको छ । त्यसैले यस कृतिलाई यस चरणको उत्कृष्ट कृति मान्न सकिन्छ ।

हरि मञ्जुश्रीको यस चरणको हालसम्म प्रकाशित कृतिहरूमध्येको पछिल्लो निबन्धात्मक कृति **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग) हो । यस कृतिमा **मध्यमार्ग साप्ताहिक** को 'अनुभूति' स्तम्भमा २०६३ चैत्र १८ देखि २०६४ असोज ६ सम्म प्रकाशित २४ जना, विशेषतः साहित्यकार, पत्रकार, समाजसेवी, विद्यार्थी, शिक्षक, व्यवसायी आदि विभिन्न क्षेत्रका जीवित व्यक्तिका विषयमा लेखिएका अनुभूत्यात्मक तथा अनुसन्धानात्मक २३ वटा निबन्धहरू सङ्गृहीत छन् ।

यस चरणमा आएर उनले विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका विशेष गरी व्यक्तिपरक निबन्धहरूलाई सङ्कलन गरेर पुस्तकाकार रूप दिएका छन् । यस चरणका प्रतिनिधि ग्रन्थका रूपमा **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०), **जवाहरको दर्शन** (२०६०), **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (२०६२), **अध्यात्म-चिन्तन** (२०६२), **शशि भण्डारी : आयाम र आलोक** (२०६२) **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४) र **काभ्रेका केही कर्मयोद्धा** (२०६४) गरी ७ वटा कृतिहरूलाई लिन सकिन्छ । उनका यस चरणका निबन्धहरूमा साहित्यकारहरूका विषयमा र आफ्नो जीवनभोगाइका क्रममा विभिन्न अनभूत्यात्मक संस्मरण, सृजन, पठन, जीवनजगत्, हास्यव्यङ्ग्य, साहित्यिक पत्रकारिता एवं अन्य विभिन्न पेसा र व्यवसायसँग सम्बन्धित कर्मयोगी व्यक्ति र तिनका कार्यहरूको अध्ययन, अनुसन्धान, समीक्षाका साथै धर्म, संस्कृति आदिलाई विषयवस्तु बनाइएको पाइन्छ । आफ्नो जीवनभोगाइका क्रममा दुःखसुखको अनुभव, साहित्यकार, पत्रकार, समाजसेवी, पेसाकर्मी, व्यवसायी र राजनीतिक व्यक्तिहरूसँगको सम्पर्क, साक्षात्कार, आत्मिक प्रेम एवं अध्ययन र अनुसन्धानका क्रममा हासिल गरेको ज्ञान आदिले गर्दा उनले यस चरणमा उत्कृष्ट निबन्धहरू सिर्जना गरेका छन् ।

अन्त्यमा, आफ्नो जीवनभोगाइका क्रममा आफूले देखेभोगेका वैयक्तिक अनुभवहरूलाई अभिव्यक्ति दिइएका निबन्धकार हरि मञ्जुश्री कतिपय निबन्धहरूमा निकै सफल बन्न पुगेका छन् । अध्ययन, मनन, चिन्तन, अनुसन्धान, लेखन र सम्पादनलाई नै जीवनको मूल ध्येय वा साध्य ठान्ने निबन्धकार मञ्जुश्रीले आफ्ना कतिपय निबन्धहरूमा सामान्यभन्दा सामान्य विषयलाई अँगाली त्यसैको सेरोफेरोमा आफ्ना वैयक्तिक भावहरू प्रस्तुत गरेका छन् । अध्ययन, अनुसन्धान र सम्पादनका क्रममा समेत आफ्नो लेखनकलालाई प्रौढता दिने सफल निबन्धकार मञ्जुश्रीका निबन्धमा वैयक्तिक भावको सार्वभौमिकता, विचार र भावको सम्मिश्रण, काव्यात्मकता एवं कार्यशैलीमा समता, भाषिक सरलता, शब्दप्रयोगमा श्लेषात्मकता र ऐतिहासिक खोजपूर्ण वर्णनमा सत्यतथ्य वस्तुगतता आदि प्रवृत्तिहरू रहेको पाइन्छ । समग्रमा भन्नुपर्दा निबन्धात्मक मूल्यका दृष्टिले यस चरणलाई निबन्धकार हरि मञ्जुश्रीको निबन्धयात्राको विकासको चरणका साथै उत्कृष्ट चरणका रूपमा लिन सकिन्छ ।

परिच्छेद चार

# हरि मञ्जुश्रीका निबन्धहरूको अध्ययन

४.१ हरि मञ्जुश्रीका निबन्धको वर्गीकरण :

निबन्धकार हरि मञ्जुश्रीले विभिन्न विषयवस्तुलाई लिएर निबन्धको सिर्जना गरेका छन् । विभिन्न समयमा प्रकाशित **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर**, **जवाहरको दर्शन**, **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (विचारप्रवाह), **अध्यात्म-चिन्तन** (विशिष्ट वचन), **शशि भण्डारी : आयाम र आलोक** (विचारप्रवाह), **अनेक स्रष्टा अनेक प्रसङ्ग**, **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग, अनुसन्धानमूलक) गरी ७ वटा निबन्धसङ्ग्रहहरू र **आजको नेपाल कता लागिरहेछ** ? शीर्षकको एक टिप्पणीमूलक निबन्ध गरी ८ वटा पुस्तकाकार कृतिमा रहेका निबन्ध मात्रै पनि करिब १२ दर्जन छन् । उनका निबन्धहरूलाई विषयवस्तुका आधारमा निम्न वर्गमा विभाजित गर्न सकिन्छ –

साहित्यसम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्रीले साहित्यसम्बन्धी निबन्धमा विभिन्न साहित्यिक व्यक्तित्वहरूसँगको भेटघाट र तिनबाट आफूमा परेको प्रभाव, साहित्यसम्बन्धी आफ्नो धारणा, पठनपाठन एवं सृजनासम्बन्धी आफ्ना चिन्तनहरूलाई प्रस्तुत गरेका छन् । यस फाँटमा पर्ने निबन्धसङ्ग्रहहरूमा **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४), **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०), **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (२०६२), **शशि भण्डारी : आयाम र आलोक** (२०६३) र **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग, २०६४) रहेका छन् ।

जीवन-जगत्सम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्रीले जीवनमा आफूले देखेभोगेका घटनाहरू, जीवनमा आइपरेका समस्याहरू र जीवनजगत्सम्बन्धी आफ्ना धारणाहरू निबन्धहरूमा प्रस्तुत गरेका छन् । यस फाँटमा देखापर्ने **जवाहरको दर्शन** निबन्धसङ्ग्रहका **कान्छी सर्किनीको गुन्यूँ**, **वेश्यासँगको एक साँझ**, **जबर्जस्ती सम्मान खोज्नेहरू** जस्ता निबन्धहरू नितान्त व्यावहारिक विषयवस्तुसँग सम्बन्धित छन् ।

धर्म-संस्कृति एवं जात्रापर्वसम्बन्धी निबन्ध :

हरि मञ्जुश्रीका धर्मसंस्कृति एवं जात्रापर्वसम्बन्धी निबन्धहरू **अध्यात्म-चिन्तन** (२०६२) सङ्ग्रहका निबन्धहरू **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ**, **बाबा**

**विश्वनाथका विशिष्ट वचन**, **हाम्री गौमाता** र **जवाहरको दर्शन** (२०६०) सङ्ग्रहका निबन्धहरूमा **पशुपतिभित्रको जोखिम** र **मूल भट्टको गाँठी कुरो** हुन् ।

पत्रकारितासम्बन्धी निबन्ध :

हरि मञ्जुश्री स्वयंले नै पत्रकारितासम्बन्धी विषयमा काम गरेका हुँदा पत्रकारितासम्बन्धी विषयवस्तु बनाएर लेखिएका निबन्धहरूलाई यसअन्तर्गत राख्न सकिन्छ । ती निबन्धहरू **बी.पी. को सामग्री अस्पष्ट**, **चुत्थो (चौथो) अङ्गभित्र देखिएका दृश्य**, **पत्रकारद्वारा पत्रकारमाथि आक्रमण** ( **जवाहरको दर्शन** निबन्धसङ्ग्रहबाट) हुन् ।

दर्शनसम्बन्धी निबन्ध :

हरि मञ्जुश्रीका दर्शनसम्बन्धी विषयमा लेखिएका निबन्धहरूमा **जवाहरको दर्शन** भित्रका **जवाहरको दर्शन** र **श्रीमतीको वारेन्ट** तथा **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** भित्रका **यहाँका आउनु र जानुहरूभित्र** र **खरानीको सिरानी** पर्दछन् ।

टीकाटिप्पणीसम्बन्धी निबन्ध :

हरि मञ्जुश्रीको **आजको नेपाल कता लागिरहेछ** ? शीर्षकको निबन्ध टिप्पणीमूलक निबन्ध हो ।

गीतसङ्गीतसम्बन्धी निबन्ध :

हरि मञ्जुश्रीको **सितुका स्वरहरूले** शीर्षकको निबन्ध गीत-सङ्गीतसम्बन्धी निबन्ध हो ।

४.१.१ कथ्यका आधारमा हरि मञ्जुश्रीका निबन्धको अध्ययन :

हरि मञ्जुश्रीका निबन्धहरूको विषयक्षेत्र फराकिलो रहेको छ । निबन्धमा निबन्धकारका विविध पक्षसँग सम्बन्धित निजी विचार वा दृष्टिकोण व्यक्त हुन आएका छन् । त्यसैले उनका निबन्धमा कथ्यगत विविधता पाइन्छ । स्वयं साहित्यकार भएका कारण उनका निबन्धहरूमा साहित्यसम्बन्धी निजी विचारहरू, भावनाहरू, साहित्यिक मान्यताहरू अभिव्यक्त भएका छन् । सृजनाका क्रममा आफ्नो सम्पर्कमा आएका विभिन्न साहित्यिक व्यक्तित्वहरूलाई समेत विषयवस्तु बनाएर उनले निबन्धको रचना गरेको देखिन्छ । यस आधारमा उनका साहित्यसम्बन्धी निबन्धहरूलाई साहित्यिक चिन्तनसम्बन्धी, साहित्यिक समीक्षासम्बन्धी र साहित्यिक व्यक्तित्वसम्बन्धी गरी ३ वर्गमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्वसम्बन्धी निबन्धलाई पनि आफूभन्दा अग्रज एवं प्रेरणादायी साहित्यिक व्यक्तित्व, सहकर्मी व्यक्तित्व र कर्मयोद्धा एवं क्रान्तिकारी व्यक्तित्व आदि गरी विभिन्न उपवर्गमा विभाजन गर्न सकिन्छ । यसरी निबन्धकार हरि मञ्जुश्रीका निबन्धहरूलाई मूलतः तीन वर्गमा र साहित्यिक व्यक्तित्वसम्बन्धी निबन्धहरूलाई पनि तीन उपवर्गमा विभाजन गरी विश्लेषण गरिएको छ ।

४.१.१.१ साहित्यिक चिन्तनसम्बन्धी निबन्ध :

**मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** शीर्षकको हिरण्य भोजपुरेको कथासङ्ग्रहभित्रका २६ वटा कथाहरूका विषयमा लेखिएका समीक्षात्मक निबन्धहरूमध्ये केही निबन्धहरूले निबन्धकार हरि मञ्जुश्रीको साहित्यिक चिन्तन बोकेका छन् । उनले आफ्नो निरन्तर साधना र अध्ययन, चिन्तन र मननले प्रत्येक विषयवस्तु वा घटनालाई विभिन्न पक्षबाट सूक्ष्म दृष्टिकोणले हेरेर, हाँगाबिँगा केलाएर सही रूपमा होस् वा काल्पनिक विषयवस्तु नै भए पनि वास्तविक र यथार्थ रूपमा सत्यको अभिव्यक्ति गरेका छन् । जुन विषयमा कलम चलाउनुछ, त्यस विषयको पूर्ण ज्ञानका साथै राम्रो मनन-चिन्तन गरेका छन् ।

साहित्यको सिर्जना त्यस्तो खालको होस् जसले हरेक मानव-हृदयलाई छोएर चरम सुखानुभूति दिन सकोस्, निरस हृदयलाई सरस बनाउन सकोस् । त्यस्तो सिर्जना कालजयी हुने धारणा उनको रहेको छ । जीवन-भोगाइका क्रममा मान्छेको मनभित्र अनेक खालका बबन्डर र हुँडला पैदा हुन सक्छन् । ती भित्रबाट बाहिर निस्कन खोज्छन् । यसरी बाहिर निस्कनुलाई उनले स्खलित हुनु भनेका छन् । वेदव्यास स्खलित हुँदा विश्वकै सबभन्दा ठूलो ग्रन्थ **महाभारत** जन्मेको, महाकवि कालिदास स्खलित हुँदा **कुमारसम्भवम्** लगायतका ग्रन्थहरू जन्मेका र लियानार्दो दा भिन्ची स्खलित हुँदा 'मोनालिसा' जन्मेको भनी उनी भन्छन् । यसरी लगनशील भएर कठिन तपस्याका माध्यमबाट समाधिमा डुबेर काल्पनिक जगत्मा लीन हुँदा साहित्यकार-कलाकार स्खलित हुन्छन् र उत्कृष्ट कला र साहित्य जन्मिन पुग्छन् भन्ने धारणा उनले **पात्तिएको बूढोजस्तै पात्तिएका बूढाहरू** शीर्षकको निबन्धमा व्यक्त गरेका छन् (मञ्जुश्री, २०६० : ६३-६४) ।

निबन्धकार मञ्जुश्री मानिसको आफूभित्रको शक्ति, क्षमता र ऊर्जालाई विश्वास गर्नुपर्छ भन्दै हामी आफैँप्रति परिचित बन्नुपर्छ भन्ने धारणा राख्छन् । हामीले आफैँप्रति विश्वस्त हुन नसक्दा अरूको पछि लाग्नुपरेको, आफूलाई चिन्न नसक्दा दुःख पाएको, पछि परेको र अरूलाई पछ्याउनुपरेको हो भन्ने उनको विचार छ । हाम्रो परम्परा र संस्कृतिले जे सिकायो, जे रटायो, त्यसैको मात्र रटान दिँदा हामी पिछलग्गू बनेका हौँ । हाम्रो संस्कृतिले 'ठूलो रूखको ओत लाग' भन्यो, तर आफू ठूलो रूख बनेर अरूलाई ओत देऊ भनेन । यसैले बलियोलाई पनि निर्धो बनाएर अरूको शरणमा जान सिकायो । त्यसै गरी हामीमध्ये धेरैलाई थाहा भएका वेदका ऋचा 'असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतंगमय' (अर्थात् असत्यबाट सत्यतिर, अन्धकारबाट उज्यालोतिर र मृत्युबाट अमृतत्वतिर लैजाऊ) हामीले रटिरह्यौँ । हामीले बुझेनौँ यो भनाइ गलत छ भनेर । हेर्दा उस्तै-उस्तै भए पनि ठूलो फरक छ । जस्तै : अँध्याराबाट उज्यालातर्फ लाने कि अँध्यारो भएका ठाउँमा उज्यालो ल्याइदिने ? अशिक्षित गाउँलेलाई शिक्षित सहरमा लाने कि गाउँमा विद्यालय खोल्ने ? वास्तवमा त बत्ती बाल्नुपर्छ अँध्यारोमा । कसैलाई उठाएर उज्यालोतर्फ लाने होइन, अँध्यारो भएको ठाउँमा प्रकाश ल्याउनुपर्छ । यस्ता कुरा नबुझ्दा नै हामी ठगिएका, हेपिएका र पछि परेका हौँ । त्यसै भएर चितवनमा लङ्का र अयोध्या हुँदाहुँदै

भारतीयहरूले भारतमा अयोध्या बनाए, लङ्कालाई अहिलेको श्रीलङ्का भने । नवलपरासीका वाल्मीकिलाई, तनहुँका व्यासलाई र अर्घाखाँचीका पाणिनिाीाई भारतीयहरूले भारतीय बनाए तेन्जिङ नोर्गेलाई जस्तै । यस्ता थुप्रै व्यक्तिहरू भारतीय बनाइए । गौतम बुद्धलाई पनि लान खोज्दैछन् । हामी नेपालीहरूले आफ्नै अक्षमताका कारण ती कुरालाई स्वीकार गऱ्यौं । हामी पनि आफ्नै नाभिस्थानमा भएको कस्तुरीको पहिचान गर्न नसकेर अन्यत्र खोज्न भौँतारिएको कस्तुरीमृगजस्तो नबनौं । आफ्नो क्षमता र शक्तिलाई पहिचान गर्नुपर्छ र त्यसको उपयोग गर्नुपर्छ भनी **इनलाइटन्मेन्ट : साइबाबाप्रतिको कमेन्ट** शीर्षकको निबन्धमा आफ्नो चिन्तन एवं धारणा व्यक्त गरेका छन् (पूर्ववत् : ५२-५५) ।

**एउटा ढुङ्गो देउताको छेउमा अर्को पानीमुनिको लेउमा** शीर्षकको निबन्ध मञ्जुश्रीको विचारपरक निबन्ध हो । यो निबन्ध पनि उनको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहमा सङ्ग्रहित छ । प्रस्तुत निबन्धमा गाउँलेहरूलाई देवताका रूपमा र सहरियाहरूलाई मन्दिरैमन्दिरको सहर काठमाडौँमा बसे पनि ढुङ्गाका रूपमा ठानेका छन् । उनले गाउँले र सहरियालाई तुलना गरेर भिन्नता देखाएका छन् । सहरिया जीवनका बारेमा उनको भनाइ यस्तो छ – काठमाडौँलाई मन्दिरैमन्दिरको सहर भनिन्छ । मन्दिरभित्र ढुङ्गाका मूर्ति हुन्छन् । ती मूर्तिको पूजा गर्न, दर्शन गर्न वा शरणमा जानेहरूमा अधिकांश बदमासी गर्नेहरू नै हुन्छन् । किनकि उनीहरूलाई हृदयहीन, संवेदनाहीन, बेइमान, भ्रष्ट र धोकेवाज बन्नुपरेको हुन्छ, विधवालाई ढोगिदियो भने 'मैजस्ती भएस्' भनेर आशीर्वाद दिएजस्तै, गाउँतिरको उखानमा झैँ । ती मन्दिरभित्रका मूर्ति बनेका ढुङ्गा पनि हेपिएर, पेलिएर, काटिएर, चोइटिएर, टुक्रिएर असामान्य बनेका हुन्छन् आफ्नो मौलिक रूप नै बदलिएर । सहरियाहरूले देवता बन्ने भ्रम बोकेका हुन्छन् । तर ती देवता बन्नुको सट्टा स्नेह, ममता, सद्भाव, प्रेम र दयाहीन ढुङ्गोजस्तै बनेर जिन्दगी बाँचिरहेका हुन्छन् भन्ने उनको विचार उक्त निबन्धमा प्रस्तुत छ ।

साँच्चैका देवता त ती हुन् जसले महाकवि देवकोटाको **यात्री** कविताको एक अंश 'फर्क-फर्क हे जाऊ समाऊ मानिसहरूको पाउ, मलम लगाऊ आर्तहरूको चहराइरहेको घाउ' भन्ने खालका विचारहरूलाई आफ्नो आदर्श बनाएका हुन्छन् । षडानन्द अधिकारी, सोमेश्वरानन्द स्वामी, दयावीरसिंह कंसाकार, तुलसीमेहर श्रेष्ठ आदिलाई मान्छेको स्वरूप लिएका देवता भने पनि फरक पर्दैन भनी मञ्जुश्रीले आफ्नो धारणा व्यक्त गरेका छन् । गाउँघरहरूमा मान्छेहरू बढी छन् र मूर्तिहरू कम । ढुङ्गाहरू त प्रशस्त छन् तर आकृति नबिग्रिएका । अरूको विपदमा व्यथित हुन्छन्, अरूको सुखमा खुसी । सरल, सहज, स्वाभाविक र रसमय । यिनै गुणहरूले गर्दा गाउँलेलाई देवता हुन् (पूर्ववत् : ९१) भनी उनी दर्शाउँछन् ।

निबन्धमा मात्र नभई मञ्जुश्रीले आफ्नो पुरानो डायरीमा लेखेका तर अप्रकाशित सहर र गाउँसम्बन्धी २ वटा यस प्रकारका गीतहरूमार्फत पनि आफ्नो धारणा र विचारलाई अभिव्यक्त गरेका छन् –

एक

खुसी भई बाँच्नलाई गाउँ चाहिन्छ
स्वाभिमानी खुट्टा टेक्ने ठाउँ चाहिन्छ ।
सहर त नरकै हो स्वर्ग नै हो गाउँ
हिर्दयको ढुकढुकीलाई सुन्न सक्ने ठाउँ
भावनाको बीज छर्न गाउँ चाहिन्छ
स्वाभिमानी खुट्टा टेक्ने ठाउँ चाहिन्छ ।

सहर हो सिसा मात्रै फलाम हो गाउँ
छातीभरि मानिसलाई राख्न सक्ने ठाउँ
कल्पनाको रेखा कोर्न गाउँ चाहिन्छ
स्वाभिमानी खुट्टा टेक्ने ठाउँ चाहिन्छ ।

– २०५३।१२।२२

दुई

छाड्न मन लाग्यो हजुर यो राजधानी सहर
न पाइन्छ यहाँ अमृत न पाइन्छ जहर ।

मुखले यहाँ बोल्छ मात्रै अँगाल्दैन छातीले
मनको कुरा भन्न खोज्दा सुन्दैन क्वै साथीले
आँसु पनि झार्नु कति हाँस्न लाग्यो रहर
छाड्न मन लाग्यो हजुर यो राजधानी सहर ।

ढुङ्गा मात्रै बस्छन् यहाँ मानिस क्वै बस्तैनन्
सिसाभित्र बस्नेहरू हिर्दयलाई बुझ्दैनन्
मानिस भै बाँच्नुपर्छ भनी गरेँ ठहर
छाड्न मन लाग्यो हजुर यो राजधानी सहर । (पूर्ववत् : ९१-९२)

– २०५३।९।१५

यसरी मञ्जुश्रीले सहरिया जीवनमा बाह्य कृत्रिम प्रशाधनले आकर्षक देखिए पनि स्वाभाविक रूपमा देखिने तेज, ओज र स्वत्वयुक्त छवि हुन सक्तैन भनी आफ्नो धारणा जाहेर गरेका छन् ।

मञ्जुश्रीका **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहका निबन्धहरूमध्ये देहायका निबन्धहरूमा देहायबमोजिमको वैचारिक धारणा व्यक्त भएको पाइन्छ –

**तिर्खाहरूले बढाएको तिर्खा** शीर्षकको निबन्धमा दाम्पत्य जीवन भौतिकताले सम्पन्न हुँदैमा सफल हुन्छ भन्न सकिँदैन, यौनलगायतका ससाना कुराले पनि असमझदारी बढाउन सक्ने भएकाले त्यस्ता सानातिना कुरामा पनि ध्यान दिएमा जीवनलाई सुखमय, सुन्दर र आनन्दी बनाउन सकिने धारणा या विचार व्यक्त गरिएको छ (पूर्ववत् : ३३) ।

**पानी आएन होइन बानी आएन** शीर्षकको निबन्धमा कुनै पनि समस्याको समाधानको स्रोत आफैँ हो । आफ्नो बानीव्यवहारकै कारण व्यक्ति, समाज र राष्ट्रको उन्नति वा अवनति भएको हुन्छ । असल बानी छैन भने जेजति सहयोग (स्रोत र साधन) उपलब्ध भए पनि उन्नति हुनुभन्दा अवनति वा हानि हुन्छ । त्यसैले सदुपयोग गर्ने वा दुरुपयोग गर्ने, राम्रो गर्ने वा नराम्रो गर्ने आफैँमा निर्भर गर्दछ । त्यसैले हामी आफ्नो आनीबानी असल भएमा समस्याको समाधान हुन सक्छ भन्ने धारणा उनको छ (पूर्ववत् : ४४-४५) ।

**रोएकी मर्स्याङ्दी : नरोएकी मर्स्याङ्दी** मा मञ्जुश्रीले प्राकृतिक सौन्दर्य र मानवीय संवेदना केलाउने काम गरी प्रकृति र मानव एक-अर्कामा अभिन्न रहेको विचार व्यक्त गरेका छन् (पूर्ववत् : ४७) । यस्तै विचार **देवता : राजनीति र प्रकृतिको कथा** मा प्रकृतिलाई हराभरा बनाउने काम मानिसकै हितमा हुने, एकको विनाश दुवैको विनाश हो भन्ने धारणा व्यक्त गरेका छन् (पूर्ववत् : ६५) ।

**हिँडाइहरू : गिँडाइहरू** शीर्षकको निबन्धमा मञ्जुश्रीले सपना आफ्नै मनबाट उब्जन्छ र सपनाले सुख खोज्छ, तर सुखको सीमा कहीँ पुगेर पनि टुङ्गिँदैन, सपनाको आदेशमा भएका हिँडाइहरू आफ्नै लागि प्रत्युत्पादक बन्छन् भन्ने धारणा व्यक्त गरेका छन् (पूर्ववत् : ६०) ।

**अर्को चौबाटाको चारैतिर हेर्दै** शीर्षकको निबन्धमा मानिसका जीवन जिउने र अगाडि बढ्ने अनेक बाटाहरू र उपायहरू हुन सक्छन्, ती बाटाहरू सबैमा हिँड्न खोज्नु अन्योलमा पर्नु, भुमरीमा पर्नु हुन्छ । आफ्नो रुचि, क्षमता र बाध्यताले एउटा निकास अपनाउन पुग्दछ भन्ने भाव व्यक्त छ (पूर्ववत् : ८२) ।

**हत्यारा : मान्छेको होइन मान्छेका मनको** शीर्षकको निबन्धमा मान्छेले आत्महत्या आफ्नै इच्छा र रहरले गर्दैन । उसलाई आत्महत्याका लागि बाध्य बनाउने परिवार, समाज, सम्प्रदाय, धर्म, आदर्श, राजनीति, राज्य, कानुन आदि अनेक हतियारका रूपमा रहेको बताएका छन् । हत्यारा बन्नका लागि मान्छेको भौतिक शरीर समाप्त पारिरहनुपर्दैन, मनको हत्या गर्नु नै सबैभन्दा ठूलो हत्या हो, समूहका अगाडि सर्वाङ्ग नग्न बनाइदिनु पनि हत्या नै हो भनेका छन् ( पूर्ववत् : ८७) ।

यौन जीवनको विशेष पक्ष हो । सामाजिक लान्छना, पारिवारिक तिरस्कार, मानसिक असन्तुष्टि आदि जे-जे भए पनि फ्रायड बनेर हेर्ने हो भने त्यसको मूल कारण यौन नै हो । तर सबै मानिसहरू यौनतृष्णाको निकासका लागि मात्र तल्लीन नभई आफ्नो स्वाभिमान, भविष्यको योजना, धर्म, सम्प्रदाय, सामाजिक परिवेश आदिको असर र प्रभावका साथै मनलाई बुद्धिले नियन्त्रण गर्न सकेमा मान्छेलाई चाहिने सिद्धान्त र आदर्श महत्वपूर्ण हुन्छ । मनले धोका दिन खोजेमा बुद्धिको सिस्नुपानीले मनलाई हिर्काउन थालियो भने शरीरलाई माध्यम बनाएर मनले कहिल्यै धोका दिन सक्तैन भन्ने धारणा उनको **चित्र-चरित्र : चरित्रको चित्र** शीर्षकको निबन्धमा अभिव्यक्त भएको छ (पूर्ववत् : १०१-१०२) ।

निबन्धकार हरि मञ्जुश्रीको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूमध्येको अन्तिम भएर पनि निबन्धका तत्त्वहरूका आधारमा हेर्दा उत्कृष्ट निबन्ध हो **फन्को : छुटेको रन्को** । उनले भोजपुरेको **फन्को** कथाको समीक्षाका क्रममा आफूलाई छुटाएको रन्को अर्थात् आफूले देखे-भोगेका र जानेका घटना र अनुभूतिहरूलाई घोलेर अर्थात् आत्मपरकता मिसाएर यो निबन्ध रचना गरेको देखिन्छ । यहाँ उनले अधिकार र कर्तव्यलाई एकै सिक्काका दुई पाटाका रूपमा व्यक्त गरेका छन् । कर्तव्य पालना नगरी अधिकारको खोजी गर्नु व्यर्थ छ भनेका छन् । उनले 'आमा' शब्दलाई पवित्र एवं महान् रूपमा लिइए पनि आफ्नो पवित्रता र महानतालाई देखाउन या प्रमाणित गर्न नसकेका अहिलेको समयका र पौराणिक कालका आमाहरूलाई उपस्थित गराएर कर्तव्य पूरा नगर्ने 'आमा' शब्दमा जति पवित्र र महान् भए पनि अर्थमा घृणित र अपमानित हुन्छन् भनी देखाएका छन् । त्यसैले सबैले एकको अभावमा अर्कोको अस्तित्व रहन सक्तैन भन्ने कुराको बोध भइदिएको भए इतिहासको धारा गलत रूपबाट अगाडि बढ्ने थिएन भनी आफ्नो विचार व्यक्त गरिएको छ । यसमा वस्तुले उब्जाएका भावनालाई आत्मसात गर्दै आफ्नो जीवनका दुःख, पीडा र वेदनालाई प्रस्तुत गरी सरल भाषाशैलीमार्फत आत्मप्रकाशन गरेर पाठकलाई सूचित गराउन, सहमत गराउन सफल देखिन्छन् ।

४.१.१.२ समीक्षासम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्रीका साहित्य, पठन, सृजन एवं समीक्षासम्बन्धी निबन्धहरूमा **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०), **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (२०६२) र **शशि**

**भण्डारी : आयाम र आलोक** (२०६३) लाई लिन सकिन्छ । यी सङ्ग्रहमध्येको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहमा सङ्ग्रहित २६ वटा कथाहरूका विषयवस्तुले उब्जाएका अनुभूति र संस्मरणबाट निबन्धकारको चिन्तनलाई अघिल्लो उपशीर्षकमा १२ वटा निबन्धहरूका बारेमा चर्चा गरिसकिएको छ । प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धहरूको पठन र अध्ययन गरिसकेपछि त्यसको समीक्षा गरेका छन् । उनले **उपसंहार : हिरण्यदाइको हिरण्यकृति** शीर्षकको निबन्धमा उपसंहार लेख्ने परम्परागत तरिका नै बदलेर समीक्षात्मक निष्कर्ष दिएका छन् (पूर्ववत् : १२३) । उनले 'निचोड या सारांश या उपसंहार लेख्ने विचार गरिनँ' भनेका छन् । यसमा नभन्दानभन्दै सबै कुरा भन्ने र नलेख्ने भनेर नलेख्तानलेख्तै पनि प्रस्तुत निबन्धसङ्ग्रहका सम्पूर्ण निबन्धको समीक्षात्मक निष्कर्ष यस निबन्धमा दिएका छन् ।

हरि मञ्जुश्रीले हिरण्य भोजपुरेको **चौबाटाको चारैतिर** कथासङ्ग्रहको समीक्षा गर्ने क्रममा साहित्यकारका साहित्यिक कृतिहरू कसैका सरल लाग्छन् भने कसैका दुरूह भन्दै दुरूह लाग्नेमध्येका उनका अग्रजहरूमध्ये मोहन कोइराला, ईश्वरबल्लभ र डा० ध्रुवचन्द्र गौतमको नाम उल्लेख गरेका छन् । उनका समकालीन साहित्यकारहरूमध्ये महेश प्रसाई, नारायण गोदारे, अर्जुन विरक्ति आदिको नामोल्लेख गरेका छन् । लेखक स्वयं नै लेखक र ग्रन्थसम्पादक भएर पनि साहित्यिक कृति बुझ्न कठिन पर्ने साहित्य नेपालका पौने दुई करोड नागरिकहरूमध्ये कति प्रतिशतले बुझ्लान् भनी प्रश्न गर्छन् ।

निबन्धकारले भेटेसम्म र भ्याएसम्म थुप्रै साहित्यकारहरूका साहित्य पढेका, बुझेका र मन पराएका छन् । बुझेका र मन पराएका साहित्यकारहरूमध्ये हिरण्य भोजपुरे एक हुन् । आफूले बुझ्न नसक्ने साहित्यकारहरूका निम्ति आफू अबुझ र स्वाँठ भएझैं बुझिने साहित्य लेख्ने साहित्यकार पनि अबुझ र स्वाँठ ठहरिने पो हुन् कि भनी आशङ्का व्यक्त गर्दछन् । त्यसै गरी मानसिक रूपमा जटिल मान्छेले जटिल साहित्य र सरल मान्छेले सरल साहित्य लेख्नु स्वाभाविकै मानिएझैं एक विचारले अर्को विचार मन नपराउनु पनि त्यत्तिकै स्वाभाविक ठान्छन् ।

मञ्जुश्रीका अनुसार साहित्य उच्चकोटिको हुनका लागि शब्द बेसरी थुपार्दैमा, प्रतीकहरू प्रशस्त राख्तैमा र विद्वत्ता थोपरेर मात्रै हुँदैन । यो पाठकको मन छुने खालको, पाठकको मनका केस्राकेस्रालाई केलाइएको, पाठकले बुझ्ने शब्द, मन पराउने शैली हुनुपर्छ । यी गुण र विशेषता भोजपुरेका साहित्यमा पाइन्छन् । यसका साथै उनका साहित्यमा अनेकार्थकता पनि पाइन्छ । प्रस्तुत कृति पढ्दा सामान्य पाठकले कथामा देखिने विषयवस्तु मन पराउँछ, विशिष्ट पाठकले पढ्दा पात्रको मनोविज्ञान, शैली र शब्दप्रयोग मन पर्छ । फरक-फरक पाठकले फरक-फरक अर्थ लगाउँछ । यसमा प्रतीकहरूको प्रयोग पनि छ, तर बुझिने खालका । यसमा जुन स्वाद खोजे पनि पाइने, जुन रङ्ग खोजे पनि पाइने । जुन दृष्टिकोणले हेऱ्यो त्यही दृष्टिकोणका लागि उपयुक्त लाग्छन् कथाहरू । राष्ट्रवादी, प्रजातन्त्रवादी, प्रगतिशील जेसुकै भने पनि मिल्छ । **पानी आएन**

कथालाई हेर्दा राष्ट्रवादीको श्रेणीमा, **तातो न छारो** जनवादी कथामा र **देवता** कथालाई प्रजातन्त्रवादी कथाका रूपमा हेर्न सकिने भनी उनको समीक्षात्मक धारणा व्यक्त भएको छ यस निबन्धमा ।

दृष्टिकोणका आधारमा हेर्दा **इनलाइटमेन्ट** कथालाई डा० तारानाथ शर्माले पात्रमा साइबाबाको प्रभाव परेको बुझे भने मञ्जुश्रीले पात्रले साइबाबाको खिल्ली उडाएको जस्तो बुझेको पाइन्छ । यसरी समीक्षामा दृष्टिभिन्नता पाइन्छ नै । प्रस्तुत सङ्ग्रह पढ्दा बुलु मुकारुङले भोजपुरेमा रूसी साहित्यकार चेखभको प्रभाव परेको बुझेछन्, डा० ध्रुवचन्द्र गौतमले 'आजको समयको दस्तावेज' माने भने मञ्जुश्रीले 'शाश्वत सत्य' भेट्टाए । यो नै दृष्टिभिन्नता हो । अर्थ जेसुकै लगाए पनि कथा सबैबाट मन पराइएको हुँदा यसलाई कथाको उपलब्धि मानिन्छ भने जसले जे खोज्यो त्यही भेट्टाउँछ भने त्यो झन् ठूलो महत्त्वको कुरो मानिन्छ । यस्ता कृतिले नै कीर्ति बढाउँछन् भन्ने ठहर छ मञ्जुश्रीको ।

यसरी हरि मञ्जुश्रीले यस कृतिको अध्ययनबाट साहित्यमा हुनुपर्ने सबै गुण र विशेषता यसमा रहेका, यसले एउटा मनबाट अर्को मन गर्दै मनमनै दगुरेर भोजपुरेका कथाले थुप्रै मनहरूलाई तानेझैँ मञ्जुश्रीको मन पनि तानिएको कारण आफूले पनि आफ्ना अनुभूतिहरूलाई समेटेर **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** शीर्षकको समीक्षात्मक निबन्धसङ्ग्रहको सिर्जना गरेको स्वीकारोक्ति दिनुका साथै **चौबाटाको चारैतिर** नेपाली साहित्यको हिरण्यकृति हो भनी आफ्नो निष्कर्ष दिएका छन् ।

मञ्जुश्रीले **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** शीर्षकको विचारप्रवाहपरक निबन्धसङ्ग्रहमा हिरण्य भोजपुरेको गीत **ट्याम्केडाँडा** र उपन्यास **सगरमाथाभन्दा माथि** को अध्ययन गर्दा त्यसबाट आफूमा परेको प्रभाव र त्यसबाट प्रवाहित विचार व्यक्त गरेका छन् । उनले भोजपुरेको साङ्गीतिक प्रवाहन र साहित्यिक प्रवाहनको समीक्षा एवं मूल्याङ्कनसमेत गरेका छन् ।

गीत-सङ्गीत **ट्याम्केडाँडा** को समीक्षाका क्रममा मञ्जुश्रीको बुझाइअनुसार गीतको भावले प्रकृति र मानवीय तादात्म्य राख्तै विश्वमानवसमाजलाई नै छोएको, राजनीति, धर्म, समाज, कानुन, परम्परा, प्राकृतिकता, मानवता आदि सबै विषयलाई समेटेको छ भन्ने उनको मूल्याङ्कन रहेको छ । यो विचार उनले **ट्याम्केडाँडा : सग्लो, अग्लो र अमर्त्य गीत-सङ्गीत** शीर्षकको निबन्धमा उल्लेख गरेका छन् (मञ्जुश्री, २०६२ : १९) ।

ट्याम्केडाँडा भोजपुर जिल्लामा रहेको, मञ्जुश्री त्यहीँ जन्मे-हुर्के-बढे-पढेका हुँदा उनले **ट्याम्केडाँडा र म** शीर्षकको निबन्धमा आफूलाई परेको प्रभावका बारेमा बताएका छन् । उनी भन्छन् – ट्याम्केडाँडा चुलिएको भूमि उनको पनि हो । घरको आँगनमा उनी उभिँदा

ट्याम्केडाँडाले पठाएको बतासले उनलाई चुम्छ । उनको उमेर उनीबाट टाढा भइरहन्छ । उनको मनसँगसँगै उडिरहेको उनको उमेरलाई उनी समातेर राख्न सक्तैनन् र उनी रुन्छन् । ट्याम्केडाँडाको कथामा उनको कथा हालिएको गीत पनि 'टाढा .....' पुग्छ र फेरि उनी भक्कानिएर रुन्छन् । ट्याम्केडाँडा उनलाई आफ्नो जीवनको भोगाइको, उनको अनुभवको र अनुभूतिको संसारमा घुमाइरहन्छ (पूर्ववत् : ३३) । यसै गरी मञ्जुश्रीको **हिरण्य भोजपुरेको साङ्गीतिक प्रवाहन** शीर्षकको निबन्धमा हिरण्य भोजपुरेले अथक मिहिनेत गरेर **ट्याम्केडाँडा** लाई आधुनिक गीत-सङ्गीतको प्रयोगवादी धाराको मियोका रूपमा स्थापित गरेका छन् भन्ने निचोड दिएका छन् (पूर्ववत् : ३७) ।

हिरण्य भोजपुरेको उपन्यास **सगरमाथाभन्दा माथि** को अध्ययन गरिसकेपछि यो उपन्यासमा भोजपुरेले नेपाली माटोका, नेपाली पनका र नेपाली राष्ट्रियताका यावत विषयवस्तुहरूलाई सगरमाथा-आरोहणको सेरोफेरोमा घुमाएर लेखेको ठानेका छन् । यस उपन्यासमा सगरमाथाको साहसिक पर्यटनको दुरुस्त चित्र उतार्ने खुबीबाट मञ्जुश्री अचम्म परेका छन् । उनी भन्छन् – 'ए बाबा, आद्य जगद्गुरु शङ्कराचार्यजस्ता विख्यात महात्माले त अनुभव नगरी कामशास्त्रसम्बन्धी प्रश्नको उत्तर दिन सकेनन् भने हिरण्य भोजपुरेले सगरमाथाको आरोहण नै नगरी कसरी सगरमाथाको आरोहणसम्बन्धी उपन्यास लेख्न सके ?' (पूर्ववत् : ४७) यस उपन्यासलाई सगरमाथाको आरोहणसम्बन्धी पहिलो उपन्यासका रूपमा लिँदै उनी लेख्छन् – 'सगरमाथा-आरोहणको यो सायद पहिलो नेपाली उपन्यास हो । यो कलाकृतिभित्र अत्यन्त रोमाञ्चक, हृदयग्राही अनि संवेदनशील शिल्प सोहोरिएको गल्पसागर छ (पूर्ववत् : ४८) ।' यस उपन्यासमा भोजपुरेले अङ्ग्रेजी भाषाका केही शब्दहरूलाई नेपाली भाषामा भित्र्याएर नेपाली भाषाको शब्दभण्डार बढाएका छन् भने अर्कोतर्फ लोप हुन लागेका ग्रामीण बोलिचालीका शब्दहरू पनि प्रशस्त प्रयोग गरेका छन् । यस उपन्यासको विषयवस्तु पनि एकदमै नवीन हो । हिमाली राज्य भएर पनि, सगरमाथाको देश भएर पनि, साहसिक पर्यटनका निम्ति नेपाली शेर्पाजाति विश्वभर प्रसिद्ध भएर पनि सगरमाथाको आरोहणसम्बन्धी विषयवस्तु नेपाली उपन्याससाहित्यमा नयाँ नै थियो । यसरी नितान्त नयाँ विषयवस्तुका बारेमा सगरमाथा नचढीकन पनि चढ्नेले भन्दा राम्रो बयान गरेर त्रुटिरहित ढङ्गले लेख्नु त झन् अग्लो सगरमाथा बन्नु हो भन्ने तर्क मञ्जुश्रीको रहेको छ (पूर्ववत् : ५२) ।

यो उपन्यास सबै प्रकारका पाठकका निम्ति लेखिएको देखिन्छ । ती प्रेमी पाठक भनेका हिमप्रेमी, हिमालप्रेमी, पहाडप्रेमी, सगरमाथाप्रेमी, भाषाप्रेमी, शैलीप्रेमी, राष्ट्रियताप्रेमी, चलचित्रप्रेमी, भ्रमणप्रेमी, शेर्पाप्रेमी, मित्रप्रेमी, यौनप्रेमी पाठकहरू हुन् । यस्ता सबै खालका पाठकलाई तान्न सक्ने गरी उपन्यास लेख्नु सामान्य कुरा होइन ।

यो उपन्यास संवेदनैसंवेदनाले भरिएको बेजोड नेपाली उपन्यास हो । हेर्दा यो यात्रासाहित्यजस्तो देखिए पनि यसका प्रत्येक पाठक सगरमाथाभन्दा माथि पुगेको अनुभव गर्छन् । पाठकहरूमा साहस, धीरता र उत्साहको सञ्चार गराइदिन्छ । यसले विज्ञान, भूगोल, चुट्किला, कथा, नीतिनियम, राजनीति, इतिहास, संस्कृति, साहित्य, सङ्गीत आदि सबै सिकाउँछ । पाठक उपन्यासको प्रमुख पात्रका साथ कहिले अस्ट्रेलियाको भ्रमण गर्छ त कहिले पश्चिम नेपालको यात्रा, कहिले सगरमाथाको आरोहण त कहिले अवरोहण । यस्तो शिल्पगत कलाले संसारलाई एउटै बनाउँछ, सगरमाथामा ल्याएर संसारलाई थपक्क बसाइदिन्छ ।

सार्वभौम विषयवस्तुको नवीनता, भाषाको चमत्कृति, शैलीको सम्मोहन, रहस्य-रोमाञ्च र साहसिकता, पठनीयता, अनेकार्थी, अनुकरणार्थी र लोपोन्मुख ग्रामीण शब्दहरूको प्रयोग, सूत्रात्मक अभिव्यक्ति, सरल र जटिल दुवै प्रकारका सङ्क्षिप्त जीवनदर्शन र जातीय गौरवका हिसाबले यो उपन्यास अमर्त्य साहित्यिक लक्षण र गुणले युक्त छ भनी मञ्जुश्रीले आफ्नो निष्कर्ष दिएका छन् (पूर्ववत् : ५५) ।

हरि मञ्जुश्री भोजपुरेको गीत **ट्याम्केडाँडा** र उपन्यास **सगरमाथाभन्दा माथि** को समीक्षा गर्ने क्रममा भन्छन् – 'भोजपुरको भुइँकुहिरो फैलिँदै-फैलिँदै र चुलिँदै-चुलिँदै गयो र पहिले सङ्गीतबाट ट्याम्केडाँडाको टुप्पोभन्दा माथि पुग्यो अनि साहित्यबाट सगरमाथाभन्दा माथि पुग्यो ।' अर्थात् उनी साङ्गीतिक क्षेत्रको शिखर पार गरेपछि उपन्याससाहित्यको क्षेत्रको पनि उच्चतम विन्दुसम्म पुग्न सफल भएका छन् । भोजपुरे अमर गीत-सङ्गीत र साहित्यका कारण अमर बन्न पुगेका छन् भन्ने निष्कर्ष मञ्जुश्रीको **हिरण्य भोजपुरे : मृतत्त्वभन्दा पर** शीर्षकको निबन्धमा व्यक्त भएको छ (पूर्ववत् : ८१) ।

यसै गरी **हिरण्य भोजपुरे : हिजो र भोलि** शीर्षकको निबन्धमा मञ्जुश्री भन्छन् – 'भोजपुरेमाथि आज जे-जे लेखिन्छन् ती सबैको आधार हिजो नै हो । किनकि व्यक्तिको चेतनायात्रा हिजोबाट सुरु भएर आज हुँदै भोलिमा पुगेको हुन्छ ।' मञ्जुश्री फेरि भन्छन् – 'समयभन्दा अघिअघि हिँड्ने व्यक्तिहरू ट्याम्केडाँडाभन्दा माथि मात्र होइन, सगरमाथाभन्दा माथि पनि पुग्छन् र समय त्यस्ता व्यक्तिहरूलाई पछ्याइरहन्छ ।'

अन्तमा उनी भन्छन् – 'भोजपुरेका गीत-सङ्गीत हृदयपक्षसँग सम्बन्धित छन्, त्यसैले ती मृत्युञ्जय छन् । भोलिका मान्छेहरू निश्चय नै आजका मान्छेहरूभन्दा बढी उदार हुनेछन् । चेतनाको विस्तृति जति भयो त्यति नै मन पराइन्छन् हिरण्य भोजपुरेका साहित्यिक सिर्जनाहरू । त्यसैले भोजपुरेको साहित्य चिरनूतन छ, शाश्वत छ । शाश्वत साहित्य त्यो हो जो जुनसुकै कालमा पनि वर्तमानको साहित्य बनिरहन्छ ।'

निबन्धकार हरि मञ्जुश्रीका पठन, सृजन एवं समीक्षासम्बन्धी निबन्धसङ्ग्रहहरूमध्ये तेस्रो तथा अन्तिम सङ्ग्रह हो **शशि भण्डारी : आयाम र आलोक** । यस सङ्ग्रहमा मञ्जुश्रीले भण्डारीका ७ वटा कृतिहरू (१) **सम्झनाका तरेली** (संस्मरण) २०५८, (२) **क्षितिजसँगैको आकाश** (कवितासङ्ग्रह) २०५८, (३) **उही क्षितिज उही आकाश** (कवितासङ्ग्रह) २०६०, (४) **लक्ष्मीदिदी** (उपन्यास) २०६०, (५) **शीतको जून** (हाइकुसङ्ग्रह) २०६१, (६) **डाँडावारिको घाम** (तान्कासङ्ग्रह) २०६२ र (७) **विचलन** (उपन्यास) २०६२ को मूल्याङ्कन गरेका छन् । ती कृतिहरूको अध्ययनबाट उनलाई परेको प्रभाव र त्यस प्रभावले उत्पन्न गराएका विचारका आधारमा गरिएका समीक्षात्मक मूल्याङ्कनलाई क्रमशः एक-एक गरी यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

उनले यस सङ्ग्रहका प्रत्येक निबन्धलाई 'आदरणीय शशिदाइ' बाट सुरु गरेर 'तपाईंको भाइ हरि मञ्जुश्री' भनेर टुङ्ग्याएका छन् । त्यसैले यस सङ्ग्रहका प्रत्येक निबन्धहरूमा पत्रात्मक शैलीको प्रयोग गरेर लेखेका छन् । उनले यस कृतिका सबै निबन्धहरूमा आफ्ना अनुभव, अनुभूति र भावनाहरूलाई घोलेर कृतिका शीर्षकसँग मिसाई छुट्टै शीर्षक दिएर समीक्षात्मक निबन्धहरूको रचना गरेका छन् ।

यस सङ्ग्रहको पहिलो निबन्ध हो **सम्झनाका तरेलीमा तैरिँदै-तैरिँदै** । यस निबन्धमा मञ्जुश्रीले शशि भण्डारीको संस्मरणात्मक साहित्यिक कृतिमा आफ्ना अनुभूतिहरूलाई घोलेर समीक्षात्मक निबन्धको स्वरूपमा मूल्याङ्कन गरेका छन् । मञ्जुश्रीले आफ्नो जीवनयात्रासँग तुलना गर्दै भण्डारीको जीवनलाई कहिले खहरे र कहिले समुद्र बनी बगिरहेको उपन्यासजस्तै छ भनी बताएका छन् । तरेली पर्दै गएका जीवनका आरोह-अवरोहहरूलाई सम्झनाको फन्कोमा बेर्दै र सामान्य पाठकलाई लठ्याउँदै आफ्नो किताबी यात्रा आरम्भ गरेको कुरा बताउँछन् । उनले यस पहिलो कृतिमा आफ्नो व्यक्त र अव्यक्त जीवनलाई सहज र सरल रूपमा अभिव्यक्त गराएका छन् । हिरण्य भोजपुरेलाई आफ्नै स्वरूपमा देख्नु, विवाह गर्नु, 'लेकाली' मा बाँधिनु, भोजपुरेको **छिटेन-गोरी** र **म गीतभित्र** को सार्वजनिकीकरण समारोहपछि छोरा सजीव भण्डारीको जिज्ञासा वा प्रतिक्रिया तथा डा० तारानाथ शर्माको छापका कारण कृतिप्रकाशनको लहर चलेको कुरा बताएका छन् । संस्मरणात्मक साहित्यहरू प्रायः वर्णनात्मक, विवरणात्मक एवं निरस हुने भए पनि भण्डारीको संस्मरणात्मक साहित्य त्यसको अपवादका रूपमा देखिएको टिप्पणी मञ्जुश्रीको छ । यसमा बडप्पन र आत्मरतिको रङ्ग पाइँदैन । उनले आफू ओझेलमा परेको कुरा जनाएका छन् । यसमा गुप्त सेन, वासुदेवचन्द्र मल्ल, नीरविक्रम प्यासी, भूपि शेरचन, हरिभक्त कटुवाल जस्ता साहित्यकारहरूका प्रसङ्गहरू उधिनिएका छन् । यसमा अनेकौं प्रसङ्गहरूलाई अनौपचारिक शैलीमा व्यक्त गरिएको छ ।

संस्मरणको प्रस्तुतिशिल्पले पाठकको मन, मुटु र मस्तिष्कलाई छोएर झनन्न पारिदिने, अनुभव र अनुभूतिलाई लिपिबद्ध गर्दा धेरैतिर छोइएको, सार्वजनिक व्यक्ति र विषयलाई निजी

अनुभव र अनुभूतिको तुलनामा बढी स्थान दिइएको, सङ्गीत, राजनीति र शिक्षाको इतिहासमा संस्मरणको स्वरूप बोकेको, साहित्य, कथा, कविता र गीतमा डुबाउँदै-उतार्दै भाषिक यात्रामा यात्रा गराउनुका साथै 'जहाँ गए पनि यो नेपाली मुटु एउटै हुँदो रहेछ, हरेक नेपालीले जोगाएको एक आत्मीयपन त्यही रहेछ' जस्ता देशभक्तिपूर्ण उद्गार व्यक्त गरिएको कुरा मञ्जुश्रीले व्यक्त गरेका छन् । अन्त्यमा मञ्जुश्रीले यो कृतिको उठान हिरण्य भोजपुरेको प्रश्नबाट भएको र बैठान भोजपुरे बुलु मुकारुङको प्रश्नमा दिइएको उत्तरबाट भएको र यसका समीक्षा पनि भोजपुरे हरि मञ्जुश्री (आफू) बाट भएकोमा राम्रो र उत्कृष्ट कृति सिर्जना गरेकोमा उच्च मूल्याङ्कन गर्दै भोजपुरे पाराको बधाई दिएर उनलाई काठमाडौँले भन्दा भोजपुरले नै बढी माया गरेको कुरा प्रस्ट्याएका छन् (मञ्जुश्री, २०६३ : २५-३१) ।

शशि भण्डारीको **क्षितिजसँगैको आकाश** (कवितासङ्ग्रह) लाई यस कृतिमा **क्षितिजसँगैको आकाशमा उड्दै-उड्दै** शीर्षक दिएर समीक्षात्मक निबन्ध लेखेका छन् । यो निबन्ध लेख्नुपूर्व भण्डारीका ५४ वटै कवितामा आफूलाई डुबाएर ती कविताका विषयगत विविधता, संवेदनशीलता र प्रयोगात्मकताको रसास्वादन गरेर त्यसको रसले रमाउँदै क्षितिजसँगैको आकाशमा उडेको कुरा बताएका छन् ।

'मान्छे किन माथिको स्वर्गको चाहना गरिरहन्छ,
जब उसले आफूभित्र नै सम्पूर्ण स्वर्गको राज्य साँचेको हुन्छ'

जस्ता राम्रा कवितांशहरू उल्लेख गरेर लामा-छोटा कविताहरूको लयको पहिचान गरेर त्यहाँ प्रयोग गरिएका बिम्ब र प्रतीकहरूको उपयुक्तता, आफ्नो जीवन-भोगाइको यथार्थ र सुन्दर चित्रण, देशको परिवेशको मार्मिक अभिव्यक्ति पाइने, यात्रावर्णनलाई कवितात्मक स्वरूप दिइएको, कैयौँ अप्रचलित खालका 'अस्मित', 'अञ्चन' जस्ता शब्दले कविताको मर्म पहिल्याउन कठिनाइ उत्पन्न गरे तापनि 'नेटो' र 'चुन्दाम' जस्ता लोप हुन लागेका शब्दहरूको प्रयोगले कविताको महत्त्व बढाएको मूल्याङ्कन रहेको छ (पूर्ववत् : ३४-३५) ।

कविताका विषयमा मञ्जुश्रीले लेख्दै कवितामा प्राकृतिक वर्णन, कवितामा कहिले झर्ना छङछङ झार्ने खहरेजस्तो त कहिले नीलो आकाशको प्रतिबिम्ब देखिने समुद्रजस्तो, शशिले देखेको मन र मनले देखेको शशी सुन्दर रूपमा प्रकट भएको, चर्किएको घाम र बर्सिएको बादल, अतृष्णाप्रतिको वितृष्णा र प्रेमप्रतिको पवित्रता, विसङ्गतिको भीडमा सङ्गति देखिनु, अस्पष्टतामा स्पष्टता पाइनु उनको विशेषता हो भनेका छन् (पूर्ववत् : ३६) ।

त्यसै गरी मञ्जुश्रीले उनलाई प्रयोगवादी र जीवनवादी कविको दर्जामा राखेका छन् । उनी लेख्छन् – शशिका कवितामा आफूले भोगेको भोगाइ झल्कने, कवितामा संस्कृत, अङ्ग्रेजी र नेपाली भाषाको प्रयोग भएको पाइनु, विश्वास र उज्यालोमा बस्न खोज्ने, निराशालाई आशामा

बदल्ने, विकर्षणलाई आकर्षणले धपाउने, राजनीतिक विसङ्गतिलाई सङ्गतिमा बदल्ने मानवविरोधीपनलाई मानवतावादमा परिवर्तन गराइएको पाइन्छ ।

नेपाली मन र माटो, मुटु र हृदय, आकाश र धर्ती, सङ्गति र विसङ्गति, प्रेम र स्नेह, प्रणय-परिणय, कान्त-एकान्त, आशा र भरोसा, आकर्षण र विकर्षण, विश्वास र अविश्वास, आस्था र अनास्था, घात र प्रतिघात सबै कुरालाई छोएको बताउँछन् उनी । त्यसै गरी गहिरो भाव, गहन विषयवस्तु, उत्कृष्ट प्रस्तुतिशिल्प, स्मृतिको अल्झोमा अल्झिएर अतीतको सजीव चित्रण गर्नु, कवितामा गीतको छाप पर्नु जस्ता विशेषताहरूले गर्दा यो कवितासङ्ग्रहलाई एउटा नमुनालायकको सङ्ग्रह मानेका छन् ।

मान्छेको अन्तर्मनलाई खोतल्ने, आफ्नो हृदयप्रति इमानदार रहने, राष्ट्रियता र मानवतालाई माथिल्ला स्थानमा राख्ने, मानवीय मूल्यप्रति प्रहार गर्नेहरूमाथि नै प्रहार गर्ने र प्रकृतिसित मितेरी लगाउने भावनाका अक्षय भण्डारजस्ता भण्डारीका कविताहरू मञ्जुश्रीलाई चिन्तन राख्ने भाँडाजस्तो लागेको बताउँछन् ।

अन्तमा अस्पष्टतालाई स्पष्टताले, बेइमानीलाई इमानदारीले र निस्सारतालाई सारताले थिचोस् भन्ने मूल आशय रहेको र कुसंस्कारलाई नहटाई सुसंस्कारित विचार प्रवाहमान हुन सक्तैन, सुसंस्कारित चेतनाको विकास नै कविताको अभीष्ट हो भन्ने उनको ठहर हो (पूर्ववत् : ३९) ।

हरि मञ्जुश्रीले **उही क्षितिज उही आकाशलाई छुँदै-छुँदै** शीर्षकको निबन्धमा **उही क्षितिज उही आकाश** (कवितासङ्ग्रह) को समीक्षा गरेका छन् । भण्डारीको यस कवितासङ्ग्रहमा ५७ वटा कविता रहेका, ती सबै कविताको अध्ययनबाट आफूले लिएको सार वा ग्रहण गरेको प्रभावलाई उनले यस निबन्धमा व्यक्त गरेका छन् । मञ्जुश्रीले **उही क्षितिज उही आकाश** को भूमिकालेखनमा 'कवि शशि भण्डारी ईश्वरीय सत्ता, राष्ट्र, राष्ट्रिय भावना र राष्ट्रवासीका विविध संवेदनाहरूलाई मूलतः अनेकौं साहित्यिक बिम्बहरूद्वारा प्रकट गर्न सक्षम हुनुहुन्छ, उहाँ वर्तमानकालीन ह्रासोन्मुख मूल्य र मान्यताप्रति चिन्तित देखिनुहुन्छ अनि आफ्नो साहित्यबाट सामयिकतालाई शाश्वत स्वरूपमा रूपान्तरण गराउनुहुन्छ, यो उहाँको शिष्ट स्वभावबाट उत्पन्न विशिष्ट गुण हो' (पूर्ववत् : ४३) भनी स्रष्टापरक मूल्याङ्कन गरेका छन् । स्रष्टाको अदृश्य शक्ति एवं दृश्य-अदृश्य मानव र मानवेतर चेतन प्राणीहरूप्रति मात्र नभई जड पदार्थहरूप्रति पनि अत्यन्त तीव्र रूपमा प्रकट भएको पाइन्छ । सबैप्रति प्रेम, स्नेह र सद्भाव उनका कविताहरूको मूल मर्म हो । यही मर्म नै कवि शशिको आन्तरिक विशेषता हो भन्ने मञ्जुश्रीको बुझाइ हो । त्यसै गरी शशि कवितामा फैलिँदै ईश्वरसम्म पुग्नु र ईश्वरलाई चेतनामा ल्याएर झलझलाकार ज्योतिर्पुञ्जका रूपमा रहनु उनको ठूलो उपलब्धि भएको बताएका छन् ।

हृदयलाई सरल र सरस बनाएर अमृतत्वको मूल फुटाएर सर्वत्र बाँडिदिनु र छरिदिनु उत्तम कविको जुन अभीष्ट हो, त्यो पूरा भएको ठान्छन् मञ्जुश्री । त्यसै गरी शशि विविधता र व्यापकतामा बाँच्ने, सत्यको उद्घाटन गराउने, संसारलाई प्रेममय बनाउने, निडर र निर्भीक भएर मनमा लागेका कुरा भन्ने, इमानलाई साक्षी राखेर व्यवहार गर्ने खालका कविता भएका तर आडम्बर र विडम्बनाको क्षेत्रमा प्रवेश नगर्ने, चुत्थो परिवेशको खिल्ली उडाउने खालका कविताहरू पनि यस सङ्ग्रहमा रहेको कुरा निबन्धकार बताउँछन् ।

आफ्ना जीवनको छाया कवितामा उतार्ने, सबैलाई प्रेम गर्ने, आपसमा माया साट्ने, अन्तरात्माभित्र ईश्वर-दर्शन गर्ने, वर्तमानको जीवन-भोगाइको चित्रण गर्ने, तिनलाई प्रतीकहरूको सहारामा प्रस्फुटन गराउने, कर्मबाट हुने प्राप्तिबाट निरपेक्ष नरहने, राम्रालाई राम्रै देख्ने, मधुरता र सुकुमारता उनका कविताका अङ्ग नै बनेका छन् भने व्यथा र मर्महरूका बीचबाट मृदुता र सुन्दरता निकाल्नु उनको विशिष्टता रहेको बताउँछन् ।

उनले यौनलाई लुकाएरै स्पष्ट रूपमा देखाइदिनु, जीवनका अनुभव र अनुभूतिहरू नाराका रूपमा नल्याई साहित्यका रूपमा ल्याउनु, कहीँकहीँ व्यङ्ग्यको पुट दिएर सौन्दर्यको जलप लगाउँदा कविकौशल प्रकट हुन सकेको, राष्ट्र र राष्ट्रियताको गीत गाएर नथाक्नु, कवितामा गीतितत्त्व समाहित हुनु, ईश्वर, जीवन र राष्ट्रको गुणगानमा लाग्नु प्रवृत्तिकै रूपमा देखिनु र गद्यकवितामा लय र अनुप्रासको समन्विति देखाउनु जस्ता आफ्ना निजत्वपूर्ण अस्तित्व उनका कवितामा रहेको बताएका छन् (पूर्ववत् : ४७) ।

शशि भण्डारीको **लक्ष्मीदिदी** (उपन्यास) लाई यस सङ्ग्रहमा **लक्ष्मीदिदीसँग बेरिँदै-बेरिँदै** शीर्षक दिएर समीक्षात्मक निबन्धको रचना गरेका छन् निबन्धकारले । लक्ष्मीदिदी वर्तमान समाजकी प्रतिनिधि पात्रा हो । ऊ लप्पनछप्पन जान्दिन । ऊ भरपर्दी, सतीसाध्वी, दयालु, कर्तव्यपरायण, उदार तर आमा बन्न नसकेर आफूलाई अपूर्ण नारीका रूपमा चिनाउन विवश छे । आदर्श भएर पनि निरीह देखिन्छे । आफू काम गर्न बसेको परिवारकी सुकसुकाउँदी कन्या स्नेहाको अवैध सन्तानलाई आफ्नै सन्तानका रूपमा अपनाउने र लालनपालन गर्ने इच्छा पूरा भएन । स्नेहाको गर्भ तुहाएर अन्यत्रै टाढा विवाह गरिदिएपछि उसको सपना पनि त्यसै तुह्यो । सन्तानका लाागि सौता भित्र्याएकी, सन्तानविहीन भएरै बहुलाई र यो समाज र संसारबाटै बिदा भई । यस्तो उपन्यासको मार्मिक र हृदयस्पर्शी कथाले लेखकलाई हुस्सुको कुइरीमण्डलभित्रै बेरेको, घुमाएको छ, उनी यस भुमरीबाट फुत्कनै नसकेको कुरा निबन्धकार बताउँछन् ।

लक्ष्मीदिदीले माकुरी बनेर (यो उपन्यास पढिसकेपछि) निकै दिनसम्म माकुराको जालोभित्र बेरिरहेको, नारीजातिका लागि आदर्श बनेकी दयालु र मानवताकी खानी तामाङ्नीलाई

नुवाकोटबाट काठमाडौँमा ल्याएर उपन्यासकारले राखेका, त्यो पनि धार्मिक रूपमा कट्टर अनि अनुशासनका नाउँमा व्यक्तित्व-विकास नै हुन नदिने र समाजको कुप्रवृत्तिविरुद्ध विद्रोह गर्ने मानसिकता नै नभएको परिवारमा । त्यस परिवारले त्यस्ती उदार लक्ष्मीदिदीको सामाजिक महत्तालाई चिन्नै सकेनछ र ऊ बहुलाएर मरिछे । ऊ मर्दा ऊसँगसँगै उदारता, आदर्श, त्याग र मानवता पनि मरेछन् । बहुभाषिक र बहुसांस्कृतिक देशमा देखापरेको यो मानवीय समस्या अझै कति समयसम्म भोग्नुपर्ने हो भनी निबन्धकार अन्योलमा परेको देखिन्छ ।

अर्कातिर बाध्यतावश दोस्री पत्नी भित्र्याएर पनि पहिली पत्नीप्रति उत्तिकै श्रद्धा, स्नेह र माया पोख्ने रत्नजस्तो रत्नबहादुर उता लामागाउँमा बस्छ, यता आफ्नै पारिवारिक नाताभित्रकी सुकिली स्नेहालाई फोहोर पार्ने बलप्रसाद काठमाडौँमा बस्छ । तर उता लामागाउँ बाढी-पहिरोले सखाप हुन्छ र कैयौँ परिवारहरूसँगसँगै त्यहाँको उदार सामाजिक परिपाटी पनि त्यही बाढी-पहिरोमा बग्छ । यता बिचरी स्नेहाको गर्भ फालेर उसलाई अपरिचित ठाउँमा बिहे गराइदिएपछि त्यो परिवार सामाजिक रूपमा नाक जोगिएको ठान्छ । यस किसिमको घटनालाई निबन्धकारले उल्टो परिस्थितिको सिर्जना भएको ठानेका छन् । यसका अतिरिक्त यहाँ राजनीति गर्नेहरूको आन्तरिक व्यवहार, शैक्षिक क्षेत्रलाई राजनीतिले कसरी अस्तव्यस्त बनाइदिएको छ, अश्लील साहित्यले नैतिकताको पतन कहाँसम्म गराइदिएको छ भनी निष्कलङ्क राजनीतिज्ञ र नैतिकवान् साहित्यकारको पक्षमा खडा भएका देखिन्छन् ।

अन्तमा निबन्धकार भन्छन् – ‘लक्ष्मीदिदी’ उपन्यास नेपाली संस्कृति, संस्कार, यौनमनोविज्ञान, पारिवारिक सम्बन्ध, सामाजिक कुपरम्परा, राजनीतिकर्मीहरूको अराजनीतिक क्रियाकलाप, सहरियाहरूको अहङ्कार र ग्रामीण जनताको उदात्तताको सजीव चित्रण बनेको रहेछ ( पूर्ववत् : ५४) ।

आकर्षक कथावस्तु, घटनाप्रवाह र कुतूहलको शृङ्खला जोड्ने लेखकीय शक्ति, औचित्यपूर्ण पात्रसंयोजन र चरित्रचित्रणको सीप, पात्रगठनको कौशल, भावुकतायुक्त संवाद र विविधतापूर्ण परिवेशको चित्रण आदि राम्रा उपन्यासमा हुनुपर्ने सबैजसो गुण यसमा रहेको कुरा निबन्धकारले बताएका छन् (पूर्ववत् : ५५) ।

शशि भण्डारीको **शीतको जून** (हाइकुसङ्ग्रह) लाई निबन्धकार हरि मञ्जुश्रीले **शीतको जूनलाई हेर्दै-हेर्दै** शीर्षक दिएर निबन्ध लेखेका छन् । यस निबन्धलाई उनले **शशि भण्डारी : आयाम र आलोक** विचारप्रवाहपरक एवं समीक्षात्मक निबन्धसङ्ग्रहमा सङ्ग्रहित गरेका छन् । उनले नेपाली भाषामा लेखिएका केही अन्य हाइकुहरू र शशि भण्डारीको **शीतको जून** ( हाइकुसङ्ग्रह) पढिसकेपछि हाइकुको विशेषता खुट्याएको बताएका छन् । उनको खुट्याइअनुसारका हाइकुका विशेषताहरू यसप्रकार रहेका छन् –

– अपूर्ण शब्दहरूबाट पाठकले लिनुपर्ने भावको परिपूर्णता
– जुन पाठकको भाव जुन विषयमा जुन स्वरूप लिएर बसेको हुन्छ, हाइकुले त्यही विषयको त्यही स्वरूप पाठकलाई दिन्छ ।
– थोरै शब्दहरूले धेरै कुराहरू बोल्न सक्ने हुनुपर्ने ।
– हाइकुहरू पाठकको भावदृष्टिअनुरूपका हुने ।

यी विशेषताका आधारमा हाइकुलाई जुन रङ्ग घोल्यो त्यस्तै बनिदिने हुँदा पानीजस्तो र जसले हेर्‍यो त्यसैको प्रतिबिम्ब देखाइदिने हुँदा ऐनाजस्तो हुने बताएका छन् ।

**शीतको जून** (हाइकुसङ्ग्रह) मा धर्म, संस्कृति, प्रकृति, मानव, राष्ट्रियता, यौन र जीवनदर्शन मूल विषयहरू रहेको बताउँछन् । यसमा पुराना बन्धनहरू नचुँडालीकन जीवनले नयाँ दर्शन र नयाँ बुद्ध पाउँदो रहेनछ, त्यसैले यो नयाँ दर्शन र नयाँ बुद्ध प्राप्त गर्न लालायित रहेको बताएका छन् । यसमा मानव-जीवनका सत्यहरू विभिन्न बिम्बहरूमा रूपायित हुँदै गएका अनि प्रकृति र पुरुषको मेलबाट नै सृष्टिचक्र सञ्चालन गरेको मान्ने पूर्वीय साङ्ख्यदर्शनलाई हाइकुहरूले अँगालेका छन् ।

शीतको थोपामा जूनको प्रतिबिम्ब हुन्छ । प्रकृतिमा जीवनको र जीवनमा प्रकृतिको प्रतिबिम्ब हुन्छ । तसर्थ **शीतको जून** स्वाभाविक रूपमा प्रकृति र जीवनसँग सम्बन्धित छ । जीवन स्वयं प्रकृतिबाट अभिन्न छैन । त्यसैले शीतको जून जीवनकै अर्को स्वरूप हो भन्ने तर्क निबन्धकारको रहेको छ (पूर्ववत् : ६१) ।

**शीतको जून** मा प्रणयभावनाबाट आफ्नो यात्रा थालेर वर्तमान राजनीति, सामाजिक परिवेश, नारीको शारीरिक, मानसिक र सामाजिक स्थितिको चर्चा गर्दै भौगोलिक र त्यसैको आधारबाट मानसिक यात्राको थालनी गरेको कुरा बताएका छन् । लयात्मकता, अन्त्यानुप्रासको प्रयोग, अनुकरणात्मक शब्दविन्यास, ठेट नेपाली शब्दहरूको प्रयोग आदिले हाइकुहरूलाई श्रुतिमधुर बनाएको, शब्दहरूको खेल र मेलले गर्दा आकर्षक र रोचक बनाएको बताउँछन् ।

अन्त्यमा यस हाइकुसङ्ग्रहमा मानव-समाजका साकार र निराकार विभिन्न पक्षहरूलाई आफ्ना अनुभूतिहरूका आधारमा प्रकट गरिएका, प्रतीकहरूको प्रयोगद्वारा सम्पोषित कलात्मक प्रस्तुतिले मानवीय शाश्वत पक्षका अनुभूतिहरूलाई सहज सम्प्रेष्य बनाइएको, ईश्वरीय अदृश्य सत्ताप्रतिको स्वतन्त्र खालको चिन्तन रहेको, राष्ट्रियता र मानवताका पक्षमा स्पष्ट र खुलस्त रूपमा आपनो अभिव्यक्ति पाइने कुरा मञ्जुश्री बताउँछन् (पूर्ववत् : ५८) ।

**डाँडावारिको घामको पहार ताप्तै-ताप्तै** शीर्षकको मञ्जुश्रीको निबन्धमा शशि भण्डारीको **डाँडावारिको घाम** (तान्कासङ्ग्रह) को समीक्षा गरिएको छ । त्यस सङ्ग्रहका २८ वटा फन्का र तिनका १२-१२ वटा तान्काका भावलाई समेटेर समीक्षात्मक रूपमा लेखिएको छ । डाँडावारिको घामलाई निबन्धकारले उज्यालोको सङ्केत, न्यानो प्रकाशको सङ्केत, ज्योतिमान् सूर्यको सङ्केत मानेका छन् । डाँडावारिको घाम अहिल्यै (तुरुन्तै, छिटै) अस्ताउँदैन, चम्कन्छ, दीप्ति दिइरहन्छ । मानवलाई मात्र होइन, सम्पूर्ण जीवका लागि जगत् बनेर जगमगाउँछ भन्ने अर्थमा लिएका छन् । निबन्धकारले आफ्नो मन्तव्यमा पनि यसरी लेखेका छन् – 'यो पुस्तक प्रेममा परिवेष्ठित वेदना र संवेदनाको सार त हुँदै हो, भावना र सम्भावनाको द्वार पनि हो । अनेकौँ उपमा र उपमेयहरूलाई उन्दै र आफूसमेत उनैमा उनिँदै जीव, जगत् र जीवनका शाश्वत सत्यहरूबाट समस्त पाठकहरूलाई परिपाक पुऱ्याउन सक्षम यो कृति कविको कीर्ति कैयौँ गुणा बढाउन समर्थ छ (पूर्ववत् : ६७) ।'

**डाँडावारिको घाम** भरि प्रकृतिको वर्णन र नारी-पुरुषको यौनजन्य प्रवृत्तिको वर्णन रहेको, भावहरूमा शाश्वततालाई नबिगारेको, मानवीय उद्वेगहरूलाई तान्काहरूमा उनेर भावनैभावनाका मालाहरू बुनिएको, भावनाहरूमा धर्म र संस्कृति पनि अटाएको, संस्कार र परम्परा पनि अटाएका र जीवनले प्राप्त गरेको परिवर्तनको आभास पाइने कुरा निबन्धकार बताउँछन् । निबन्धकारले 'सूर्य' लाई व्यक्तिभित्रको ऊर्जाका रूपमा, आत्मप्रकाशका रूपमा हेरेका छन् । सूर्य भन्नु नै स्रोत हो भनी बताएका छन् । आफ्नो ऊर्जाकै बलमा मानिसले जीवनको यात्रा गर्छ र जीवनबाट भूयात्रा गर्छ । भूयात्रा भन्नु नै प्राकृतयात्रा हो । मायालाई जान्न-बुझ्न त्यही यात्राले सिकाउँछ र मायाबाट सुरु भएको यात्रा मायामा नै पुगेर सकिन्छ । माया जीवनलाई बन्धनमा राख्ने मोहरूपी शक्ति या पाश पनि हो । त्यही मायाले मान्छेलाई भ्रमित पनि बनाउने बताएका छन् ।

प्रेमप्रणयको घामछाया र जीवनका आरोह-अवरोहहरूलाई यस सङ्ग्रहमा बडो सुन्दर तरिकाले प्रकट गरिएको, प्रकृतिका शाश्वत सत्यहरू, आशा-निराशाहरू र आकर्षण-विकर्षणहरू यस सङ्ग्रहका तान्काका विषयवस्तु बनाइएका छन् । ईश्वरीय सत्ता र प्राकृतिक जादुगरीले मन मोहित बनेको र त्यो मोह सौन्दर्य र पवित्रतामा प्रकट भएको स्पष्टै देखिएको छ । यसरी प्रकृति विचारको मूल र प्रेमलाई प्रकृतिसँग तादात्म्य गराइएको कुरा निबन्धकार व्यक्त गर्दछन् ।

यसमा भौतिकताबाट आध्यात्मिकतातिर डोहोऱ्याइएको जीवनपथका यात्राहरू आदर्शबाट यथार्थ हुँदै चिरन्तनतिर लागेका, चिरन्तनको यात्राले नै मानिसलाई वास्तविक जीवनसम्म पुऱ्याउने, जीवनबोधका लागि गरिने यात्रा नै चिन्तनयात्रा हो । जीवनबोध जब हुन्छ, तब हामी जीवनलाई माया गर्न थाल्छौँ । त्यसैले यो सङ्ग्रहलाई चिन्तनयात्राका रूपमा पनि हेर्न सकिन्छ र चिन्तनयात्रालाई मानवतावादी चिन्तन भन्न सकिने कुरा निबन्धकार बताउँछन् (पूर्ववत् : ७१) ।

निबन्धकार हरि मञ्जुश्रीको **शशि भण्डारी : आयाम र आलोक** (विचारप्रवाह) कृतिमा सङ्ग्रहभित्र रहेको समीक्षात्मक निबन्ध **विचलनभित्र विचलित हुँदै-हुँदै** मा उनले शशि भण्डारीको **विचलन** उपन्यासको समीक्षा गरेका छन् । मञ्जुश्रीले **विचलन** उपन्यासलाई विषय र आकारका हिसाबले **आगत**, **माधवी** र **ज्योति ज्योति महाज्योति** को समकक्षी मानेका छन् । यसमा शेर्पासंस्कृतिका बारेमा चर्चा गरिएको छ । शेर्पासंस्कृति र युरोपीय प्रचलनबीच धेरै कुराहरू मिल्दाजुल्दा भएको बताएका छन् । विशेष गरी **विचलन** लाई भवानी भिक्षुको **आगत** सँग तुलना गर्दा **आगत** मा तराई क्षेत्रको कुनै परिवारको सम्पूर्ण चित्रण छ भने **विचलन** काठमाडौँ उपत्यकाभित्रको । दुवैका पात्र उच्चमध्यमवर्गका, दुवै परिवार बाह्य रूपमा संस्कारप्रति सचेत छन् तर आन्तरिक रूपमा पारम्परिक संस्कारबाट च्यूत बनाउँदै लगेको, सुललित भाषा प्रयोग गर्ने र आफूलाई सभ्य देखाउने खालका बताएका छन् । **आगत** मा भन्दा **विचलन** मा यौनले बढी नै स्थान ओगटेको देखाएका छन् ।

निबन्धकारले **विचलन** लाई घटनैघटनाको पोको मानेका छन्, जसलाई फुकायो भने असङ्ख्य कथाहरू जन्मिन सक्छन् । कथावस्तुलाई जीवनका आरोह-अवरोहको सविस्तार वर्णन गरिएको छ । परिवार, नातागोता, छरछिमेक, इष्टमित्र, घरधनी, डेरावाल, साथीसँगाती आदिका बीचमा भएको सम्बन्ध, यौनप्रसङ्ग, आपसी विवाद, अन्तर्द्वन्द्व, भारत, बेलायत र जर्मनीको यात्रावर्णन, जोगीहरू, अस्पताल, नेपालमा आएका विदेशीहरू, विदेशमा गएका नेपाली र भारतीयहरू आदि कुराहरू यसमा आएका छन् । यसरी पूर्वीय र पश्चिमी विश्वको सग्लो तस्बिर आएको छ भन्छन् । यसमा शेर्पासंस्कृति, राणादरबारभित्रको आन्तरिक व्यवहार, सम्पत्तिका लागि दाजुभाइबीचको लुछाचुँडी, अन्तर्जातीय वैवाहिक सम्बन्ध, यौन-अतृप्तिका कारणले परिवारभित्र उत्पन्न गराएको परिस्थिति यसमा आएको बताउँछन् । यसमा पात्रहरू पठित र अपठित, चरित्रवान् र चरित्रहीन, धनी र गरिब, सिद्धान्तवादी र सिद्धान्तहीन अनि पात्रपात्राहरू चलनदेखि हटेर विचलनतर्फ मोडिएका छन् ।

यस उपन्यासमा ७ दर्जनजति पात्रपात्राहरू रहेका, हरेकका आ-आफ्नै प्रकारका गुन-बैगुनहरू भएका, हरेक पात्रले आफूलाई आदर्श देखाउन खोज्ने तर कतै न कतै कुनै न कुनै प्रसङ्गमा आपनो आदर्शबाट विचलित भएका, धेरै पात्रहरू सम्झौतावादी रहेका छन् । यहाँ उच्चमध्यमवर्गीय सहरिया चरित्रको सशक्त चित्रण छ । त्यो चरित्र आजको काठमाडौँली समाजको ऐतिहासिक र सांस्कृतिक पक्षको जगका रूपमा रहेको, आफूभन्दा माथिका मान्छेहरूका अगाडि लम्पसार पर्ने र आफूभन्दा तलका मान्छेहरूलाई मान्छे नै नगन्ने चरित्रले **विचलन** (उपन्यास) भरि ठाउँ पाएको छ भनी निबन्धकार बताउँछन् ।

यस उपन्यासभित्र विज्ञानको विकासकथा, पश्चिमी मुलुकको जीवनशैली, भिन्न-भिन्न संस्कृतिले एक अर्को संस्कृतिमा पारेको प्रभाव, जीवनमा सामाजिक प्रतिष्ठा र आर्थिक वैभव प्रशस्त कमाएर र जीवनलाई सुन्दर ढङ्गले भोगेर पनि जीवनको वास्तविक अर्थ बुझ्न नसकेर

सांसारिक व्यवहारबाट विरक्त बन्दै भौँतारिएका कैयौँ व्यक्तिहरू पूर्वीय दर्शनतिर ढल्केका छन् । उपन्यासको अन्त्यमा **श्रीमद्भगवद्गीता** का दुई श्लोक दिनुले पनि यस कुराको पुष्टि गर्दछ । यस उपन्यासमा हाइकुकविता, तान्काकविता र तिनको छोटकरी इतिहास दिइएको छ । आफ्ना आमाबाबु साथमा नभएपछि बालकको मस्तिष्कमा कस्तो असर पर्छ, आमाको माया नपाउँदा बालकहरू कस्ता हुन्छन् भन्ने कुरालाई गौतम भन्ने बालपात्रमार्फत देखाइएको छ ।

समग्रमा भन्दा **विचलन** मा पश्चिमीकरण हुँदै गरेको काठमाडौँको आधुनिक मानिने वर्तमानकालीन समाज कस्तो खालको परम्परागत समाजको जगमा उभिएको छ, समाजविकासक्रमका आधारमा जवाफ दिइएको छ । पूर्वीय मूल्य र मान्यताहरू कसरी हराउँदै गए ? सहरी वातावरण कसरी ग्रामीण वातावरणभन्दा किलकुल भिन्न भएर छुट्टियो ? अहिले देखिने काठमाडौँको सिङ्गो भौतिक स्वरूपको निर्माण कस्तो पृष्ठभूमिबाट हुन सकेको हो ? पारिवारिक समन्वयका निम्ति र जीवनलाई सुचारु पार्नका निम्ति यौनको कति महत्त्व छ ? सामाजिक सम्बन्धमा यौनले कस्तो असर पुऱ्याउँछ ? किशोरमस्तिष्क कसरी यौनावेगको सिकार बन्छ ? यौनको दुरूपयोगले कस्तो दुर्घटना निम्त्याउँछ र यौनको सम्बन्ध मस्तिष्कसँग कस्तो हुन्छ ? जस्ता प्रश्नहरूको जवाफ यस उपन्यासले दिएको छ भनी मञ्जुश्री बताउँछन् । यसरी यसले रुवाइ र हँसाइको समन्वय, मानवीय संवेदनाको चित्रण र समाजविकासको मार्गमा देखापर्ने विचलन पनि देखाएको छ भनी निबन्धकार भन्दछन् ।

अन्त्यमा निबन्धकार भन्छन् – यो उपन्यास यथार्थवादी धारामा आधारित भएको, राणाखानदानमा आश्रित उच्चमध्यमवित्तीय काठमाडौँली ब्राह्मणपरिवारलाई केन्द्रविन्दु बनाई त्यसैको सेरोफेरोमा कथावस्तुलाई विचरण गराइएको, कथाले राणाशासनको समाप्तिपछिको काठमाडौँली परिस्थितिलाई पनि छोएको र तत्कालीन समाजको सजीव चित्रण गरिएको, तत्कालीन समाजमा प्रचलित र पछि हराउन लागेका 'खलुरिका' जस्ता कैयौँ शब्दहरू सिकाएको, अन्तर्जातीय र अन्तर्देशीय संस्कार-संस्कृतिको पाठ पढाएको, कैयौँ घटनाहरू आफूभित्र समाहित गराएको, देश-विदेश घुमाएर अन्त्यमा नेपालमै फर्काएर राष्ट्रभक्तिको उदाहरण प्रस्तुत गरिएको छ । सबै घटनाहरू कहीँ न कहीँ देखेजस्ता, सुनेजस्ता, थाहा पाएजस्ता र भोगेजस्ता देखिनु यस उपन्यासका विशेषता देखिएको, पढ्दा कसैलाई दिक्क नलाग्ने, घटना र शैलीलाई स्वाभाविक गतिमा बग्न दिनु यस उपन्यासको खुबी मान्नुपर्ने धारणा निबन्धकारको रहेको छ (पूर्ववत् : ८२-८३) ।

निबन्धकार हरि मञ्जुश्रीको **शशि भण्डारी : आयाम र आलोक** कृतिको अन्तिम निबन्ध हो **शशि-साहित्यको सार खिच्तै** । यसमा निबन्धकारले शशि भण्डारीका ७ वटै कृतिहरूको समीक्षा एवं मूल्याङ्कन गरेर आफ्ना विचार र धारणा पोखेका छन् । आत्मसंस्मरणात्मक कृतिबाट पुस्तक-प्रकाशनको क्रम आरम्भ भएर **विचलन** सम्म आइपुग्दा बीचमा कविता, हाइकु, तान्का पर्दछन् ।

तिनले सप्तरङ्गी मालाको रूप लिनुका साथै नेपालको साहित्यिक वाङ्मयमा अमूल्य निधिका रूपमा विशिष्ट स्थान ओगट्न सफल रहेको धारणा उनको छ ।

शशि भण्डारीको मिहिनेत, बुद्धि र बर्कत अनि सीप र गुणका कारणले आफूलाई मात्र स्थापित नगराई साहित्यकारप्रतिको हेय, निरीह र कमजोर हुन्छन् भन्ने मानसिकता नै परिवर्तन गराइदिएको छ भन्ने धारणा निबन्धकारले व्यक्त गरेका छन् ।

शशिको साहित्यमा विभिन्न पक्षहरू उपस्थित र उद्घाटित हुनुको मूल कारण पनि उनको व्यक्तित्व धेरै आयामहरूमा विस्तारित हुनु हो । यी विविध आयामहरूबाट भोगिएका र अनुभूत गरिएका सत्यतथ्यहरू नै प्रतीकात्मक प्रस्तुतिशिल्पका माध्यमले साहित्यमा प्रस्तुत भएका छन् । यही व्यक्तित्व, भोगाइ र अनुभूतिको त्रिवेणीले नै साहित्य चम्किलो बन्न पुगेको ठहर निबन्धकारको छ ।

आफ्नै प्रकारको विशिष्ट शैलीशिल्पले भावलाई कुशलतापूर्वक सिँगार्नु, देखेका र भोगेका परिवेशको सजीव चित्रण गरेर, तिनमा केही काल्पनिक पुट दिएर भविष्यका पुस्तालाई नवीन जानकारी दिँदै नवीन सिर्जना र नवीन मार्गका निम्ति प्रेरित गर्नु उनको मौलिक पक्ष एवं अभीष्ट रहेको देखिन्छ । पाठकलाई आशावादी हुन, जीवनलाई माया गर्न, अरूलाई पनि यस्तै स्वरूपमा हेर्न उनले आग्रह गरेका छन् । इतिहासका अस्पष्ट पानाहरूलाई स्पष्टता दिने, अप्रकाशितलाई प्रकाशित बनाउने, जुनसुकै विधाको सिर्जनामा पनि मौलिकताको जलप लगाइदिने उनको विशिष्टता बनेको भनी मञ्जुश्री उल्लेख गर्छन् ।

अन्त्यमा शशि भण्डारीको साहित्यले उज्यालो मन पराउने, प्राकृत स्वरूपको सनातनतामा विश्वास गर्ने, भौतिकता र चेतनाका सबल पक्षहरूलाई अँगालो हाल्ने, अमरत्त्वतर्फ जान प्रोत्साहित गर्ने पक्षमा उनको साहित्य सधैँ उभिन्छ । यिनै र यस्तै थुप्रै कारणहरूले गर्दा शशि भण्डारीको साहित्यलाई निबन्धकार हरि मञ्जुश्रीले ‘शशि-साहित्य’ सङ्ज्ञा दिएका छन् (पूर्ववत् : ..... ) ।

४.१.१.३ साहित्यिक व्यक्तित्वसम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्रीका दुई सङ्ग्रहहरूमा साहित्यिक व्यक्तित्वसम्बन्धी निबन्धहरू सङ्ग्रहित छन् । **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४) र **काभ्रेका केही कर्मयोद्धा, भाग १** (२०६४) मा सङ्कलित निबन्धहरूमध्ये **अनेक स्रष्टा अनेक प्रसङ्ग** मा आफूभन्दा अग्रज एवं प्रेरणादायी साहित्यिक व्यक्तित्वसम्बन्धी निबन्धहरू सङ्कलित छन् भने **काभ्रेका केही कर्मयोद्धा** निबन्धसङ्ग्रहमा सहकर्मी व्यक्तित्व र कर्मयोद्धा एवं क्रान्तिकारी व्यक्तित्वसम्बन्धी निबन्धहरू सङ्ग्रहित देखिन्छन् ।

**अनेक स्रष्टा अनेक प्रसङ्ग** निबन्धसङ्ग्रहमा नेपाली साहित्यको इतिहासको प्राचीनकालीन साहित्यकार आदिकवि भानुभक्त आचार्य (वि.सं.१८७१ – १९२५) देखि आधुनिककालका साहित्यकार जीवन आचार्य ( वि.सं. २०१५ – २०२८) सम्मका साहित्यकारहरूमध्येका ५३ जना साहित्यकारहरूका विषयमा नितान्त अनौपचारिक जीवनसन्दर्भहरू, घटेका घटनाहरूलाई आफूले देखेका, सुनेका, पढेका आधारमा इतिहासमा लुकेका कुराहरूलाई वर्तमानमा ल्याएर स्रष्टाका जीवनका दुःखद, रोचक प्रसङ्ग र घटनाले सत्प्रेरणा दिनुका साथै साहित्यकारप्रतिको आदरभाव बढाउनु निबन्धकारको उद्देश्य रहेको देखिन्छ । यसमा कुनै घटनालाई कथात्मक स्वरूप दिइएको छ भने प्रस्तुतिलाई पठनीय बनाउन कहीँ-कहीँ कल्पनाशीलताको प्रयोग पनि गरिएको पाइन्छ ।

यस सङ्ग्रहमा रहेका निबन्धहरू मिति २०६० साल श्रावणदेखि २०६२ साल असोजको पहिलो हप्तासम्ममा बनेपाबाट प्रकाशित हुने **सञ्जीवनीपत्र** (साप्ताहिक) पत्रिकाको ‘असाहित्यिक साहित्य’ शीर्षकको स्तम्भमा लेखिएका लेखहरूका सङ्कलन हुन् । यसमा परेका स्रष्टाहरूको क्रमनिर्धारणको आधार जन्ममितिलाई मानिएको छ । यस सङ्ग्रहका मार्मिक एवं रोचक प्रसङ्गमा परेका स्रष्टाहरूको क्रम, नाम र जन्म-मृत्यु यसरी देखाइएको छ –

| | | |
|---|---|---|
| १. भानुभक्त आचार्य (१८७१-१९२५) | २. मोतीराम भट्ट (१९२३-१९५३) | ३. कुलचन्द्र गौतम (१९३४-२०१५) |
| ४. पहलमानसिंह स्वार (१९३५-१९९१) | ५. लेखनाथ पौड्याल (१९४१-२०२२) | ६. कृष्णलाल अधिकारी (१९४४-१९८०) |
| ७. बाबुराम आचार्य (१९४४-२०२९) | ८. शम्भुप्रसाद ढुङ्गेल (१९४६-१९८६) | ९. धरणीधर कोइराला (१९४९-२०४१) |
| १०. महानन्द सापकोटा (१९५३-२०३५) | ११. झपटबहादुर राणा (१९५३-२०३०) | १२. ऋद्धिबहादुर मल्ल (१९५५-२०२५) |
| १३. पारसमणि प्रधान (१९५५-२०४२) | १४. गुरुप्रसाद मैनाली (१९५७-२०२८) | १५.नीलहरि ढकाल (१९५९-२०४०) |
| १६. बालकृष्ण सम (१९५९-२०३८) | १७. माधवप्रसाद देवकोटा (१९६०-२०३९) | १८. चित्तधर हृदय (१९६३-२०३९) |
| १९. युद्धप्रसाद मिश्र (१९६४-२०४७) | २०. लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) | २१. योगी नरहरिनाथ (१९६७-२०५९) |
| २२. भीमनिधि तिवारी (१९६८-२०३०) | २३. सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९) | २४. गोपाल पाँडे असीम (१९७०-२०३५) |
| २५. नयराज पन्त (१९७०-२०५९) | २६. भवानी भिक्षु (१९७१-२०३८) | २७. बी० पी० कोइराला (१९७१-२०३९) |
| २८. केदारमान व्यथित (१९७१-२०५५) | २९. केशवराज पिँडाली (१९७१-२०५५) | ३०. गुणराज उपाध्याय (१९७२-२०३१) |
| ३१. गोपालप्रसाद रिमाल (१९७५-२०३०) | ३२. चूडानाथ भट्टराय (१९७५-२०५३) | ३३. जनकलाल शर्मा (१९७८-२०५६) |
| ३४. पूर्णप्रसाद ब्राह्मण (१९७९-२०४६) | ३५. अम्बिकाप्रसाद अधिकारी (१९७९-२०५१) | ३६. लैनसिंह बाङ्देल (१९८१-२०५१) |
| ३७. विजय मल्ल (१९८२-२०५६) | ३८. गोमा (१९८२-२०५९) | ३९. भरतराज मन्थलीय (१९८२-२०६०) |

| | | |
|---|---|---|
| ४०. दौलतविक्रम बिष्ट (१९८३-२०५९) | ४१. कुलचन्द्र कोइराला (१९८५-२०५०) | ४२. शङ्कर कोइराला (१९८७-२०५४) |
| ४३. गोकुल जोशी (१९८७-२०१८) | ४४. डा० गणेश भण्डारी (१९८९-२०५५) | ४५. हरिभक्त कटुवाल (१९९२-२०३७) |
| ४६. भूपी शेरचन (१९९२-२०४६) | ४७. वासु शशी (१९९४-२०४९) | ४८. पारिजात (१९९४-२०५०) |
| ४९. विष्णु नवीन (१९९५-२०४०) | ५०. उत्तम कुँवर (१९९६-२०४१) | ५१. कुमुद देवकोटा (१९९६-२०४५) |
| ५२. श्रीविक्रम राणा (२००३-२०५४) | ५३. जीवन आचार्य (२०१५-२०४८) | |

निबन्धकार हरि मञ्जुश्रीले आदिकवि भानुभक्त आचार्य (१८७१ – १९२५) को जीवनमा घटेको र एक रात पाहुना बनी साथीको घरमा जाँदा सेवा-सत्कार गर्नुको सट्टा 'अतिथि देवो भव' भन्ने नेपाली परम्परा र संस्कारविपरीत साँझका पाहुनालाई पिँढीमा बास बस्नसमेत नदिएर त्यहाँबाट निकालिदिँदा वर-पीपलको छहारीमा चौतारीको पेटीमा रात बिताउनुपरेकोमा भानुभक्त आचार्य र उनको साथमा गएका साथीले अपमानित बन्नुपरेको, दुःखपूर्वक रात बिताउनुपरेको र भानुभक्तका साथी गजाधर सोतीले पनि आफ्ना साथीप्रति आफ्नै श्रीमतीले अपमान गर्दा आफू लज्जित बन्नुपरेको, उनलाई त्यो रात घरमा नआउँदा पश्चात्ताप गर्नुपर्ने स्थितिको सिर्जना गरिदिने सोतीकी श्रीमतीको दुर्व्यवहार र नेपाली परम्परा र संस्कारको अपहेलना भएको ठानी भानुभक्त आचार्यले 'गजाधर सोतीकी घरबुढी अलच्छिनकी रहिछन्, नरक् जानालाई सबसित बिदाबादी भइछन्' भन्ने कविता लेखेर त्यस गाउँ-टोलका केटाकेटीहरूलाई लयसमेत सिकाई गाउन लगाउनुले उनको आफ्नो आशुकवित्व व्यक्त गर्नुका साथै खराब व्यवहारप्रति कडा प्रतिरोध गरेको कुरा **भानुभक्त आचार्य र गजाधरकी श्रीमती** शीर्षकको निबन्धमा व्यक्त गरेका छन् (मञ्जुश्री, २०६४ : ९) ।

**मोतीराम भट्टकी प्रेमिका मुसलमान** शीर्षकको निबन्धमा निबन्धकारले नेपाली साहित्यको इतिहासका माध्यमिककालका नायक मोतीराम भट्ट बनारसमा बसेर अध्ययन गर्दाको समयमा आफ्नै कलेजकी केटी (धर्मले मुसलमान) सँग प्रेम भएको र विवाह गर्ने योजना बनिसकेको रहेछ । दुवैतिरबाट सहमति नमिलेपछि आपसी प्रेम त्यसै ओइलाउँदै जानाले प्रतिभावान् व्यक्तिको प्रतिभा नै ओइलाएको कुरा उल्लेख गरेका छन् । प्रेमले जात-पात, धर्म-संस्कृति मान्दैन तर मानिसले धर्म, संस्कृति, जातपात, छुवाछुत आदिको आडम्बरले मानिसको मनस्थिति र जीवनधारा बदलिन्छ, जसको कारण प्रतिभापलायन हुनुका साथै जीवन भताभुङ्ग हुन्छ भन्ने कुरा देखाइएको छ (पूर्ववत् : ११) ।

यसै निबन्धसङ्ग्रहको तेस्रो निबन्ध **कुलचन्द्र गौतमले जर्मनलाई हराए** हो । यसमा कुलचन्द्र गौतमको बेजोड प्रतिभा र क्षमताको वर्णन छ । गौतमले संस्कृत भाषामा लेखिएको एक श्लोकको अर्थ जर्मनीको विश्वविद्यालयले नेपाल र भारतका विद्वान्लाई सोधनी गर्दा कसैले बताउन नसकेर

उनीसमक्ष पुग्दा उनले त्यस श्लोकको रस, भङ्गश्लेष, अभङ्गश्लेष, गुण, दोष, अलङ्कार आदि प्रस्ट पार्दै तेह्र प्रकारका अर्थ लेखेर पठाइदिएको कुरा यस निबन्धमा उल्लेख गरेका छन् । यस्ता प्रतिभाशाली व्यक्तिको प्रतिभाको उपयोग गर्नु, उनको कदर गर्नुको सट्टामा उनलाई किनारा लगाउने, पन्छाउने षड्यन्त्र हुने गरेकोमा निबन्धकार क्षुब्ध देखिन्छन् (पूर्ववत् : १२) ।

**पहलमानसिंह स्वाँरलाई जहिलेसुकै दुःख** शीर्षकको निबन्ध चौथो क्रममा पर्दछ । यसमा स्वाँरजस्ता स्वाभिमानी र प्रतिभाशाली व्यक्तिलाई तत्कालीन राणाप्रधानमन्त्रीहरू वीरशमशेर र जुद्धशमशेरसम्मकाले ज्यादै दुःख दिएको कुरा बताएका छन् । चारैतिरबाट दुःख पाएर, हन्डर खाएर आखिरमा कैलालीमा गएर जङ्गल फँडानी गरी बस्ती बसाएका र त्यस बस्तीको नाउँ नै पहलमानपुर रहेको बताएका छन् । जति दुःख पाए पनि आफ्नै नाउँमा गाउँबस्तीको नाउँ रहेर उनलाई अमर बनाएको देखिँदा जुनसुकै रूपमा भए पनि उनको अस्तित्व बचेको देखिन्छ (पूर्ववत् : १३-१४) ।

हरि मञ्जुश्रीले **लेखनाथ पौडेल चाकरीमा पोख्त** शीर्षकको निबन्धमा लेखनाथको चाकरीको उदाहरण **शोकप्रवाह** देखि पाइन्छ भनेका छन् । उनले कहिले राजदरबारको, कहिले राणाहरूको, कहिले नेपाली काङ्ग्रेसको त कहिले फेरि राजा त्रिभुवन र महेन्द्रको स्वस्ति गाउन छाडेनन् । १९७० को **शोकप्रवाह** पृथ्वीवीरविक्रमको निधनमा, १९७६ मा चन्द्रशमशेरको शासनकालमा नेपालमा सत्ययुग छ भनी **सत्यकलिसम्वाद** लेखे । भीमशमशेरलाई पनि कविताबाटै रिझाए । भीमशमशेरपछि जुद्धशमशेर र पद्मशमशेरलाई रिझाउन **त्याग र उदयको सन्देश** भन्ने स्तुतिकाव्य नै लेखे । २००७ मा प्रजातन्त्रको स्थापना भएपछि नेपाली काङ्ग्रेसको सदस्यता लिए, सडकमा हिँड्दा पनि चारतारे बिल्ला लगाएर हिँडे र राणालाई गाली गर्दै हिँडे । **जगतप्रभाती** भन्ने कवितामा राणाको विरोध र प्रजातन्त्र र काङ्ग्रेसको समर्थन गरिएको छ । २००८ सालमा महात्मा गान्धीको गुणगान चारैतिर गाइएको र काङ्ग्रेसका नेताहरूले पनि आफूलाई गान्धीवादी भन्ने गरेकाले मातृकाप्रसाद कोइरालाको समर्थनमा **अमरज्योतिको सत्यस्मृति** भन्ने काव्य लेखे । मातृका र त्रिभुवनको मिल्ती भएको देखी त्रिभुवनलाई खुसी पार्न **शोकप्रवाह** लेखेर खुसी पारेका थिए । यति गरेपछि उनी महापुरुष हुने मौका मिल्यो । उनले २००८ मा कविशिरोमणिको पदवी त्रिभुवनबाट पाए, २०११ मा सार्वजनिक अभिनन्दनमा मातृकाले रथ आफैँ ताने र रु. ५०००।- थैली बकस पाए । राजा महेन्द्र र काङ्ग्रेसको खिचातानी चलेपछि काङ्ग्रेसको सदस्यता त्यागी राजा महेन्द्रको नजिक पुगेर २०१४ मा रोयल एकेडेमीको सदस्य बने । २०१९ मा उनको चित्राङ्कित १५ पैसे हुलाक टिकट प्रकाशित गरियो । यसरी स्वाभिमानीलाई दुःख र चाकरीबाजलाई सम्मान दिने शासकवर्गको प्रवृत्ति बुझेका पौडेलले आफूलाई प्रत्येक राजनीतिक परिवर्तनअनुरूप ढाल्न सक्षम व्यक्तिका रूपमा साहित्यिक क्षेत्रले पछिसम्म पनि उनलाई चिनिरहनेछ भन्ने आशा निबन्धकारले गरेका छन् (पूर्ववत् : १७-१९) ।

**कृष्णलाल अधिकारी प्रथम साहित्यिक सहिद** शीर्षकको निबन्धमा साहित्यसिर्जनाकै कारण कृष्णलाल अधिकारीले ज्यानसजाय पाएको कुरा उल्लेख गरेका छन् । कृष्णलालको भाषा राम्रो, व्याकरण शुद्ध, बोलाइ स्पष्ट भएकाले उनी चन्द्रशमशेरको हजमिनिया दरबारमा जाहेरीमा जागिरे थिए । वि.सं. १९७७ मा **मकैको खेती** भन्ने पुस्तक लेखेका थिए । त्यसमा उनले राताटाउके र कालाटाउके कीरा मकैमा लाग्ने रोग हुन् भन्दै त्यसैमा बेलायती कुकुर सुखसयलमा बस्ने हुनाले त्यसबाट मकैको खेतीको रक्षा नहुने हुँदा त्यसका लागि भोटेकुकुर नै चाहिन्छ भन्ने लेखिएकोमा त्यसको अर्थ लगाउने, आफू चन्द्रशमशेरको नजिक हुन र कृष्णलाललाई तह लगाउन भोजराज काफ्ले र रामहरि अधिकारीले चन्द्रशमशेरले लगाउने क्याप रातो र भीमशमशेरको क्याप कालो हुँदा उनीहरूसँग मिलेको र बेलायती कुकुर भनेर इस्ट इन्डिया कम्पनीप्रति लक्षित गरिएको भनी बुझाइदिँदा राणाविरोधी अर्थ देखाइदिएर कृष्णलालको **मकैको खेती** जफत र उनलाई हतकडीसहित जेल हालियो । उनले माफी मागेनन् । तानाशाहका अगाडि माफी माग्नुभन्दा मर्नु असल ठाने । उनलाई जेलमै क्षयरोग लाग्यो । उपचार गर्न दिइएन । १९९० मा उनको जेलभित्रै मृत्यु भयो र नेपालकै पहिलो साहित्यिक सहिदका रूपमा अमर बने । यसरी शासकहरूका अगाडि लेखकले हार मान्नु हुँदैन भन्ने शिक्षा दिने कृष्णलाल अधिकारीलाई नेपाली साहित्यको अस्तित्व रहेसम्म नेपाली पाठकले सम्झिरहनेछन् भनी निबन्धकारले आफ्नो धारणा राखेका छन् (पूर्ववत् : २०-२१) ।

**बाबुराम आचार्य आफ्नै मान्छेबाट अपरिचित** शीर्षकको निबन्धमा पहिले खरदारबाजे भनेर चिनिने 'इतिहासशिरोमणि' पदवी पाएका बाबुराम आचार्यको चर्चा र प्रशंसा जति भएको थियो, त्यहीबमोजिमको ठाँटबाँट र रवाफ नदेखिएर सामान्य रूपमा देखिनु, अझ पहिलेको भन्दा पनि अक्षरमा घोरिइरहने गर्दा आँखा नदेख्ने अवस्थामा पुगेकाले बाबुरामका आफन्तले यिनै झुत्रे, सामान्य र अन्धा बनेका उनै खरदारबाजे नै इतिहासशिरोमणि हुन् भन्ने नपत्याएर भेट्न आएका छिमेकीले बोलेछन् – "ए खरदारबाजे ! मलाई चिन्नुभयो ? म ठूलोकान्छो क्या ! यहाँ इतिहासशिरोमणिज्यूको दर्शन गर्न आएको । तपाईं पनि उहाँको दर्शन गर्न आउनुभएछ ! आउनुहोस्, म हात समातेर पुऱ्याइदिन्छु । के गर्नु बाजे ! दैवले तपाईंलाई ठगिहाल्यो त !" भनेपछि पुनः इतिहासशिरोमणिका सहयोगी श्रीप्रसाद पाण्डेसँग सोधे – "अनि शिरोमणिज्यू कुन कोठामा हुनुहुन्छ, देखाइदिनुहोस् त, म बाजेलाई पनि दर्शन गराउन लैजान्छु । बाजे त हाम्रै मान्छे । यहाँ आउने थाहा पाएको भए मै लिएर आउँथेँ नि !" (पूर्ववत् : २४) भनेको कुराले स्वयं बाबुरामले के सोचे होलान्, के ठाने होलान् ! सामान्य मान्छे र सामान्य व्यवहारले पनि ठूलो काम, पद र प्रतिष्ठा पाउन सक्छ भन्ने कुरा हाम्रो सामन्ती र बुर्जुवा संस्कृतिले सर्वसाधारणलाई सिक्ने मौका दिएकै हुँदैन भन्ने कुरा देखिन्छ ।

**शम्भुप्रसाद ढुङ्गेल र राणाको बगैँचा** निबन्धमा ढुङ्गेलको काव्यप्रतिभा ज्यादै तिखो भए पनि सम्पत्ति र शैक्षिक योग्यता नभएपछि सबैले हेप्ने हुँदा धन कमाउन जागिर खानुपर्ने, जागिर खान राणाको चाकरी गर्नुपर्ने बाध्यता थियो । उनका एकजना आफन्तमार्फत राणाप्रधानमन्त्री चन्द्रशमशेरको चाकरीमा पुगेका ढुङ्गेलले बिहान ८ बजेदेखि ११:१५ बजेसम्म आँखा चिम्लेर शिव, पार्वती र गणेशको स्तुतिपछि चन्द्रशमशेर, सिंहदरबार, बगैँचा, तलाउ, फोहोराको वर्णन गरेर विभिन्न छन्दमा कविता भटभट्याएर आशुकविको पदवी पनि पाएका र जागिर पनि पाएको प्रसङ्ग देखाएर तत्कालीन चाकरीप्रथाको बिगबिगीको उल्लेख गरेका छन् (पूर्ववत् : २७) ।

नेपालीहरू आफ्नो भाषा र साहित्यप्रति कतिसम्म मरिमेट्ता रहेछन् भन्ने कुरालाई निबन्धकारले **धरणीधर कोइरालाको सिँगानको मूल्य** निबन्धमा व्यक्त गरेका छन् । उनले यस निबन्धमा भारतको पश्चिम बङ्गालअन्तर्गत दार्जिलिङमा भएको आमसभालाई धरणीधरको सम्बोधनको सन्दर्भ देखाएका छन् । भारतको पश्चिम बङ्गाल राज्यमा नेपाली भाषालाई अमान्य घोषित गरेको विरोधमा दार्जिलिङको चौरस्तामा धरणीधरले सम्बोधन गरेका थिए । त्यहाँ उनी बोल्दाबोल्दै रुन थाले । रुँदै गर्दा आँखाबाट आँसु र नाकबाट सिँगान बगाइरहेका थिए । यस्तो अवस्थाले सभामा उपस्थित सबैलाई संवेदनशील र झन् बढी उत्तेजित बनायो । आन्दोलन झनै चर्क्यो । सरकारले हार खाएर आफ्नो निर्णयलाई फिर्ता लियो र नेपाली भाषाले मान्यता पायो । यसरी आँसु र सिँगानले मानिसहरूलाई उत्तेजित पारेकाले यो उत्तेजना र सम्वेदनालाई निबन्धकारले सिँगानको मूल्यका रूपमा लिएका छन् (पूर्ववत् : .....) ।

**महानन्द सापकोटा काङ्ग्रेसका संस्थापक** शीर्षक निबन्धमा २००५ श्रावण १ मा स्थापित र २००५ पौष १५ मा प्रथम अधिवेशन गराएको 'नेपाल प्रजातन्त्र काङ्ग्रेस' र देवीप्रसाद सापकोटाको अध्यक्षतामा गठन भएको 'अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस' लाई एकीकरण गरी २००६ चैत्र २७ मा 'नेपाली काङ्ग्रेस' बनाउने काममा सुरुदेखि नै ज्यान दिएर लागेका र संस्थापक बनेका थिए महानन्द सापकोटा भनी निबन्धकार बताउँछन् । 'सयमा दस-पाँच धनी गनिनु, अरूले तिनको करिया बनिनु, विधिको यदि यै छ विधान भने, अब त्यो विधिको पनि आयु पुग्यो' जस्ता क्रान्तिकारी कविताहरू लेख्ने कवि महानन्द सापकोटा नेपालका ठूला भाषाशास्त्री हुन् । उनले अश्लील मानिएका नेपाली शब्दहरू कसरी बने, ती शब्दहरूको वास्तविक अर्थ के हुन्छ, ती शब्दहरू बोल्दा लाज मान्नुपर्ने हो कि होइन, साहित्यमा ती शब्दहरूको प्रयोग गर्न मिल्छ कि मिल्दैन भन्ने सवालमा धेरै अध्ययन-अनुसन्धान गरेर वास्तवमा ती शब्दहरू अश्लील होइनन्, बरू ती सम्मानबोधक शब्दहरू हुन् भनेर प्रमाणित गरिदिएका थिए । यस्ता महान् प्रतिभाको कदर नभएको देख्ता जोकोही पनि राष्ट्रप्रेमीको मन कटक्क काटिन्छ भनी निबन्धकार गुनासो गर्छन् (पूर्ववत् : ३०-३१) ।

निबन्धकारले साहित्यकार झपटबहादुर राणालाई अति धेरै लेख-रचनाको सिर्जना गर्ने व्यक्तिका रूपमा उल्लेख गरेका छन् । झपटबहादुर राणाका रचनाहरू बोराका बोरा भरियाले बोकेर छापाखानामा पुऱ्याउने गरेको, उनले आफू मात्र होइन अरूलाई पनि लेख्न प्रेरित गर्ने, अरूले लेखेका रचनालाई पढेर यस्तो राम्रो लेखेको छ भनेर अरूलाई सुनाउने र यस्तो लेख्नुपर्छ भनी हौसला दिने, त्यसैले उनी प्रेरणादायी साहित्यकार हुन् भनी **झपटबहादुर राणाका रचना बोरैबोरामा** भन्ने शीर्षकको निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ३२-३३) ।

**ऋद्धिबहादुर मल्ललाई खुट्टो भाँच्ने चाहना** शीर्षकको निबन्धमा मञ्जुश्रीले ऋद्धिबहादुर मल्लको बाल्यकाल कति दुःख-कष्टसँग बितेको थियो, आर्थिक विपन्नताका कारण बच्चाहरूले मिठाइ खान, आफ्नो इच्छाबमोजिमका चीजबीज प्राप्त गर्न आर्थिक हैसियत नभएपछि उनका भाइको रुवाइ बन्द गर्न बजारबाट किनेर ल्याएको मिठाइ आफूले नपाएको हुँदा आफू पनि खुट्टो भाँच्न उद्दत भएको प्रसङ्ग उल्लेख गरेका छन् (पूर्ववत् : ३४-३५) ।

भाषासेवी तथा साहित्यकार पारसमणि प्रधानको मान्यता थियो 'नेपाली भाषा शुद्ध लेख्नुपर्छ र शुद्ध लेख्नका लागि पहिले शुद्ध बोल्न सक्नुपर्छ ।' त्यसैले उनी जहिलेसुकै पनि अरूले बोलेका शब्द र वाक्य ध्यान दिएर सुन्थे । यसैसँग सम्बन्धित नेपाल र भारतमा भएका दुईवटा साहित्यिक कार्यक्रमका प्रसङ्गमा भएका कुरालाई निबन्धकारले उल्लेख गरेका छन् – १. काठमाडौँमा नेपाली शिक्षा परिषद्ले वरिष्ठ साहित्यकारहरूको सम्मान-कार्यक्रममा उनलाई सम्मान गरिसकेपछि उद्घोषकले 'दुई शब्द बोलिदिन' आग्रह गर्दा उनले 'उठेँ, बस्छु' भनी बसेका । त्यस्तै अर्को : दार्जिलिङमा भानुजयन्ती मनाउने कार्यक्रममा उनी प्रमुख अतिथि भएका थिए । त्यस कार्यक्रमका उद्घोषकले 'समयको ख्याल गर्दै आजको कार्यक्रमबारे सङ्क्षिप्त रूपमा मन्तव्य व्यक्त गरिदिनुहुन' भन्दा उनी उठेर 'आजको कार्यक्रम मलाई राम्रो लाग्यो' भनेर बसे । यसरी उद्घोषकका शब्द-शब्दको आफूले पालना गरेको देखाएर उद्घोषकलाई व्यङ्ग्यात्मक जवाफ दिएको कुरा निबन्धकारले उनको निबन्ध **पारसमणि प्रधान उठे अनि बसे** मा लेखेका छन् (पूर्ववत् : ३६-३७) ।

**नासो**, **सहिद**, **परालको आगो** र **बिदा** जस्ता उच्चकोटिका कथाहरूका स्रष्टा गुरुप्रसाद मैनालीको निधनको समाचार साहित्यकार र साहित्यप्रमीहरूले समयमा नपाएकोमा उनको बेवास्ता गरिएको ठानी निबन्धकारको गुनासो **गुरुप्रसाद मैनाली मरेको समाचार** मा रहेको छ । मैनाली साहित्यकारका अतिरिक्त न्यायसेवा एवं प्रशासनक्षेत्रका पनि भएका हुँदा मुख्य जिम्मेवारी कसको हो भन्ने विषयमा अन्योल रहेका कारण सञ्चारमाध्यममा सूचना नपुगेको बुझिन्छ । उनको निधन पशुपति आर्यघाटमा भएको परिवारजनबाट नाताकुटुम्ब र छरछिमेकसम्म हुँदै सर्वोच्च अदालत, त्यसपछि प्रशासनिक सेवा हुँदै सार्वजनिक भएको तर औपचारिक रूपमा सञ्चारमाध्यमलाई जानकारी दिने, शोकसन्देश दिने, समवेदना प्रकट गर्ने, शोकसभा या

श्रद्धाञ्जली-कार्यक्रमको आयोजना गर्ने कुरै नहुँदा र निकै दिनसम्म पनि उनको मृत्युको समाचारले स्थान नपाउँदा साहित्यकार र साहित्यप्रेमीले जानकारी पाउने त कुरै भएन (पूर्ववत् : ३८-३९) ।

'मन बिखुसी गराई जन्मने छोरी पैले' भन्ने हरफबाट **छोरीलाई अर्ती** भन्ने काव्य लेख्न थालेका नीलहरि ढकालले जीवनमा अनेक दुःख-कष्ट सहेका र पाँच विवाह गरे पनि छोरा नजन्मेपछि अन्तिममा छोरीकै आश्रममा शरण लिन पुगेर यस संसारलाई छोडेको कुरा निबन्धकारले **नीलहरि ढकाल हेलाको फेला परे** शीर्षकको निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ४०-४१) ।

**बालकृष्ण सममाथि हत्याको अभियोग** शीर्षक निबन्धमा चक्रपाणि चालिसेका एक मात्र छोरा लक्ष्मीनन्दन चालिसेले आई० ए० को नेपाली विषयको परीक्षामा निबन्ध लेख्ने क्रममा देशविकास गर्न नसक्ने 'नपुंसक राणा' भन्ने पदावलीले उत्तरपुस्तिका परीक्षण गर्ने बालकृष्ण समलाई अन्योल पारी प्रधानमन्त्रीलाई सो उत्तरपुस्तिका देखाउँदा लक्ष्मीनन्दनलाई राजद्रोही ठानी जेल चलान गरिएको, जेलमा बिरामी पर्दा उपचार गर्न नदिएको र उनको जेलमै मृत्यु भएर लास गनाउन थालेपछि मात्र अन्तिम संस्कारका लागि दिइएकोमा समलाई हत्याको अभियोग लगाइएको कुरा उल्लेख गरेका छन् (पूर्ववत् : ४२) ।

**माधवप्रसाद देवकोटाले दिसा गर्नै पाएनन्** शीर्षक निबन्धमा देवकोटाको दिसा गर्ने बानीले पारेको समस्यालाई उल्लेख गरिएको छ । देवकोटा एकपटक भारतको विशेष किसिमको भ्रमणमा जाँदा आफू बस्ने होटलमा खान-बस्न ज्यादै सुविधा भए पनि उनको आफ्नो बानीअनुकूलको प्यानवाला शौचालय नभई कमोठवाला भएकोमा उनलाई दिसा खुलस्त नहुँदा अनेक शारीरिक समस्या देखिई भ्रमण-कार्यक्रम नै छोडेर घर फर्केको, घरमा पुगेपछि आफू पुनः पूरै स्वस्थ भएको घटनाको वर्णन यस निबन्धमा गरिएको छ (पूर्ववत् : ४४) ।

**चित्तधर हृदयबाट कविताको किरिया** शीर्षक निबन्धमा चित्तधरलाई साहित्यको कविता विधासँग असाध्यै गहिरो प्रेम भएको देखाएका छन् । केदारमान व्यथित र उनी एकपटक एउटै जेलमा थुनिएको बेला व्यथितले कविता लेखेर राम्रो नलागी च्यातेकोमा छाक-खल्को गरेर किरिया बसेका, नुन छोडेका हुँदा व्यथित चकित भएका थिए । उनको तर्क थियो – सिर्जना आफ्नो सन्तान हो, त्यसलाई च्यात्नु र पोल्नु भनेको सन्तानलाई मार्नु र अन्त्येष्टि गर्नुसरह हुन्छ भनेर व्यथितलाई त्यस्तो नगर्ने बाचा गराएको सन्दर्भ यस निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ४६) ।

नेपाली साहित्यका प्रसिद्ध प्रगतिवादी कवि युद्धप्रसाद मिश्र वीरगन्ज सर्कल अफिस भन्ने कार्यालयमा वनजाँचको सुवेदार पदमा नियुक्त भएका थिए । उनी वनका सुरक्षाकर्मीहरूका प्रमुख

थिए । उनका मातहतमा २० जना सुरक्षाकर्मीहरू थिए । एकपटक ती २० जनालाई लिई १०-१० जनाको टोली बनाएर दुईतिरबाट जाँदा अवैध रूपमा जङ्गल फँडानी गर्ने र भारतमा लगी बेच्ने डाकाहरूको फन्दामा परी उनको नेतृत्वमा गएको टिमका आफूबाहेक सबै मारिएका र आफूलाई रूखमा बाँधेर बाघको सिकार बनोस् भनी छाडिएकोमा सामुन्नेमै बाघ आइपुगेको स्थितिमा अर्को टोलीले बाघलाई मारिदिँदा आफू बाँचेको घटनालाई मञ्जुश्रीले **युद्धप्रसाद मिश्रको डरलाग्दो दिन** शीर्षकको निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ४८) ।

वि.सं. २००० साल माघ महिनामा झरी परेको बेला नेपाली भाषा प्रकाशिनी समितिको कार्यालयमा बैठकका लागि जाँदा बाटोमा एउटा पसलमा छाता बन्द गरी चुरोट किनेर सल्काएपछि महाकवि लक्ष्मीप्रसाद देवकोटालाई चुरोटको सर्कोसँगै 'पानी' को कविता फुरेछ । छाता ओढ्नै भुलेर कविता भटभटाउँदै पानीमा भिज्दै अफिसमा पुग्दा समितिका अन्य साथीहरू हाँसेछन् । देवकोटाको कवितावाचनलाई रोक्तै बालकृष्ण समले भनेछन् – "कविजी ! छातामाथि हात, हातमाथि टाउको, टाउकोमाथि पानी । छातालाई पनि कवितालाई जत्तिकै माया गर्ने तपाईं कति ज्ञानी !" भन्ने उद्धरण सुनेपछि उनी फेरि छाताका विषयमा शार्दूलविक्रीडित, स्रग्धरा, मन्दाक्रान्ता र शिखरिणी छन्दमा फररर भाषण गर्न लागेछन् । धाराप्रवाह रूपमा भाषण गरिरहँदा डेढ घन्टा बितेपछि उनलाई हातले समातेर बेसरी हल्लाएपछि बल्ल देवकोटाको भाषण रोकिएको कुरा निबन्धकारले **लक्ष्मीप्रसाद देवकोटाको कवितामा भाषण** शीर्षकको निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ५०) ।

**योगी नरहरिनाथ घाँस पनि खान्थे** शीर्षकको निबन्धमा निबन्धकारले एकपटक भैँसालोटनमा राष्ट्रिय स्तरको कविसम्मेलनको अवसरमा त्यहाँ श्रीमतीसहित गएका कविहरूले घोडालाई खुवाउन राखिएको चना, सखर र पानी खाएर गाडीकै सिटमा रात बिताउनुपरेको अवस्थाको वर्णन गरेका छन् । कविहरू सखर र चना खाइरहेको समयमा योगीजीचाहिँ अँध्यारोमा घाँस छामछुम गर्दै दुवो टिपेर खाइरहेको कुरा उल्लेख गरेका छन् । यसरी कविहरू घोडा बनेको र योगीचाहिँ गोरु बनेको कुरा स्वयं नरहरिनाथले बताएका छन् (पूर्ववत् : ५२) ।

भीमनिधि तिवारी नेपाली साहित्यका ख्यातिप्राप्त नाटककार, कथाकार र व्यङ्ग्यकार हुन् । उनले लेखेका तीनवटा पुस्तकहरू **शिलान्यास**, **सहनशीला सुशीला** र **तितौरा-मस्यौरा** लाई त्रि. वि. ले नेपाली विषयको पाठ्यक्रममा राखेको थियो । आफैँले लेखेका पुस्तक भए पनि समयको अन्तरालले गर्दा र त्यसको पुनरवलोकन हुन छाडेपछि बिर्सिन सक्छ भन्ने कुरा भीमनिधि तिवारीलाई नेपाली विषयको आई.ए. को परीक्षामा आफ्नै कृति **शिलान्यास** र **तितौरा-मस्यौरा** का उद्धरणको सन्दर्भ र प्रसङ्ग नै बिर्सेर परीक्षामा लेख्न नसक्ता सोही कारणले अनुत्तीर्ण हुनुपरेको घटनाले पुष्टि गरेको कुरा निबन्धकारले **भीमनिधि तिवारीको नेपाली-परीक्षा** निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ५४) ।

त्यस्तै बिर्सने बानीको कुरा उनले **सिद्धिचरण श्रेष्ठबाट पाहुनाको सत्कार** शीर्षक निबन्धमा उल्लेख गरेका छन् । यस निबन्धमा युगकवि सिद्धिचरण श्रेष्ठले आफूभन्दा पछिल्लो पुस्ताका कवि वासु शशी, जोसँग उनी ज्यादै प्रभावित थिए, लाई फोन गरेर आफ्नो घरमा खाना खान बोलाएको कुरै बिर्सेर अरू कुरा मात्र गर्ने तर खाना खाने कुराको वास्तै नगर्दा वासु शशीलाई सिद्धिचरणको घरबाट निस्केर होटलमा खाना खान बाध्य तुल्याएको कुरा उल्लेख गरेका छन् । त्यसको केही दिनपछि युगकविले वासु शशीलाई पुनः फोन गरेर 'शशीबाबु ! मैले तपाईंलाई खाना खान बोलाएको कहिलेका लागि हो हँ ? भन्नुस्-भन्नुस्, म खाना बनाउन लगाउँछु । सँगै बसेर खाउँला, तपाईंका कविता पनि सुनौँला । नबिर्सीकन आउनोस् है !' भनेर बताएको कुराले साहित्यकारहरूको बिर्सने बानीलाई उजागर गरेको छ (पूर्ववत् : ५६-५८) ।

**ह्रस्वदीर्घको सवाई** र **रचनाकेशर** जस्ता प्रसिद्ध पुस्तकका लेखक, भाषाविद् तथा शिक्षासेवी गोपाल पाँडे असीम 'साढे छ मिनेट' का रूपमा पनि चिनिन्छन् । उनले 'नेपाली शिक्षा परिषद्' नामक साहित्यिक र शैक्षिक संस्था खोलेका थिए । त्यसको सञ्चालन सूर्यविक्रम ज्ञवालीलगायतका थुप्रै व्यक्तिहरू, लेखक-साहित्यकारहरू, इतिहासकारहरू, संस्कृतिविद्हरूसँग 'साढे छ मिनेट' समय भिक्षा मागेर र कसैसँग पुस्तक र कसैसँग आर्थिक सहयोग मागेर गरेका थिए । नेपाली शिक्षा परिषद् र नेपाली भाषा-साहित्यप्रति गोपाल पाँडे असीमको यत्रो ठूलो प्रेम हामी सबैका लागि अनुकरणीय रहेको कुरा **गोपाल पाँडे असीम र साढे छ मिनेट** नामक निबन्धमा उल्लेख गरिएको छ (पूर्ववत् : ५९) ।

निबन्धकारले **नयराज पन्तको रकेट-अभियान** शीर्षक निबन्धमा पञ्चायतकालीन सामन्ती शाही सत्ताले राजपरिवारका सदस्यहरूको नाक काटिने र नेपाली जनताका छोरा प्राध्यापक एवं कवि नयराज पन्तको इज्जत बढ्छ भन्ने डरले नेपाली दस करोड रुपियाँको लागतमा ५ वर्षभित्रैमा अन्य ग्रहमा पुऱ्याउन सकिने रकेट-अभियान त्यसै तुहाइदिएको कुरा उल्लेख गरेका छन् । नयराज पन्तले अथर्ववेद, धनुर्वेद, ज्योतिषशास्त्र, गणित र वैज्ञानिक उपकरण आदिको सहायताद्वारा अन्य ग्रहमा रकेट पुऱ्याउन सकिने कुरा थाहा पाएका थिए । उनले आफ्नो घरलाई प्रयोगशाला नै बनाएका थिए । प्रत्येक वर्ष लिने गरेको रकममा अलिकति मात्रै कटौती गरिदिँदा दस करोड रकम जुट्न सक्ने थियो तर त्यसो हुन सकेन । नयराजको बिन्तीपत्रमा सुनुवाइ भएन । नयराज निराश बने, प्रयोगशाला बन्द भयो, सामानहरू त्यत्तिकै सडे, बिग्रिए । त्यो अभियान सफल हुन नसकेकोले विज्ञानका क्षेत्रमा नेपाल अहिलेसम्म पछाडि नै छ भन्ने धारणा निबन्धकारले व्यक्त गरेका छन् (पूर्ववत् : ६१-६२) ।

**भवानी भिक्षुलाई स्त्रीलम्पट भनिन्थ्यो** शीर्षक निबन्धमा निबन्धकारले नेपाली साहित्यका कथाकार एवं उपन्यासकार भवानी भिक्षुको चरित्रका बारेमा लगाइने गरेका आरोप, आक्षेप र

टीका-टिप्पणीका बारेमा उल्लेख गरेका छन् । उनलाई महिलाका विषयमा विवादास्पद र चर्चित रहेको बताएका छन् । जे-जति र जे-जस्ता आरोप लगाए पनि, उनलाई 'स्त्रीलम्पट', 'लेडीकिलर' र 'प्रेमविशेषज्ञ' आदि जे भने पनि उनका साहित्यिक कृतिको अध्ययन ज्यादै रुचिका साथ गरेको पाइन्छ । त्यसैले उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई कसैले आँखा चिम्लन सक्तैन, उनको योगदानलाई कसैले कम आँक्न सक्तैन (पूर्ववत् : ६३-६५) ।

निबन्धकारले **बी.पी. कोइरालाको घाउको अप्रेसन** शीर्षकको निबन्धमा मानिसले जेजति सहन सक्ने क्षमताको विकास गर्न सक्छ, त्यति नै महान् बन्छ भन्ने कुरा बताएका छन् । **केदारमान व्यथित अलच्छिना पदुवा** शीर्षकको निबन्धमा व्यावहारिक कारणले जेजस्तो दुःख, कष्ट, गाली, लान्छना पनि सहन बाध्य हुन्छ भन्ने कुरा बताएका छन् । त्यसै गरी **केशवराज पिँडालीको टाँकको करामत** शीर्षकको निबन्धमा साहित्यकारहरूको खराब लत र त्यस लतले पारेको समस्यालाई हास्यव्यङ्ग्यात्मक रूपमा यथार्थ कुरा व्यक्त गरेका छन् । **गुणराज उपाध्यायबाट भगवान्को अतिभक्ति** निबन्धमा कोही-कोही साहित्यकार भगवान्प्रति कति धेरै भक्तिभाव राख्छन् र त्यही भक्तिभावका माध्यमबाट आफ्नो जिजीविषा चलाएका हुन्छन् भन्ने कुरा व्यक्त गरेका छन् भने **गोपालप्रसाद रिमालको सपनाको फल** निबन्धमा नेपाली साहित्यको गद्यकविता विधामा शिखर स्थान ओगट्ने कवि रिमाल आफ्नो सर्वोत्तम कविता **आमाको सपना** लाई कति ठूलो लक्ष्य, उद्देश्य र यथार्थको धरातल मानेका रहेछन् भन्ने कुरा आफूले सोचेबमोजिम आमाको सपना अर्थात् देशको, सर्वसाधारणको सपना पूरा हुन नसकेकामा आफैँ पागल हुन पुगेकाबाट पुष्टि भएको बताउँछन् (पूर्ववत् : ६६-७५) ।

निबन्धकार हरि मञ्जुश्रीले **चूडानाथ भट्टरायबाट छोरीलाई कापी दाइजो** निबन्धमा कोही-कोही साहित्यकार आफ्ना सन्तानमध्ये छोरीलाई कति धेरै माया गर्दा रहेछन् र त्यो अति धेरै माया गरेको वस्तु गुमाउनुपर्दा कसरी विक्षिप्त बन्न पुग्दा रहेछन् भन्ने कुरा बताएका छन् ( पूर्ववत् : ७६) ।

**जनकलाल शर्माबाट कथामाथि बयान** निबन्धमा पञ्चायतकालमा सुप्रसिद्ध निबन्धकार एवं कथाकार जनकलाल शर्माको यौनलाई प्रतीक बनाएर **मधुपर्क** मा प्रकाशित कथाका विषयमा **गोरखापत्र** का तत्कालीन सम्पादक गोपालप्रसाद भट्टराई र जनकलाल शर्मालाई तत्कालीन सञ्चारसचिवले लिएको बयानबारे उल्लेख गरेका छन् भने **पूर्णप्रसाद ब्राह्मणलाई पिसाब खान दिइयो** शीर्षक निबन्धमा वि.सं. २००४ मा 'जयतु संस्कृतम्' नामक आन्दोलनका नायक, साहित्यिक एवं राजनीतिक क्षेत्रमा चर्चित व्यक्तित्व पूर्णप्रसाद ब्राह्मणलाई वि.सं. २००९ साल साउन १६ गतेको टुँडिखेलको विशाल आमसभामा तत्कालीन सरकारले स-साना पार्टीहरूप्रति अन्याय भएको भन्ने विषयमा विरोध गरेको आरोपमा पक्राउ परेका ब्राह्मणलाई थुनामा पर्दा प्रहरीद्वारा दिइएको यातना र अपमानको वर्णन गरेका छन् (पूर्ववत् : ७९-८२) ।

निबन्धकारले **अम्बिकाप्रसाद अधिकारीबाट एउटैलाई २७ वर्ष** शीर्षकको निबन्धमा राजकीय संस्कृत प्रधान पाठशालाका प्राध्यापक, राजसभा स्थायी समितिका सदस्य र बडागुरुज्यू पदमा नियुक्त भएका अम्बिकाप्रसाद अधिकारीले २०१७ मा सुरु गरेको **गीतालोकभाष्य** नामक कृति लेख्न २०४४ सम्म अर्थात् २७ वर्ष लागेको बताएका छन् । एउटै कृति लेख्न यतिको समय लागेकामा निबन्धकार मात्र नभई जोकोही पनि अचम्ममा पर्नु स्वाभाविक देखिन्छ । उनले प्रत्येक दिन केही न केही लेख्तै, थप्तै, मेट्तै, सच्याउँदै गरेर उक्त कृति निस्क्यो र सोही वर्षको गुणराज पुरस्कारसमेत प्राप्त गऱ्यो (पूर्ववत् : ८३) ।

**लैनसिंह बाङ्देलको घाइते खुट्टो** निबन्धमा बाङ्देलले उट्पट्याङ गरी सुरो देखिन खोज्दा स्प्रिटमा आगो पर्दा कोठै बलेको र आफ्नै खुट्टो जलेको, त्यसको उपचार गर्दा पनि निको नभएको र सत्यनारायणको भाकल गरी पूजा गरेपछि बिस्तारै निको हुँदै गएकोले उनको जीवनभर वर्षेनी सत्यनारायणको पूजा लगाइने गरेको घटना एवं बाँसका टुप्पाबाट खसेको घटना उल्लेख छ (पूर्ववत् : ८५) । **विजय मल्ललाई झन्डै मारेको कट्टुले** निबन्धमा कस्सिएको कट्टु र साँगुरो पाइन्टले अण्डकोष थिचिँदा उत्पन्न हुने शारीरिक पीडा र अस्वस्थताको विषयलाई निबन्धात्मक स्वरूप दिएका छन् (पूर्ववत् : ८७) । **गोमाको बाबू खैरो बिरालो** निबन्धमा अपूर्ण एवं अस्पष्ट पदावलीले पार्ने अन्योल र आशङ्काको विषयलाई निबन्धात्मक रूप दिएका छन् भने बिरालोको निधनमा दुःखी बनेको देखाएका छन् । **भरतराज मन्थलीय चुनाव हारेर छक्क** निबन्धमा जोकोही पनि जति ठूलो विद्वान् एवं प्रतिष्ठित भए पनि जनताका माझमा परिचित नहुँदा कस्तो परिणाम आउँदो रहेछ भन्ने कुरा बताएका छन् (पूर्ववत् : .....) ।

निबन्धकार हरि मञ्जुश्रीले **दौलतविक्रम बिष्टको पहिलो विवाह** शीर्षक निबन्धमा दौलतविक्रम बिष्टको विवाह भएको तीन महिनामै छोरो जन्मेको घटना र त्यही छोरोबाट झन्डै उनको ज्यान गएको विषयलाई रोचक ढङ्गले उल्लेख गरेका छन् । **कुलचन्द्र कोइरालाका कथाहरूमाथि ढलान** निबन्धमा नेपाली साहित्यका विख्यात व्यक्तित्व एवं सांस्कृतिक अनुसन्धाता कुलचन्द्र कोइरालाका १६ वटा कथाहरूको सङ्ग्रह, जसलाई अमूल्य प्राप्तिका रूपमा स्वीकार्न सकिने थियो, लाई पञ्चायतकालीन कुशासनका कारण घरको ढलान गर्ने काममा प्रयोग गरिएको घटनालाई कथ्य विषय बनाएर निबन्धात्मक रूप दिएका छन् । त्यस्तै **शङ्कर कोइरालाबाट चोरलाई पुरस्कार** शीर्षक निबन्धमा कोइरालाको कोटको खल्तीबाट पैसा चोरिसकेपछि उनी साहित्यकार भन्ने थाहा पाएपछि चोरिएको पैसा फिर्ता दिन खोज्दा उनले घर फर्कने भाडा मात्र लिएर बाँकी पैसा चोर्नेलाई नै पुरस्कारका रूपमा दिएको घटनालाई कथ्य विषय बनाएर निबन्धात्मक रूप दिएका छन् (पूर्ववत् : ९३-९८) ।

मानिस जेजति दुःख, कष्ट, पीर र व्यथा भोग्नुपरे पनि इच्छाशक्ति प्रबल भएमा सफलताको शिखर चुम्न सक्छ भन्ने सन्देश **गोकुल जोशीले उज्यालो चोरे** शीर्षक निबन्धमा उल्लेख गरेका

छन् । यसमा गोकुल जोशीले सानो उमेरमा आफ्नो घरमा टुकी बालेर पढ्न पनि नसक्ने आर्थिक दुरवस्थाका कारण छिमेकीको घरको ढोकाको छिद्रबाट आएको उज्यालोको प्रयोग गरी पढेर पछि 'भोकभोकै मर्न लागे कवि-कलाकार, तड्पाएर नमारिदेऊ झुन्ड्याएर मार' जस्ता मन-मुटु छुने गीत लेख्ने जनकवि अर्थात् शोषित, पीडित, निरीह, अशिक्षित जनताका पीर, विरह-वेदना, आँसु, सुस्केरा आदिका विषयमा लेख्ने महान् व्यक्तित्व बनेको कथ्य विषय यस निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ९९) ।

**डा. गणेश भण्डारीले खुवाएको त्यो भोज** शीर्षक निबन्धमा भोजका लागि आफ्नो घरमा आमन्त्रित साहित्यकार २०-२५ जना साथीहरूलाई जम्मा पारेर आफ्ना २-३ वटा कविता सुनाएर १-१ कप चिया खुवाएका, एकजना साथीले खानेकुराको प्रसङ्ग उठाउँदा उनले 'हाम्रा लागि कथा-कविता नै स्वादिष्ट व्यञ्जन हुन् जसले मानसिक शक्ति दिन्छ' भन्ने जवाफ दिएको बताएका छन् । यस्तो भोजको विषय नै यस निबन्धको कथ्य विषय रहेको छ (पूर्ववत् : १०१-१०२) ।

मानिस जतिसुकै प्रतिभाशाली भए पनि त्यसको सही उपयोग हुन नसकेमा कुलतमा फस्न सक्छ । कुलतले आर्थिक स्थिति झन् गिर्दै जान्छ भन्ने कुरा निबन्धकारले **हरिभक्त कटुवाल र भट्टी, पैसा, कविता** शीर्षक निबन्धमा व्यक्त गरेका छन् । यसमा 'मलाई नसोध कहाँ दुख्छ घाउ' जस्ता गीत र 'मन त ढुङ्गाकै भए असल हुन्छ' जस्ता कविता लेख्ने हरिभक्त कटुवालको नेपाली नागरिकताको प्रमाणपत्र नभएका कारण नेपाली भाषा-साहित्यप्रति औधी प्रेम भए पनि मानसिक असन्तुष्टिले रक्सीको सहारा लिन पुगेको बताउँछन् (पूर्ववत् : १०३) ।

**भूपी शेरचनलाई आमाटोकुवा आरोप** शीर्षक निबन्धमा भूपी औँसीको दिनमा जन्मनु र उनको जन्म भएपछि उनकी आमा बिरामी हुन थालेर मृत्यु भएकाले उनलाई आमाटोकुवाको आरोप लगाइनु र परिवारको माया-ममता नपाएको, बाल्यकाल अनेकौँ मानसिक यन्त्रणामा गुज्रेको कारण विद्रोही बनी मार्क्सवादपट्टि आकर्षित हुनुका साथै रक्सीसेवनमा लागेको विषयलाई आधार बनाएर निबन्ध लेखेका छन् (पूर्ववत् : ..... ) ।

कुनै-कुनै गीत-कविताले मृत्युलाई पनि तर्काउँदो रहेछ भन्ने कुरा **वासु शशीलाई मर्न दिएन गीतले** शीर्षक निबन्धमा व्यक्त गरेका छन् । आमाको मृत्युले उनलाई दिएको असह्य पीडा खप्न नसकी कोठाभित्र पसेर झुन्डिएर आत्महत्या गर्न लाग्दा सिद्धिचरण श्रेष्ठको शब्द र फत्तेमानको सङ्गीतको गीत 'सङ्कट पर्दछ मानिसलाई ढुङ्गालाई के पर्छ, असिना आई फूलबारीकै फूलहरू पहिले झार्छ, जसको छाती जति विशाल सङ्कट त्यति नै उसलाई, गोली लाग्दछ बापूमा नै केही हुँदैन अरूलाई' ले उनको आत्महत्या टाऱ्यो (पूर्ववत् : १०७) ।

**पारिजातको अभूतपूर्व सम्मान** शीर्षक निबन्धमा जन्मघर दार्जिलिङ, कर्मघर नेपाल भएकी पारिजातलाई कालिम्पोङमा सम्पूर्ण विद्यालय बन्द गराएर बाटो-घाटोको सरसफाई, स्वागतद्वार, तुल, माला, खादा अर्पण गरेका घटनाले उनलाई जीवनभर प्रेरित गरिरह्यो । यो जनस्तरबाट भएको पहिलो भव्य सम्मान थियो भने अर्को उनको मृत्युपछिको अन्त्येष्टिकार्यमा महिलाले नै लास बोकेको, पुरुषलाई छुनै नदिएको, उनको ल्याप्चे, पुस्तक र हस्ताक्षर किन्न खोजेको तर आवश्यक मात्रामा नपुग्नुले उनीप्रति कति माया रहेछ भन्ने कुरा बताएका छन् (पूर्ववत् : १०९) ।

निबन्धकारले **विष्णु नवीनको सुरा, सारी र सर्प** शीर्षक निबन्धमा आर्थिक दुरवस्था, साहित्यकारको उपेक्षा, साहित्यिक कृतिहरूको उचित मूल्याङ्कन नहुनु र आफ्नो महत्त्वाकाङ्क्षाको पूर्ति नहुँदा मानिस केकस्तो अवस्थामा पुग्छ भन्ने कुरा देखाएका छन् । इलाम जिल्लाका कवि विष्णु नवीन तीन 'स' का लागि प्रसिद्ध रहेको बताएका छन् । पहिलो 'स' सुरा हो । उनी सुरापान नगरी कविताबाचन गर्न नसक्ने । दोस्रो 'स' सारी हो । यसमा उनले टाउकोमा टोपी, हातमा चुरा र सारी लगाएर काठमाडौं आएर साहित्यकारका माझमा आफ्नो विद्रोहको स्वरूप र बोली व्यक्त गरेको घटना । अनि तेस्रो 'स' सर्पमा उनलाई पछि-पछि रक्सीले नसा दिन छाडेपछि आफ्नो शरीरमा सर्पलाई टोकाएर विषले लट्ठिन्थे भनी उल्लेख गरेका छन् (पूर्ववत् : १११) ।

साहित्य र साहित्यिक पत्रकारिता क्षेत्रका आदरणीय व्यक्तित्व उत्तम कुँवर आफ्नो पत्रिका **रूपरेखा** र साहित्यप्रति कति डुबेका थिए भन्ने कुरा निबन्धकारले **उत्तम कुँवर रोएको त्यो साँझ** निबन्धमा उल्लेख गरेका छन् । **रूपरेखा** को कार्यालयमा एक साँझ बालमुकुन्ददेव पाण्डे, भूपी शेरचन, शङ्कर लामिछानेलगायतका साहित्यकारहरूको बसाइमा रक्सी लाग्दै जाँदा उनले भनेका कुरा र एक-आपसमा भएको सम्वादलाई विषयवस्तु बनाएर निबन्धकारले उत्तम कुँवरको रुवाइलाई भावनामा बगेको र साहित्य र साहित्यिक पत्रिकाको प्रेम, माया कति रहेछ भनी देखाएका छन् (पूर्ववत् : ११३) ।

**दुई कोपिला** (२०२१), **परिवेश** (२०३६), **अल्झो** (२०४०), **अवतार विघटन** (२०४५), **आजको मान्छेको कथा** (२०४६), **आजको मान्छेको कविता** (२०४५) आदि कृतिका कृतिकार कुमुद देवकोटाले आफ्ना बाबु मधुसूदन देवकोटाका तीनवटी श्रीमतीको आपसी कलह र आफ्नी आमालाई हेला गरेकोमा घर छाडेका कुमुदले सानो उमेरमा बाँच्नका लागि गरेको दुःख, कष्ट र पीडालाई विषयवस्तु बनाएर लेखिएको निबन्ध हो **कुमुद देवकोटा इँटाभट्टाका मजदुर** । कुमुदले १३ वर्षकै उमेरमा आफैँ दुःख, कष्ट गरेर आमालाई पाल्ने आँट गरी घरबाट निस्केर आफ्ना ३ सन्तानलाई समेत डेरामै हुर्काएको कुरासमेत उल्लेख गरेका छन् (पूर्ववत् : ११६-११८) ।

**श्रीविक्रम राणा वेश्यालयमा थुनिए** शीर्षक निबन्धमा 'नभनिदेऊ मेरो ओठको लाली चोरी लग्यो भनेर', 'मेरी सोल्टी' र 'ठूला-ठूला घर छैन' जस्ता प्रसिद्ध आधुनिक गीत लेख्ने चर्चित

गीतकार श्रीविक्रम राणाको जीवनका आरोह-अवरोहका क्रममा रक्सीको कारण वेश्यालयमा थुनिएको घटनालाई विषयवस्तु बनाएर निबन्धात्मक रूप दिएका छन् (पूर्ववत् : ... ) भने हिँड्दा खोच्याउने तर मानसिक र बौद्धिक रूपमा सुदृढ, कलम र कुचीप्रति, कापी र रङ्गप्रति इमानदार कवि र चित्रकार जीवन आचार्य, जीवनको रथलाई अगाडि बढाउने क्रममा सङ्घर्षशील रहने, स्वाभिमानी स्वभानका आचार्य काठमाडौँ अनामनगरमा डेरा गरी बस्ता त्यस टोलको बदमास केटो, जसले उनलाई जिस्क्याउने र दुःख दिने गर्थ्यो, त्यो लडेर घाइते हुँदा आफूले उपचार गराएको घटनालाई विषयवस्तु बनाएर लेखिएको निबन्ध हो **जीवन आचार्यबाट काँडाको जवाफ फूलले** (पूर्ववत् : ... ) । यो नै यस कृतिको अन्तिम निबन्ध हो ।

नेपाली साहित्यको निबन्धविधामा देखिएका कृतिहरूमध्ये **अनेक स्रष्टा अनेक प्रसङ्ग** ले विशिष्ट स्थान ओगट्ने देखिन्छ । यसमा नेपाली साहित्यमा विशिष्ट योगदान दिई विशिष्ट स्थान बनाएका दिवङ्गत तर प्रेरणादायी व्यक्तित्वहरूका साहित्यिक र असाहित्यिक घटनाहरूको सङ्ग्रह पाठकहरूले सायदै पढ्न पाएका होलान् । यस सङ्ग्रहभित्रका ५३ वटै निबन्धलाई हेर्दा पाठकलाई पनि अनेक खालको अनुभव एवं प्ररणा प्रदान गर्ने लाग्छ । यस सङ्ग्रहका लेखक निबन्धकार हरि मञ्जुश्रीको गहन अध्ययन, अनुसन्धान, सूचनाको पर्याप्तता र भाषाशैलीमा देखिएको चामत्कारिक दक्षताले गर्दा सम्बन्धित प्रसङ्गले सम्बन्धित लेखकको सम्बन्धित प्रसङ्गको वृत्तचित्र हेरेजस्तो अनुभूति हुन्छ । त्यसैले यो कृतिलाई सर्वोत्कृष्ट मान्न सकिन्छ भने निबन्धका तत्त्वका आधारमा **गोपालप्रसाद रिमालको सपनाको फल** निबन्ध उत्कृष्ट मानिन्छ ।

**काभ्रेका केही कर्मयोद्धा, पहिलो भाग** निबन्धसङ्ग्रहमा निबन्धकार हरि मञ्जुश्रीले बनेपाबाट प्रकाशित हुने **मध्यमार्ग साप्ताहिक** को 'अनुभूति' स्तम्भमा २०६३ चैत्र १८ देखि २०६४ असोज २० गतेसम्ममा प्रकाशित व्यक्तिपरक निबन्धहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहमा २४ जना साहित्यकार, पत्रकार, समाजसेवी, विद्यार्थी, शिक्षक, व्यवसायी आदि विभिन्न क्षेत्रका जीवित व्यक्तिहरूका विषयमा २३ वटा निबन्धहरू लेखिएको छ । यस सङ्ग्रहका २३ वटा निबन्धहरूको क्रम कर्मयोद्धाहरूको नामको पहिलो वर्णका आधारमा राखिएको छ । यी कर्मयोद्धाहरू राष्ट्रिय स्तरका नभए पनि आफ्नो कर्मभूमि काभ्रे जिल्लामा राम्ररी काम गरिरहेका, सामाजिक प्रतिष्ठा प्राप्त गरेका व्यक्तिहरू हुन् । यी व्यक्तिहरू निबन्धकारका सहकर्मी, कर्मयोद्धा एवं क्रान्तिकारी व्यक्तित्व भएकाले तिनैको विषयको अनुभूति नै यो सङ्ग्रह हो ।

यस सङ्ग्रहको पहिलो निबन्ध **आर.सी. विरहीलाई माथि उठ्नै पुगेन** मा 'यो अपाङ्गले चाकरी गरेरै पुरस्कार थाप्यो, कवितामा केको निष्पक्ष मूल्याङ्कन हुन्थ्यो' भनी कसैले गरेको टिप्पणीप्रति निबन्धकारलाई तीनवटा तीर 'अपाङ्ग' शब्दप्रति, मानसिक दरिद्रता र क्षुद्रताको परिचय 'चाकरी' शब्दप्रति, निर्णयकर्ता साहित्यकारप्रति गरेको अपमान र 'निष्पक्ष मूल्याङ्कन नभएको' भन्ने टिप्पणीप्रति अक्षरप्रेमीहरूको अपमान हो भनी उल्लेख गरेका छन् । निबन्धकारले

यस निबन्धमार्फत गद्यकविता र बालगीतहरूमा भावना खुल्ने गरेका, टिप्पणी र समालोचना, शिक्षणपेसाबाट जीविकोपार्जन गर्ने विरहीलाई अझै उडान भर्ने सुझाव दिएका छन् (मञ्जुश्री, २०६४ : १२) ।

दोस्रो निबन्ध **उद्धव तिमिल्सिना उद्धव तिमिल्सिनाजस्तै** मा उमेरले किशोर भए पनि काम र व्यवहारले परिपक्वता देखाएका, बिहान ४:३० बजेदेखि साँझ ८:३० बजेसम्म व्यस्त रहन्छन् । आफ्नो पढाइ, आफ्नै कार्यालय 'बनेपा कम्प्युटर एन्ड एजुकेसन सेन्टर' (बीसीईसी), 'क्याफ नेपाल' भन्ने सामाजिक संस्था खोलेर सामाजिक र शैक्षिक उत्थानका लागि खटेका छन् । आत्मविश्वास र प्रबल इच्छाशक्ति राखेर उद्देश्य ठूलो राख्ने र काम सानोबाट सुरु गरी अहिलेको बेरोजगारी हटाउन सकिने सुझाव उनको रहेको छ । ढुङ्गो पनि हन्डर-ठक्कर खाएर, थिचिएर, किचिएर, पेलिएर, नेप्टिएर, गुम्सिएर र पाकेर हीरा बन्छ, हीरा बनेपछि बहुमूल्य हुन्छ, जीवन पनि त्यस्तै हो भन्ने उनको धारणा रहेको छ (पूर्ववत् : १५) ।

तेस्रो निबन्ध **केशव अर्याल : नचिनिनु नै चिनारी** मा दुई दशकअगाडि छापाखानामा देखिएका र पछि घरमै परिचय गरिएका केशव अर्यालसँग निबन्धकारको गाढा सम्बन्ध स्थापित भएको बताएका छन् । विद्यार्थी-जीवनमा मङ्गलसिद्धि मानन्धर, मोहनचन्द्र अधिकारी, महेश्वरमान श्रेष्ठका सहपाठी, अनेरास्ववियुका संस्थापक, त्रिचन्द्र कलेजका विद्यार्थी नेताका रूपमा चिनिने केशव अहिले 'लभ ग्रीन नेपाल' र 'नेक्स्ट जेनेरेसन रेसिडेन्सियल एकेडेमी' सँग मात्र जोडिएका, प्रकाशक, विश्लेषणात्मक र चिन्तनप्रधान लेखका लेखकका रूपमा रहेका छन् । उनी राजनीति, लेखन, समाजसेवा र शिक्षा गरी ४ विषयमा संलग्न रहेर पनि नजानेजस्तो, नगरेजस्तो देखिनु नै उनको चिनारी बनेको बताएका छन् (पूर्ववत् : १९) ।

चौथो निबन्ध **गोविन्दबहादुर थापा नै उदाहरण** मा थापाले बडप्पन नदेखाउनु नै उनको वास्तविक बडप्पन हो भनेका छन् । उनी शिक्षणपेसाबाट निवृत्त भएर पनि आफ्नो सीप, अनुभव, ज्ञान र सद्विचार छन्दोबद्ध कवितामार्फत पोखिरहने, सामाजिक रूपान्तरणको लागि जुटिरहने, आत्मबल र आत्मविश्वासका साथ पछिल्लो पुस्तासँग कुम जोड्दै जोस र जाँगरका साथ अगाडि बढ्ने, साहित्यप्रेमी, समाजसेवी, काभ्रेली युवाको नैतिकता हुने विचार व्यक्त गरेका छन् (पूर्ववत् : २३) ।

पाँचौं निबन्ध **चन्द्रबहादुर खड्काको सेवामुखी सक्रियता** मा चन्द्रबहादुर खड्का 'सुभाष स्मृति प्रतिष्ठान' का माध्यमबाट सीपविकास, आर्थिक सहयोग, रोजगारी, औषधोपचार जस्ता सेवा प्रदान गराउने, गीत-कविता लेखन र प्रकाशनमा लाग्ने व्यक्ति पनि शाही सत्ताको बेला पनौती न.पा. को मेयर पदको मनोनयनमा स्वीकृति दिनुलाई समयानुकूल निर्णय गर्न नसकेको आत्मस्वीकृतिले पुनः जनताकै पङ्क्तिमा उभिने आशय व्यक्त गरेको बताएका छन् । सरकारी

सेवाको विभिन्न पदको जिम्मेवारी सम्हाल्दै प्रथम श्रेणीको अधिकृत पदबाट अवकाश पाएका खड्कालाई हामीले राम्ररी दुहुन जान्नुपर्छ भन्ने धारणा निबन्धकारको छ । सबै खालको अनुभव बटुलेका खड्काले सामाजिक सेवाका लागि संस्था खोल्नु, अक्षयकोष राखिदिनु, संस्थागत रूपमा कार्यक्रम सञ्चालन गर्नु, जनसेवाका लागि निरन्तर लागिरहनु उनका आदर्श कार्य हुन् । बैगुन छाडी गुनको प्रशंसा गर्नुपर्छ भन्ने आफ्नो धारणा राखेका छन् (पूर्ववत् : २७) ।

छैटौँ निबन्ध **जयकृष्ण न्हसिजू नामविनाको नाम** मा जयकृष्ण भूमिगत समाजसेवी, मोफसलको पसल, फसलको पनि पसल, व्यापारी भएर पनि समाजसेवाका नमुना, धुलिखेलमा अक्षरको खडेरी परेकोमा चिन्तित, 'हरिकृष्ण न्हसिजू स्मृति प्रतिष्ठान' सँग आबद्ध, आफ्ना समाजसेवी पिताको इच्छा पूरा गरेर समाजविकासमा योगदान पुऱ्याउने व्यक्तिका रूपमा चिनाएका छन् । काम गर्ने तर जस लिन नचाहने, पुस्तक सिर्जना गरौँ, साहित्यिक सम्मेलन गरौँ, विशिष्ट व्यक्तिको सालिक राखौँ, केही न केही गरौँ भन्ने सामूहिक हितको भावनाबाट काम गरौँ भन्ने भावना भएका झन्डै-झन्डै अनामजस्तै व्यक्तिका रूपमा निबन्धकारले उनलाई चिनाएका छन् (पूर्ववत् : ३१) ।

सातौँ निबन्ध **टी.पी. शर्मा, राजनीति र अक्षर** मा टी.पी. शर्माका अनुकरणीय कार्यका विषयमा उल्लेख गरेका छन् । २०३६ सालको विद्यार्थी आन्दोलनका लागेका टी.पी. शर्मा आर. आर. क्याम्पसका जोसिला युवा हुन् र ईश्वर शर्मा, टी.पी. सुब्बा, चण्डी कार्की, महेश नेपाल, गोपाल शिवाकोटीहरूजस्तै लेखकका मित्र हुन् । भवानी घिमिरेको नेतृत्वको सडक-कविता-क्रान्तिमा, २०४६ को आन्दोलनमा, २०४८ र २०५१ को आमनिर्वाचन र मध्यावधि निर्वाचनमा काठमाडौँ क्षेत्र नं. १ मा सक्रिय रहेका, पछि जिल्लातिर फर्केका थिए । **पोल्ट्री मञ्च** पत्रिकाका माध्यमबाट ख्याति आर्जन, १५४ राष्ट्रमा फैलिएको वर्ल्ड पोल्ट्री साइन्स एसोसियसनको नेपाल च्याप्टरका संयोजक, त्यसैको जर्नलको नेपाल सम्वाददाता, साउथ एसिया पोल्ट्री फेडेरेसनमा नेपालका तर्फबाट सन् १९९८ देखि प्रतिनिधि, २०४५ सालदेखि हालसम्म उनी नेपाल-भारत कृषि अनुसन्धान पत्रकार सङ्गठनको नेपाली प्रतिनिधि, ११४ वटा सामान्य अङ्क, ५४ वटा बुलेटिन र ५ वटा विशेषाङ्क निकालेका छन् उनले । यसका अतिरिक्त उनले पार्टीका लागि समय दिनु, 'नेपाल पत्रकार महासङ्घ' र 'प्रेस चौतारी' मार्फत पत्रकार व्यक्तित्वलाई अक्षरहरूका माझमा समेत केही समय बिताउन सके राम्रो हुने सल्लाह दिन्छन् निबन्धकार (पूर्ववत् : ३५) ।

आठौँ निबन्ध **तुतुकाजी प्रणामी श्रेष्ठ चौँसट्ठीवर्षे तन्नेरी** मा तुतुकाजीको अनुकरणीय साहस र जाँगरका बारेमा उल्लेख गरेका छन् । जातिले नेवार, पेसाले व्यापारी, धार्मिक सम्प्रदाय श्रीकृष्णप्रणामी, रुचि अक्षरकर्म, एकीकृत विकास केन्द्र नेपालका सहयात्री र सहयोगी हुन् तुतुकाजी । उनी ५ कक्षासम्म मात्र पढेका, व्यवहारकुशल, व्याकरण, छन्द र पत्रकारिता सिकेका कृतज्ञ व्यक्ति हुन् । एकीकृत विकास केन्द्र नेपालले सँगिनी समूह क्लबसँग मिलेर सञ्चालन

गरेको कम्पोस्ट मल बनाउने तालिममा सक्रिय सहभागी भएर त्यसको ज्ञानबाट **फोहोरमा मोहोर** भन्ने पुस्तिकाको प्रकाशन, पत्रकारिता प्रशिक्षण शिविरका सहभागी, नेपाली भाषा शिविरमा र छन्द प्रशिक्षण शिविरमा सहभागिता जनाउनेलगायत २ दर्जनजति पुस्तक लेखेर छपाउनु साहसिक र जाँगरिलो कार्य हो (पूर्ववत् : ३९) ।

नवौँ निबन्ध **दिनेश सेवाचार्यको पुनरागमन** मा रोयल मर्चेन्ट बैङ्किङ्ग एन्ड फाइनान्स लिमिटेडमा संलग्न, निबन्धकार, कवि, साहित्यका अतिरिक्त सामाजिक काम गर्ने, आफ्ना पिताका नाउँमा अक्षयकोष र चालु पूँजी राखिदिने, त्यसबाट साहित्यिक पुरस्कार र गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने सुझाव निबन्धकारले दिनेश सेवाचार्यलाई दिएका छन् (पूर्ववत् : ४३) ।

दसौँ निबन्ध **प्रकाशबहादुर कायस्थको प्रकाश** मा **सुखका लागि परिवर्तन** पुस्तक उन्नत र सचेत समाजप्रतिको परिकल्पनाको एउटा बिम्ब हो भन्ने, मनोक्रान्ति अभियानमा संलग्न एक रेकी मास्टर हुन् प्रकाशबहादुर कायस्थ । उनीसँग रेकी उपचार र प्राकृतिक चिकित्साको पक्ष, मनोक्रान्ति अभियान, पुस्तक-लेखन, समाजसेवा र चेतना-विस्तार गरी सोको फाइदा लिन सक्नुपर्ने कुरा यस निबन्धमा उल्लेख गरिएको छ (पूर्ववत् : ४७) ।

एघारौँ निबन्ध **प्रदीप के.सी. सँगको सोमबारको रात** मा बीस वर्षअगाडिको दुःखको कुरा स्मरण गरेका छन् । प्रदीप के.सी. साथमै रहेका बेला २०६३/१५/१३ गते **नेपालभूमि साप्ताहिक** का सम्पादक-प्रकाशक रामचन्द्र हुमागाईंसँगको फोनवार्ताले सम्झाएको २० वर्षअगाडिको सोमबारको रात हो । मैतीदेवी चोकनेर रहेको पञ्चकुमारी छापाखानामा साहित्यिक स्तम्भकार र प्रुफरिडर मञ्जुश्री, मुद्रण सहयोगी के.सी., तलब क्रमशः प्रति अङ्क १०० र प्रतिमहिना रु. ३००/- रातको खाना दालमोठ, चिउरा र पानीले भोलिपल्टको पखाला अर्थात् त्यो बेलाको दुःख र कष्टभोगाइको स्मरण गरेका छन् (पूर्ववत् : ५१) ।

बाह्रौँ निबन्ध **भारती श्रेष्ठ : श्रेष्ठ भारती** मा सारस्वतकर्म मन, बुद्धि, विवेक, ज्ञान, शिल्प, कौशल आदिमा बृद्धि गर्न साहित्यको लेखन, सम्पादन, प्रकाशन, अध्ययन, चिन्तनमनन आदि गर्ने व्यक्तिको नाउँ भारती र त्यस्तो खालको कर्म श्रेष्ठ हो । यी मिलेको व्यक्तिको नाउँ भारती श्रेष्ठ हो । साहित्यिक मासिक **जनमत** का सम्पादक, मोहन दुवालकी अर्धाङ्गिनी । महिला सम्पादकः वीरगञ्जको **स्वास्नीमान्छे** की शशिकला शर्मा, **नारी** की हिरण्यकुमारी श्रेष्ठ, **वनिता** की लक्ष्मी उप्रेती र **जनमत** की भारती श्रेष्ठका कारण बनेपाले गर्व गर्न सकेको बताउँछन् (पूर्ववत् : **५५**) ।

तेह्रौँ निबन्ध **मानकाजी सुवालले पाएको मान** मा सुवालको अनुकरणीय कार्यको उल्लेख गरेका छन् । हाकिम र कारिन्दा, मालिक र मजदुर, ठूलो र सानो, मर्ने बेलामा बाहेक अरू बेलामा साना मान्छेहरूले जहिले पनि र जहाँ पनि पछाडि पर्नुपरेको विवशता शदियौँदेखि

भोगिएको छ । आत्मविश्वास र समयसँग युद्ध गर्ने हिम्मतका कारण हामी अघि बढ्न सक्छौँ भन्ने उदाहरणका प्रतिनिधि हुन् मानकाजी सुवाल । छलकपटबाट पर रहेर स्वच्छ जीवन बाँच्न चाहने, आफ्नै बाहुबलमा बाँच्न चाहने, धूर्त्याइँबाट टाढा बसेर आफूलाई राम्रो देखाउने व्यक्तिका रूपमा चिनाएका छन् । उनी पहिले झुत्रे बनेर पत्रिका बेच्ने मानिस थिए भने अहिले **जनप्रतिरोध साप्ताहिक** का सम्पादक-प्रकाशक, पत्रकार महासङ्घको क्रियाशील व्यक्तित्व र **राजधानी** पत्रिकामा समेत काम गर्छन् (पूर्ववत् : ५९) ।

चौधौँ निबन्ध **राधिका दाहाललाई अवश्य भेट्नुहोस्** सामाजिक काम गर्न सबलाङ्ग मात्र होइन, अपाङ्ग पनि सक्षम भएको उदाहरणमा राधिका दाहाललाई प्रस्तुत गरेका छन् । राधिकालाई भेट्नुपर्ने कारणमा आफूप्रति गौरवबोध गर्न, आत्मबल बढाउन, इच्छाशक्ति बृद्धि गर्न, जीवनलाई सक्रिय पार्न, असल काम गर्न, मानसिक ऊर्जा प्राप्त गर्न, जीवनलाई सकारात्मक दिशातर्फ डोहोऱ्याउन र आफूले सक्ने काम समाजको हितमा गर्न हिम्मत, हौसला र आँट ल्याउन भनी बताएका छन् । आफू विकलाङ्ग भएर पनि कम्प्युटर चलाउने, साहित्य-सिर्जना गर्ने, बालबालिकालाई पढाउने, मैनबत्ती बनाउने र 'राधिका नवजीवन केन्द्र' नामक सामाजिक संस्था खोलेर त्यही संस्थामार्फत सामाजिक काम गर्ने गरेको कुरा निबन्धकार बताउँछन् (पूर्ववत् : ६३) ।

पन्ध्रौँ निबन्ध **रामचन्द्र हुमागाईं र कटबाँसको लट्ठी** मा रामचन्द्र हुमागाईंले आफू र आफ्नो पत्रिकासँग सम्बन्धित कर्मचारी वा सहकर्मीप्रति गरेको प्रतिरक्षा र वफादारीको चर्चा संस्मरणात्मक रूपमा प्रस्तुत गरेका छन् । २०४३-४४ तिर **नेपालभूमि साप्ताहिक** मा साहित्यिक स्तम्भ लेख्ने क्रममा मण्डलेहरूको उछित्तो काढेर लेखेकोमा लेखकको 'खुट्टा भाँच्ने र हात काट्ने' धम्कीका विरुद्धमा पत्रिकाको कार्यालयमा कटबाँसको ठूलो लट्ठी र ३-४ वटा फलामे छड राखेका र 'मञ्जुश्रीलाई कसैले छोयो भने मात्रै मैतीदेवीमा रगतको खोलो बग्छ' भन्ने धम्की दिन्थे । घट्टेकुलोका २५-३० जना साथी मञ्जुश्रीका पक्षमा तयार पारेका थिए । चोकमा गर्जंदै उनी भन्थे – "मञ्जुश्री मेरो घरमा छ । उसलाई आक्रमण गर्ने इच्छा हुनेले हाम्रो लासमाथि कुल्चेर जाओ ।" पछि स्थिति साम्य भयो । उनले आफ्नो स्टाफको रक्षाका खातिर उठाउनुपरेको कष्टलाई आफ्नो कर्तव्य ठाने । त्यस पत्रिकाले लेखकको जीवन बनाउन ठूलो भूमिका खेलेको हुँदा उनी पत्रिका र सम्पादकप्रति अहिलेसम्म पनि कृतज्ञ छन् (पूर्ववत् : ६७) ।

सोह्रौँ निबन्ध **लीलाबहादुर के.सी. को दुःखी लीला** मा के.सी. ले जीवनमा गरेका दुःख र अहिले प्राप्त गरेको मान, सम्मान र प्रतिष्ठाको उल्लेख गरेका छन् । लीलाबहादुर के.सी. बाल्यकालमा कमजोर शरीर भएका, विद्यालय पुग्न २:३० घन्टा लाग्ने, २०४४ मा १ मुरी आलु बेचेर चरीकोटमा बसी एस. एल. सी. परीक्षा दिएका, रु. ४०/- मा कुखुरो बेचेर रु. १५/- भाडा तिरी रु. २५/- साथमा राखी काठमाडौँ भित्रिएका के. सी. ले भरिया, ज्यामी, कुल्ली हुँदै ताहाचलको गार्मेन्टमा पियन काम गरी आफ्नो जीवन धानेका थिए । पहिलो वर्षमै द्वितीय श्रेणीमा

उत्तीर्ण गरे । काठमाडौं कमर्स क्याम्पसमा अङ्ग्रेजी विषयमा टप गर्दै आई.कम. उत्तीर्ण गरी सिद्धार्थ एकेडेमीमा शिक्षण गर्न थालेपछि १६ जना विद्यार्थी लिएर 'बनेपा भ्याली आवासीय मा. वि.' चलाउन थालेका लीलाबहादुर अहिले सोही मा. वि. का प्र. अ., विभिन्न सङ्घसस्थासँग आबद्ध समाजसेवी, मोटोघाटो र गम्म परेको शारीरिक व्यक्तित्व, भद्र र मिलनसार छन् । उनी एक सङ्घर्षशील र प्रेरणादायी व्यक्तित्व हुन् । उनी 'एकीकृत विकास केन्द्र, नेपाल' का सहयात्री र 'जनकल्याण सामाजिक गुठी' का गुठियारसमेत भएका छन् (पूर्ववत् : ७१) ।

सत्रौं निबन्ध **शारदाप्रसाद शर्मा अग्लो मान्छे** मा मञ्जुश्रीले शर्माको अग्लो व्यक्तित्वको उल्लेख गरेका छन् । उनी प्राध्यापक, कर्मचारी, समाजसेवी, साहित्यकार भए पनि समाजसेवीका रूपमा पनि अग्लिएका छन् । काभ्रे बहुमुखी क्याम्पसमा प्राध्यापन गर्ने शर्माले साहित्यमा हास्यव्यङ्ग्य शैली प्रयोग गर्छन् । साहित्यमा **यो पनि किनेरै पढिदिनोस् है** र समाजसेवाका लागि 'मध्यमार्ग सम्मान' पाएका उनी 'सामाजिक जागरण मञ्च' मा आबद्ध रहेर निःस्वार्थ सेवा गर्ने व्यक्तित्व हुन् भनी निबन्धकारले चिनाएका छन् (पूर्ववत् : ७५) ।

मञ्जुश्रीको यस सङ्ग्रहको अठारौं निबन्ध हो **श्याम भट्टराईबाट धेरै लिन सकिन्छ** । श्याम भट्टराई कहिले विद्यार्थीको, कहिले कम्प्युटरको त कहिले कापी-किताबको अनि कहिले साथीभाइको अगाडि उभिन भ्याउने व्यक्तित्व हुन् । उनले चैतन्य बहुमुखी क्याम्पसमा बिहान र एस.ओ.एस. मा दिउँसो पढाई अतिरिक्त क्रियाकलाप र साहित्यिक कार्यक्रम भ्याएर पनि पीएच. डी. का लागि समय दिइरहेका छन् । २०४६/१०/१ देखि चलाएको साहित्यिक आन्दोलनः हवाइ-आन्दोलनका त्रिमूर्ति नगेन्द्रराज रेग्मी, विष्णु आभूषणसमेतका श्याम एक हुन् । उनले प्रेस इन्स्टिच्युटबाट १० महिने पत्रकारिता प्रशिक्षण, तबलावादक; सङ्गीत समितिबाट तबलामा आई. म्युज. गरेका छन् । यसरी मानिस कतिसम्म गर्न सक्तो रहेछ भनी प्रेरणा ग्रहण गर्न सकिन्छ उनको खटाइबाट ( पूर्ववत् : ७९) ।

**सकुल थापाले लेख्नैपर्छ गोलीको कथा** शीर्षकको निबन्ध उन्नाईसौं क्रममा छ । यसमा निबन्धकारले पैसाको पछि मात्रै दगुर्ने समाजमा सकुल थापाजस्ता मान्छेहरू अरू पनि भइदिए समाज अघि बढ्न धेरै समय लाग्ने नै थिएन भनी आफ्नो धारणा व्यक्त गरेका छन् । धनेश्वरको विकास-निर्माण, सामाजिक जागरण, चेतनामूलक गतिविधि, धार्मिक क्रियाकलाप, सांस्कृतिक उत्थान-कार्यक्रम आदिका लागि सकुलको सहभागिता, सक्रियता र सहयोग रहेको छ । गरेको कामको जस र प्रशंसा नखोज्ने जस्ता गुणहरू छन् उनमा । उनी धेरै मुलुकमा घुमेका, त्यसमध्ये सोमालियाको गृहयुद्धको कारण, असर र प्रभाव अनि राजनीतिक नेतृत्वले सही दिशा दिन नसक्ता कस्तो अवस्था आइपर्छ भन्ने अनुभव छ र यस्तै अनुभव उनले लेख्नुपर्छ भनेका छन् (पूर्ववत् : ८३) ।

यस सङ्ग्रहको बीसौँ निबन्ध **सूर्यप्रसाद लाकोजू पनौतीको साहित्यसूर्य** हो । यस निबन्धमा लाकोजूले साहित्यिक, पत्रकारिता र शिक्षा क्षेत्रमा दिएको योगदानको वर्णन छ । साहित्यमा **भावनाका फूलहरू** (मुक्तक), **स्पर्श** (कवितासङ्ग्रह), **प्रेरणाको चौतारी** (निबन्ध) देखिन्छन् । पत्रकारितामाः **बालोद्यान** का सम्पादक-प्रकाशक उदाहरण हो । त्यस्तै उनी **काभ्रे दूरदृष्टि** मा आबद्ध छन् । 'इन्द्रेणी', 'पुष्पाञ्जली साहित्यिक समाज' ले पनि साहित्यिक सक्रियताको उदाहरण दिन्छ । त्यसै गरी शिक्षाक्षेत्रमा पनौतीको ज्ञानविकास पुस्तकालयका अध्यक्ष, प्याब्सन काभ्रेका पदाधिकारी, सूर्योदय बोर्डिङ स्कुलका सञ्चालकको भूमिकालाई उदाहरणका रूपमा पेस गर्न सकिन्छ (पूर्ववत् : ८७) ।

निबन्धकार मञ्जुश्रीले यस सङ्ग्रहको एक्काईसौँ क्रममा रहेको **सोमकाजी शाक्य शाक्य समाजका गौरव** निबन्धमा सुनचाँदी व्यवसायमा लाग्ने व्यक्ति पनि साहित्य-सिर्जनामा लाग्दा रहेछन् भन्ने उदाहरणस्वरूप सोमकाजी शाक्यलाई प्रस्तुत गरेका छन् । उनले जीवनवृत्तिको माध्यम व्यापार क्षेत्रलाई बनाए पनि आफ्नो वंशलाई भाषा-साहित्यसेवीका रूपमा आफू चिनिएका छन् । उनको पहिलो कवितासङ्ग्रह **जीवनका गीतहरू**, दोस्रो **मैले रोजेको बाटो** हो । उनी 'एकीकृत विकास केन्द्र, नेपाल' मा पनि आबद्ध छन् । त्यस्तै 'नेपाल सुनचाँदी व्यवसायी सङ्घ काभ्रे' सँग पनि आवद्ध छन् । उनी **सुनचाँदी** नामक स्मारिकाका सम्पादक र **हरि मञ्जुश्रीका कथा** का पनि सम्पादक हुन् । उनी आफ्नो व्यवसायका अतिरिक्त साहित्य-सिर्जना गर्ने सृजनशील व्यक्तित्व हुन् (पूर्ववत् : ९१) ।

बाईसौँ निबन्ध **हरिकृष्ण सिलवालको सिर्जना-संसार** मा सिलवालको जागरूकता, स्वाभिमान र कर्तव्यपरायणताका बारेमा निबन्धको विषयवस्तु बनाएका छन् । सिलवाल एक कवि, गीतकार, गृहस्थ, कृषक, समाजसेवक र शिक्षक हुन् । उनले २०२८ सालमा एउटा गीतिकवितासङ्ग्रह **मेरो कल्पना** प्रकाशित गरेका थिए भने अर्को गीतसङ्ग्रह **मनैभरि माया** २०५८ मा प्रकाशित गरेका थिए । उनका सिर्जनामा जागरूकता, स्वाभिमानीपन र कर्तव्यपरायणताको बोध हुनुका साथै सत्य र न्यायको पक्षमा दृढ भई राष्ट्रियता र राष्ट्रिय अस्मिताको पक्षपोषणमा उभिएको पाइन्छ । उनी रोसी वाङ्मय प्रतिष्ठानमा पनि आबद्ध छन् (पूर्ववत् : ९५) ।

हरि मञ्जुश्रीको अन्तिम तथा तेईसौँ निबन्ध **हरिप्रसाद ढुङ्गेल र रुक्मिणी ढुङ्गेल : उदाहरणीय दम्पती** हो । यस निबन्धमा एम.ए., बी. एल. योग्यता भएका वकिल र पत्रकार पेसामा लागेका पति र एम.ए. पढेर पनि घरव्यवहार र खेतीपातीजस्तो सानो भए पनि आवश्यक काम गर्न छाड्नु हुँदैन भन्ने मान्यता राखेको पाइन्छ । आफू पनि श्रम गर्ने र अरूको श्रमको कदर गर्ने, वकिल भएर गाउँघरका कानुनी कुराहरू निःशुल्क समाधान गरिदिने उदाहरणीय व्यक्तित्व हुन् ( पूर्ववत् : ९९) ।

यसरी हरि मञ्जुश्रीले यस **काभ्रेका केही कर्मयोद्धा** निबन्धसङ्ग्रहमा सङ्ग्रहित चौबीसजना विभिन्न पेसा, व्यवसायमा लागेर पनि साहित्यिक क्षेत्रमा समेत अभिरुचि देखाउने मात्र नभई साहित्यिक सिर्जना गर्ने कर्मयोद्धाहरूका व्यक्तिपरक अनुभूत्यात्मक कृतिले काभ्रे जिल्लाका लागि मात्र नभई साहित्यिक क्षेत्रमै विशेष महत्त्व राख्ने देखिन्छ । यस कृतिका निबन्धहरूमध्ये निबन्धका तत्त्वहरू (भाव, विचार, भाषा, शैली र प्रस्तुति) का आधारमा सङ्घर्ष र अनुभव नै जीवन हो भन्ने विचारलाई आफ्नो अनुभवसँगै उनेर सरल र रोचक अनि यथार्थताको चित्रण गर्दै प्रसाद शैलीमा पाठकलाई सहमत गराई आत्मप्रकाशन गर्दै सूचना प्रदान गरेकाले **प्रदीप के.सी. सँगको सोमबारको रात** उत्कृष्ट निबन्ध हो ।

४.२.१ जीवनजगत्सम्बन्धी निबन्ध :

जीवनजगत्लाई विषयवस्तु बनाएर रचना गरिएका निबन्धहरूमा निबन्धकार हरि मञ्जुश्रीको **जवाहरको दर्शन** (२०६०) निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू **कान्छी सर्किनीको गुन्यू, वेश्यासँगको एक साँझ** र **जबर्जस्ती सम्मान खोज्नेहरू** शीर्षकका निबन्धहरू पर्दछन् । यी निबन्धहरूमा उनले परिस्थितिको परिबन्दमा परेर र आफ्नो जीवन धान्न र जीवनलाई अगाडि बढाउन जस्तोसुकै अप्ठेरोलाई पनि पार गर्नुपरेको कुरालाई उल्लेख गरेका छन् ।

**कान्छी सर्किनीको गुन्यू** निबन्धमा २०४६ सालको आन्दोलनमा कान्छी सर्किनीको लोग्ने जङ्गेको मृत्यु भइसकेपछिको कष्टपूर्ण जीवनको वर्णन गरिएको छ । लेखकले यस निबन्धको घटनास्थल भोजपुरको दिङ्लालाई बनाएका छन् । उनले कान्छी सर्किनीलाई आफ्नो कल्पनामा ल्याएर फाटेको गुन्यू देखाउँदै ‘जेठामुख्यासाब ! एउटा गुन्यू दिनुपऱ्यो जेठीमुखिनीको, म त लाज छोप्न पनि नसक्ने भएँ जेठामुख्यासाब’ भनेर सर्किनीको गरिबी र दुःखकष्टपूर्ण जीवनको दर्दनाक स्थितिको उद्घाटन गराएका छन् (मञ्जुश्री, २०६० : ४८) ।

निबन्धकारले यस निबन्धमा २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भए पनि पञ्चायतकालीन शोषक र सामन्तहरूले छेपाराले रङ्ग बदलेझैँ आफू काङ्ग्रेस र कम्युनिस्ट पार्टीमा प्रवेश गरी दुःखी, गरिब, दलित एवं पिछडिएका वर्ग र जातिमाथि शोषण र दमनको चक्र चलाइरहेको यथार्थ स्थितिको चित्रण गरेका छन् । कान्छी सर्किनी पेट भर्ने समस्याभन्दा लाज छोप्ने अर्थात् शरीर ढाक्ने समस्याबाट बढी पीडित देखिन्छे । यसरी निबन्धकारले समानता र स्वतन्त्रताका लागि शोषक, सामन्त र उच्च वर्गका विरुद्धमा सङ्घर्ष गर्नुपर्ने प्रगतिशील विचारधारालाई गाउँठाउँको यथार्थ सामाजिक परिवेशको दैनिक अनुभवलाई आफ्नो भावतरङ्गमा उनेर सरल पाराले पाठकसमक्ष मन खोलेर प्रस्तुत गरेका छन् । त्यसैले यस कृतिको उत्कृष्ट निबन्ध पनि **कान्छी सर्किनीको गुन्यू** हो ।

**वेश्यासँगको एक साँझ** शीर्षकको निबन्धमा मञ्जुश्रीले आफ्नो उद्देश्य एकातिर परिस्थिति त्यसको विपरीत हुँदा मान्छे दुष्कर्ममा लाग्न पनि बाध्य हुन्छ । उसले जुनकुनै उपायबाट पनि भोको पेट भर्नका लागि प्रयत्न गरेकै हुन्छ । जसको आशा-भरोसामा परेर आफ्नो इच्छा पूर्ति गर्न खोज्छ, त्यो विपरीत हुन पुगेमा ऊ विद्रोही र आक्रामक बन्दो रहेछ । सबैको आशाको केन्द्र मानिने ईश्वरलाई पनि खतरनाक शत्रुका रूपमा व्यवहार गर्न थाल्छ र भन्छ – 'मानिसको खतरनाक शत्रुलाई देवता भनिन्छ ।' किनकि पूजा घृणाको अर्को रूप हो अर्थात् घृणा पूजाको अर्को रूप हो । यस्तै बाध्यता र विवशताका कारण मोरङ्ग जिल्लामा घर भएकी निबन्धकारको थरसँग मिल्ने अधिकारी थर भएकी केटीले मिति २०४७।७।१ गते साँझ 'हिन्दू साप्ताहिक' को कार्यालय लगनबाट आफ्नो डेरा मैतीदेवीतिर फर्कदा धरहरानेरबाट बाध्यताले वेश्यावृत्तिमा संलग्न केटीसँग उसको खिचापोखरीको गल्लीमा रहेको डेरामा पुगी करिब १ घन्टासम्मको वार्तालापको घटनालाई आत्मसंस्मरणका रूपमा लेखिएको निबन्ध हो **वेश्यासँगको एक साँझ** ।

यस निबन्धमा निबन्धकारले आफ्नो इच्छाविरुद्ध रक्स्याहा र गुन्डागर्दी गर्ने केटासँग विवाह गरिदिन खोज्दा मोरङबाट भागेर काठमाडौँ भित्रिएकी, पढेर बी. ए. पास गरी जागिर खाने सपना बोकेकी, सो सपना साकार पार्न आफ्नो डेराभाडा, खाना, खाजा, किताब-कापी, फी आदिका लागि आर्थिक स्रोतको अर्को विकल्प नहुँदा एक रातको रु. ५०।- मा देहव्यापार गर्न बाध्य बनेकी केटीको सम्पर्कमा आफू पुगेको बताएका छन् (पूर्ववत् : १७) । मानिसको मनोकाङ्क्षाले अनुकूल वातावरण पाएन भने विद्रोहात्मक रूप धारण गर्न पुग्छ, राम्रो-नराम्रो जस्तोसुकै काम गर्न पनि तयार हुन्छ भन्ने विचारलाई सरल र सहज पाराले आफ्ना भावनात्मक तर्कहरूका आधारमा पाठकलाई सूचित गरेका छन् ।

निबन्धकार हरि मञ्जुश्रीले आफूले देखेभोगेकै घटनालाई विषयवस्तु बनाएर व्यङ्ग्यात्मक रूपमा लेखिएको निबन्ध हो **जबर्जस्ती सम्मान खोज्नेहरू** । यस निबन्धमा उनले एउटै प्रकृतिका ६ वटा घटनाहरू उल्लेख गरेका छन् । पहिलो घटना – अनुसन्धान परिषद्को बैठकमा नाममा 'राज' लेख्नुपर्नेमा 'प्रसाद' लेखिएकोमा आफू अपमानित भएको ठान्ने सम्मानित व्यक्तित्वका बारे, दोस्रो घटना – प्राज्ञसभामा पियनले चिया दिँदा अघिपछि भएकोमा अपमानित ठान्ने सम्मानित व्यक्तित्वका बारे, तेस्रो घटना – शिक्षाध्यक्षको उपस्थितिमा नयाँ खरदारले नचिनेर नउठ्ता सम्मानित व्यक्तिबाट पिटाइ र धम्की खाएको बारे, चौथो घटना – संस्थाको मुखपत्र निकाल्दा सम्पादकमण्डलको नाम लेख्ता तल-माथि परेको आपत्तिको कुराबारे, पाँचौँ घटना – पत्रिकामा गीत छपाउँदा पदवी छुटेको आपत्तिबारे र छैटौँ घटना – मोती पुरस्कार पाउन गरेको प्रयास असफल भएपछि नपाएकोमा दुःख नभएको तर योग्यताको कदर नगरेकोमा दुःख भएको ठान्ने सम्मानित व्यक्तिका बारेमा घटना-विवरण उल्लेख गरेका छन् । यस्तो व्यवहारलाई निबन्धकारले सङ्कुचित मानसिकताको अभिव्यक्ति ठानेका छन् । मान्छेहरूमा नैतिक बल र चरित्र गिर्दै गएपछि आफ्नो सम्मान खोज्ने परिपाटी विकसित हुँदो रहेछ । यो मनको विकार हो र यस्तो

मनोविकार हटाउन सही सामाजिक परिपाटी बनाउनुपर्ने सुझाव यस निबन्धमा दिएका छन् (पूर्ववत् : ३२) ।

४.३.१ धर्म-संस्कृति, परम्परा एवं जात्रापर्वसम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्रीको **अध्यात्म चिन्तन** (२०६२) सङ्ग्रहमा सङ्कलित **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ** एक उत्कृष्ट, ज्ञानवर्द्धक र महत्वपूर्ण धर्म-संस्कृतिसम्बन्धी निबन्ध हो । प्रस्तुत निबन्धमा निबन्धकारले विश्वनाथसँगको आफ्नो सम्पर्क र सम्बन्ध, पनौती एक ऐतिहासिक एवं धार्मिक दृष्टिले पवित्र एवं पुण्यभूमिका रूपमा रहेको चिनारी र त्यहाँ गरिने शिवशक्ति विराट महायज्ञका विषयमा चर्चा गरेका छन् । त्यसले यस निबन्धको मुख्य उद्देश्य धार्मिक एवं आध्यात्मिक चेतनाको बृद्धि रहेको पाइन्छ ।

पनौतीलाई केन्द्रस्थल बनाएर आफू त्यहीँ बसेका र सोही ठाउँमा शिवशक्ति विराट महायज्ञ सुसम्पन्न गर्ने सङ्कल्प विश्वनाथको रहेको र त्यसको लक्ष्य राष्ट्रकल्याण रहेको अनि निबन्धकार र विश्वनाथको धारणा पनि मिलेका कारण एक-आपसमा नजिकिँदै गएको, धार्मिक सम्मेलनसम्बन्धी बैठकमा सरिक भएको, धार्मिक भेलामा निबन्धकार प्रमुख अतिथि बनेका, आफ्नै घरमा धार्मिक वार्तालाप एवं पुस्तक-प्रकाशनसम्बन्धी प्रसङ्गसमेत उठेको र यो पुस्तक प्रकाशित भई सबैले आध्यात्मिक चेतना प्राप्त गर्न सफल रहेको बताएका छन् ।

बाबा विश्वनाथको सिन्धुपाल्चोक जिल्लाको माङ्खा गा.वि.स. वडा नं. ९ स्थित माङ्खाबेँसीमा बालकृष्ण पराजुलीका सुपुत्रका रूपमा जन्म भएको थियो । उनको जन्मनाम विष्णुप्रसाद पराजुली हो । उनका वेदगुरु जगन्नाथ र तन्त्रगुरु अमरनाथ थापा हुन् । उनी गुरुको आज्ञाबमोजिम नै गौरीशङ्करमा समर्पित साधक हुन् । तामसीबाट राजसी र राजसीबाट सात्विकी वृत्तिमा गई आफूलाई निष्काम कर्मयोगी बनाउँदा त्यसबाट व्यक्ति, समाज र राष्ट्रको कल्याण हुने भनाइ उनको रहेको छ । त्यस्तै ईश्वरप्रतिको अविचल र निष्ठायुक्त भक्तिले नै व्यक्तिलाई निष्काम कर्मयोगी बनाउने भन्ने धारणा रहेको पाइन्छ ।

पनौतीको पुण्यमती, रोशमती र रुद्रमती नामका तीन नदीको सङ्गमस्थल हो । यी नदीहरू उत्तरवाहिनी हुँदा यसलाई उत्तरप्रयाग भनिएको हो । नेपाल त्यसै पनि विभिन्न ऋषिमुनिहरूले तप गरेको स्थान हुँदै हो, देवताहरूको तपोभूमि हो । त्यसमा पनि पनौती सूक्ष्म शक्ति रहेको स्थान हो । घाट भनेको जीवनको अन्तिम सत्य हो । यो लोकबाट अर्को लोकमा जाँदा त्यही घाटका माध्यमबाट जान्छ । यहाँ महायज्ञ गर्दा सफल हुने ठानेर विश्वनाथ त्यहीँ बसेको बताउँछन् । साथै यो ठाउँ प्राकृतिक दृष्टिले रमणीय छ । यहाँबाट कैलाशको सुरम्य दर्शन गर्न पाइने र राजा मानदेवका पालादेखि प्रत्येक १२ वर्षमा मकरमेलाको आयोजना हुने गरेको, योगी नरहरिनाथ र पूर्वकालमा श्रीगुरु शङ्कराचार्यले पनि यस तीर्थस्थलको मुक्तकण्ठले प्रशंसा गरेका, यी र यस्तै अन्य

विविध कारणले यो ठाउँ शिवशक्ति विराट महायज्ञका लागि उपयुक्त ठहर्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

यो महायज्ञ वास्तवमा गीताज्ञानमहायज्ञ हो । यो अनुष्ठानमूलक सत्सङ्गले गर्दा समाजलाई सुधार गराउँछ । ज्ञानले मानवमनमा भएका कलुषितताहरूलाई हटाएर मनलाई निर्मल बनाइदिन्छ । निर्मल मनमा नै भक्तियोगको उदय हुन्छ । भक्तियोगको प्रवचन विश्वनाथ बाबाबाटै हुने गरेको भनेका छन् । त्यस्तो प्रवचनले आध्यात्मिक पाठशालाको काम गरेको बताउँछन् । श्रद्धारूपी भावबाट भगवान्को दिव्य दर्शन मिल्छ । त्यसका लागि अभ्यासको आवश्यकता पर्दछ । अभ्यास गर्दागर्दै हामी संन्यासी हुन सक्छौँ । मनको कुनै कुनामा पनि फलको आशा नलिईकन कर्तव्यकर्ममा निरन्तर लागिरहने व्यक्ति नै संन्यासी हो भनी बताएका छन् ।

भक्ति किन चाहिन्छ भन्ने सवालमा यसको गूढ रहस्य बताउँछन् । सर्वप्रथम जीवको उत्पत्ति भएको र त्यसलाई आधार चाहिने, आधारका लागि जगत् चाहिने, जीवको विकासको लागि सङ्गत चाहिने हुन्छ । सत्सङ्गतले नै व्यक्ति सुध्रिन्छ, व्यक्तिको गति सुध्रिन्छ, अनि व्यक्तिको जीउने कला र मति सुध्रिन्छ । व्यक्ति-व्यक्ति हुँदै समाज, समाज-समाज हुँदै राष्ट्र र राष्ट्र-राष्ट्र हुँदै विश्वको स्थिति र गति सुध्रिन्छ । सत्सङ्गमा लागेको व्यक्तिमा राष्ट्रभक्ति बढी हुन्छ । शिवशक्ति विराट महायज्ञले सत्सङ्गका कार्यक्रमहरू गरेकाले यसबाट राष्ट्रकै कल्याण हुन्छ (मञ्जुश्री, २०६२ : १७-२९) भन्ने धारणा यस निबन्धमा व्यक्त गरिएको छ ।

**बाबा विश्वनाथका विशिष्ट वचन** निबन्ध मञ्जुश्रीको **अध्यात्म चिन्तन** निबन्धसङ्ग्रहमा सङ्कलित धर्मसम्बन्धी विषयवस्तु भएको अर्को निबन्ध हो । प्रस्तुत निबन्धमा निबन्धकारले बाबा विश्वनाथले विभिन्न स्थानमा र अवसरमा भक्तहरूका माझ बोलेका वाणीहरूमध्ये विशिष्ट खालका वाणीहरूलाई वचनका रूपमा प्रस्तुत गरेका छन् । विश्वनाथका प्रवचनहरू विशेष गरी **श्रीमद्भगवद्गीता** मा आधारित भक्तियोगसम्बन्धी सदुपदेशहरूमध्ये पर्दछन् । तीबाहेक अनेकौँ सन्त-महन्त र ऋषि-महर्षिहरूका अनुभवले खारिएर निस्केका सार्थक र व्यवहारोपयोगी वाणीहरू पनि सुनाउँछन् । निबन्धकारले बाबा विश्वनाथमा शिक्षा, अनुभव र अनुभूतिको त्रिवेणीबाट बग्दै आइरहेको ज्ञानको गङ्गा देख्छन् । त्यस गङ्गामा पौडी खेल्नु सबैका लागि लाभदायक हुने कुरा बताउँछन् । असल मानिस बन्नका लागि असल सङ्गत चाहिन्छ र असल सङ्गतले मानिसको मनलाई असल कर्मतिर लाग्न प्रेरित गराउने हुँदा बाबा विश्वनाथले सत्सङ्गतमा जोड दिने गरेको बताउँछन् । बाबाले विभिन्न ठाउँमा गई प्रवचन गर्ने क्रममा ईश्वरभक्तिलाई जोड दिने गरेको बताउँछन् । साथै ईश्वरभक्तिका लागि निःस्वार्थ समाजसेवाको आवश्यकता पर्छ भनी बताएका छन् । त्यसैले मानवसहित चराचर जगत्का सम्पूर्ण प्राणीहरूको निःस्वार्थ सेवा गर्नुपर्छ र त्यसबाट ईश्वरभक्ति र ईश्वरकृपा हुनेछ भन्ने खालका सदुपदेशयुक्त वाणीहरू उनी व्यक्त गर्दछन् ।

विश्वनाथले नैतिक शिक्षा झल्काउने उपदेशमूलक बालकवितामार्फत पनि उपदेश दिएका छन् । उनी **श्रीमद्भगवद्गीता** को अध्ययनमा विशेष जोड दिन्छन् । उनले 'ब्रह्मचर्यको नियम पालना गर्दै आफ्ना इन्द्रियहरूलाई वशमा राखेर जो व्यक्ति ब्रह्मचिन्तनका मार्गबाट भक्तियोगरूपी दर्शनमा लालायित हुन्छ, त्यही व्यक्तिलाई साधक भन्छन्' भनी बताउँछन् । त्यस्तै सत्सङ्गबाट आफूलाई चाहिने गुण लिइने र नचाहिँदा अवगुणहरू छाडिने हुँदा सत्सङ्ग सबै उमेरसमूहका लागि पनि उपयोगी हुने बताउँछन् (पूर्ववत् : ३२) ।

**हाम्री गौमाता** निबन्धकार हरि मञ्जुश्रीको **अध्यात्म चिन्तन** मा सङ्ग्रहित धर्म, संस्कृति र परम्परासम्बन्धी विषयवस्तु भएको वस्तुपरक निबन्ध हो । यो निबन्ध 'वैदिक धर्म परिषद्, नेपाल' नामक संस्थाले २०५२ सालको महाशिवरात्रीको अवसरमा प्रकाशित गरेको **धर्मोदय** नामक मुखपत्रको पृष्ठ ५९ मा प्रकाशित भएको थियो । त्यही लेखलाई निबन्धकारले यस कृतिमा साभार गरेका हुन् । यस निबन्धमा उनले गाईको उपयोगिता र महत्त्वको चर्चा गरेका छन् ।

स-साना हुँदा साथीहरूका बीचमा हुने खेल वा अन्य क्रियाकलापमा कसैले 'झेला गरेको' आरोप लगाएमा सफाइका लागि खाइने किरिया 'गाईको मासु खाने' गरेको, अदालतमा बयान लिँदा **गीता** छोएर बोल्न लगाइन्छ । त्यस्तै अन्य 'विद्याकसम' भन्ने, जनै छुने कसम आदिमध्ये 'गाईको मासु खाने' भन्ने कसमको ठूलो महत्त्व छ । यस्तो कसम किन लिइन्छ भने गाईलाई देवी अर्थात् लक्ष्मीको प्रतीक मानिन्छ, आमाको रूपमा हेर्छौं, तिहारमा लक्ष्मीपूजा गर्छौं । गाईको मासु खानुको अर्थ आमाको रगतमासु खानुझैँ ठानिन्छ, पृथ्वीको विनाश मानिन्छ । पृथ्वीको विनाश भएपछि आफ्नो बाँच्ने आधारै रहँदैन ।

धार्मिक आधारमा 'पञ्चगव्य' धार्मिक कृत्यमा नभई हुँदैन । हिन्दू, बौद्ध, क्रिस्चियन जे भए पनि गाईको बध गर्नु दण्डनीय मानिन्छ । स्वास्थ्यका दृष्टिकोणबाट हेर्दा पनि गाईको दूध नियमित सेवन गर्ने मानिस निरोगी हुने मानिन्छ । दही, मोही र घ्यूमा औषधीय गुण रहेको पाइन्छ । गाईको तातो गहुँतले बाथरोग र गोबरले निमोनिया रोग निको हुन्छ । अनि हाम्रो स्वास्थ्यका लागि सधैँ तम्तयार रहने गाईको मासु पनि खान्छ त कसैले ?

यसरी धार्मिक एवं स्वास्थ्य र विज्ञानका दृष्टिले गाईको हत्या गर्ने र मासु खाने काम गर्नु हुँदैन । नखानुको अर्थ गाईको मासु खाइरहेको र खुवाइरहेको टुलुटुलु हेरिरहनु भने होइन । खाए-खुवाएको हेरिरहियो भने पनि गाईको मासु खाने शपथको कुनै मूल्य रहँदैन । गाई पालेर हेरचाह गर्ने र त्यसबाट सबै स्वस्थ रहनुका साथै आफ्नो धर्म र संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने धारणा निबन्धकारको छ (पूर्ववत् : ४९) ।

**पशुपतिभित्र जोखिम** शीर्षकको निबन्ध हरि मञ्जुश्रीको **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्कलित धर्म-संस्कृति र परम्परासम्बन्धी निबन्ध हो । यस निबन्धमा पशुपतिका भण्डारीहरूको

५५० वर्ष पुरानो नियम र परम्परा, त्यसप्रति भण्डारीका श्रीमतीहरूको विद्रोहात्मक स्वरको उजागर गर्दै पुरानो परम्परामा सुधारको अपेक्षा गरेको देखिन्छ ।

आजभन्दा ५५० वर्षपहिलेका मल्लराजा रणजीत मल्लका पालामा बनेपाबाट भिकाइएका श्रेष्ठ थरका नेवारहरूलाई पशुपतिनाथको भण्डारको जिम्मा लिने पालोवाला भएकाले भण्डारी भनिन्छ । यिनीहरूले मन्दिरभित्र पस्ता भट्टलाई रुद्राक्षको माला दिने, पूजा सकेर मन्दिरबाट बाहिर निस्कँदा भट्टको शरीर खानतलासी गर्ने, पशुपतिका गरगहनाको सुरक्षा गर्ने, गर्भगृह सफा गर्ने, दिनदिनै चन्दन घोट्ने, पुजारीलाई सहयोग गर्ने, जङ्गलबाट दाउरा खोजेर ल्याउने, पशुपतिनाथको भित्री ढोका खोल्ने र बन्द गर्ने काम गर्दछन् । पशुपतिनाथको भित्री, बाहिरी जुनसुकै सम्पत्ति हराए पनि भण्डारीले तिर्नुपर्ने चलन छ । त्यसो हुँदा 'कमाउने बेला भट्ट, गुमाउने बेला भण्डारी' भन्ने भनाइ छ । पशुपतिमा भण्डारीहरूको पालोको प्रचलन छ । एक महिनामा एक कवलका चारजनाको पालो पर्छ । १०६ जना पालोवाला भण्डारी छन्, भण्डारी पद उत्तराधिकारका रूपमा प्राप्त हुन्छ । एकपटकमा एक महिनामा एकजनाको पालो आउँछ । भण्डारीहरू दथ, भडिभ, मण्डिल र कोफाले नामका चार कवलभित्र जन्मेको हुनुपर्छ । यी चार कबलबाहिर जन्मेको भण्डारीको छोराले पशुपतिनाथको भण्डारे हुन पाउँदैन । बागमती नदीबाट पश्चिम, धोबीखोलाबाट पूर्व, गौशालाबाट उत्तर र चाबहिलबाट दक्षिण, यति चार किल्लाभित्र जन्मेको भण्डारीले ठूलो भएपछि राजाकहाँ गएर दाम राखेर स्वीकृति लिन्छ, अनि उसको व्रतबन्ध हुन्छ । त्यसपछि उसले चार दिन पशुपतिनाथको प्राङ्गणभित्र बस्नुपर्छ अनि मात्र ऊ भण्डारी भएको प्रमाण भट्टबाट प्राप्त हुन्छ ।

दक्षिण भारतबाट पुजारीका रूपमा भिकाई ल्याएका भट्टहरूले परम्परालाई आफ्नो अनुकूल बनाइसके तर भण्डारीको नियम र परम्परा यथावत छ । भण्डारीका श्रीमतीहरूले सुत्केरी व्यथा लाग्दा अस्पतालमा गएर बच्चा जन्माउन पाउँदैनन् । आधा घन्टामा काठमाडौँको जुनसुकै अस्पतालमा पुग्न सकिन्छ, तर उनीहरू घरमै छटपटिन्छन् । उनीहरूले पुरानो परम्पराका आधारमा जहिले पनि आफ्नो प्राण खतरामा पार्नुपरेकोमा विद्रोह गरेरै पनि पुरानो परम्परालाई तोड्ने र आफ्नो सुरक्षा गर्ने तर्खरमा हस्ताक्षर सङ्कलन गरेको कुरा उल्लेख गरेका छन् (मञ्जुश्री, २०६० : ३८) । निबन्धतत्त्वका आधारमा यस उपखण्डको उत्कृष्ट निबन्ध यही हो ।

निबन्धकार हरि मञ्जुश्रीको **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्कलित **मूल भट्टको गाँठी कुरो** शीर्षकको निबन्ध धर्म-संस्कृति र परम्परासम्बन्धी यथार्थमा आधारित वस्तुपरक निबन्ध हो । यस निबन्धमा पशुपतिनाथको मन्दिरमा भट्टहरू र पशुपति क्षेत्र विकास कोषका बीचमा चर्केको विवादका विषयहरू र समाधानका उपायका विषयमा केन्द्रित रहेको छ ।

मूल भट्ट विदेशी हुन् । उनीहरूले मन्दिरबाट प्राप्त अरबौंको सम्पत्ति भारतमा लगेका हुँदा यसलाई पशुपति क्षेत्र विकास कोषको नियन्त्रणमा राखिनुपर्ने कुरा उठ्ता परम्परा र संस्कृतिको विषय पनि उठेको पाइन्छ । भट्टले कसरी प्रशस्त सम्पत्ति कमाए ? परम्परा र संस्कृति के-के हुन् ? ती परम्पराको आडमा भट्ट कसरी शक्तिशाली बने ? भन्ने कुरा यस निबन्धमा उल्लेख गरिएको छ ।

मूल भट्टले पैसा कमाउने ठाउँ तीनवटा छन् – १) गुठीको जग्गाजमिन, २) मन्दिरको भेटी, ३) विशेष पूजाको आम्दानी । पशुपतिनाथको सम्पूर्ण कुराको अधिकार राजाबाट मूल भट्टलाई सुम्पेको थियो । मूल भट्टहरू आजभन्दा ९०० वर्षअगाडि मल्लकालमा दक्षिण भारतीय उपाध्याय ब्राह्मण, रावल थरका, संस्कृतमा शास्त्री उत्तीर्ण गरेकालाई झिकाइएको थियो । पशुपतिनाथको गुठी र सञ्चालन-प्रक्रियासम्बन्धी यावत कागजात जयवागेश्वरीस्थित ‘पशुपति अमालकोट कचहरी’ नामक कार्यालयमा रहेका हुन्छन् । त्यो कार्यालय र गुठीको जग्गाजमिन पनि मूल भट्टको अधिकारमा रहेको छ । २०२२ सालको नापीमा छुटेको उपत्यका र उपत्यकाबाहिरका ऐलानी जग्गा अनि व्यक्तिको नाममा नापी भएर पनि १०-१५ वर्षसम्म पर्ती भई कुत नबुझाएको जग्गा पाइयो भने त्यस्ता जग्गालाई केही शक्तिशाली दलालहरूले अमालकोट कचहरीमा पशुपतिनाथको छुट गुठीको नाउँमा दर्ता गराउने गर्छन् । त्यसपछि ती जग्गाको मोही आफूलाई बनाउने काम भयो । एक वर्षजति पुरानो दरको कुत बुझाएपछि मालपोत कार्यालयमा गई तत्कालीन प्रचलित दरभाउमा पैसा र शक्तिका भरमा रैकरमा परिणत गराई आफू जग्गाधनी बनेको पाइयो । यी सब कामका लागि मूल भट्टको संलग्नताविना सम्भव अवश्यै भएन । यसबाट मूल भट्टले पनि अथाह सम्पत्ति कमाए ।

दोस्रो स्रोत मन्दिरको भेटी हो । पुरानो चलन बिहान ४ बजेदेखि ९ बजेसम्म भण्डारीका लागि र बिहान ९ बजेदेखि साँझको आरती गर्दासम्मको भेटी मूल भट्टको हुने भन्ने भए पनि मूल भट्ट बिहान ८ बजे नै आएर १ घन्टाको भण्डारीको आम्दानी पनि मूल भट्टले नै लाने गरेको भन्ने भनाइ भण्डारीहरूको छ । भेटीबाट उठेको आम्दानीको हिसाब अमालकोट कचहरीमा राखिनुपर्नेमा नाम मात्रको हिसाब देखाउने र त्यो पनि पुनर्निर्माणका नाउँमा आफैँले उपयोग गर्ने गरेको पाइन्छ ।

आम्दानीको तेस्रो स्रोत विशेष पूजाको हो । पुरानो परम्पराअनुसार अमालकोट कचहरीमा उल्लिखित सूचीबमोजिमका पूजाका सामग्री खरिद गर्ने र भट्टलाई दक्षिणा दिने गरिन्थ्यो । २०२२ सालदेखि विशेष पूजाको दर एक हजार रुपियाँदेखि एक लाख एघार हजार एक सय एघार रुपियाँ पूजा गर्ने भक्तजनले दिए मात्र पुग्छ । अन्य भट्टलाई दक्षिणा दिने, पूजाका सामग्री खरिद गर्ने र भण्डारीलाई पारिश्रमिक दिने काम त्यही रकमबाट मूल भट्टले नै गर्दछन् । सबै खर्च कटाई बाँकी

रहेको रकमचाहिँ मूल भट्टको हुन्छ । विशेष पूजा एक महिनासम्म गर्दा मूल भट्टले करिब एक करोडसम्म आम्दानी गर्छन् भन्ने भनाइ छ ।

पशुपति क्षेत्र विकास कोष र पशुपति सेनाले एक प्रकारले 'जेहाद' नै छेडेका छन् । पशुपति सेनाको आन्तरिक स्वार्थ थाहा नभए पनि विकास कोषले आम्दानीका उक्त तीनै स्रोतमा आँखा गाडेको बुझिन्छ । यही कारणले मूल भट्टका विरुद्धमा आवाज उठेको र राजनीतिक रङ्गमा रङ्गाउनसमेत थालेको पाइन्छ । मूल भट्टबाट कोषले अधिकार खोस्तैमा समस्याको समाधान देखिँदैन, त्यसैले यसतर्फ गम्भीर हुनुपर्ने राय निबन्धकारको छ ।

जग्गासम्बन्धी, भेटीसम्बन्धी र विशेष पूजासम्बन्धी विषयमा गम्भीर बहस र छलफल गरी कोही-कसैले पनि अनावश्यक र अनुचित लाभ लिन पनि नपाओस्, भक्तजन पनि नठगिऊन् र धर्म-संस्कृतिको लोप पनि नहोस् भन्नेमा सबैको ध्यान जानु जरुरी छ । प्रथा र परम्पराले लामो समय पार गरिसकेपछि स्वतः कानुनको रूप लिन्छन् । यो प्रथा, प्रचलन र परम्पराले ९०० वर्ष पार गरिसकेको छ । रत्न मल्ल, प्रताप मल्ल, गीर्वाणयुद्धविक्रम शाहजस्ता राजाहरूले मूल भट्टका नाममा थुप्रै लालमोहर, ताडपत्रमार्फत अधिकार दिएका छन् । हालको संविधानले पनि १५ वर्षभन्दा बढी अवधि नेपालमै बसोबास गरिसकेकाले अङ्गीकृत नागरिकता लिनबाट रोक्न सक्तैन भट्टहरू विदेशी नै भए पनि । फेरि राजाको मृत्युमा सबै नेपालीलाई जुठो लाग्ने हुँदा नित्यपूजामा पनि दखल पर्न सक्छ । त्यसैले परम्परा र राजनीतिबीचको यो विवादमा छिट्टै दीर्घकालीन समाधान खोजिनुपर्ने राय लेखकको छ (पूर्ववत् : ४१-४६) ।

४.४.१ पत्रकारितासम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्री लेखक र सम्पादकका अतिरिक्त पत्रकार पनि हुन् । उनले **हिन्दू** (साप्ताहिक), **नेपालभूमि** (साप्ताहिक) लगायतका पत्रिकाहरूमा काम गरेका थिए । त्यसैले एक सफल र व्यावसायिक पत्रकारले निभाउनुपर्ने भूमिका र जिम्मेवारीका विषयमा उनी अनभिज्ञ छैनन् । पत्रिकाले साँचो, सत्य र यथार्थ सूचना प्रवाह गर्नुपर्छ । जोकोही जिज्ञासु पाठक, अनुसन्धाता, इतिहासकार तथा साहित्यकारका निमित्त पत्रिका एक सत्य, तथ्य र यथार्थ सामग्री बन्नुपर्छ भन्ने धारणा उनको रहेको पाइन्छ । तर उनी आफूले चाहेजस्तो, सोचेजस्तो हुन नसकेकोमा आफ्नो गुनासो पोख्नुका साथै उपयुक्त सुझावसमेत दिन पुगेको देखिन्छ ।

त्यस्ता खालका निबन्धहरूमध्ये उनको **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्कलित **बी.पी. को सामग्री अस्पष्ट** शीर्षकको निबन्ध एक हो । यस निबन्धमा उनले बी. पी. का भाषण, अन्तर्वार्ता, वक्तव्यहरूमा देखिएको अस्पष्टताले उत्पन्न पारेको अन्योल र आशङ्कालाई कथ्य विषय बनाई निबन्धात्मक रूप दिएका छन् । बी.पी. ले विभिन्न समयमा विभिन्न ठाउँमा गरेका भाषणहरू **नेपाल पुकार** लगायतका विभिन्न पत्रिकाहरूमा छापिएका छन् । कुनै-कुनै

पुस्तकाकारका रूपमा पनि छन् । तर पत्रिका र पुस्तकमा भएको एउटै भाषणमा पनि अन्तर देखापरेको छ । कैयौँ भाषणहरूमा प्रारम्भ र अन्त्य सबै मिल्छन्, तर बीचका भागहरू भने घटी-बढी छन् । त्यसैले अनुसन्धातालाई वास्तविक भाषण कुन हो भनी छुट्याउन मुस्किल देखिन्छ ।

अन्तर्वार्ताहरूमा पनि दुवै थरी – नेपालीले नेपाली भाषामा लिएको र विदेशीले विदेशी भाषामा लिई नेपाली भाषामा अनुवाद गरिएको अन्तर्वार्तामा यस्तै समस्या परेको छ । नेपाली भाषाका अन्तर्वार्ताहरूमध्येका कुनै-कुनै अन्तर्वार्ता एकभन्दा बढी पत्रिकामा छापिएका छन् । तिनमा अन्तर्वार्ताकारको नामसमेत फरक-फरक पाइन्छ । कुनै अन्तर्वार्ता धेरै पछि छापिएका तर स्रोत नखोलिएका, कुनैको पूर्ण विवरण उपलब्ध हुन नसकेको र बाँकी आगामी अङ्कमा भनिएको तर पछिल्लो पत्रिका नपाइएको समस्या पाइन्छ । अन्य भाषामा लिइएको अन्तर्वार्ता नेपाली भाषामा अनुवाद गर्दा फलानो पत्रिकाबाट फलानाले गरेको अनुवाद भनेर लेखिएको तर स्रोतपत्रिकामा त्यस्तो नहुने गरेको पाइएको छ । पुरानो विदेशी पत्रिका पाउन मुस्किल हुने, कुनैमा अनुवादकको नाम नै नहुने, कुनैमा पत्रिकाको अङ्क र मिति उल्लेख नहुने हुँदा समस्या परेको दखिन्छ ।

त्यस्तै बी. पी. का वक्तव्य पनि पर्चाका रूपमा र पत्रिकामा समाचारका रूपमा निस्केको पाइन्छ । पर्चाका रूपमा समस्या नरहेको तर पत्रिकामा समाचारका रूपमा निस्कनेमा समस्या देखिन्छ । **नेपाल पुकार** को सोही समयको समाचारमा त शङ्का गर्न मिल्दैन, तर समाचारका रूपमा छापिएको वक्तव्यलाई वक्तव्यकै पाठका रूपमा भनेर छापेको अनि त्यही नै बढी त्रुटिपूर्ण देखिँदा शङ्का उत्पन्न हुन पुग्छ ।

यसरी बी. पी. का सामग्रीलाई अस्पष्ट पारिदिने थुप्रै कुराहरू हुन सक्छन्, जस्तै – सम्पादकको विचारको अनुकूल प्रसङ्ग मात्रै छाप्ने, पत्रिकाको रणनीतिअनुरूप छाप्ने, पत्रिका प्रतिबन्धित हुने डरले पूर्ण अंश नछाप्ने, सन्दर्भस्रोत नखुलाई पुनः मुद्रण गर्ने, सामग्रीको आधिकारिक जानकारी दिने व्यक्तिविना नै छाप्ने, मूल अन्तर्वार्ता छापिएको पत्रिका नभेटी, अनुवादकको नाम नखोली कुन सामग्री पहिलेको कुन पछिको भन्ने नखोली छापिदिँदा सामग्रीमा अस्पष्टता उत्पन्न भएको बुझिन्छ । अहिले बी. पी. का प्रत्येक सामग्रीले महत्त्व राख्छन् । उनका अन्तर्वार्ता, चिठी, हस्तलिपि, पुस्तक, भूमिका सबैको उत्तिकै महत्त्व हुन्छ । यस्ता महत्त्वपूर्ण सामग्रीहरू शङ्कारहित नहुनु, एकरूपता नपाइनु र कैयौँ सामग्रीहरू उपलब्ध हुन नसक्नु दुःखको कुरो हो । त्यसैले उनका पाइएसम्मका सम्पूर्ण सामग्रीहरूलाई जम्मा गरी वास्तविक र मूल सामग्री यी हुन् भनेर छुट्याइदिनु आवश्यक भएको कुरा निबन्धकारले औँल्याएका छन् (पूर्ववत् : ५१-५२) ।

निबन्धकार हरि मञ्जुश्रीको **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्ध **चुत्थो अङ्कभित्र देखिएको दृश्य** पत्रकारितासम्बन्धी निबन्ध हो । यस निबन्धमा उनले राष्ट्रले चौथो अङ्गका

रूपमा स्वीकारेको पत्रकारिता क्षेत्रमा संलग्न आफ्नै सहकर्मी साथीहरूमा देखिएका विकृति र विसङ्गति, अहम्, भेदभाव, गुटबन्दी र व्यक्तिगत स्वार्थका कारण निकृष्ट व्यवहारप्रति व्यङ्ग्यात्मक शैलीमा प्रहार गर्दै सुधारको अपेक्षा राखेको पाइन्छ ।

एउटै पेसामा आबद्ध पत्रकारहरू नेपाल पत्रकार महासङ्घ, नेपाल पत्रकार सङ्घ, नेपाल प्रेस युनियन, श्रमजीवी पत्रकार सङ्घ, सम्पादक समाज जस्ता विभिन्न व्यक्तित्व र स्वार्थको, अहम् र हीनताबोधको सदैव टक्कर परेको, आ-आफ्ना छातामुनि बसेर एक-अर्कामा थुकाथुक र मुक्कामुक्की भएको, गुट-उपगुटले फुट निम्त्याएकोमा निबन्धकार चिन्तित देखिन्छन् । त्यस्तै कुनै-कुनै सम्पादक, जसलाई सम्पादन गर्न, समाचार सङ्कलन गर्न, समाचार लेख्न, भाषागत शुद्धता र प्रस्तुतीकरण गर्न पनि आउँदैन, तर अर्काकै भरमा पत्रिका चलाउनेले फुर्ती गरेकोमा उनी दिक्क मान्छन् ।

कुनै पत्रकारले समाचार सङ्कलन गरेर वा अन्तर्वार्ता लिएर त्यसलाई बङ्ग्याएर वा अनेक नौटङ्की गरेर, ठूलाबडाबाट पैसा झार्न अनेक तिकडम गरी आफू मालामाल बन्ने, धाकधक्कु लगाउने, दलाली र चाकरी गर्ने परिपाटीप्रति निबन्धकार सतर्क हुन वा टाढै बस्न चाहन्छन् । फेरि कोही पत्रकारहरू कार्यालयमा बसेर नाम र दामले होइन कामले, सच्चाइ र इमानदारीपूर्वक काम गरेर पत्रकारिताको सिद्धान्त, धर्म र कर्तव्यको पालना गरेर सत्य-तथ्य समाचारको सम्पादन र प्रकाशन गरी सही सूचना सम्प्रेषण गर्छन् तर तिनको कदर नहुने, तिनै इमानदार पत्रकारलाई वास्तै नगरी जस आफूले लिने र फाइदा उठाउनेप्रति पनि उनी चिन्तित देखिन्छन् । यसरी पत्रकारितासँग सम्बन्धित संस्थाका नाउँमा व्यक्तिगत लाभ गरेको, पत्रकारिताको विकासका लागि विदेशी रकम झारेको, संस्थाको नाउँमा विदेश पठाएको वा आफैँ गएको आदि विभिन्न किसिमका अनुचित काम-कार्वाही देख्ता आफैँ संलग्न रहेर काम गरेको पेसाको चुत्थोपन सच्चिनुपर्ने र सच्याउनुपर्ने सुझाव दिन्छन् (पूर्ववत् : ५४-५७) । जोसुकैले पनि जहाँसुकै पनि पेसागत मर्यादा र दायित्वलाई पूरा गर्नुपर्छ भन्ने विचारको पुष्टिका लागि निबन्धकारले समकालीन समाजको यथार्थ चित्रण गर्दै आफ्ना भावना र अनुभवलाई ज्यादै सम्प्रेषणीय भाषाशैलीका माध्यमबाट सूचना वा सन्देश दिन सफल देखिँदा निबन्धका तत्वहरूका आधारमा यस उपखण्डको उत्कृष्ट निबन्ध यो नै ठहर्छ ।

**पत्रकारद्वारा पत्रकारमाथि आक्रमण** शीर्षकको निबन्ध उनको **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्कलित पत्रकारितासम्बन्धी निबन्ध हो । उनले यस निबन्धमा जनतामा सही सूचना प्रवाह गर्ने पत्रकारहरूबीच नै आक्रमण र प्रतिकारको स्थिति उत्पन्न हुन्छ भने कसरी सही, सत्य र यथार्थ सूचना प्रवाहित होला त भनी प्रश्न गर्छन् । सिद्धान्त पनि सत्यता देखाउने कुरामा विरोधी हुन सक्छ । व्यवहारले सिद्धान्तलाई प्रभावित पार्न थालेपछि पत्रकारिताको पनि

आदर्श कायम रहन सक्तैन भन्ने कुरा व्यक्त गर्दै सम्बन्धित पक्षलाई सिद्धान्तनिष्ठ बन्न आग्रह गर्दछन् ।

निबन्धकारले पत्रकारिता क्षेत्रमा काम गर्ने पत्रकारहरूबीच यस प्रकारका कमजोरी रहेको बताउँछन् – कुनै पत्रकार आफ्नो दक्षता वा राजनीतिक नियुक्ति वा अन्य कुनै कारणबाट ठूलो पदमा पुग्न लाग्यो भने अर्कोले उसको खुट्टा तान्न खोज्ने, आफूले प्रगति गर्न नसकेर उत्पन्न भएको कुण्ठाको शान्तिका लागि डाह गर्ने गरेको पाइन्छ । एउटै सिद्धान्तमा आस्थावान् पत्रकारहरूमा पनि गुट-उपगुट बनाएर त्यसको विरोधमा उत्रेको पाइन्छ । पत्रकारिता क्षेत्रमै लागेर लामो अनुभव बटुलेका, आफ्नो कपाल फुलाएका वरिष्ठ व्यक्तिहरूलाई पछि पत्रकारितामा लागेर हाकिम बनेकाहरूले अपमान गर्न खोजेको पनि पाइन्छ भने निजी क्षेत्रका र सरकारी पत्रकारका बीचमा पनि विभेद देखिन्छ । त्यस्तै कसैले दक्षता, कसैले लगानी, कसैले चाकरी त कसैले निरन्तरता हेर्छन् । दक्षताले माथि उठेकाका विरुद्धमा लगानीवाला, चाकरीवालाका विरुद्धमा निरन्तरतावाला लाग्छन् । फेरि लगानीका आधारमा माथि उठ्नेको विरुद्धमा दक्षतावाला अनि निरन्तरताका आधारमा कोही माथि उठ्यो भने चाकडीवाज मुरमुरिन्छन् । आफूलाई निष्ठावान् ठान्नेहरू अरूलाई तुच्छ ठान्छन् । पत्रकारिता क्षेत्रमा रहँदा-रहँदै राष्ट्रिय ख्याति आर्जन गरेका व्यक्तित्वलाई आफूभन्दा कनिष्ठ व्यक्तित्वका अगाडि निहुरिनुपर्ने स्थिति आएमा त्यो स्थिति अत्यन्तै दुःखद बन्न पुग्छ ।

विभिन्न पत्रकारका विषयमा विभिन्न खालका टीका-टिप्पणी आएको पाइन्छ । पूर्वाग्रहबाट हो वा वास्तविकता हो, वास्तविकता बाहिर आउनुपर्छ । एउटा पत्रकारले आजीवन पत्रकारिता गर्नैपर्ने बाध्यता पनि छैन । सबै आफ्नो रुचि, सिद्धान्त, कार्यक्षेत्रका आधारमा पेसा छान्न स्वतन्त्र छन् । तर आफ्नो कार्यक्षेत्र वा पेसा छानेर लागिसकेपछि त्यसप्रति इमानदार रहनुपर्छ र आफ्नो क्षेत्रमा रहेको अर्को व्यक्तिप्रति उदार र सहृदयी हुनुपर्छ भन्ने धारणा निबन्धकारको रहेको छ ( पूर्ववत् : ५८-६०) ।

४.५.१ दर्शनसम्बन्धी निबन्ध :

निबन्धकार हरि मञ्जुश्रीले औपचारिक अध्ययनका अतिरिक्त आफूले भेटेसम्मका र भ्याएसम्मका विभिन्न पुस्तकहरू पढेका छन् । उनले राजनीति, साहित्य, दर्शन आदिका ग्रन्थहरू अध्ययन, चिन्तन, मनन गरी त्यसका आधारमा आफ्ना विचार, अनुभव र धारणा विभिन्न निबन्धमार्फत व्यक्त गरेका छन् । उनका निबन्धका कथ्य विषयहरूमध्ये दर्शन पनि एक हो । दर्शनसँग सम्बन्धित निबन्धहरूमा मुख्य रूपमा **श्रीमतीको वारेन्ट**, **जवाहरको दर्शन**, **यहाँका आउनु र जानुहरूभित्र** र **खरानीको सिरानी** रहेका छन् ।

**श्रीमतीको वारेन्ट** शीर्षकको निबन्ध **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्कलित छ । उनले यस निबन्धमा द्वैतवादी आध्यात्मिक दर्शनका दुई तत्वहरू प्रकृति र पुरुषमध्ये श्रीमतीलाई

प्रकृतिका रूपमा प्रस्तुत गरी प्रकृतिप्रति पुरुषको आकर्षणलाई श्रीमतीको वारेन्टका रूपमा उल्लेख गरेका छन् । यसै वारेन्टरूपी आकर्षणका कारण सृष्टि चलेको, एक-आपसको अन्तर्सम्बन्ध र अन्तर्विरोधबाट समाज गतिशील एवं विकसित भएको भन्ने खालको धारणा अभिव्यक्त भएको पाइन्छ ।

प्रकृतिका अनेक रूपहरूमध्ये प्राकृतिक सौन्दर्य, ललितकला (साहित्य र चित्रकला) लाई पनि वारेन्ट (आकर्षण) का रूपमा लिएर साहित्यकारका साहित्यिक कृतिहरू लुसी ग्रे र सेक्सपियर, **शाकुन्तल** महाकाव्यका काव्यकार देवकोटालाई त्यही वारेन्टले तानेको प्रसङ्ग उठाएका छन् । त्यस्तै अन्य कलाकारिता, जेमा सौन्दर्य झल्कन्छ त्यस वारेन्टरूपी आकर्षणले सौन्दर्यप्रेमीहरूलाई आकर्षण गर्दछ भनी क्लियोपेट्रा र लियोनार्डो दा भिन्चीको उदाहरण पेस गरका छन् । त्यस्तै अन्य साहित्यकारहरू मोहन कोइराला र ईश्वरबल्लभ कवितामा, सरुभक्त र शिव अधिकारी नाटक र निबन्धमा, डा० ध्रुवचन्द्र गौताम उपन्यास र डा० वासुदेव त्रिपाठी समालोचनामा तानिनुमा पनि यसै वारेन्टको कारण बताएका छन् ।

कसैले यस वारेन्टलाई रतिरागको प्रतीकचिह्नका रूपमा, कसैले यौनमनोविज्ञानका रूपमा प्रयोग गरेका हुन्छन् तर यसको अपमान र उपहास गर्न भने कसैले सक्तैन, किनकि यो प्राकृतिक नियम हो । यस कुरालाई पुष्टि गर्न निबन्धकारले बृहन्नला बनेका अर्जुनले द्रौपदीका अगाडि नृत्य गरेको र ब्रह्मपाशलाई अपमान गर्न नहुने ठानी रावणका अगाडि मेघनाथका छेउमा हनुमान बसेको उदाहरण दिएका छन् । यस वारेन्टको अन्तर्विरोधमा पनि ठूलो शक्ति र क्षमता लुकेको देखिन्छ । यही अन्तर्विरोधका कारण 'अस्ति', कश्चित्', 'वाग्विशेष ?' बाट **कुमारसम्भव**, **मेघदूत** र **रघुवंश** को निर्माण कालिदासले गरेका र एथेन्समा युद्ध भएको भन्ने उदाहरणका रूपमा प्रस्तुत गरेका छन् ।

यसरी प्रकृति र पुरुषबीच अन्तर्सम्बन्ध हुँदा सुख, शान्ति, आनन्द हुन्छ भने अन्तर्विरोधबाट हत्या, हिंसा, आतङ्क, द्वेष र अहङ्कारतर्फ उन्मुख बन्न पुग्छ । मातृसत्तात्मक र पितृसत्तात्मक समाज भनेर जति कुर्ले पनि आपसमा समन्वय, समझदारी र अन्तर्सम्बन्ध अनिवार्य छ भनेर द्वैतवादी दर्शनको पुष्टि गरेका छन् (पूर्ववत् : १३-१६) ।

**जवाहरको दर्शन** निबन्ध हरि मञ्जुश्रीको **जवाहरको दर्शन** निबन्धसङ्ग्रह (२०६०) मा सङ्कलित निबन्ध हो । यस निबन्धमा जवाहरलाल श्रेष्ठले सबै धर्म-दर्शनको मुख्य कुरा नै ब्रह्मचर्य हो । यसको पूर्ण पालनाबाट मात्रै मोक्ष वा मुक्ति पाइन्छ भन्ने धारणा जवाहरलालको थियो भनी निबन्धकारले बताएका छन् । जवाहरको मूल दर्शन हो – विवाह गरेर ठूलो भूल नगरौँ, अनन्तकालसम्म दुःख नभोगौँ, आजीवन कुमार-कुमारी बनौँ, दुःखदायी संसारको अन्त्य गरौँ । उनले विवाहबाट हुने खराबीमा –

क) विवाह नगरेसम्म सपना देख्छ, विवाह गरेपछि विपना देख्छ ।

ख) आफ्नो बिहे हेर्नेले बिहेपछि बाबुको बिहे देख्छ ।

ग) विवाहपछि विवाहपूर्वको अवस्था सम्झँदा पश्चात्ताप मान्छ ।

घ) विवाहपछि विधवा वा विधुर हुन सकिन्छ ।

ङ) सन्तान जमाउँदाजन्माउँदै सन्तानकै मासु खानुपर्ने अवस्था आउँछ ।

च) विवाह विवेकको विकृति हो ।

छ) विवाह नै गरिबीको स्रोत हो ।

ज) कसैका छोराछोरी कसैका अधिकारका होइनन् ।

झ) यो संसार नै खाली गर्नुपर्नेमा अर्को संसारमा बस्ती बसाल्ने विचार गर्नु मूर्खता हो ।

यस दर्शनलाई हेर्दा संसारले बलात्कार, चेलीबेटी-बेचबिखन, यौनदुर्व्यवहार, वेश्यावृत्ति, परस्त्रीगमन आदि समस्याबाट मुक्ति पाउने देखिन्छ । अनित्य संसारमा देखापरिरहेका जन्म, मरण, दुःख, रोग, शोकसन्ताप, वैरभावबाट मुक्ति पाइन्छ । जनसङ्ख्या-नियन्त्रणको निहुँमा संसारमा भइरहेको भ्रुणहत्या, परिवार-नियोजन, अनेकौँ औषधि र सामग्री, बन्ध्याकरण आदिसँग सम्बन्धित कार्यालय र कर्मचारीका लागि हुने खर्च जोगिन्छ । साथै यौनसम्पर्कबाट हुने रोग 'एड्स' को महामारीबाट समेत बच्न सकिने भनी निबन्धकारले उल्लेख गरेका छन् ।

निबन्धकार हरि मञ्जुश्रीले **जवाहर स्मृतिपुष्प** को सम्पादकीयमा ८ वटा प्रश्नहरू – विश्वमानववंश नष्ट गर्न खोज्नेलाई सजाय किन भएन ? परिवार-नियोजनमा बल पुग्ने विचारलाई किन प्रचार-प्रसार गराउन सहयोग भएन ? विश्वकै खर्च घटाउन चाहनेलाई किन कृतज्ञतापूर्ण दृष्टिले हेरिएन ? ब्रह्मचर्यव्रतको पूर्ण पालना गराउने विचारकलाई हिन्दूहरूका महापण्डित किन भनिएन ? यो सृष्टिको औचित्य थामिरहनुको औचित्य सिद्ध गर्ने व्यक्तिका लागि तोकिएको पुरस्कार लिने व्यक्ति किन निस्कन सकेन ? उनका अनुयायी एकैजना पनि किन बनेनन् ? उनका विचारबारे किन केही लेख्ने प्रयत्न गरेनन् ? भनेर चुनौती प्रस्तुत गरिरहे पनि चुनौती स्वीकार्ने कोही भएन ।

यसरी चुनौती स्वीकार्ने कोही नहुनु भनेको या त उनको चुनौती र दर्शनलाई पागलको प्रलाप ठानेर या त उनको तर्कलाई खण्डन गर्ने साहस नभएर भनेका छन् । लेखकले दोस्रो कारणलाई प्रमुख हो कि भन्ने ठानेका छन् । साथै प्रचलित मान्यताबाट फाइदा लिइरहेकोमा नयाँ दर्शनलाई मान्यता दिन नचाहेको हुन सक्ने तर्क अगाडि सारेका छन् । उनको विचार दर्शनका रूपमै स्थापित हुन नसके पनि बहसको विषय बनेको, फाल्नै नसक्ने गरी मानवसमाजलाई विचार-प्रवाह गर्न सक्नु जवाहरलालको जीवनको सफलता हो, यस विचारले भने मान्यता पाइरहनेछ भनी निष्कर्ष दिएका छन् (पूर्ववत् : ३१-३७) ।

**यहाँका आउनु र जानुहरूभित्र** शीर्षकको निबन्ध निबन्धकार हरि मञ्जुश्रीको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहमा सङ्ग्रहित दर्शनसम्बन्धी निबन्ध हो । यस निबन्धमा 'म' भनिने आत्मवादी वा अध्यात्मवादी वा ईश्वर मानिने शब्द जाग्रतमा देखिने र सपनामा देखिने कुन सत्य हो र कुन भ्रम हो ? भन्ने विषयमा, कुनचाहिँ आउनु र कुनचाहिँ जानु हो, उताबाट यता आएको हो वा यताबाट उता जाने हो ? हामीले भन्ने गरेको 'म' र 'मेरो' मा पहिले 'म' आएको कि 'मेरो' ? 'म' नै नभई 'मेरो' कसरी हुन्छ र ? गर्भावस्थामा 'मेरो' भन्दा पहिले 'म' आएको भए जन्मिसकेपछि गर्भावस्थाको चेतना वा जानकारी किन नभएको ? भन्नेजस्ता जीवनदर्शनसम्बन्धी सवाल र तिनकै विषयमा केन्द्रित भएर तर्कहरू प्रस्तुत गरिएका छन् ।

हामी झूटको विरोध गर्छौं तर झूटकै सहारा लिन्छौँ काम-व्यवहारमा । भ्रमको विरोध गर्छौं तर भ्रमबाटै डराउँछौँ । द्वैध चरित्रमा द्वैध मनस्थितिमा अर्थात् द्वैतमा बाँचिरहेका हुन्छौँ तर कुरा गर्नुपर्‍यो भने अद्वैतका कुरा गर्छौं । वास्तवमा शरीरविनाको आत्मा र आत्माविनाको शरीरको कल्पना गर्न सकिँदैन । शरीरका अङ्गहरू नाक, कान, आँखा आदिको काम सुँघ्ने, सुन्ने र देख्ने काम हो तापनि 'म' को आदेश, आज्ञा वा नियन्त्रणबाहिर कुनै अङ्गले पनि काम गर्न सक्तैन । त्यसैले 'म' भनेको मुख्य हाकिम र 'मेरा' जति सबै नै 'म' का कर्मचारी भएको बुझिन्छ । 'म' कहीँबाट आउँछ, बस्छ तर हामी देख्तैनौँ । त्यसलाई छुन, सुँघ्न, चाख्न सक्तैनौँ । यस्तो 'म' निश्चित अवधिसम्म बस्छ, फेरि जान्छ, अनि सरुवा भएर जान्छ । जाँदा घटुवा, बढुवा वा समान पद वा दर्जामा जान्छ ? त्यो कोही जान्दैन । फेरि किन आयो, किन गयो, यसको व्याख्या आफ्नै किसिमले गरिने गरे पनि सर्वमान्य जवाफ कोही दिँदैनन् ।

'म' सुख-दुःखभन्दा पर छ । 'म' को मन पीर गर्छ भने बुद्धि चित्त बुझाउँछ । मन फट्याइँ गर् भन्छ, बुद्धि गाली गर्छ । मन र बुद्धिको झगडा 'म' ले थाहा पाउँछ । 'म' को विवेकले केही गर्ने निर्णय गर्छ । 'म' को मस्तिष्कले आदेश दिन्छ र शरीरले काम गर्छ । ती कामहरू 'म' थाहा पाउँछ । यी सबैभन्दा पर रहेको छ 'म' भनेर निबन्धकारले पनि आत्मतत्त्वलाई नै ठूलो देखाएका छन् (मञ्जुश्री, २०६० : ७२-७५) ।

हरि मञ्जुश्रीको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०) मा सङ्कलित निबन्ध **खरानीको सिरानी** दर्शनसम्बन्धी निबन्ध हो । यस निबन्धमा निबन्धकारले सिरानीलाई संवेदनशील मस्तिष्कको उपज र जीवनदर्शनको सजिलो हो भनी दार्शनिक विचार व्यक्त गरेका छन् ।

खरानीलाई सामान्य अर्थमा क्षार, भस्म, खाक, विगुत, विभूत आदि भन्ने बुझिन्छ तर यहाँ उनले प्रतीकात्मक रूपमा अर्थ्याएका छन् । यसलाई निधारमा लगाएर हिँड्दा अन्त्यमा आफू पनि यही रूपमा परिणत हुने हो भन्ने ठान्छ र अर्काको कुभलो गर्नु नपरोस् भन्ने सोचाइमा पुग्छ । अर्को किसिमले हेर्दा यसले मनलाई शान्ति दिलाउँछ, मनको तृष्णा घटाइदिन्छ भन्ने धारणा

उनको छ । अर्को अर्थमा हेर्दा खरानीले जीवनको निस्सारताको बोध पनि गराउँदो रहेछ । मन डढेर खरानी भए पनि जीवनको निस्सारतासम्बन्धी साहित्यिक चिन्तन, सिद्धान्त र कृतिको जन्म हुँदो रहेछ भनी **शिरीषको फूल** लेख्ने पारिजात, नीत्से, काफ्का, सार्त्र या कामूहरूका डढेका मनले संसार हल्लाइदिएका छन्, त्यसै गरी हाम्रा महाकवि देवकोटा पनि 'आखिर भै खाक त्यसै बिलाएँ' भनी पहिले 'बिलाएँ' भने अनि बिलाए ।

त्यसै गरी साइबाबाले दिने गरेको विभूतिले पनि यही भन्छ – 'तँ खरानी हुनेछस्, तँ खरानी हुनकै लागि बाँचिरहेको छस्, तेरो आदर्श खरानी हो, तेरो अन्तिम परिणति यही खरानी हो, तँ जुनसुकै दौडमा जतिसुकै दौडी, तेरो नियति भनेको सक्किएर खरानी हुनु नै हो ।' यसरी खरानीले शवशान्ति होइन, शिवशान्ति प्रदान गरोस्, दिमागको खरानीको अनुभूतिले अरूलाई खरानी पार्न भने उत्प्ररित पार्दैन भन्ने उनको ठहर छ (पूर्ववत् : ११०-११२) ।

यस उपखण्डअन्तर्गत समावेश गरिएका दर्शनसम्बन्धी निबन्धहरूमध्ये निबन्धका तत्वहरूका आधारमा हेर्दा दर्शनजस्तो कठिन विषयलाई सरल र सम्प्रेष्य भाषाशैलीका माध्यमबाट प्रकृति र पुरुषको समन्वयमा नै सृष्टि र त्यसको विकास सहज छ भनी द्वैतवादी दार्शनिक विचारलाई आफ्नो बुझाइ अनुभवजन्य भावनात्मक तर्कहरू पेस गरेर सङ्क्षिप्ततामा पूर्णता दिँदै पाठकलाई सहमत गराउन सफल रहेको हुँदा **श्रीमतीको वारेन्ट** उत्कृष्ट निबन्ध ठहरिन्छ ।

### ४.६.१ टीकाटिप्पणीसम्बन्धी निबन्ध :

**आजको नेपाल कता लागिरहेछ** ? निबन्ध हरि मञ्जुश्रीको टिप्पणीसम्बन्धी निबन्ध हो । यो वि.सं. २०४३ सालको नेपालको तत्कालीन अवस्थाको सत्यतथ्य विवरणमा आधारित छ । यो निबन्ध विश्वकर्मा उपाध्याय, आर्यावर्त, नरभूपाल राई र बेवारिसे काजीद्वारा २०४३ पौष महिनामा प्रकाशित गरिएको पुस्तिकाका रूपमा रहेको छ । यो तत्कालीन निरङ्कुश, निर्दलीय पञ्चायती शासनव्यवस्थाले देशको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक आदि सबै क्षेत्रको दर्दनाक अवस्थाको यथार्थ चित्रण गरेर वास्तविकतासित परिचित गराई जनतालाई चेतनशील एवं जागरूक बनाउने उद्देश्यले लेखिएको वस्तुपरक निबन्ध हो ।

नेपाली जनता गरिबी, भोकमरी, बेकारी आदिको सिकार भएका छन्, तर केही मुट्ठीभर व्यक्तिहरूको परिवारका लागि करोडौँ रुपियाँ खर्च भइरहेको छ । मिहिनेत गर्नेले एक छाक खान पाएको छैन । देशमा अन्याय, अत्याचार, भ्रष्टाचार बढिरहेको छ । यस्ता कुकृत्यका विरुद्ध कसैले केही बोल्यो भने कठोर यातना दिने, बन्दी बनाउने र गोलीको सिकार बनाइन्छ । यसकारण जनताहरू आफ्नो देशमा बस्न नसकी गाँस, बास, कपास तथा शान्ति र स्वतन्त्रताका लागि विदेश पसेका छन् । शिक्षाप्रणाली राम्रो छैन । पहिलेका जिम्मावाल, मुखिया, विर्तावाल, तालुकदार

र साहुमहाजनहरूले ब्रह्मलुट मच्चाएका छन् । गरिब किसानको दर्दनाक स्थिति छ । भूमिसुधार कार्यक्रमले पनि गरिबको हितमा काम गर्न सकेको छैन । देशको प्राकृतिक सम्पदाको सही सदुपयोग हुन सकेको छैन । उद्योग-वाणिज्य क्षेत्रमा दिनानुदिन ह्रास भइरहेको छ । सम्पूर्ण कच्चा पदार्थमा लुटपाट भइरहेको छ । जनताहरू दिनप्रतिदिन बेरोजगार बन्दै गएका छन् ।

मुलुकको सामाजिक अवस्था पनि दर्दनाक देखिन्छ । धर्मावलम्बीहरूले इहलोक र परलोकका नाममा लुटिरहेका छन् । सम्प्रदायहरूमा विरोधाभास उत्पन्न गराएर आफ्नो स्वार्थ पूर्ति गरिरहेका छन् । आम जनता अन्धविश्वासमा डुबेका छन् । यस्तो व्यवहारले प्रगतिशील विचारधारामा र देशको प्रगतिमा बाधा परेको छ । गुठी, मठाधिकारीहरूले धर्म र संस्कृतिका नाममा लुटिरहेछन् । आर्थिक हैसियतका आधारमा विभिन्न जातजातिहरूमा विभेद ल्याएर ठूलो जाति र सानो जाति भनेर भेदभावपूर्ण व्यवहार भइरहेको छ । मानिसको प्रतिष्ठा, समता, सामाजिक न्याय र सामाजिक तत्वहरूको खोजी गर्नुपर्ने स्थिति छ । गाउँमा प्रतिष्ठित भएर बसेका उच्च वर्गका व्यक्तिहरूको हातमा गाउँको नेतृत्व रहेको हुँदा तल्लो वर्गमा दमनचक्र चलाएका छन् । तल्लो वर्गको मानिस सुरुदेखि नै राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, आदि सबै क्षेत्रमा पछि परेको छ । निम्न तहका सबै पेसाकर्मी, किसान, मजदुर, उद्योगी सबैको स्थिति ज्यादै दर्दनाक रहेको कुरा यस निबन्धमा उल्लेख गरेका छन् (मञ्जुश्री, : २०४२) ।

यो निबन्ध वस्तुपरक भएर पनि यथार्थ स्थितिको चित्रण गरेर आफ्नो प्रगतिशील विचारलाई मूर्तता दिन अनेक तथ्यहरूको वर्णन र विवरण दिएर, आफ्ना भोगाइ, बुझाइसम्बन्धी तर्कहरू प्रस्तुत गर्दै भाव र विचारको अभिव्यक्ति सरल र सहज भाषाशैलीका माध्यमबाट वर्णनात्मक अभिव्यक्तिमार्फत शोषण, दमन, अन्याय र अत्याचारको विरोध गरी न्याय, समानता र स्वतन्त्रताको स्थापनाका लागि पाठकलाई सहमत गराउन सफल देखिन्छ ।

४.७.१ गीतसङ्गीतसम्बन्धी निबन्ध :

**सितुका स्वरहरूले** निबन्ध हरि मञ्जुश्रीको **जवाहरको दर्शन** निबन्धसङ्ग्रह (२०६०) मा सङ्कलित गीतसङ्गीतसम्बन्धी निबन्ध हो । प्रस्तुत निबन्ध 'लेकाली' नामको साङ्गीतिक समूहद्वारा तयार पारिएको गीतिक्यासेटसँग सम्बन्धित छ । यस चक्कामा हिरण्य भोजपुरेकी छोरी सितुको स्वर, भोजपुरेको गीत र सङ्गीत रहेको छ । त्यस क्यासेटलाई निबन्धकारका छोरा रोशनलाई औधी मन परेको, उसले बिहान सुन्न नपाएमा दिनभर दिक्क लागिरहने, साँझ सुन्न नपाए उसलाई निदाउन कठिन पर्छ रे भन्ने कुरा बताएका छन् । उसले आफू पाइलट बन्ने सपना बोकेको भए पनि यस गीत-सङ्गीतले रोशनलाई मोहित बनाएको र आफू हिरण्य भोजपुरेजस्तै गीतकार, सङ्गीतकार बन्ने इरादा राखेको कुरा निबन्धमा उल्लेख गरेका छन् । यस गीत-सङ्गीतले बाबु-छोरा दुवैलाई मोहित पारेको देखिन्छ ।

'सितुका स्वरहरू' छोरी, आमा र बाबुको साङ्गीतिक त्रिवेणी बनेको छ । शब्दहरू सुन्दा यी शब्दहरूमा यो सङ्गीत र यो स्वरभन्दा उपयुक्त अर्को सङ्गीत र अर्को स्वर हुनै सक्तैन जस्तो लाग्छ । सङ्गीत सुन्दा लाग्छ यो सङ्गीतमा यी शब्दहरू र यो स्वरभन्दा उपयुक्त अरू शब्दहरू र अर्को स्वर हुनै सक्तैन । अनि स्वर सुन्दा लाग्छ यो स्वरमा यस्तो सङ्गीत र यस्ता शब्दहरूभन्दा उपयुक्त अन्य प्रकारको शब्दसंयोजन र अर्कै प्रकारको सङ्गीत हुनै सक्तैन । यसको अर्थ हुन्छ शब्द, सङ्गीत र स्वरको यति सशक्त मेल ज्यादै कम गीतहरूमा पाइन्छ भन्ने धारणा निबन्धकारको छ । यति राम्रो भएको कारणले यो गीत कालजयी हुने उनको ठहर छ (मञ्जुश्री, २०६० : २१-२४) ।

निष्कर्ष :

निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारितालाई हेर्दा उनका निबन्धमा निजात्मक अभिव्यक्ति टड्कारो रूपमा भेट्टाउन सकिन्छ । जीवनमा आफूले देखेका, भोगेका र अनुभव गरेका वा बुझेका तथ्यहरूलाई प्रस्तुत गर्ने क्रममा अत्यन्त निजात्मकता पाइन्छ । जीवन भोग्ने क्रममा प्राप्त गरेका अनुभव, सुख-दुःख, हाँसो-आँसु, हर्ष-बिस्मात, भावलोकका सन्तुष्टि-असन्तुष्टि उनले आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् । निबन्धमा व्यक्त विचारहरूलाई आफ्नै अनुभव र जीवनघटनाका संस्मरणहरू सत्य-तथ्य रूपबाट पुष्टि गरेका छन् । निबन्धभरि निबन्धकार कतै प्रत्यक्ष र कतै परोक्ष रूपमा आफैं व्यक्त भएर आएका देखिन्छन् । अझ निबन्धको विषयवस्तु नै आफैंलाई बनाएर पनि आफ्ना भावना, कल्पना, अनुभव, अनुभूति, दृष्टिकोण र सिङ्गो व्यक्तिवृत्त प्रस्तुत भएकाले निजात्मकता उनको निबन्धकारिताको महत्त्वपूर्ण पक्षका रूपमा देखापरेको छ ।

परिच्छेद पाँच

# निजात्मक प्रस्तुतिका आधारमा हरि मञ्जुश्रीका निबन्धहरूको अध्ययन

## ५.१ निजात्मक प्रस्तुतिका आधारमा हरि मञ्जुश्रीका निबन्धको अध्ययन :

वैयक्तिकता नै निबन्धको एउटा प्रमुख उपकरण हो । निबन्धकारले निबन्धमा आफ्ना वैयक्तिक दृष्टिकोणहरू व्यक्त गरेका हुन्छन् । निबन्धमा जति मात्रामा वैयक्तिक वा निजात्मक दृष्टिकोण प्रस्तुत गरिन्छ, निबन्ध त्यत्तिकै प्रभावकारी बन्न पुग्छ । निबन्धकारको कुशलता पनि त्यसैमा झल्केको हुन्छ । यही वैयक्तिकता वा निजात्मक कोणबाट निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारितालाई हेर्न सकिन्छ । उनले साहित्य, साहित्यिक व्यक्तित्व, जीवनजगत्सम्बन्धी, धर्म-संस्कृति, पत्रकारिता, दर्शन आदि विविध विषयलाई आफ्ना निबन्धमा समावेश गरेका छन् ।

**मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०) को **पात्तिएको बूढोजस्तै पात्तिएका बूढाहरू** साहित्य-सिर्जनालाई विषयवस्तु बनाएर रचना गरिएको निबन्ध हो । साहित्य-सिर्जनाको प्रचलित मान्यताअनुरूप रचनाकारले रचनाहरूमा आफ्ना विचारहरू प्रस्तुत गरी आफूले आनन्द प्राप्त गर्दछ र पाठकलाई पनि आफ्ना विचारहरूका माध्यमबाट आनन्दित बनाउँछ । रचनाकार जहिले पनि आफ्ना विचार, अनुभव र अनुभूतिहरू व्यक्त गर्ने क्रममा पाठकसँग सम्बन्ध नराखीकन आफ्ना अनुभूतिहरूलाई निरन्तर पोखिरहन्छ । यही दृष्टिकोण निबन्धकारको रहेको छ । यस्तै सिर्जनाका क्रममा रचनाकारले विभिन्न साहित्यिक उपकरणका माध्यमद्वारा वैयक्तिक भावहरूलाई यथार्थ रूपमा व्यक्त गर्दछ भन्ने निबन्धकारको मान्यता पाइन्छ । लेख्नुलाई अध्ययन, चिन्तन र मननको दृढ साधना मान्ने निबन्धकार लेख्य विषयको पूर्ण ज्ञान हुनुपर्ने कुरामा विशेष जोड दिन्छन् । एकाग्र चिन्तन वा दृढ साधनाको उदाहरणका लागि लेखक आफ्नै जीवन-भोगाइलाई प्रस्तुत गर्दै भन्छन् – "म भेटेसम्मका पुस्तकहरू पढ्छु, पढ्न थालेपछि रातबेरात पनि पढिछाड्छु । लेख्न थालेको अथवा लेखिरहेको अवस्थामा म आफूलाई असामान्य मनस्थितिमा पाउँछु । ..... कहिलेकाहीँ मेरो मस्तिष्कमा अनेकौँ विषयवस्तुहरू तँछाडमछाड गर्दै हुँडलिएर आउँछन् । ..... मभित्रबाट कसैले कुनै कुरालाई बाहिर छताछुल्ल पार्न खोज्छ । त्यस्तो भएपछि आफूलाई थाम्न आफैँलाई मुस्किल पर्छ । अनि म कलम-कापीको सहारा लिन्छु । मैले लेखेका अथवा मबाट भएका भनिएका सिर्जनाहरू तिनै हुन् ।" (मञ्जुश्री, २०६२ : .....)

जीवन-भोगाइका क्रममा मान्छेको मनभित्र अनेक खालका बबन्डर र हुँडला पैदा हुन सक्छन् । ती भित्रबाट बाहिर निस्कन खोज्छन् । यसरी बाहिर निस्कनुलाई उनले स्खलित हुनु भनेका छन् । यसरी नै वेदव्यास, कालिदास स्खलित हुँदा **महाभारत** र **कुमारसम्भवम्** जस्ता कृति

जन्मेको भनी उदाहरण दिन्छन् । **पात्तिएका बूढाहरू** निबन्धमा 'आफूलाई स्खलित पार्ने सर्वोत्तम माध्यम कागज र कलम नै त हो, कागज र कलम राखेर म स्खलित नभइरहेको भए यो **पात्तिएका बूढाहरू** पनि तयार हुने थिएन' (मञ्जुश्री, २०६० : ६३) भनी साधनाका सम्बन्धमा आफ्ना निजी विचारहरू व्यक्त गरेका छन् । यसरी **पात्तिएका बूढाहरू**, **कागजमा कुद्‌दाकुद्‌दै** लगायतका निबन्धहरूमा निबन्धकार हरि मञ्जुश्रीका साहित्य र साहित्य-प्रयोजनसम्बन्धी निजी अभिव्यक्ति व्यक्त भएको पाइन्छ । निजी वैयक्तिक अभिव्यक्तिले निबन्धको रचनाविधानलाई निर्दिष्ट गरेको छ ।

आफ्ना जीवनमा घटेका घटनाहरूलाई विषयवस्तु बनाएर लेखिएका निबन्धहरू पनि थुप्रै पाइन्छन् । उनले **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्ध **फन्को : छुटेको रन्को** शीर्षकको निबन्धमा आमालाई ममतामयी, पवित्र र निःस्वार्थी, स्वर्गभन्दा पनि ठूली भनेर हामीले ठान्ने र मान्ने गरेको भए पनि बाध्यताको भुमरीमा परेर आमाहरूले आफ्ना सन्तानलाई घाँटी थिचेर मार्ने, नदीमा बगाइदिने कुन्तीजस्ता थुप्रै भेटिने गरेका घटनाहरूको उदाहरण पेस गरेका छन् । यसै क्रममा गाउँको वैदाङ्गे (धामी) ले 'तेरो छोरो त दीर्घरोगी छ, जिन्दगीभर तैँले छोरालाई पाल्नुपर्छ, तेरो छोराले केही पनि गर्न सक्तैन' भनिदिँदा हरि मञ्जुश्रीकी आमाले आफूलाई बोझका रूपमा हेर्ने गरेको, घरका अरू मान्छेहरूबाट पनि उनलाई कुनै सहयोग गर्नसमेत नदिएको (पूर्ववत् : ११८) आफ्नै जीवनमा घटेको घटनालाई उद्‌घाटन गरेका छन् ।

त्यस्तै **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहको **गुराँसका टाटाहरू : प्राकृतिक बाटाहरू** निबन्धमा भोजपुरका राखापाखाहरूका, वनबुट्यानहरूका आफ्ना बाल्यकालका घटनाहरू, चङ्खे र डुङ्खुरीका जुवारी, मायाप्रीति, ठट्टा, रमाइला क्रियाकलाप एवं गाईगोठालो बनी गोठ बस्ताको आनन्दानुभूतिको संस्मरण गर्ने क्रममा आफूलाई पनि यसै निबन्धको विषयवस्तुकै रूपमा प्रस्तुत गरेका छन् । उनले आफ्नो क्रियाकलापलाई **मेरो दिङ्ला** शीर्षक दिएर मन्दाक्रान्ता छन्दमा लेखेको **नयाँ युगका कविता, पहिलो भाग** मा प्रकाशित उनको बाल्यकाल सम्झाउने कविताको एउटा श्लोक यस निबन्धमा उल्लेख गरेका छन्, जुन यस्तो छ –

वर्षैपिच्छे प्रियजन मिली पर्व-मेला भरिन्थ्यो
डाँडामा या वनतिर गई क्यै जुवारी सुनिन्थ्यो
गाईभैँसी तल-तल लगी या त बाखा चराई
बित्थे मेरा दिनहरू सुसेलेर या गीत गाई । (पूर्ववत् : ४०)

निबन्धकारले **इन्लाइटमेन्ट : साइबाबाप्रतिको कमेन्ट** निबन्धमा मान्छेले आफूलाई चिन्न नसक्ता र आफ्नो शक्ति र क्षमतालाई पहिचान गर्न नसक्ता अनि हाम्रो संस्कार, संस्कृति र

प्रवृत्तिका कारण कसैको दर्शन गर्न जान्छन् । थुप्रै साहित्यकारहरू साइबाबाको दर्शन गर्न गएका, साइभक्त बनेका तर निबन्धकारकी पत्नीले पुट्टपर्तीका लागि जान पतिसँग आग्रह गर्दा हामीले आफूलाई चिन्यौँ भने, आफूप्रति परिचित छौँ भने कसैको दर्शन गर्न जानुको औचित्य छैन भनी सम्झाएको कुरा यस निबन्धमा उल्लेख गरेका छन् (पूर्ववत् : ५५) ।

**तातो न छारो : न सजिलो न गाह्रो** निबन्धको विषयवस्तुमै आफूलाई समाहित गरेका छन् । उनले यस निबन्धमा आफ्ना बाल्यकालका, विद्यालयमा पढ्दाका, क्याम्पसमा पढ्दाका समयमा आफू ओछ्यानमा पल्टेर नचाहिँदा कल्पना गर्दै रातभरि जागै बसेको कुरा व्यक्त गरेका छन् । बचपनका बेला आफू स्कुल जाने, मनिटर बन्ने, क्लास टप्ने, कक्षा फड्कने जस्ता कल्पना गरेको संस्मरण लेखेका छन् । राजनीति, खेलकुद, घरव्यवहार, साहित्यिक व्यक्तित्व बन्ने कल्पना गरेको बताउँछन् । कलेजमा पढ्दा आफूलाई थुप्रै राम्रा-राम्रा केटीहरूले पछ्याएको, गाडीमा केटी लिएर घुम्न गएको (पूर्ववत् : ..... ) आदि कुरालाई निबन्धको काल्पनिक विषयवस्तुमा प्रस्तुत गरेर निजात्मकता देखाएका छन् ।

**एक यौवनाको अन्तर्द्वन्द्व : धेरै यौवनाहरूको अन्तर्द्वन्द्व** निबन्धमा हिरण्य भोजपुरेको कथामा निबन्धकारले आफ्नो जीवनमा घटेका, देखेका र भोगेका थुप्रै यौवनाहरू र मानसिक तनाव र अन्तर्द्वन्द्वका बारेमा निबन्धको विषयवस्तु बनाएका छन् । उनले क्याम्पसमा पढ्ने सरू र दीपेशबीचको मायाप्रीति र पछि भएको बिछोडको कुरा उल्लेख गरेका छन् । त्यस्तै अर्की केटी, जो लेखकभन्दा ५-७ वर्षले जेठी छे, स्वभावमा फुर्तिली, हँसिली, मिलनसार र सेवाभावकी भएकीले सबैले मन पराए पनि केटीले मन पराएकासँग बाबुले नदिने, बाबुले मन पराएको केटालाई केटीले मन नपराउने गर्दा उनी ५० वर्षकी हुँदा पनि विवाह नगरी बसेको घटना उल्लेख गरेका छन् (पूर्ववत् : ९८) ।

त्यस्तै **ब्ल्याकबेल्टहोल्डरकी ब्ल्याकबेल्टहोल्डर** निबन्धमा यौनसम्बन्धी उत्तेजनाका आवेगहरू र मानसिक असन्तुष्टि एवं कामुकताको चित्रण गर्ने क्रममा एकपटक बुद्धि बिग्रेर आफू एउटा फुँडो जोगीको पछि लाग्दा जोगीलाई सजाय दिन खोज्दा आफूले भाग्नुपरेको समस्याको घटना बताएका छन् (पूर्ववत् : ३६) । **खरानीको सिरानी** जस्तो दर्शनसम्बन्धी निबन्धमा समेत निबन्धकारले खरानीको टीका लगाउँदा आफ्नो मनमा छाउने शान्ति र अर्काको कुभलो गर्न नपरोस् भन्ने खालको सोचाइ आफ्नो मनमा आउने गरेको बताउँछन् । त्यस्तै आफू दिल्लीको सिद्ध हनुमान मन्दिरमा बस्ता एक दिन स्वामी कैलाशानन्दले आफूलाई सम्झाउन नसकेर दिक्क मान्दै 'तिम्रो दिमागमा त खरानी भरिएको छ कि क्या हो' (पूर्ववत् : ११२) भनेको कुरासमेत उल्लेख गरी निजात्मकता प्रस्तुत गरेका छन् ।

**झस्काहरू : मुटु दुख्ने चस्काहरू** शीर्षक निबन्धमा त झन् भोजपुरेको 'झस्काहरू' कथा पढ्दा आँखा चिम्लेर पलङमा लम्पसार परेको, आफू अत्यन्त संवेदनशील बनेको, कता-कता सडकमा गुडेको अनि आकाशमा उडेको कुरा बताएका छन् । त्यस्तै अनुभूति श्रीमतीलाई पनि भएको र उनका आँखाबाट बर्बर्ती आँसु बगेर लोग्नेको आडमा टाँसिएर बस्न आइपुगेको बताएका छन् । यस सन्दर्भमा निबन्धकारको विनापेसा वा जागिर, डेराको बास, डेरामै सन्तान जन्मँदा घस्ने तेल र खानेकुरा नहुँदा खुत्रुके फोरेर तीन दिन गुजारेको घटना, जागिर नखाई नभएको तर कसैसँग माग्न जान्न भन्ने हठका कारण भोग्नुपरेको पीडा, अभाव, सङ्घर्ष र दुःखका ती दिनहरू श्रीमान्-श्रीमतीलाई झस्काहरू बनेका छन्, चस्काहरू बनेका छन् । जे-जति दुःख-कष्ट सहनुपरे पनि इमानदारी, कर्तव्यपरायणता, धैर्य र लगनशीलताका कारण अहिलेको अवस्थासम्म आइपुग्नु र विगतलाई फर्केर हेर्दा आफू झस्कनुपर्ने अवस्था बताउँदा (पूर्ववत् : ६०) निजात्मक बनेको छ यो निबन्ध ।

निबन्धकार हरि मञ्जुश्रीको **जवाहरको दर्शन** निबन्धसङ्ग्रहमा सङ्ग्रहित १२ वटै निबन्धहरूमा धेरथोर निजात्मक दृष्टिकोण र भाव रहेको पाइन्छ । यीमध्ये पनि **वेश्यासँगको एक साँझ** र **मेरो थर र घर** निबन्धहरू भने आफ्नै अनुभव, धारणा र दृष्टिकोणका साथै आफैँमा केन्द्रित छन् । आफ्नो अनुभवसँग सम्बन्धित निबन्धहरूमा **कान्छी सर्किनीको गुन्यूँ, सितुका स्वरहरूले, चुत्थो अङ्गभित्र देखिएको दृश्य** र **पत्रकारद्वारा पत्रकारमाथि आक्रमण** निबन्धहरू पर्दछन् भने बाँकी ६ वटा निबन्धहरू भने कुनै न कुनै रूपमा निजात्मक रूपमा उपस्थित भए पनि आफ्नो वैयक्तिक वा निजी व्यवहार र घटनासँग सम्बन्धित छैनन् ।

**वेश्यासँगको एक साँझ** निबन्ध उनले 'हिन्दू साप्ताहिक' पत्रिकामा काम गर्दाका समयको हो । निबन्धकार लगनबाट आफ्नो डेरा मैतीदेवीतिर फर्कंदा धरहराको ओझेल परेको ठाउँबाट मोरङ घर भई काठमाडौँ खिचापोखरीमा डेरा लिई क्याम्पस पढ्ने एउटी केटीले आफ्नो दैनिक खर्च चलाउन देहव्यापार गर्न बाध्य बनेकी हुँदा उनलाई बोलाउँछे । उनी त्यसै केटीको डेरामा पुग्छन् । त्यस केटीको देहव्यापार गर्नुपर्ने कारण थाहा पाउँछन् तर उनी त्यस कुकर्ममा संलग्न हुँदैनन् । लेखकको साथमा रु. ८।- मात्र हुन्छ । केटीको थर पनि अधिकारी भएको थाहा हुन्छ । उनलाई नरमाइलो लाग्छ । त्यसै क्रममा उनको मनमा 'असल काम गर्दा दुःख पर्छ भने पनि खराब काम गरेर शिर झुकाउनु हुँदैन, बरू शिर उँचो पार्न दुःख खप्नुपर्छ । हिम्मत हारेर देहव्यापार गर्नु हुँदैन । देहव्यापार गर्नु भनेको आत्महत्या गर्नु हो । आत्महत्या नै गर्ने हो भने सुखको कामना नै किन गर्ने ?' (मञ्जुश्री, २०६० : १९) भन्ने विचार मनमा आउँछ तर लाज, डर वा धकले हो वा त्यो भनाइ निरर्थक हुनेछ भन्ने लागेर हो, व्यक्त गर्दैनन् । त्यस केटीको समस्याप्रति हार्दिक सहानुभूति व्यक्त गर्छन्, आफू दुष्कर्ममा संलग्न नहुने तर भोलिपल्ट रु. ५०।-

दिनेछु भनी कबुल गर्छन् । तर केटीका लागि भने स्वीकार्य देखिँदैन । यसरी उनले देहव्यापारप्रतिको आफ्नो वैयक्तिक धारणा यस निबन्धमा उल्लेख गरेका छन् ।

निबन्धकारले **मेरो थर र घर** निबन्धमा थर र घरका सम्बन्धमा पनि आफ्नो स्पष्ट धारणा व्यक्त गरेका छन् । कसै-कसैले हरि मञ्जुश्रीले आफ्नो थर 'अधिकारी' नलेखी 'मञ्जुश्री' लेखेकोमा भविष्यमा 'अधिकारी' थर हो भन्ने नै बिर्सन सकिने हुँदा एउटै थर र गोत्रका केटा-केटीबीचमा विवाह हुन सक्ने भन्ने टिप्पणीको जवाफमा उनी भन्छन् – 'थर भनेको नै उपनाम हो, स्थानविशेषबाट उत्पन्न उपनाम, पदविशेषबाट उत्पन्न उपनाम । कसैकसैले पुर्ख्यौली नाम 'सरनेम' पनि भनेका छन् । पुस्तौंपुस्ताले 'मञ्जुश्री' लेख्न थाले मञ्जुश्री आफैँ थर बनिहाल्छ नि । सञ्चार-सम्पर्कले विश्व नै एउटा गाउँमा रूपान्तरित हुँदै गएको अवस्थामा पनि थर र गोत्र भनी किन सामाजिक विभेद खडा गर्नु ? त्यही सम्झेर म आफ्नो नाम 'हरि मञ्जुश्री' लेख्ने गर्छु । आफ्नो व्यक्तित्व-विकास गराई आफ्नो छुट्टै पहिचान बनाउनका लागि पनि अबका पुस्ताले परम्परागत थर र गोत्रलाई परित्याग गरी नयाँ थर र गोत्रको प्रादुर्भाव गराउन सक्नुपर्छ । बिहे गर्ने क्रममा अब थर र गोत्र हेर्ने होइन, बरू गुण, योग्यता, क्षमता, स्वभाव, शिक्षा, पारिवारिक स्थिति जाँचिनुपर्छ । अझ केटा र केटीको रक्तपरीक्षण गरेर रक्तसमूह जीन र एच० आई० भी० रोग आदिको परीक्षण गराई विवाह गर्ने-गराउने प्रचलनको सुरुवात गर्नुपर्छ' (पूर्ववत् : .....) भन्ने धारणा उनको रहेको देखिन्छ ।

त्यसै गरी घरका विषयमा पनि उनले आफ्नै भोगाइका आधारमा गरेको अनुभव व्यक्त गरेका छन् । उनका इष्ट-मित्र, साथी-सँगीले उनले दिङ्लाको आफ्ना पिताको घरलाई आफ्नो घर भन्ने गरेकोमा त्यो त आफ्नो होइन भन्ने धारणा राखेपछि उनले त्यसै कुरालाई पछ्याउँदै धेरै इष्ट-मित्रको सहयोग र आफ्नो ज्यादै ठूलो मिहिनेतका साथ २०५५ सालमा बनेपामा करिब ३ आना जग्गामा घर बनाउँछन् । तर घर बनाइसकेपछि संसारमा कहीँ पनि बस्ने ठाउँ नपाएर बाध्यतावश यस घरमा बस्नुपरेको जस्तो लागेको भनी उनी बताउँछन् । घरकै विषयमा उनी आफ्नो विचार राख्छन् – 'मेरो हिन्दूदर्शनले त मलाई अजर भनेको छ, अमर भनेको छ । म त नपोलिने, नसोसिने, नडढिने, नसिद्धिने वस्तु पो हुँ त । ओहो, कति व्यापक हगि म ? मेरो व्याप्ति मेरो सिमानाभन्दा पर छ । के ठान्या मलाई ? रूप, रस, गन्ध, शब्द र स्पर्शले समेत मलाई भेट्टाउँदैनन्, मेरो भेउ पाउँदैनन् । ब्रह्माण्डमा मबाहेक को छ र अर्को यस्तो, मेरो दाँजोमा ?' (पूर्ववत् : २९) यसरी उनी आफ्नो कल्पना भन्छन् – 'म प्रत्येक रात सपनामा घरको सुविधासम्पन्न पाँचौँ तलाका कोठाहरूमा दिनभरिको समय बिताउँछु र सपनाबाट ब्यूँझिएपछि प्रत्येक बिहान ६ बजे पहिलो तलाको कोठाबाट दिसापिसाब गर्न भुइँतलामा भएको गनाउने र अँध्यारो चर्पीभित्र छिर्छु' (पूर्ववत् : २९-३०) भनी आफ्नो कल्पना र यथार्थको बीचको अन्तरलाई व्यक्त गरेका छन् ।

निबन्धकारले **कान्छी सर्किनीको गुन्यूँ** निबन्धमा गाउँका ठूला-बडाले दुःखी, गरिब र पिछडिएको वर्ग, त्यसमा पनि असहाय विधवा महिलाप्रति गरेको आर्थिक तथा यौनशोषणप्रति आफ्नो विद्रोहात्मक स्वर अभिव्यक्त गरेका छन् । त्यस्तै **सितुका स्वरहरूले** निबन्धमा शब्द, सङ्गीत र स्वरको सशक्त मेलबाट आफू र आफ्नो छोराको मन तानेको मात्र नभई उनका छोरा रोशनको भविष्यमा पाइलट बन्ने भन्ने लक्ष्य नै परिवर्तन गराई गीतकार-सङ्गीतकार बन्ने प्रेरणा प्रदान गरेको बताउँछन् । यस्ता खालका गीत-सङ्गीत नै कालजयी हुन्छन् भन्ने आफ्नो धारणा व्यक्त गरेका छन् ।

निबन्धकार मञ्जुश्री साहित्यकारका अतिरिक्त पत्रकार पनि हुन् । उनी एक सच्चा, इमानदार, नैतिकवान्, स्वच्छ र निष्कलङ्कित पत्रकार हुन् । उनी कुनै किसिमको गुट, उपगुट वा समूहमा आबद्ध भएर होइन, व्यवसायको उद्देश्य वा मूल मर्मबमोजिम सत्य-तथ्य समाचार सम्प्रेषण गर्नुपर्छ भन्ने धारणा राख्तछन् । एउटै पेसाकर्मीहरू अनेक समूहमा विभाजित हुनु हुँदैन, पेसा वा व्यवसायप्रति समर्पित रहेमा राज्यको चौथो अङ्गका रूपमा चिनिने पत्रकारिताको गरिमा बढ्छ, विभाजित भएमा चोथो अङ्ग होइन 'चुत्थो' अङ्गका रूपमा चिनिन पुग्छ भन्ने धारणा व्यक्त गरेका छन् । त्यस्तै सही सूचना प्रवाह गर्ने जिम्मेवारी बोकेका पत्रकारहरू विभिन्न विभेदक तत्वका आधारमा एक-आपसमा समन्वय र समझदारी कायम गर्नुको सट्टा एक-अर्काप्रति आक्रमण र प्रत्याक्रमण गर्ने काम ठीक हुँदैन भन्ने धारणा **पत्रकारद्वारा पत्रकारमाथि आक्रमण** शीर्षकको निबन्धमा आफ्नो अनुभव र निजी धारणा व्यक्त गरेका छन् ।

निबन्धकार हरि मञ्जुश्रीको **अध्यात्म चिन्तन** (२०६२) सङ्ग्रहमा सङ्ग्रहित **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ** शीर्षकको निबन्धमा विश्वनाथसँग आफ्नो सम्पर्क, विश्वनाथ आफ्नो घरमा आएर खानपिनका साथै धार्मिक चिन्तन गर्ने गरेको, धार्मिक सम्मेलनसम्बन्धी बैठकमा आफू सम्मिलित भएको, धार्मिक मेलामा आफू प्रमुख अतिथि बनेको, पुस्तक-प्रकाशनसम्बन्धी प्रसङ्ग चलेको र आफैँले पुस्तक लेखेको कुरा उल्लेख गरेर आफ्नो अनुभव र निजी धारणा व्यक्त गरेका छन् । त्यस्तै **हाम्री गौमाता** निबन्धमा पनि आफ्ना सानैदेखिका अनुभव र अनुभूतिहरूलाई आत्मसंस्मरणात्मक रूपमा अभिव्यक्त गरेका छन् ।

**शशि भण्डारी : आयाम र आलोक** हरि मञ्जुश्रीको पठन, सृजन एवं समीक्षासम्बन्धी निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा शशि भण्डारीका विभिन्न विधाका ७ वटा कृतिहरू संस्मरण : **सम्झनाका तरेली** (२०५८), कविता : **क्षितिजसँगैको आकाश** (२०५८) र **उही क्षितिज उही आकाश** (२०६०), उपन्यास : **लक्ष्मीदिदी** (२०६०) र **विचलन** (२०६२), हाइकु : **शीतको जून** (२०६१) र तान्का : **डाँडावारिको घाम** (२०६२) को समीक्षा गर्ने मात्र नभई ती कृतिले आफूलाई पारेको प्रभाव अनि आफ्नो निजी धारणालाई समेटेर उक्त कृतिभित्र आफू मिसिएर आएका छन् ।

आफू मिसिँदा उक्त कृतिहरूप्रति क्रमशः **सम्झनाका तरेलीमा तैरिँदै-तैरिँदै**, **क्षितिजसँगैको आकाशमा उड्दै-उड्दै**, **उही क्षितिज उही आकाशलाई छुँदै-छुँदै**, **लक्ष्मीदिदीसँग बेरिँदै-बेरिँदै**, **विचलनभित्र विचलित हुँदै-हुँदै**, **शीतको जूनलाई हेर्दै-हेर्दै** र **डाँडावारिको घामको पाहार ताप्तै-ताप्तै** शीर्षकका समीक्षात्मकका साथै अनुभूत्यात्मक तथा निजी धारणाको अभिव्यक्ति दिएका छन् ।

विषयवस्तुलाई आफ्नो अनुभूतिमा घोल्ने मात्र नभई यस सङ्ग्रहका प्रत्येक निबन्धलाई पत्रात्मक रूपमा लेखेका छन् । सुरु गर्दा 'आदरणीय शशिदाइ' भनेर र समापन गर्दा 'तपाईंको भाइ हरि मञ्जुश्री' भनी निबन्धलाई टुङ्ग्याएका छन् । सातवटा कृतिका बारेमा समीक्षात्मक टिप्पणी वा निबन्ध लेखिसकेपछि शशि भण्डारीसँग भएको फोन-वार्ता र प्रत्यक्ष भेटवार्ता गरेर पुस्तकको प्रकाशनसम्बन्धमा र यस वार्तालापलाई समेत पुस्तकमै छापिदिँदा अत्यन्त निजी, मौलिक र नयाँपन देखिएको छ ।

हरि मञ्जुश्रीको अर्को प्रभावपरक समीक्षात्मक निबन्धसङ्ग्रह हो **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** । यस सङ्ग्रहमा निबन्धकारले हिरण्य भोजपुरेका साङ्गीतिक र साहित्यिक दुवै प्रतिभाको टिप्पणी तथा समीक्षात्मक निबन्ध लेखेका छन् । यसमा उनले भोजपुरेको गीत **ट्याम्केडाँडा**, जुन ट्याम्केडाँडा हिरण्य भोजपुरेको तथा निबन्धकारको जन्मजिल्ला भोजपुरमा पर्छ, त्यसैलाई मानवमनको शिखरको प्रतीक, आदर्श र आस्थाको प्रतीक अनि सत्य र इमानदारीको प्रतीक मानेका छन् निबन्धकारले । त्यसै गरी गीतका शब्द र भावहरूसँग यसमा राखिएको सङ्गीत एकदमै मिलेको, स्वरको आरोह-अवरोह मिलेको अनि शब्द, भाव, स्वर र सङ्गीतको तालमेल र सबैको समायोजित सम्मिलनबाट यो गीत नेपाली गीतिपरम्पराको उदाहरणीय र नमुनालायक गीत बनेको छ । गीतको भावले प्रकृति र मानवबीच तादात्म्य राख्तै विश्वमानवसमाजलाई नै छोएको छ र राजनीति, धर्म, समाज, कानुन, परम्परा, प्राकृतिकता, मानवता आदि सबै विषयलाई समेट्न सकेको ठहर निबन्धकारको छ भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

त्यसै गरी **ट्याम्केडाँडा र म** शीर्षकको निबन्धमा आफ्नै जीवन र चेतनाको उकाली-ओराली, चढाइ-झराइको अनुभव गर्छन् । ट्याम्केडाँडाको कथामा आफ्नै कथा देख्छन् र भन्छन् – "..... गीत पनि 'टाढा .....' पुग्छ, र फेरि म भक्कानिएर रुन्छु । भक्कानिँदा-भक्कानिँदै म टाढा, अझ टाढा पुग्छु' (मञ्जुश्री, २०६२ : ३६) भनी आफ्नो जीवनसँग 'ट्याम्केडाँडा' को तादात्म्य गाँस्छन् ।

त्यसै गरी हिरण्य भोजपुरेको साहित्यिक कृति **सगरमाथाभन्दा माथि** उपन्यासको समीक्षा गरेका छन् । यस उपन्यासको विषयवस्तुको नवीनता, भाषाको चमत्कृति, शैलीको सम्मोहन, रहस्य-रोमाञ्च र साहसिकताको पठनीयता, अनेकार्थी, अनुकरणीय र लोपोन्मुख ग्रामीण शब्दहरूको प्रयोग, सरल र जटिल दुवै प्रकारका सङ्क्षिप्त जीवनदर्शन र जातीय गौरवका

हिसाबले यी सबै कुरालाई एउटै उपन्यासमा गाँसेर लेखिएको यस्तो उत्कृष्ट खालको अमर्त्य कृति आफूले यसअघि कहिल्यै नपढेको धारणा व्यक्त गरेका छन् ।

**सगरमाथाभन्दा माथि र म** निबन्धमा निबन्धकारले यसको कथावस्तु वा घटना अर्थात् कथाको जलप लगाएका घटनाहरू सबैजसो आफूले देखेजस्ता, भोगेजस्ता, सुनेजस्ता र पढेजस्ता लागेको बताउँछन् । कथामा आएका कैयौँ पात्रहरू आफूले चिनेजानेजस्ता लागेको बताउँछन् । आफूले कतैकतै सुनेका वास्तविक घटनाहरू आफूले कथाका रूपमा पढेको र उनलाई कथात्मकतामा वास्तविकता उनिएकोमा खुसी लागेको आफ्नो निजी धारणा बताएका छन् । 'भिजिट नेपाल, १९९८ को सन्दर्भ जोडेर गरिएका केही सम्वादहरू छन् कथाभित्र, जसलाई कथाको स्वरूप दिएर इतिहासको अभिलेखाङ्कन गरेको ठहर मेरो मनले गर्छ । ती सबै कथा-प्रसङ्ग र घटना-प्रसङ्ग आफूलाई जोडेर म राष्ट्रवाद र प्रजातन्त्रको पुनर्व्याख्या गर्ने प्रयास गर्छु' (पूर्ववत् : ५८) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यसरी हिरण्य भोजपुरे साहित्य र सङ्गीतबाट समयसीमालाई पार गरेर अमृत्यु अर्थात् अमर्त्य बनिसकेका छन्, मृत्युञ्जय बनिसकेका छन् भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

निबन्धकार हरि मञ्जुश्रीको **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४) निबन्धसङ्ग्रहमा आदिकवि भानुभक्त आचार्यदेखि जीवन आचार्यसम्मका ५३ जना साहित्यकारहरूका जीवनमा घटेका रोचक, मार्मिक र संवेदनशील घटनाहरूलाई विषयवस्तु बनाएर लेखिएका निबन्धहरू प्रायः वर्णनात्मक-विवरणात्मक भए पनि प्रत्येक निबन्धमा आफ्नो धारणालाई अभिव्यक्त गर्न भने चुकेका छैनन् ।

निबन्धकारको हालसम्म प्रकाशित निबन्धसङ्ग्रहहरूमध्येको अन्तिम निबन्धसङ्ग्रह हो **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग, २०६४) । यो निबन्धमा उनले आफ्ना समकालीन व्यक्तित्वहरू जो विभिन्न पेसा, व्यवसाय र कार्यमा संलग्न हुनाका साथै साहित्यमा रुचि राख्ने र निबन्धकारसँग सम्बन्ध, सम्पर्क र चिनेजानेका व्यक्तिहरू पर्दछन् । यो निबन्धसङ्ग्रहका २३ वटा निबन्धहरूमा २४ जना कर्मयोद्धाहरू समेटिएका छन् । यी हरेक निबन्धमा निबन्धकारको निजी धारणा, अनुभव र विचार अभिव्यक्त भएको देखिन्छ । प्रत्येक कर्मयोद्धाका विषयमा अनुसन्धान गरी उनीहरूलाई प्रेरक एवं कर्मयोद्धा मान्नुपर्ने कारणमा आफ्नो धारणालाई स्पष्ट रूपमा देखाएका छन् । आफ्नो तर्फबाट दिनुपर्ने सुझाव, सल्लाह, हौसला, उनीहरूले सच्याउनुपर्ने कुरा, गर्नुपर्ने कर्म, कर्तव्य र सहयोगका बारेमा पनि आफ्नो मन्तव्य राखेकै देखिन्छ ।

५.२ विचार र भावनाको सन्तुलनका दृष्टिमा हरि मञ्जुश्रीका निबन्धको अध्ययन :

निबन्ध-सिर्जनाका क्रममा निबन्धकारले कुनै न कुनै एउटा निजी विचार प्रस्तुत गरेको हुन्छ । आफ्ना विचारको पुष्टिका लागि विभिन्न तर्क, पक्ष-विपक्षका सवाल आदिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको निबन्ध विचारप्रधान बन्न पुग्छ । भावनात्मक निबन्धमा निबन्धकारले

आफ्नो विचारलाई स्वीकार गर्न हृदयको अनुरोध प्रस्तुत गरेको हुन्छ । त्यसै गरी वैयक्तिक निबन्धमा 'स्व' लाई नै विषयवस्तु बनाएर निजत्वलाई प्रस्तुत गरेको हुन्छ । यिनका साथसाथै निबन्धमा प्रस्तुत गरिएको विचारको पुष्टि गर्नका लागि निबन्धकारले आफ्ना भावनाहरू अभिव्यक्त गरेको हुन्छ । यस्तो अवस्थामा निबन्धमा विचार र भावनाको सन्तुलित स्थिति पाइन्छ । विचार र भावनाको सन्तुलनका दृष्टिबाट पनि निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारितालाई हेर्न सकिन्छ ।

**आजको नेपाल कता लागिरहेछ** ? हरि मञ्जुश्रीको विचार र भावना सन्तुलनको भएको निबन्ध हो । यो निबन्धमा नेपालीहरूको जीवन दर्दनाक अवस्थामा रहेको विचार व्यक्त गरिएको छ । यस विचारको पुष्टिका लागि निबन्धकारका विभिन्न भावनात्मक कुराहरू आएका छन् । निम्न स्तरमा रहेका सम्पूर्ण नेपालीहरू, निरङ्कुश निर्दलीय पञ्चायती शासनव्यवस्थाले देशको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक रूपमा चित्रण गरेका छन् । यी समस्याहरूबाट निम्न वर्गका नेपालीहरूले जतिजति मुक्त हुने प्रयास गर्छन्, उतिउति नयाँ समस्याहरू थपिँदै जान्छन् । यस्तो अवस्थामा कुनै पनि व्यक्तिले आफ्नो जीवनलाई स्वतन्त्र रूपमा चलाउन सक्तैन । नचाहँदानचाहँदै पनि देखिएका रुढिवाद र अन्धविश्वासले जकडिएको हुन्छ । यस्ता कुसंस्कार र परम्परालाई तोडेर अगाडि बढ्नुपर्ने प्रगतिवादी धारणा यो निबन्धमा प्रस्तुत गरेका छन् । यसरी अन्याय, अत्याचार, शोषण, दमन र असमानता हटाउनुपर्ने विचारको पुष्टिका क्रममा मानिसको मानसिक, बौद्धिक जागरण आउनुपर्ने भावना प्रबल रूपमा आएकाले यो निबन्धमा विचार र भावनाको सन्तुलन भएको पाइन्छ ।

साहित्य कठिन परिश्रमको उपज हो भन्ने विचार व्यक्त गरिएको **पात्तिएको बूढोजस्तै पात्तिएका बूढाहरू** (२०६०) निबन्धमा केन्द्रीय विचारको पुष्टिका लागि निबन्धकार मञ्जुश्रीका अनेक भावनात्मक विचारहरू प्रस्तुत भएका छन् । साहित्य जीवनको यथार्थ अभिव्यक्ति हो, यसका लागि अभ्यासको आवश्यकता छ भन्ने कुरा यो निबन्धमा प्रस्तुत भएको छ । लेख्नका लागि अध्ययन, चिन्तन र मननको आवश्यताका साथै लेख्य विषयमा पूर्ण ज्ञान हुनुपर्ने कुरामा विशेष जोड दिन्छन् । एकाग्र चिन्तन र दृढ साधनाका क्रममा उनले रात-विरात भेटेजतिका पुस्तक पढ्ने गरेका, लेख्न थालेपछि आफूलाई असामान्य अवस्थामा पाउने बताउँछन् । निबन्धकार मञ्जुश्री साहित्यलाई सिर्जना-समाधि-अवस्थाको परमानन्दानुभूतिको साक्षात्कार हो भन्ने विचार व्यक्त गर्छन् । यसै विचारको पुष्टिका लागि शान्त र एकान्त वातावरणभित्र साहित्यको आराधना गर्दै साहित्यकार जब कल्पनाजगत्मा लीन हुन्छ, वस्तुगत सत्यलाई चेतनशक्तिद्वारा स्मृतिपटलमा एकत्रित गरेर अन्तःचक्षुको हेराइले सौन्दर्य सिर्जना गर्छ र त्यसैलाई साहित्यमा अभिव्यक्त गर्छ भन्ने विचार निबन्धमा व्यक्त भएको छ । संवेदनशील नभईकन लेखिएको कुनै पनि सिर्जनामा ज्यान हुँदैन भन्ने निबन्धकार मञ्जुश्रीका विचारमा चेतनाको समीकरण र तन्मयता भनेको नै अभ्यास हो ।

मञ्जुश्रीको **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०) मा हिरण्य भोजपुरेका कथाहरूको अध्ययन, मनन र चिन्तनका क्रममा २६ वटै कथाहरूप्रति आफ्ना विचार, अनुभव र जीवन-भोगाइका प्रसङ्ग अभिव्यक्त भएका छन् । आफ्ना भावना र कल्पनाका साथै वैयक्तिक जीवनका घटना-प्रसङ्गहरू एवं साहित्यप्रतिका आफ्ना धारणाका माध्यमबाट गम्भीर विषयलाई पनि सरल रूपमा प्रस्तुत गर्न मञ्जुश्री सफल देखिन्छन् । आफूसँग सम्बन्धित साहित्य र साहित्यकारसम्बन्धी दृष्टिकोण प्रस्तुत गर्ने अभिप्रायले रचना गरिएका यस सङ्ग्रहका निबन्धहरूमा केन्द्रीय विचारको पुष्टिका लागि भावना प्रबल रूपमा आएकाले विचार र भावनाको सन्तुलन भएको पाइन्छ ।

**जवाहरको दर्शन** (२०६०) निबन्धसङ्ग्रहका १२ वटै निबन्धहरूमा सबैजसोमा विचार र भावनाको सन्तुलन रहेको पाइन्छ । यस सङ्ग्रहको पहिलो निबन्ध **कान्छी सर्किनीको गुन्यूँ** मा निबन्धकारको समानता, स्वतन्त्रता र सामन्तवादविरोधी प्रगतिशील विचार व्यक्त भएको पाइन्छ । यस निबन्धमा स्थानीय शोषक, सामन्तहरूले गरिब, निमुखा, दलित, विधवा महिलाजातिहरू कसरी आर्थिक, सामाजिक र जातीय रूपमा शोषिन्छन्, हेपिन्छन् र आफ्नो प्राण धान्न र लाज छोप्न नसक्ने अवस्थामा पुगी दुःखद र कष्टपूर्ण जीवन बिताउन विवश छन् भन्ने यथार्थ स्थितिको चित्रण गरेका छन् । यसरी हेर्दा प्रस्तुत निबन्धमा केन्द्रीय विचारको पुष्टिका लागि आएका भावनात्मक तर्क अत्यन्त सजीव एवं प्रबल भएकाले विचार र भावनाको सन्तुलन हुन पुगेको छ ।

असल काम गर्दा दुःख पर्छ भने पनि खराब काम गरेर शिर झुकाउनु हुँदैन, बरू शिर उँचो पार्न दुःख परे पनि खप्नुपर्छ भन्ने विचार **वेश्यासँगको एक साँझ** निबन्धमा मञ्जुश्रीले व्यक्त गरेका छन् । प्रस्तुत निबन्धमा मोरङ घर भएकी अधिकारी थरकी एस.एल.सी. पास गरिसकेकी उच्च शिक्षाको अभिलाषा बोकेकी केटीलाई आफ्नो इच्छाविरुद्ध रक्स्याहा एवं गुन्डागर्दी गर्ने केटासँग बाबुआमाले विवाह गरिदिन लागेपछि त्यहाँबाट भागेर काठमाडौँ आई कलेजमा भर्ना भएर पढ्न थाले पनि घर-परिवार तथा अन्य कुनै आर्थिक स्रोत नहुँदा बाध्य भएर आफ्नै शरीरको काँचो मासु बेचेर दैनिक खर्च चलाउने गरेकी केटीको कोठामा निबन्धकार पुग्छन् । उनीसँग वार्तालाप हुँदा लेखकको आँखा रसाएको, सहयोग र सहानुभूतिको भावना अभिव्यक्त हुन्छ । यसरी प्रस्तुत निबन्धमा उनको विचार र भावनाको तन्मयता देखिन्छ ।

त्यसै गरी **जवाहरको दर्शन** र **श्रीमतीको वारेन्ट** निबन्धहरूमा दार्शनिक विचारलाई समेत ज्यादै सरल र सहज रूपमा आफ्नो कल्पना र भावनाको सन्तुलित अभिव्यक्ति प्रकट गरेका छन् । **चुत्थो अङ्गभित्र देखिएको दृश्य** र **पत्रकारद्वारा पत्रकारमाथि आक्रमण** निबन्धमा इमानदार, नैतिकवान्, चरित्रवान् र व्यावसायिक आचरण र व्यवहारको पालना हुनुपर्ने विचारको पुष्टिका निमित्त आफ्नो अनुभव, बुझाइ र कर्तव्यपरायणताको भावना व्यक्त गरेका छन् । **पशुपतिभित्र जोखिम** र **मूल भट्टको गाँठी कुरो** निबन्धहरूमा धर्म र संस्कृतिको आडमा कसैलाई अकुत सम्पत्ति

आर्जन गर्ने बाटो बनेको र मानिसको स्वास्थ्योपचार गर्न अस्पतालमा गएर प्रसूति गराउनसमेत नपाउने अमानवीय व्यवहारलाई पनि धर्म र संस्कृतिको रूपले हेर्नु हुँदैन भन्ने विचारलाई भावनात्मक पुट दिएर विचार र भावनाको समन्वय गराएका छन् । त्यसै गरी **जबर्जस्ती सम्मान खोज्नेहरू** निबन्धमा कसैले पनि मपाइँ बन्न खोज्ने होइन, तपाईं भन्न दिनुपर्छ अथवा मानिस आफ्नो काम र व्यवहारबाट आफैँ ठूलो गनिन्छ, फूर्ति, धाक, धम्की र रवाफले ठूलो बन्ने चेष्टा गर्नु हुँदैन भन्ने विचारको पुष्टिका लागि निबन्धकारले आफ्नो भोगाइ, बुझाइ र अनुभूतिको भावनात्मक अभिव्यक्ति दिएर विचार र भावनाको सन्तुलन गराएका छन् ।

यस सङ्ग्रहको विचार र भावनाको सन्तुलन मिलेको निबन्ध हो **मेरो थर र घर** । यस निबन्धमा निबन्धकार मञ्जुश्रीको विचारमा थरको उत्पत्ति आफ्नो बसोबास गर्ने स्थानबाट र आफ्नो कार्य वा पदबाट भएको हो । अर्को अर्थमा थर भनेको उपनाम हो । अर्थात् स्थानविशेषबाट उत्पन्न उपनाम र पदविशेषबाट उत्पन्न उपनाम । सञ्चार-सम्पर्कले विश्व नै एउटा गाउँमा रूपान्तरित हुँदै गरेको अवस्थामा पनि थर र गोत्र भनी सामाजिक विभेद खडा गर्नु हुँदैन । आफ्नो व्यक्तित्व-विकास गराई आफ्नो छुट्टै पहिचान बनाउनका लागि पनि अबको पुस्ताले परम्परागत थर र गोत्रलाई परित्याग गरी नयाँ थर र गोत्रको प्रादुर्भाव गराउन सक्नुपर्छ भन्ने अत्यन्त नवीन र प्रगतिवादी धारणा यस निबन्धमा प्रस्तुत गरेका छन् । समाज ज्यादै अगाडि बढिसकेको छ । अब थर र गोत्र हेरेर बिहे गर्ने प्रचलन पुरानो भइसकेको छ । बिहे गर्ने क्रममा अब थर र गोत्र नहेरी गुण, योग्यता, क्षमता हेर्नुपर्छ । आफ्नो स्वभाव, शिक्षा, पारिवारिक स्थितिअनुरूपको वर वा वधू हो कि होइन भनेर जाँचिनुपर्ने भन्ने विचार व्यक्त गरेका छन् । यस विचारलाई पछ्याउँदै निबन्धकार आफूले आफ्नो थर 'अधिकारी' नराखी 'मञ्जुश्री' राखेका छन् ।

त्यसै गरी पहिले-पहिले निबन्धकारले दिङ्लाको आफ्ना पिताको घरलाई आफ्नो घर भन्ने गरेकोमा त्यो त तिम्रा पिताको हो, त्यो तिम्रो घर होइन भन्ने कुरा उनका आफ्ना साथीहरूबाट झस्काइदिएपछि निकै वर्षसम्म आफ्नो छुट्टै घर बनाउने पिरलोले २०५५ सालसम्म सताएको कुरा बताउँछन् । २०५५ सालमा बनेपामा बडो दुःखका साथ घर तयार भएपछि संसारमा कहीँ पनि बस्ने ठाउँ नपाएर बाध्यतावश यो घरमा बस्नुपरेको जस्तो लागेको बताउँछन् । पहिलेको कल्पना यथार्थमा परिणत भएपछि उनलाई बेकाम पो रहेछ भन्ने लागेको बताउँछन् । हिन्दूदर्शनअनुसार आत्मालाई अजर, अमर भनेको छ । आत्माको व्याप्ति सीमाभन्दा पर छ भन्ने कुरा र बनेपाको आफ्नो घर सम्झँदा आफ्नो मन रुन थाल्ने, दुर्भाग्यप्रति सुस्केरा काढ्न मन लागेको बताउँछन् । यसरी उनले घरलाई आफू बाँधिने, थुनिने र सीमाबद्ध गराउने दुःखको कारण रहेको विचार व्यक्त गरेका छन् । यसरी उनी थरलाई बहिष्कार गरेपछि घरले पनि बहिष्कार गरेको ठान्छन् । आफू भूमण्डलीकरणको पक्षधर भएकोले पृथ्वीलाई आफ्नो घर मानेपछि घाँसको डसनामा झिँजाको सिरानी लगाएर पातपतिँरको सिरक ओढ्नबाट कसैले रोक्न सक्तैन नि, अनि त न थरको पीर न

घरको भनी आफ्ना कल्पना र भावनाको अभिव्यक्ति दिएर विचार र भावनालाई तालमेल मिलाएका छन् ।

**अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (२०६२) निबन्धकार हरि मञ्जुश्रीको प्रभावपरक समीक्षात्मक (विचार-प्रवाह) निबन्धसङ्ग्रह हो । यस कृतिमा मञ्जुश्रीले हिरण्य भोजपुरेको गीत-सङ्गीत, साहित्य-सिर्जना र जीवनवृत्ति गरी भोजपुरेको समग्र विषयमा समीक्षा एवं मूल्याङ्कन गरेका छन् । यस कृतिमा खण्ड 'क' मा **भोजपुरेको गीत-सङ्गीत**, **ट्याम्केडाँडा र म र हिरण्य भोजपुरेको साङ्गीतिक प्रवाहन** गरी ३ वटा शीर्षकमा मञ्जुश्रीले आफूलाई केन्द्रित गराएका छन् । भोजपुरेको गीत **ट्याम्केडाँडा** लाई हरेक दृष्टिकोणबाट अध्ययन गर्दा त्यो गीतलाई सग्लो, अग्लो अनि अमर्त्य भएको निष्कर्षमा पुगेका छन् । त्यसपछि त्यस गीतले निबन्धकारलाई पारेको प्रभावबाट उनमा पैदा भएका विचार, ती विचारले उनको हृदयमा स्पर्श गर्दा उत्पन्न भएको संवेदनशीलता, यसरी संवेदित बनेको हृदयबाट पोखिएका जीवन र जगत्सम्बन्धी अनुभव र अनुभूतिलाई व्यक्त गरी विचारलाई पुष्टि गर्न पुगेका छन् । उनले प्रस्तुत गीतले थुप्रै विषयहरूलाई मस्तिष्कमा झिलिक-झिलिक झिल्का छोड्दै उठाइदिने बताउँछन् । यसले विश्वको शीतयुद्धलाई सङ्केत गर्छ, नेपालको राष्ट्रियता र प्रजातन्त्रलाई लक्षित गर्छ, गलत यथास्थितिबाट सकारात्मक परिवर्तन खोज्ने मानवमनहरूको निराशाको प्रतिनिधित्वसमेत गर्छ, खतरा छ भनेर चेतावनीको 'साइरन' बजाएको जस्तो पनि छ भनी बताएका छन् । यसरी उनले ट्याम्केडाँडालाई मानवमनको शिखरको प्रतीक हो, आदर्श र आस्थाको प्रतीक हो, सत्य र इमानदारीको प्रतीक हो भनेका छन् । त्यो ट्याम्केले चुलिँदै-चुलिँदै आकाशलाई छोएको देखिन्छ (पूर्ववत् : २२) भनी यस गीत-सङ्गीतलाई अमर्त्य मानेका छन् । यसै गरी शब्द, भाव, स्वर र सङ्गीतको तालमेल र सबैको समायोजित सम्मिलनबाट यो गीत नेपाली गीतिपरम्पराको उदाहरणीय र नमुनालायक गीत बनेको छ भनी पुष्टि गरेका छन् ।

यसै कृतिको दास्रो खण्डमा भोजपुरेको उपन्याससाहित्य **सगरमाथाभन्दा माथि** को समीक्षात्मक निबन्ध रहेको छ । यस खण्डलाई पनि निबन्धकारले ३ वटै निबन्धखण्डहरू **सगरमाथाभन्दा माथि : सग्लो, अग्लो र अमर्त्य उपन्याससाहित्य**, **सगरमाथाभन्दा माथि र म** र **हिरण्य भोजपुरेको साहित्यिक प्रवाहन** शीर्षक दिएर उपन्यासको मूल्याङ्कन, त्यसले आफूमा पारेको प्रभाव र भोजपुरेको साहित्यिक मूल्याङ्कन गरेका छन् । उनले यस उपन्यासलाई विषयका हिसाबले अत्यन्तै नवीन, भाषाशैलीका हिसाबले अत्यन्त सुन्दर प्रयोग, साहित्यका धेरै पाठकले पढेर पनि बुझ्न सक्ने, जति पढे पनि नअघाउने, प्रत्येकपटक पढ्दा पाठकलाई केही न केही नौलो खुराक र कुनै न कुनै नौलो अनुभूति दिने, सबै खालका पाठकका निमित्त उत्तिकै रोचक, सगरमाथाको आरोहण, रहस्य र रोमाञ्चले भरिएको, यसले विज्ञान, भूगोल, चुट्किला, कथा, राजनीति, इतिहास, संस्कृति, साहित्य र सङ्गीतमा डुबाइदिन्छ भनेका छन् । आफू पर्वतारोही नभए पनि कसरी आफैँले देखे-जाने र भोगेको झैँ गरी लेख्न सकेका होलान् भनी आफैँसँग प्रश्न गर्छन् ।

यसरी **सगरमाथाभन्दा माथि** उपन्यास सगरमाथा-आरोहणको सायद पहिलो नेपाली उपन्यास हो । यो कलाकृतिभित्र अत्यन्त रोमाञ्चक, हृदयग्राही अनि संवेदनशील शिल्प सोहोरिएको गल्पसागर छ (पूर्ववत् : ४८) भनी आफ्नो अभिव्यक्ति दिएका छन् । यस किसिमका विशेषताका कारणले गर्दा, जीवनदर्शनको हिसाब र जातीय गौरवसमेतको हिसाबले यो साहित्य भोजपुरेको अमर्त्य साहित्यिक कृति हो भनी पुष्टि गर्ने क्रममा निबन्धकारले आफ्ना कल्पना, अनुभव र संवेदनशील भावनात्मक तथ्य र तर्कहरू प्रस्तुत गरेका छन् । यसरी विचार र भावको समायोजन पाइन्छ ।

यसरी गीत-सङ्गीत र साहित्य अमर्त्य वा अमर बन्न के-कस्ता विशेषता वा गुणहरू चाहिन्छन् भन्ने मञ्जुश्रीले आफ्ना विचारलाई पुष्टि गर्नका लागि थुप्रै भावनात्मक तथ्यहरू प्रस्तुत गरेका छन् । अमर्त्य गीत-सङ्गीत र साहित्यका सर्जक स्वयम् नै अमर्त्य बनेको भाव यस कृतिमा रहेको पाइन्छ ।

निबन्धकार हरि मञ्जुश्रीको प्रभावपरक समीक्षात्मक (विचार-प्रवाह) निबन्धसङ्ग्रह हो **शशि भण्डारी : आयाम र आलोक** (२०६३) । यस सङ्ग्रहमा सङ्ग्रहित शशि भण्डारीका विभिन्न विधाका साहित्यिक कृतिहरूको अध्ययन, मनन र चिन्तनपश्चात निबन्धकारको मनमस्तिष्कमा उब्जेका विचार र ती विचारको पुष्ट्याइँका निमित्त भावनात्मक अभिव्यक्तिहरू प्रस्फुटित भएका छन् । उनी शशि भण्डारीको संस्मरणात्मक कृति **सम्झनाका तरेली** मा तैरिन पुग्छन् । यसरी तैरिँदै जाँदा शशि भण्डारीको जीवनयात्रा, उकाली-ओराली, उनको आँट र आत्मविश्वास, अनेक साहित्यिक र साङ्गीतिक व्यक्तिहरू र समूहसँगको सम्बन्ध, सम्पर्क र साहचर्यले उनको जीवनमा पारेको प्रभाव, तन-मन-धनको संयोगबाट जीवनको गतिशीलता र उत्कर्षसम्मको स्थितिले निबन्धकारमा जीवन भनेको एक गतिशील यात्रा रहेछ भन्ने विचार पैदा गराउँछ । यस विचारलाई आफ्ना अनुभव, कल्पना र कल्पनाको लोकमा पुऱ्याउँछ र उक्त विचारसँग मितेरी गाँस्न पुगेको देखिन्छ ।

भण्डारीको **क्षितिजसँगैको आकाश** कवितासङ्ग्रहमा उड्दै जाँदा अस्पष्टतालाई स्पष्टताले, बेइमानीलाई इमानदारीले र निस्सारतालाई सारताले थिच्नुपर्छ भन्ने विचारलाई आफ्ना भावना र अनुभूतिसँग हातेमालो गर्न पुगेका देखिन्छन् निबन्धकार । त्यसै गरी **उही क्षितिज उही आकाश** कवितासङ्ग्रहमा छोइन पुग्दा राष्ट्रियता र राष्ट्रिय एकताको गीत गाउनुपर्ने विचारमा पुग्छन् । कवितामा गीतितत्वलाई समाहित गराएर ईश्वर, जीवन र राष्ट्रको गुणगानमा लागी राष्ट्रिय भावनाले ओतप्रोत बन्न पुग्छन् ।

निबन्धकार मञ्जुश्री **लक्ष्मीदिदी** (उपन्यास) सँग बेरिन पुग्छन् र बेरिइसकेपछि निबन्धकारले नेपाली संस्कृति, संस्कार, यौन-मनोविज्ञान, पारिवारिक सम्बन्ध, सामाजिक कुपरम्परा, राजनीतिकर्मीहरूको अराजनीतिक क्रियाकलाप, सहरियाहरूको अहङ्कार र ग्रामीण जनताको उदारताको सजीव चित्रणको अध्ययन, मनन र चिन्तन गर्दछन् र मनुष्य-जीवनका विभिन्न

समस्याहरूसँग डटेर सामना गर्नुपर्ने विचार पैदा गर्छन् । यसै विचारको पुष्टिका लागि आफ्नो हृदयपक्षलाई सक्रिय पार्दछन् र अनेक तर्कहरू पेस गर्दछन् । **शीतको जूनलाई हेर्दै-हेर्दै** जाँदा धर्म, संस्कृति, प्रकृति, मानव, राष्ट्रियता, यौन र जीवनदर्शनसम्बन्धी विषयको अध्ययन गरिसकेपछि प्रेम, सौन्दर्य, सुलभता, तिर्सना, विकृति, विसङ्गति, द्वन्द्व र चञ्चलताजस्ता विशेषता खुट्याई आजको युगमा चेतना नै सत्य र सङ्कल्प हो र त्यही नै निर्वाण हो भन्ने विचारलाई जीवनदृष्टिका रूपमा पाउँछन् । यसै विचारको केन्द्रीयतामा आफ्ना भावनात्मक तर्कहरू प्रस्तुत गर्दछन् ।

निबन्धकार हरि मञ्जुश्रीले शशि भण्डारीको **डाँडावारिको घाम** (तान्कासङ्ग्रह) को पाहार ताप्तै-ताप्तै हिँड्दा प्रेमप्रणयका घामछायाँ र जीवनका आरोह-अवरोह, प्रकृतिका शाश्वत सत्यहरू, आशा-निराशाहरू र आकर्षण-विकर्षणहरूका विषयवस्तुहरूको अध्ययनपछि **डाँडावारिको घाम** लाई भौतिकताबाट आत्मिकतातिरको, आदर्शबाट यथार्थतातिरको र यथार्थबाट चिन्तनतिरको यात्रा हो । यस्तो चिन्तनयात्रालाई निबन्धकारले मानवतावादी यात्रा भनेका छन् किनकि चिन्तनले नै कथित मानवलाई डोऱ्याएर वास्तविक मानवसम्म पुऱ्याउँछ भन्ने विचार व्यक्त गरेका छन् । यसै विचारको केन्द्रीयतामा आफ्ना भावनात्मक तर्कहरू प्रस्तुत गरी उक्त विचारलाई पुष्टि गरेका छन् ।

निबन्धकार मञ्जुश्रीको **विचलनभित्र विचलित हुँदै-हुँदै** निबन्ध शशि भण्डारीको **विचलन** उपन्यासको समीक्षा तथा मूल्याङ्कन गर्ने क्रममा सिर्जित भएको हो । यो उपन्यास २००७ सालको क्रान्तिलगत्तै काठमाडौँको परिवेशमा राणाहरूमा आश्रित एउटा उच्चमध्यमवर्गीय परिवारलाई केन्द्रविन्दु बनाएर **विचलन** को विन्यास गरिएको छ । त्यस बेलाको समाज र स्थिति-परिस्थितिको राम्ररी उद्घाटन गरेको छ यस उपन्यासले । ८५ जना पत्रपात्रा आ-आफ्ना भूमिकामा छन् । यसमा अन्तर्देशीय, अन्तर्जातीय पात्रहरू र अन्तर्जातीय संस्कृतिको समेत प्रस्तुति छ । यसले परम्परा र जीवनी देखाएको छ । वर्तमान देखाएको छ, विगतलाई आगत बनाएको छ, भविष्यप्रति सचेत रहेको छ । सहर छ, समाज छ अनि यसभित्र जिउनु परिभाषित भएको छ । यसमा जीवनभित्रको हृदय छ, संवेदना छ, बाध्यता छ, खुसी छ, चीत्कार छ । जीवनमा सामाजिक प्रतिष्ठा र आर्थिक वैभव प्रशस्त कमाएर जीवनलाई सुन्दर ढङ्गले जीवनको वास्तविक अर्थ बुझ्न नसकेर सांसारिक व्यवहारबाट विरक्त बनेर आफ्नै पूर्वावस्थामा पुगिँदो रहेछ । त्यसैले जीवनभरमा जतिसुकै सम्पत्ति कमाए पनि मरेपछि साथमा लैजान पाउँदैन । इमानदारीको चोखो कमाइले मात्र बाँच्छु भन्यो भने पनि मान्छेले भोकै मर्नुपर्दैन, काम गर्न लजाउनु हुँदैन, सन्तानका लागि कमाइदिनुपर्दैन, राम्रो कामको राम्रो, नराम्रो कामको नराम्रै फल प्राप्त हुन्छ भन्ने विचार निबन्धकारको छ । यस विचारलाई पुष्टि गर्नका लागि निबन्धकारले आफ्ना अनेक भावनात्मक तर्क, अनुभव र अनुभूतिलाई प्रकट गरेका छन् ।

**अध्यात्म चिन्तन** (२०६३) हरि मञ्जुश्रीको आत्मिक शुद्धता र आत्मिक चेतना अर्थात् मानिसको आन्तरिक शान्तिका लागि आवश्यक ऊर्जादायी कृति हो । उनले यो कृति भगवान् गौरीशङ्करका उपासक बाबा विश्वनाथसँग धर्म, संस्कृति, मानव-चरित्र, शास्त्रीय नीतिनियम र भक्तियोगसम्बन्धी वार्तालाप र आफ्ना केही विचारहरूका आधारमा तयार पारेका छन् । उनले यस कृतिमार्फत हाम्रो धर्म-संस्कृति, रीतिरिवाज र परम्परा, ईश्वरप्रतिको भक्ति अनि यसैसम्बन्धी बाबा विश्वनाथका सदुपदेशसमेतलाई समावेश गरेर पूर्वीय दर्शनमा आधारित अध्यात्मसम्बन्धी चेतना फैलाउने प्रयास गरेका छन् । विशेष गरी यसमा ज्ञान, भक्ति र कर्मयोगलाई सिकाएर परोपकार र समाजसेवाका काममा लागेर सांसारिक प्रपञ्चमा भुलेका व्यक्तिहरूले उच्चतम मानसिक सन्तोष र शान्ति प्राप्त गर्न सकिन्छ भन्ने विचार निबन्धकारको रहेको पाइन्छ । यसै विचारको केन्द्रीयतामा रहेर मञ्जुश्रीले यस कृतिमा सङ्कलित निबन्धहरूमा आफ्ना धारणा, कल्पना र भावनाहरू पोखेर उक्त विचारलाई पुष्ट्याइँ दिएका छन् ।

निबन्धकार हरि मञ्जुश्रीका हालसम्म प्रकाशित पुस्तकाकार निबन्धसङ्ग्रहहरूमध्ये सबैभन्दा उत्कृष्ट कृति **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४) हो । यस कृतिमा उनले नेपाली साहित्यमा विशिष्ट स्थान बनाई दिवङ्गत भएका ५३ जना साहित्यस्रष्टाहरूका साहित्यिक र असाहित्यिक घटना-प्रसङ्गहरूलाई विषयवस्तु बनाएर ५३ वटै निबन्धहरू सङ्कलन गरेका छन् । यो सङ्ग्रह साहित्यस्रष्टाहरूको जीवनगाथा पढ्ने-सुन्ने क्रममा नपढेका, पढे पनि ध्यान नदिएका, सुनिएका, नसुनिएका विविध प्रकारका घटनाहरूको रोचक प्रस्तुति रहेकोले नवीन प्रयोगका रूपमा प्रस्तुत भएको पाइन्छ । यो कृति पढ्दा कहीँ पेट मिची-मिची हँसाउने, कहीँ खुसीले गमक्क फुलाउने, कहीँ दु:खले धरधरी रुवाउने, कहीँ रिसले जरक्क पार्ने, कहीँ डरले थरथरी कमाउने, कहीँ बौद्धिकताले ओतप्रोत पारिदिने, कहीँ सङ्घर्षशील बन्न प्रेरणा दिने र कहीँ गम्भीर पार्ने रोचक, मार्मिक र संवेदनशील घटना-प्रसङ्ग हो जस्तो लाग्दछ ।

यो पुस्तक लेख्ने क्रममा विभिन्न स्मृतिग्रन्थहरू, अभिनन्दनग्रन्थहरू, विशेषाङ्कहरू, स्मारिकाहरू, साहित्यिक पत्रिकाहरू, दैनिक पत्रिकाहरू, शोधपत्रहरू, सम्बन्धित लेखकले सुनाएका घटनाहरू र सम्बन्धित लेखकसँग रहँदा देखे-भोगेका घटनाहरूलाई आधार बनाएर सम्बन्धित स्रष्टासँग गाँसेर ५३ जना स्रष्टाका नामसँग उनिएका ५३ वटै निबन्ध लेखेका छन् र ती स्रष्टाहरू साहित्यिक क्षेत्रमा क्रियाशील हुँदै जाँदा उचाइमा पुग्दै गएर विशिष्टता प्राप्त गर्न सफल भएका छन् । विशिष्टता समान नभएजस्तै मानवीय रुचि, स्वभाव र बानी-व्यहोरा पनि समान हुँदैन । सबै समान आदर्श, क्षेत्र र विषयमा समानता हुँदैन । फेरि मानवीय कमजोरी तथा स्वभाव र चरित्र कहीँ न कहीँ आफूले चाहेजस्तो वातावरण पाउँदा प्रस्फुटित भइहाल्छ जुन कुराको कल्पना सामान्य सर्जक-पाठकले गरेकै हुँदैन । प्रत्येक व्यक्ति, जाति, धर्म, वर्ग, संस्कार र समाजको नियम र बन्धनका कारण सबैसामु देखाइँदैनन्, लुकाइन्छन् अर्थात ढाकछोप गरिन्छन् । जति छोपे पनि समयको अन्तरालमा अन्तर्मनको भावना भने प्रकट भएरै छाड्छ, त्यसलाई कसैले रोकेर-छेकेर

रोक्न-छेक्न सक्तैन । त्यसैले त्यस्ता कुरालाई लुकाएर, दबाएर मनलाई त्रसित र पीडित बनाउनुको सट्टा समयमै साँचो, सत्य र यथार्थलाई देखाइदिँदा कमजोरी नै भए पनि धोइने, पखालिने, सफा, शुद्ध हुने हुन जान्छ । त्यसो गर्दा कोही पनि घृणित, अपमानित र अनादर बन्दैन बरू श्रद्धेय, सम्मानित र आदरणीय बन्छ,, त्यसैले यथार्थलाई लुकाउनु हुँदैन भन्ने विचार मञ्जुश्रीको रहेको पाइन्छ । 'कुनै लेखकको सम्मानमा आघात पार्ने मेरो उद्देश्य होइन, बरू लुकेका घटनाहरूबारे पाठकलाई जानकारी दिई साहित्यिक पाठक बढाएर साहित्यकारप्रतिको आदरभाव बढाउनु मेरो उद्देश्य हो' (मञ्जुश्री, २०६४ : ७) भनी यस कृतिप्रतिको आफ्नो भनाइमा पनि उल्लेख गरेका छन् । यसै विचारलाई पुष्टि गर्न, घटनाहरूलाई निबन्धात्मक रूप दिई पठनीय एवं रोचक र आकर्षक बनाउन आफ्नो कल्पनाशीलताको प्रयोग गरेर, कथात्मक स्वरूप दिएर, भावनात्मक पक्षलाई अँगालेर यस कृतिका ५३ वटै निबन्धहरूमा विचार र भावनाको समन्वय भएको पाइन्छ ।

निबन्धकार हरि मञ्जुश्रीको **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग, २०६४) उनका निबन्धसङ्ग्रहहरूमध्ये पछिल्लो प्रकाशित कृति हो । यस कृतिमा उनले काभ्रेमै वा अन्य जिल्लामा जन्मेर पनि काभ्रे जिल्लालाई कर्मक्षेत्र बनाएका विभिन्न पेसा, व्यवसाय र कार्यका अतिरिक्त साहित्य, सामाजिक सेवा तथा साहित्यिक क्षेत्रमा समेत चासो र रुचि राख्ने २४ जना कर्मयोद्धाहरूलाई २३ वटा निबन्धमा बद्ध गरेका छन् । यसमा काभ्रे जिल्लामा राम्ररी काम गरिरहेकाले सामाजिक प्रतिष्ठा प्राप्त गरी राष्ट्रिय व्याप्ति लिन खोजिरहेका व्यक्तिहरूलाई मात्र समेटेका छन् ।

यस अनुसन्धानात्मक निबन्धसङ्ग्रहको अध्ययन गर्दा निबन्धकारको विचार के पाइन्छ भने समाजको हित हुने काम गर्नुपर्दो रहेछ, असल काम गरे समाजले राम्रो मान्छे मान्दो रहेछ, राम्रा क्रियाकलापहरूको चर्चा कतै न कतै हुँदो रहेछ अनि राम्रो कामले अभिलेख राख्तो रहेछ भन्ने सम्झेर समाजको हित हुने काम गर्न सबैलाई प्रेरित गर्छ । साहित्य भन्ने शब्द 'स+हितस्य' बाट बनेको हुँदा साहित्यले समाजको हित नै गर्छ भन्ने आशय र अर्थ बोकेको हुन्छ । समाजसेवा र उपकार नै धर्म हो र सोही कर्ममा जुट्ने योद्धा कर्मयोद्धा हो भन्ने उनको विचार हो भन्ने बुझिन्छ ।

यसै विचारको केन्द्रीयतामा रही विशेषतः साहित्यकार, पत्रकार, समाजसेवी, विद्यार्थी, शिक्षक, व्यवसायी आदि विभिन्न क्षेत्रका जीवित व्यक्तिहरूका विषयमा आफूले देखेका, जानेका र बुझेका अनुभूत्यात्मक निबन्धहरूको सिर्जना गरेका छन् । यसरी आफ्नो विचारलाई पुष्टि गर्नका लागि भावनात्मक तर्कहरू प्रस्तुत गरी विचार र भावनाको संयोजन गराएका छन् ।

५.३ रचनाविधानका आधारमा हरि मञ्जुश्रीका निबन्धको अध्ययन :

निबन्ध एक स्वतन्त्र गद्यविधा हो । यसको आफ्नै रचनाविधान भए पनि हरेक निबन्धकारले यसको रचनाका क्रममा भिन्नाभिन्नै पद्धति अपनाउन सक्छन् । निबन्धको रचनाविधानका सन्दर्भमा गृहित वस्तुको प्रस्तुतिका क्रममा निबन्धकारले आदि, मध्य र अन्त्यको आयोजना, शीर्षकचयन तथा आख्यानतत्वको समावेशले आफ्नो कुशलता देखाउन सक्छ । आख्यानतत्त्वभित्र घटना, पात्र, संवाद तथा वातावरण (परिवेश) को पनि समावेश हुन सक्छ । त्यस्तै निबन्धको रचनाका क्रममा निबन्धकारले बिम्ब र प्रतीकयुक्त भाषाशैलीको प्रयोग गर्न सक्छ । उसले काव्यात्मकता, वाक्यगठन तथा शब्दको विशिष्ट सन्दर्भमा अलङ्कार आदिको पनि प्रयोग गर्न सक्छ । नेपाली भाषाका तत्सम, तद्भव र आगन्तुक शब्दहरूका प्रयोगले गर्दा उखान, टुक्का आदिको समावेशले निबन्धलाई सुरुचिपूर्ण बनाउन सहयोग पुऱ्याउँछ । निबन्धकार हरि मञ्जुश्रीका निबन्धहरूको रचनाविधानलाई यहाँ यिनै कोणबाट हेरिएको छ ।

५.३.१ प्रस्तुति :

विचार-प्रस्तुतीकरणका शिल्प वा ढाँचा पनि विभिन्न हुन सक्छन् संयत, भावुक, व्यङ्ग्य । त्यसै गरी हास्यव्यङ्ग्यात्मक प्रस्तुति, चेतनप्रवाहपद्धतिमूलक प्रस्तुति, नियात्रात्मक प्रस्तुति, पत्रात्मक प्रस्तुति र संस्मरणात्मक प्रस्तुति पर्दछन् । यहाँ विचार-प्रस्तुतीकरणका आधारमा निबन्धकार मञ्जुश्रीको निबन्धशिल्पलाई केन्द्रानुगामी, केन्द्रापगामी र वर्तुलित गरी तीन आधारमा हेर्न सकिन्छ ।

केन्द्रानुगामी :

केन्द्रीय विषय वा विचारको पुष्टिका लागि व्याख्या, परिपुष्टि, विश्लेषण आदि विविध कोणका आधारमा विचारको पुष्टि गरिने शिल्प केन्द्रानुगामी शिल्प हो । उनका **आजको नेपाल कता लागिरहेछ ?**, **जवाहरको दर्शन** निबन्धसङ्ग्रहका **जवाहरको दर्शन**, **बी० पी० को सामग्री अस्पष्ट** र **पत्रकारद्वारा पत्रकारमाथि आक्रमण**, **अध्यात्म-चिन्तन** निबन्ध-सङ्ग्रहका **बाबा विश्वनाथका विशिष्ट वचन**, **भक्तियोग र भगवद्गीताको प्रसङ्ग**, **हाम्री गौमाता**, त्यसै गरी **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४) र **काभ्रेका केही कर्मयोद्धा** (अनुसन्धानमूलक निबन्धसङ्ग्रह, २०६४) का सम्पूर्णजसो निबन्धहरूमा केन्द्रीय विचारको पुष्टिका लागि विविध सम्भाव्य तर्क र घटनालाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

केन्द्रापगामी :

निश्चित विचार र कथ्यबाट विस्तारित हुँदै टाढा गएर पनि विचारको व्याख्या-विश्लेषण गर्ने शिल्प केन्द्रापगामी शिल्प हो । यस्ता निबन्धमा निबन्धकार भावनामा उडेर पनि निश्चित विचारमा आएको हुन्छ । **जवाहरको दर्शन** (निबन्धसङ्ग्रह, २०६०) का **श्रीमतीको वारेन्ट** र **चुत्थो**

**अङ्गभित्र देखिएको दृश्य**, **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (२०६२) का र **शशि भण्डारी : आयाम र आलोक** का सबैजसो निबन्धहरू केन्द्रापगामी शिल्पअन्तर्गत पर्दछन् । यी निबन्धहरूमा निबन्धकारले भावनामा उड्दै, बहकिँदै अनेक प्रसङ्ग र सन्दर्भमा टेक्तै अन्त्यमा आफ्नो धारणा व्यक्त गरेका छन् ।

वर्तुलित :

आफ्नो सिङ्गो परिधि वा जीवनका घटना र अनुभवका माध्यमबाट कथ्यको पुष्टि गर्ने शिल्प वर्तुलित शिल्प हो । यसमा प्रत्येक विचारलाई एक भावमा उद्घाटन गरिएको हुन्छ । **जवाहरको दर्शन** (निबन्धसङ्ग्रह, २०६०) मा सङ्ग्रहित निबन्धमध्ये **कान्छी सर्किनीको गुन्यूँ**, **वेश्यासँगको एक साँझ**, **सितुका स्वरहरूले**, **मेरो थर र घर**, **पशुपतिभित्र जोखिम**, **मूल भट्टको गाँठी कुरो** र **जबर्जस्ती सम्मान खोज्नेहरू**, **अध्यात्म-चिन्तन** (२०६०) को **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ** र **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (निबन्धसङ्ग्रह, २०६२) का सबैजसो निबन्धहरूमा व्यक्त विचारलाई आफ्नै सिङ्गो जीवन र परिधिका माध्यमबाट पुष्टि गरिएको छ ।

५.३.२ शीर्षक :

निबन्धहरूको शीर्षकयोजनाका दृष्टिबाट निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारितालाई हेर्दा शीर्षकले नै उनका निबन्धको विचारलाई समेटेको पाइन्छ । उनका अधिकांश निबन्धहरूका शीर्षक सोझो अर्थ बोकेर आएका पाइन्छन् । **आजको नेपाल कता लागिरहेछ ?**, **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ**, **जवाहरको दर्शन**, **कान्छी सर्किनीको गुन्यूँ**, **वेश्यासँगको एक साँझ**, **मेरो थर र घर**, **हिरण्य भोजपुरे अमर्त्य भोजपुरे**, **पत्रकारद्वारा पत्रकारमाथि आक्रमण**, **शशि भण्डारी : आयाम र आलोक**, **अनेक स्रष्टा अनेक प्रसङ्ग**, **काभ्रेका केही कर्मयोद्धा** जस्ता निबन्धसङ्ग्रहका शीर्षक हुन् कि निबन्धका, ती शीर्षकले सरल अर्थ बोकेका छन् । यसरी शीर्षकयोजनाका दृष्टिबाट उनको निबन्धकला सफल देखिन्छ ।

५.३.३ आख्यानतत्त्व :

आख्यानतत्त्वका दृष्टिबाट पनि मञ्जुश्रीको रचनाविधानलाई हेर्न सकिन्छ । निबन्धमा मूलतः वस्तुको वर्णन र निबन्धकारका भावनाहरूको अभिव्यक्ति नै प्रमुख रूपमा आएको हुन्छ । कथानक, पात्र, संवाद, वातावरण आदिको निबन्धमा आवश्यकता पर्दैन, तर मञ्जुश्रीका **जवाहरको दर्शन** (निबन्धसङ्ग्रह, २०६०) मा सङ्ग्रहित **कान्छी सर्किनीको गुन्यूँ**, **वेश्यासँगको एक साँझ**, **मेरो थर र घर**, **पशुपतिभित्र जोखिम**, **अध्यात्म-चिन्तन** निबन्धसङ्ग्रहको **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ** र अन्य कतिपय निबन्धहरूमा सूक्ष्म रूपमा पात्र र कथानक आदिको समावेश भएको र ती पात्रहरूसँग आफ्नो सम्वाद भएको देखाएर आफ्ना निजी विचारहरू देखाएका छन् । धर्म, संस्कृति र परम्पराका सम्बन्धमा **श्रीमद्भगवद्गीता** को उल्लेख गर्दै

पाठकवर्गलाई कर्मयोगी, परिश्रमी र मिहिनेती बन्ने प्ररणाका साथै यथार्थ जानकारी प्रदान गर्नु निबन्धकारको निबन्धगत विशेषता देखिन्छ ।

भोजपुरेहरूले रामनवमी र महाशिवरात्रीमा तीन-तीन दिनसम्म ठूलो मेला लाग्दा मेला भर्न टाढा-टाढाबाट भेला हुने गरेको, मेलामा भेला भएका तन्नेरी-तरुनीहरूबाट रातभरि जुवारीहरू खेलिने गरेको, जुवारीमा केटाले जिते केटीलाई श्रीमती बनाउने र केटीले जिते केटालाई श्रीमान् बनाउने जस्ता विभिन्न जात्रापर्वको वर्णन, जीवनभोगाइका क्रममा घटेका विभिन्न घटनाहरूको तथ्यपरक उद्घाटन गर्नु पनि उनका रचनामा पाइने नवीनता हो । त्यसै गरी हिरण्य भोजपुरे र शशि भण्डारीजस्ता स्रष्टाहरूका कृतिहरूको र उनीहरूको जीवनीलाई समीक्षा तथा मूल्याङ्कन गर्ने क्रममा आफ्ना अनुभव र अनुभूतिसँग घोल्नुका साथै प्रभावपरक रूपमा आफ्ना विचार पोख्नु उनका रचनामा पाइने विशेषता हुन् । त्यस्तै जसको कृतिको समीक्षा गरिँदैछ, उसैलाई सम्बोधन गरेर आफ्ना विचारलाई पुष्टि गर्न आफूले देखे-भोगेका यथार्थ कुराहरूको सहायता लिने र अन्त्यमा ‘तपाईंको भाइ हरि मञ्जुश्री’ भनेर निबन्ध टुङ्ग्याउने पत्रात्मक ढाँचामा निबन्ध लेख्ने शैली पाइन्छ । यिनै रचनाशिल्पले मञ्जुश्रीको निबन्धकारितालाई अन्य निबन्धकारको निबन्धकारितादेखि भिन्न तुल्याएको देखिन्छ ।

निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारिताअन्तर्गतको प्रस्तुतिपक्षलाई दृष्टिगत गर्दा त्यसमा पनि नवीनता झल्किन्छ । वस्तुपरक निबन्धकारका निबन्धमा पाइने आरम्भ, मध्य र अन्त्यको क्रमिक विकास आत्मपरक निबन्धकारका निबन्धमा भेट्टाउन सकिँदैन । प्रयोगशील निबन्धकारका निबन्धरचनाशिल्पलाई भेट्टाउन त झन् मुस्किल पर्दछ । निबन्धकार हरि मञ्जुश्रीको निबन्धरचनामा सूक्ष्म एवं स्थूल वस्तुको ग्रहण, वस्तुसंयोजनमा बौद्धिकता, संरचनामा सरलता एवं सोझोपनाका साथै कुनै निबन्धमा द्वयार्थकता र आदि, मध्य र अन्त्यको संरचनामा पाइने कतिपय निजीपनले गर्दा निबन्धको रचनाशिल्प नवीन प्रकारको देखिन्छ । उनका निबन्धहरूको प्रारम्भ कतै भावको उच्चताबाट भएको छ भने कतै सरल रेखाबाट भएको छ । निबन्धको समाप्ति पनि औपचारिक रूपमा भएको पाइन्छ । विषयवस्तुमा विविधताका साथै वस्तुविकास पनि स्वाभाविक र सामान्य रूपमा नै भएको देख्न सकिन्छ । यसैले निबन्धकार मञ्जुश्री शिल्पसचेत निबन्धकारका रूपमा देखापर्दछन् । शिल्पसंयोजनका दृष्टिले मञ्जुश्रीका निबन्धले नवीनता प्राप्त गर्नुका साथै रोचक एवं ज्ञानवर्द्धक बन्न पुगेका छन् । यो उनको रचनाविधानगत वैशिष्ट्य हो ।

### ५.३.४ भाषाशैली :

भाषाशैली निबन्धको महत्त्वपूर्ण पक्ष हो । निबन्धमा प्रयुक्त भाषाशैली प्रत्येक निबन्धकारहरूको बेग्लाबेग्लै प्रकारको हुन्छ । भाषाशैलीलाई रोचक र आकर्षक बनाउने सन्दर्भमा निबन्धमा विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको हुन्छ । निबन्ध मूलतः गद्यविधा भएर पनि त्यसमा काव्यात्मकता आउन सक्छ । त्यसै गरी वाक्यगठन तथा शब्दरचनागत कुशलताले

निबन्धको भाषाशैलीको गरिमा कायम भएको हुन्छ । तसर्थ बिम्ब र प्रतीकको प्रयोग, काव्यात्मकता, वाक्यगठन तथा शब्दप्रयोगका दृष्टिबाट निबन्धकार मञ्जुश्रीको भाषाशैलीगत प्रवृत्तिलाई हेर्न सकिन्छ ।

निबन्धकार मञ्जुश्रीले आफ्ना भावहरूलाई व्यक्त गर्न र पाठकलाई आफ्ना भावनासँग सहमत गराउन विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरेका छन् । **जवाहरको दर्शन** (२०६०) निबन्धसङ्ग्रहको **श्रीमतीको वारेन्ट** मा 'वारेन्ट' लाई रतिरागात्मक यौनाकर्षण या ब्रह्मपाशका रूपमा, **कान्छी सर्किनीको गुन्यूँ** मा 'गुन्यूँ' लाई गरिबी, निरीहता, इज्जत, अस्तित्व र अवस्थाको पहिचान दिलाउन खोजेका छन् । त्यसै गरी **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०) का **ब्ल्याकबेल्टहोल्डरकी ब्ल्याकबेल्टहोल्डर**, **रोएकी मर्स्याङ्दी : नरोएकी मर्स्याङ्दी**, **सुरुङ्देखि खाल्डोसम्म**, **एउटा ढुङ्गो देवताहरूको छेउमा : अर्को पानीमुनिको लेउमा**, **खरानीको सिरानी** आदि निबन्धहरूमा बिम्ब र प्रतीकहरूको सहायतामा निबन्धकारले आफ्ना भावनाहरूलाई रोचक रूपमा प्रस्तुत गरेका छन् ।

हरि मञ्जुश्रीका निबन्धमा वर्णनात्मकता मात्र नभई बौद्धिकता र हार्दिकता पनि पाइन्छ । सङ्क्षिप्तताभित्रै आफूले जाने-बुझेका व्यापक अनुभूति र ज्ञानराशी समेट्न चाहने निबन्धकारले राष्ट्रप्रेम र प्रकृतिप्रेम पनि प्रदर्शन गरेका छन् । मान्छे रगतका नाताले समान हुन्छ भन्ने भावनाका धनी निबन्धकारले विभिन्न जातीयताका, आधारमा धर्म र सम्प्रदायका आधारमा, धनी र गरिब भनी छुट्याइने सामाजिक र आर्थिक हैसियतका आधारमा गरिने शोषण, दमन, विभेद, अन्याय, अत्याचारमा पिल्सिएका कथित तल्लो जात भनिने निम्न वर्गका पीडा, कष्ट, वेदना, आर्तनाद र पुकारलाई सुरिलो भाकामा टिपेर मानवतावादी स्वर उरालेका छन् । आफ्नै परिवारबाट आफूलाई बोझका रूपमा लिइएको कुरालाई समेत निबन्धमा समेटेर सङ्घर्षलाई जीवनको पर्यायका रूपमा मान्दै चेतनशील, जागरूक र सङ्घर्षशील बन्दै अगाडि बढ्नुपर्ने सन्देश दिएका छन् । **मेरो थर र घर** निबन्धमा आफ्नो 'अधिकारी' थर हटाई 'मञ्जुश्री' राखेबाट विद्रोहात्मक स्वर उर्लेको पाइन्छ ।

**जवाहरको दर्शन** र **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०) लगायतका प्रायः सबैजसो निबन्धहरू गद्यकाव्यात्मक रूपमा प्रकट भएका छन् । यही काव्यात्मकताले उनको भाषाशैली रोचक र आकर्षक बन्न पुगेको छ । उनको काव्यात्मकताको नमुनालाई उदाहरणका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ –

) "कुनै सत्ता छ अदृश्य, कुनै भावना छ अव्यक्त, जसलाई हामी न पूर्णतः नकारेर रहन सक्छौँ, न त पूर्णतः स्वीकारेर नै । ..............." (मञ्जुश्री, २०६० : १३)

- “कान्छी सर्किनी रोई, छाती पिटी-पिटी रोई । जङ्गे अब मादल बनाउँदैन, हाटमा लगेर मादल बेच्तैन । ............” (पूर्ववत् : १०)
- “मनमा लाग्यो उनको कपाल सुमसुम्याइदिऊँ, आँसु पुछिदिऊँ, असल काम गर्दा दुःख पर्छ भने पनि खराब काम गरेर शिर झुकाउनु हुँदैन, बरू शिर उँचो पार्न दुःख खप्नुपर्छ भनिदिऊँ । .........” (पूर्ववत् : १९)
- “हृदयहीनताको पराकाष्ठामा पुगेर म बाँचिरहेको छु । मेरो जीवन शिलाजीवन हो, ढुङ्गाले बाँचेको जिन्दगी । ...........” (मञ्जुश्री, २०६० : ८८)
- “मर्स्याङ्दी रुन्छे, निर्मली पनि रुन्छे । मर्स्याङ्दी रुनु हो प्राकृतिक सौन्दर्य, निर्मली रुनु हो मानवीय संवेदना । ............” (पूर्ववत् : ४७)

निबन्धकार मञ्जुश्रीले कतिपय निबन्धमा विषयवस्तुबाट उब्जेका भावतरङ्गलाई जस्ताको तस्तै रूपमा व्यक्त गर्दा कविताझैँ बनेको मात्र नभई कवितै पनि उल्लेख भएको पाइन्छ; जस्तै –

खुसी भई बाँच्नलाई गाउँ चाहिन्छ
स्वाभिमानी खुट्टा टेक्ने ठाउँ चाहिन्छ । (पूर्ववत् : ९१)

छाड्न मन लाग्यो हजुर यो राजधानी सहर
न पाइन्छ यहाँ अमृत न पाइन्छ जहर । (पूर्ववत् : ९२)

तसर्थ कवितात्मक गद्यको प्रयोग उनको निबन्धकारिताअन्तर्गतको भाषाशैलीगत विशेषता हो ।

मञ्जुश्रीले सानैदेखि घुमिफिरी बटुलेका शाश्वत अनुभव, अध्ययन, अनुसन्धानबाट प्राप्त ज्ञान, परिवार र अग्रजबाट प्राप्त प्रेरणा र वैचारिक शत्रुहरूका झटाराहरू प्रहार गर्दा र झटाराबाट बच्न गरिएका प्रयत्नलाई आफ्नो निबन्धको विषयवस्तु बनाउँदा छोटा-छोटा वाक्यको प्रयोग गरेका छन् । जस्तै – “उनी जुरुक्क उठिन् र छक्क परेको भावले मलाई हेरिन् । मलाई लाग्यो अब उनी रुन्छिन् र म उनलाई फुल्याउनेछु । तर त्यसो भएन ।” (मञ्जुश्री, २०६० : १९) कतिपय ठाउँमा लामा वाक्य देखिए पनि वाक्यगठनमा चाहिँ कहीँ पनि कमजोरी भेटिँदैन । उनका निबन्धको भाषा सम्प्रेषणीय छ । स्थानीयतालाई बोक्ने शब्द तथा वाक्यले निबन्धको शैलीपक्ष विशिष्ट बन्न पुगेको छ । पूर्वीय साहित्य र दर्शनको अध्ययन र अनुसन्धानबाट उपलब्ध ज्ञानराशीलाई निबन्धमा समेट्ता कताकति इतिहास र दर्शन नै पढेजस्तो लागे पनि भाषिक सरलताले क्लिष्ट बनेका छैनन् । पाठकहरू त्यसैभित्र डुब्दा व्याकरणिक सीमाको उल्लङ्घन गरेको स्थिति देखिँदैन । कतिपय निबन्धमा उदाहरण प्रस्तुत गर्दा संस्कृतका कतिपय सूक्तिहरू, वेदका

मन्त्रहरू र गीताका श्लोकहरू प्रस्तुत गरेको पाइन्छ । यही नवीनताले नै उनको शैलीको वैयक्तिकता प्राप्त गर्न पाठकलाई आकर्षण गर्न सकेको छ ।

शब्दप्रयोगका दृष्टिले मञ्जुश्रीको निबन्धकारितालाई हेर्दा उनका निबन्धहरूमा सामान्य बोलचालका शब्द प्रयोग गरेको देखिन्छ । कुनै-कुनै ठाउँमा भने द्वयार्थक शब्दहरू पनि पाइन्छन् । उनका निबन्धमा संस्कृत, हिन्दी र अङ्ग्रेजी आदि भाषाका शब्द, वाक्यांश र वाक्यहरूको प्रयोग भएको देखिन्छ । यस्ता शब्द र वाक्यहरूले सामान्य पाठकलाई केही समस्या उत्पन्न गराए पनि नवीनता र रोचकता ल्याएको छ । **अध्यात्म चिन्तन** (२०६२) का **बाबा विश्वनाथका विशिष्ट वचन**, **बाबा विश्वनाथ, म र शिवशक्ति विराट महायज्ञ**, **भक्तियोग र भगवद्गीताको प्रसङ्ग**, **इनलाइटमेन्ट : साइबाबाप्रतिको कमेन्ट** आदि निबन्धहरूमा पद, पदावली, वाक्य, वाक्यांश, सूक्ति, मन्त्र, गीताका श्लोक र **सङ्कलन : एक उपहार एक जीवनका बुद्ध**, **इनलाइटमेन्ट : साइबाबाप्रतिको कमेन्ट**, **ब्ल्याकबेल्टहोल्डर की ब्ल्याकबेल्टहोल्डर** आदिमा अङ्ग्रेजी र हिन्दीका शब्द र वाक्यांशको प्रयोग भएको छ । उखानटुक्काहरू अन्य थुप्रै निबन्धहरूमा प्रयोग भएको पाइन्छ । यसरी विभिन्न भाषाका शब्द, शब्दावली, उखान, टुक्का आदिले शाब्दिक अर्थबोधमा केही बाधा उत्पन्न गरे पनि निबन्धको शिल्पविधान र शैलीपक्षलाई रोचक बनाएका छन् ।

उनका **पानी आएन होइन बानी आएन**, **बिर्सने बानीभित्र बिर्सने बानी**, **हत्यारा : मान्छेको होइन मान्छेका मनको**, **अर्को चौबाटाको चारैतिर हेर्दै** आदि निबन्धमा नेपाली परिवेशका व्यङ्ग्यका बिम्बको चयन गरिएको छ । यस्ता बिम्बहरूले उनका निबन्धहरूमा रोचकता थप्ने काम गरेका छन् । **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** निबन्धसङ्ग्रहका **एउटा ढुङ्गो देउताको छेउमा : अर्को पानीमुनिको लेउमा**, **सङ्कलन : एक उपहार एक जीवनका बुद्ध**, **हिर्दोक पारा : मनको सहारा** निबन्धमा समावेश गरिएका गीत-कविताका अंशले निबन्धको रोचकता बढाउन बल पुऱ्याएका छन् । निबन्धको भाषा कवितात्मक, बौद्धिक र स्तरीय भएर पनि प्रस्तुतिगत नवीनताले गर्दा उनको भाषाशैली आकर्षक बन्न पुगेको छ ।

निष्कर्ष :

निबन्धकार हरि मञ्जुश्रीका निबन्धात्मक आठवटै कृतिहरूमा सङ्कलित सबै निबन्धहरूलाई केलाएर हेर्दा विषयवस्तुमा विविधता पाइन्छ भने शैली अत्यन्तै रोचक छ । तत्सम, तद्भव र आगन्तुक शब्दचयनका साथै नेपाली जनजिब्रामा झुन्डिने स्वादिला उखान, टुक्का, थेगो र निपातका साथै ठेट शब्दको बाहुल्य पाइन्छ । विभिन्नखाले शब्दप्रयोग भए तापनि अधिकांश निबन्धहरूको भाषाशैलीलाई हेर्दा सर्वसाधारण पाठकले समेत बुझ्ने गरी लेखेका छन् । यिनका निबन्ध सङ्ख्यात्मक दृष्टिले मात्रै नभएर गुणात्मक दृष्टिले पनि उच्च तहका देखिन्छन् । शैलीकै कुरा गर्दा कतै 'मोन्ते' को आत्मपरक निबन्धलेखनको शैलीलाई पछ्याएको देखिन्छ भने कतै 'बेकन' को शैलीलाई । सामाजिक जीवनमा आफूले डुल्दा, घुम्दा बटुलेका अनुभव र घटना अनि

पढाइ वा अनुसन्धानात्मक कार्यबाट तिखारिएको ज्ञानलाई समेटेर लेखिएका यिनका समग्र निबन्धहरू भावनात्मक, विश्लेषणात्मक एवं वस्तुपरक छन् । नेपाली संस्कृति, इतिहास, धर्मदर्शन, गुठीव्यवस्था, विभिन्न साहित्यकारहरू, पेसाकर्मी, समाजसेवीहरूको योगदानका विषयका निबन्ध लेख्ने निबन्धकार, एक विशिष्ट अनुसन्धानदाता, ग्रन्थसम्पादक, समाजसेवी एवं साहित्यकार हरि मञ्जुश्री नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् ।

निबन्धकार हरि मञ्जुश्रीका निबन्धगत प्रवृत्तिलाई हेर्दा यिनी सामाजिक प्रवृत्तिका र समाजसेवी तथा अग्रज र समकालीन साहित्यिक व्यक्तित्वका सम्वाहक, क्रान्तिकारी एवं मानवतावादी निबन्धकारका रूपमा देखिन्छन् । विषयबहुलता, भावविविधता, शैलीशिल्पगत नवीनता एवं वैचारिक गहनताका दृष्टिले निबन्धकार मञ्जुश्री आधुनिक नेपाली निबन्धसाहित्यका माथिल्लो दर्जाका निबन्धकारहरूको गणनाभित्र पर्दछन् । चिन्तन, मनन र पठनपाठनका दृष्टिले यिनका निबन्ध उत्कृष्ट ठहरिन्छन् । विविध विषयवस्तुलाई टपक्क टिपेर निबन्ध लेख्ने मञ्जुश्रीले आफ्ना निबन्धमा वस्तुको प्रतिपादन मात्र नगरी वस्तुले उब्जाएको भावनालाई व्यक्त गरेका छन् । साहित्य, साहित्यकार, जीवन, जगत्, जात्रा, पर्व, धर्म, संस्कृति र परम्परा आदि विविध विषयवस्तुमा कतै वर्णनात्मक, कतै विवरणात्मक, कतै समीक्षामूलक, कतै अनुसन्धानमूलक र कतै विचारप्रवाहात्मक निबन्ध रचना गरेका छन् । उनले निबन्धविधामा भर्खरै मौलाएको नवीन पत्रात्मक शैलीका निबन्धसमेत दिएर नेपाली निबन्धसाहित्यलाई ठूलो योगदान दिएका छन् ।

अन्तमा, निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारिताको समग्र अध्ययन गर्दा उनी निबन्धमा आफ्नो निजी छाप छाड्न सफल देखिन्छन् । वस्तुलाई ग्रहण गरिसकेपछि वस्तुबाट उब्जेका निजी भावनाहरूलाई व्यक्त गर्ने कलामा उनी निपूण देखिन्छन् । निबन्धकारले गृहित वस्तुको वर्णन गर्ने क्रममा आफ्ना जीवनका सुख-दुःख, हर्ष-बिस्मात आदिलाई पनि व्यक्त गरेका छन् । निबन्धमा व्यक्त विचारहरू प्रखर विचारका रूपमा मात्र नआएर भावनासँग सन्तुलित हुँदै आएकाले उनका निबन्धहरूमा विचार र भावनाको सन्तुलन भएको पाइन्छ । रचनाविधानका दृष्टिले पनि निबन्धकार मञ्जुश्री नितान्त वैयक्तिक बन्न पुगेका छन् भने विचार र भावनाको प्रस्तुतिका क्रममा शैली सरल, सरस र रोचक बन्न पुगेको छ । कुनै ठाउँमा शास्त्र, पुराण एवं गीताका श्लोकको प्रयोग भए पनि निबन्धको गरिमालाई तिनले कुनै असर नपारी झन् रोचकता थप्ने काम गरेकाले उनको निबन्धकारितामा वैयक्तिकता देखिँदा उनी सफल निबन्धकारका रूपमा स्थापित हुन पुगेका छन् ।

परिच्छेद छ

# मूल्याङ्कन र निष्कर्ष

वि.सं. २०४१ सालमा **कोइपी** (२०४१) पत्रिकामा प्रकाशित **नागढुङ्गा** शीर्षकको निबन्ध-रचनाबाट निबन्धयात्राको आरम्भ गर्ने हरि मञ्जुश्री हालसम्म नै निबन्ध-रचनामा क्रियाशील देखिन्छन् । साढे दुई दशक लामो निबन्धयात्रामा रचित निबन्धहरूको अध्ययनबाट उनको निबन्धयात्रालाई प्रथम चरण ( वि.सं. २०४१ – २०५९) र दोस्रो चरण ( वि.सं. २०६० – २०६४) गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

पहिला चरणमा उनले थुप्रै निबन्धहरू लेखेका भए पनि सबै प्रकाशित भएका छैनन् । प्रकाशितमध्ये पनि सबै उपलब्ध छैनन् । उपलब्धमध्ये पनि पुस्तिकाकारका रूपमा एउटा **आजको नेपाल कता लागिरहेछ** ? मात्र देखिन्छ । सिर्जनालाई कठिन साधनाका रूपमा लिने निबन्धकार मञ्जुश्रीका निबन्धहरूमा निजात्मक शैली बन्न पुगेको छ । विशिष्ट विषयलाई पनि सरल र सुबोध पाराले प्रस्तुत गर्ने शैलीले गर्दा यस समयका निबन्धहरू उत्कृष्ट बनेका हुन् । वैयक्तिक जीवनमा देखे-भोगेका सामान्य कुरालाई संस्मरणात्मक एवं कलात्मक रूपमा प्रस्तुत गर्नाले र भावनाका माध्यमबाट नै गम्भीर चिन्तन दिन सक्नाले यस चरणमा नै उनी सफल निबन्धकारका रूपमा देखिन्छन् ।

दोस्रा चरणमा आएर मञ्जुश्रीले पहिलो चरणमा प्राप्त गरेका कथ्य र शैलीलाई विकसित मात्र नगरी लेखेका सबैजसो निबन्धहरूलाई सङ्ग्रह गरी पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरेको पाइन्छ । नेपाली साहित्यको प्राथमिककालमै बीजारोपण भई माध्यमिककालमा टुसाएर आधुनिककाल विकसित भएको छ । यसै स्थितिमा देखापरेका हरि मञ्जुश्रीका टिप्पणीमूलक, संस्मरणात्मक, समीक्षात्मक, समसामयिक तथा अनुसन्धानमूलक, धर्म-संस्कृति जस्ता विषयमा सङ्ग्रहका रूपमा आठवटा पुस्तकाकार कृति र थुप्रै फुटकर निबन्धहरू प्रकाशित भइसकेका छन् । यी निबन्धहरूलाई अध्ययन र विश्लेषण गरी हेर्दा उनका निबन्धमा विषयवस्तुगत विविधता, व्यङ्ग्यात्मकता, खोज-अनुसन्धानमूलकता, राष्ट्रवादिता, प्रगतिशीलता र यथार्थता आदिजस्ता थुप्रै निबन्धगत प्रवृत्तिहरू पाइन्छन् ।

नेपाली साहित्यको आधुनिककालका प्रारम्भकर्ता लक्ष्मीप्रसाद देवकोटाले आत्मपरक शैलीमा थुप्रै निबन्धहरू लेखे । दृश्यमान् पदार्थदेखि अदृश्य भावसम्मका विषयवस्तुलाई ग्रहण गरे । तर धर्म-संस्कृति, परम्परा, अग्रज तथा समवर्ती साहित्यकारका जीवनी र व्यक्तित्वका बारेमा र जात्रापर्वसम्बन्धी निबन्धहरूमा देवकोटाले कलम चलाएनन् । देवकोटापछिका सशक्त आत्मपरक

निबन्धकार हृदयचन्द्रसिंह प्रधानले जीवन-जगत्लाई विषयवस्तु बनाएर निबन्ध लेखे । नेपाली निबन्धसाहित्यमा प्रगतिशील चिन्तनको आरम्भ गरे । तर जात्रापर्वका बारेमा र समवर्ती साहित्यकारका बारेमा संस्मरण लेखेनन् । त्यसै गरी छुट्टै शैलीलाई नेपाली निबन्धसाहित्यमा प्रवेश गराउने प्रयोगवादी निबन्धकार शङ्कर लामिछानेले ऐतिहासिक विषयवस्तुलाई ग्रहण गरेनन् । त्यसपछि ऐतिहासिक एवं पौराणिक विषयवस्तु ग्रहण गर्दै निबन्ध लेख्ने बदरीनाथ भट्टराईले राष्ट्रवादी चिन्तन अभिव्यक्त गरे, तर हास्यव्यङ्ग्यपूर्ण निबन्धहरू लेखेनन् । हास्यव्यङ्ग्यलाई मात्रै ग्रहण गरी निबन्ध सिर्जना गर्ने भैरव अर्याल, केशवराज पिँडाली, वासुदेव शर्मा लुइँटेल आदिले जीवनी र संस्मरणलाई छोएनन् । तर निबन्धकार मञ्जुश्री धर्म, संस्कृति, परम्परा, अग्रज तथा समवर्ती साहित्यकारका जीवनी, व्यक्तित्व र कृतित्व, जात्रापर्व, संस्मरण, ऐतिहासिक विषय, व्यङ्ग्य आदि कुनै पनि विषयक्षेत्रमा निबन्ध सिर्जना गर्न छुटेनन् । त्यसैले निबन्धकार मञ्जुश्री नेपाली निबन्धसाहित्यका सशक्त निबन्धकार हुन् ।

निबन्धकार हरि मञ्जुश्रीका पूर्ववर्ती तथा समवर्ती साहित्यकारहरूले उत्कृष्ट संस्मरणात्मक निबन्धहरू लेखेका छन्, तर मञ्जुश्रीकै जस्तो गरी विचारप्रवाहमूलक ढङ्गका भने लेखेको पाइँदैन । कमलमणि दीक्षितले सुरु गरेको यात्रासाहित्यमा डा० तारानाथ शर्माले **बेलायततिर बरालिँदा** को सम्झना गरे भने बाङ्देलले **स्पेनको यात्रा** गरे । त्यस्तै गरी मेघराज शर्मा (मञ्जुल) स्विट्जरल्यान्डको विद्यालयमा पुगे भने कुलचन्द्र कोइराला आफ्नै देशको लामाबगर पुगी त्यहाँका प्राकृतिक मनोरम छटाको अवलोकन गरे । तर मञ्जुश्री भने हिरण्य भोजपुरेकी डुङ्खुरीसँगै भोजपुर दिङ्लाका वनबुट्यानहरूमा पुगी रामनवमी र महाशिवरात्रीमा मेला भर्दै डुङ्खुरी र चङ्खेसँगै रमाई जुवारी खेल्न थाले । वास्तवमा उनले आफू काभ्रेको बनेपामा बसे पनि आफ्नो जन्मभूमि भोजपुर दिङ्लाको ढुकढुकीलाई छामे । उनी नेपाल र नेपालीका दुःख र पीडामा सहभागी भएर २०४६ सालको आन्दोलनमा लोग्ने सहिद बनेपछि विष्णुबहादुरजस्ता अवसरवादी स्थानीय नेताबाट पीडित बनेकी जङ्गे मिजारकी पत्नी कान्छी सर्किनीको लाज छोप्न गुन्यू जडौरी दिन पुगेका छन् भने आफ्नो कर्मभूमि काभ्रेका समकालीन कर्मयोद्धाहरू, साहित्यकर्मी, पेसाकर्मीहरूको जीवनीको र तिनका कार्यहरूको अनुसन्धान गरी सूक्ष्म निरीक्षण गरेका छन् । हाल आएर विविध विषयवस्तुको चयन गर्दै राजेन्द्र सुवेदी, किशोर नेपाल, डी० पी० अधिकारी जस्ता कैयौँ निबन्धकारहरूले कलम चलाएका छन् । आजभोलिका निबन्धहरूमा विश्वपरिस्थिति र राजनीतिलाई नै कथ्य विषय बनाएको पाइन्छ, तर मञ्जुश्रीका निबन्धहरूमा राजनीतिक तटस्थता पाइन्छ । उनका निबन्धमा मानवता, ऐतिहासिकता, सत्यतथ्यता जस्ता विविध विषयवस्तु अधिक पाइन्छन् समग्रमा भन्नुपर्दा पूर्ववर्ती निबन्धकारहरूका निजात्मकता, प्रगतिशीलता, राष्ट्रवादी स्वर, प्रकृतिप्रेम, प्रयोगवादी चिन्तन मञ्जुश्रीका निबन्धगत प्रवृत्ति बनेका छन् । यी समग्र प्रवृत्तिको सङ्गमले नै मञ्जुश्रीको निबन्धकारिता उत्कृष्ट बनेको छ । त्यसैले निबन्धकार मञ्जुश्री नेपाली निबन्धसाहित्यका सशक्त निबन्धकार हुन् ।

मञ्जुश्रीका निबन्धगत प्रवृत्तिका आधारमा हेर्दा उनी सामाजिक प्रवृत्तिका सम्वाहक, क्रान्तिकारी भाव भएका मानवतावादी निबन्धकारका रूपमा देखिन्छन् । विषयबहुलता, भावविविधता, शैलीशिल्पगत नवीनता र वैचारिक गहनताका दृष्टिले मञ्जुश्री आधुनिक नेपाली साहित्यका उच्च दर्जाका निबन्धकारहरूको गणनाभित्र पर्दछन् । यिनै विशेषताहरूले गर्दा मञ्जुश्रीका निबन्धहरूले पूर्ववर्ती र समवर्ती निबन्धकारका निबन्धहरूभन्दा छुट्टै र विशिष्ट स्थान ओगट्ने भएकाले यी पठनपाठन र चिन्तनमननका दृष्टिले पनि उत्कृष्ट निबन्धहरू ठहरिन्छन् । विषयगत दृष्टिबाट निबन्धकार मञ्जुश्रीको निबन्धकारितालाई हेर्दा उनी विविध विषयका प्रयोक्ताका रूपमा देखापर्छन् । साहित्य, जीवनजगत्, धर्म, संस्कृति र परम्परा, जात्रापर्व आदिलाई निबन्धको विषयवस्तु बनाएका छन् । विविध विषयलाई लिएर पनि उनले आफ्ना निबन्धमा वस्तुको प्रतिपादन मात्र नगरी वस्तुले उब्जाएका भावनाहरूलाई व्यक्त गरेका छन् । निबन्धको प्रस्तुतिका क्रममा विषयवस्तु आत्माभिव्यक्तिको साधन मात्र नभएर साध्य पनि भएको छ । निबन्धमा वस्तुलाई आत्मसात गर्दै जीवनका सुख-दुःख, हाँसो-आँसुहरू व्यक्त गर्ने कार्यमा उनको रुचि देखिन्छ । वस्तुका माध्यमबाट आफ्ना भावना र स्वयंलाई प्रस्तुत गर्ने नवीन कलाले उनी सफल निबन्धकारका रूपमा देखिन्छन् ।

निबन्धकार मञ्जुश्री आफ्ना निबन्धहरूमा वैयक्तिक निबन्धकारका रूपमा देखापरेका छन् । साहित्य र जीवनजगत्‌लाई विषयवस्तु बनाएर रचना गरिएका उनका निबन्धहरूमा निजात्मक दृष्टिकोणहरू व्यक्त भएका छन् । वस्तुबारेका प्रचलित र सार्वभौमिक मान्यतालाई प्रस्तुत गर्दागर्दै सुटुक्क निजी दृष्टिकोण व्यक्त गर्नुमा नै उनको निबन्धकार रमाएको छ । गृहित विषयलाई टिपेपछि त्यसको शिरपुच्छर केलाएर मात्र छोड्नु उनको निबन्धकारिताको विशेषता नै बनेको देखिन्छ । उनका निबन्धमा व्यक्त विचारले पाठकमा अमीट छाप छाड्न सकेका छन् । निबन्धकार मञ्जुश्रीले निजी विचारलाई आफ्नै जीवन र अनुभवका आधारमा मात्रै नभएर प्रचलित सामाजिक मूल्य र मान्यताका आधारमा पुष्टि गरेका छन् । निजी विचारलाई पनि सार्वभौम मान्यतासँग जोड्दै भावनात्मक तर्कले सहज रूपमा पुष्टि गरी पाठकलाई आफ्नो विचारसँग सहमत गराउन उनी सफल देखिन्छन् । भावनात्मक एवं सामाजिक मान्यतायुक्त तर्कका साथ विचारको पुष्टि गर्ने उनको कला निकै सशक्त बन्न पुगेको छ ।

विचार र भावनालाई सन्तुलित रूपमा प्रस्तुत गर्नु निबन्धकार हरि मञ्जुश्रीको निबन्धकारिताको महत्तम प्राप्ति हो । निबन्धकार मञ्जुश्री एक बौद्धिक र अनुसन्धानमूलक निबन्धकार हुन् । उनले **अनेक स्रष्टा अनेक प्रसङ्ग** र **काभ्रेका केही कर्मयोद्धा** गरी दुईवटा कृतिहरू अनुसन्धान गरेर तयार पारेको देखिन्छ । निबन्धमा व्यक्त विचारहरू पूर्णतः भावनात्मक मात्र नभई बुद्धि, तर्क र तथ्यका माध्यमबाट पुष्टि गर्ने काम उनीबाट भएको छ । वस्तुले उब्जाएका भावना र अध्ययनबाट प्राप्त अनुभवको सेरोफेरोमा रहेर उनले विचारको पुष्टि गरेकाले विचार

पूर्णतः सार्वभौम बन्न नसके तापनि भावनाको प्रलाप मात्र पनि छैन । यही तात्पर्यमा विचार र भावनाको अन्तर्मिश्रित स्थिति देख्न सकिन्छ । यो उनको निबन्धकारिताको नवीनतम पक्ष हो । सामाजिक जागरण र समाजसुधारको भावना राख्ने मञ्जुश्रीले निबन्धमा शोषित, पीडित, निम्नवर्गीय तथा निरीह महिला र दलितप्रति सहानुभूति, जागरण र विद्रोहात्मकता व्यक्त गरेको पाइन्छ । अवसरवादी, स्वार्थी, शोषक र सामन्ती प्रथाप्रति रोष तथा विसङ्गतिप्रति व्यङ्ग्य पाइन्छ । उनका कतिपय निबन्धहरूमा अन्याय, अत्याचार र शोषणका विरुद्ध विद्रोहचेत, क्रान्तिचेत, युगीन समाजबोध र सामाजिक यथार्थप्रतिको सजगता पाइन्छ । यो उनको क्रान्तिकारी एवं समाजसुधारक निबन्धकार व्यक्तित्वको परिचायक हो ।

मञ्जुश्रीको निबन्धकारितालाई गरिमामय स्तरमा पुऱ्याउने काम रचनाविधानले गरेको छ । उनका निबन्धहरू आत्मपरक र वस्तुपरक दुवै शैलीका छन् । उनका निबन्धमा वस्तुलाई छुनासाथ कतिपय निबन्धकारहरूका झैँ भावतरङ्गमा उब्जने अनन्त लहरहरू पाइँदैनन् । बडो बुद्धिमत्तापूर्ण तवरबाट कथ्यलाई प्रस्तुत गर्दा नियोजित आरम्भ, विकास र अन्त्यको क्रमिकता मिलेको देखिन्छ । निबन्धभित्र कतै एकालापीय सम्वाद, कतै पात्र (नगन्य मात्रामा), कतै कथानक आएर निबन्धलाई निबन्धेतर विधाको निकट पुऱ्याएको स्थिति भेटिन्छ । उनको एउटा निबन्धभित्र विविध विषयको समावेश भएको पाइँदैन । निबन्धमा अभिव्यक्त भावना जतिसुकै बहकिन गए पनि तिनको समष्टि योगले विचार व्यक्त गरेको हुन्छ । यही प्रस्तुतिगत नवीनताले मञ्जुश्रीको निबन्धकारिता सफल देखिन्छ । सूक्ष्म रूपमा नै भए पनि पात्र र सम्वादको प्रयोगले उनका निबन्धहरू वैयक्तिक र नवीन प्रयोगका रूपमा पनि देखिन्छन् ।

भाषाशैली मञ्जुश्रीको निबन्धकारिताको केन्द्रीय पक्ष हो । विशेष गरेर निबन्धको गरिमा र सार्थकता नै भाषाशैलीमा निर्भर रहेको हुन्छ । सामान्यभन्दा सामान्य कुरालाई पनि रोचक ढङ्गले प्रस्तुत गर्नु उनको विशेषता नै हो । त्यसै गरी दर्शन र समालोचनाजस्ता कठिन विषयलाई पनि सरल र सहज रूपमा प्रस्तुत गर्ने कलाले निबन्धकार हरि मञ्जुश्री नेपाली साहित्यको निबन्धविधामा अविस्मरणीय नै बन्न पुगेका छन् । विविध भाषाका शब्द र वाक्यगठनहरूको समुचित प्रयोग हुनाले उनको शैलीलाई रोचक बनाएको छ । छोटा-छोटा वाक्य, अल्पविरामको प्रयोग, क्रियान्त वाक्य, औपचारिक आरम्भ र अन्त्यले निबन्धको भाषाशैली सफल देखिन्छ । अधिकतम तत्सम शब्दको प्रयोगले कतिपय पाठकलाई अल्झाउन खोजे तापनि पूर्वापर प्रसङ्गले गर्दा दुर्बोध्य र क्लिष्ट भने बनेका छैनन् । कतिपय निबन्धहरूमा प्रसङ्गवश आएका भावनाहरूलाई सरल र सहज रूपमा अभिव्यक्त गर्दा शैली स्वतः रोचक र काव्यात्मक बन्न पुगेको स्थिति देख्न सकिन्छ । उनको अभिव्यक्तिगत कलाले पाठकलाई आफ्ना विचारसँग सहमत गराउन र मोहित बनाउन सक्छ । यो मञ्जुश्रीको निबन्धकारिताको महत्त्वपूर्ण पक्ष हो ।

अन्तमा, मञ्जुश्रीको निबन्धकारिताको अध्ययनबाट उनी एक सशक्त आत्मपरक निबन्धकारका रूपमा देखिन्छन् । आत्माको प्रतिपादनका दृष्टिले उनका निबन्धहरू अत्यन्त सफल छन् । धर्म, संस्कृति र परम्परासम्बन्धी निबन्धहरू वर्णनात्मक र विवरणात्मक पनि नभएका होइनन्, तिनीहरू पनि साहित्येतर लेखजस्ता लागे पनि विषयहरूमा सुटुक्क आफ्ना विचारहरू अभिव्यक्त भएका छन् । **शशि भण्डारी : आयाम र आलोक** विचारप्रवाह तथा समीक्षात्मक निबन्धसङ्ग्रहमा पत्रात्मक रूपमा मञ्जुश्री देखापर्छन् । रोचक र उत्कृष्ट भाषाशैलीले गर्दा उनका निबन्धहरूको अध्ययनबाट नै उनलाई चिन्न सकिन्छ । निबन्धमा सत्यतथ्यलाई प्रस्तुत गर्ने कलाले उनको निबन्धकारिता अविस्मरणीय बन्न पुगेको छ । जिज्ञासु पाठकहरूको अपेक्षा गर्ने उनका निबन्धहरूले हार्दिकता र बौद्धिकताजस्ता दुवै पक्ष समेटेका छन् । हृदयलाई आह्लादित तुल्याउने उनका निबन्धले पाठकको मस्तिष्कलाई कतै पनि पीडा दिँदैनन्, बरू पृष्ठपोषण गर्दछन् । उनका कतिपय निबन्धहरू लामा आकारका भए पनि रमाइला प्रसङ्गहरूको समावेशले गर्दा पाठकलाई पट्यार लाग्दैन । त्यसैले उनी रोचक शैलीका निबन्धकारका रूपमा देखापर्दछन् । तसर्थ नेपाली निबन्धसाहित्यको फाँटमा निबन्धकार हरि मञ्जुश्रीको योगदान अविस्मरणीय रहन गएको छ ।

# सन्दर्भग्रन्थसूची

(क) पुस्तक :

अधिकारी, तीर्थराज (२०६०) : (मन्तव्य) **जवाहरको दर्शन**, नयाँ बानेश्वर : जवाहर मुक्तिमार्ग सेवाकेन्द्र

अधिकारी, रामलाल (......) : **नेपाली निबन्धयात्रा**, दार्जिलिङ : नेपाली साहित्य सम्मेलन

आप्टे, वामन शिवराम (१९९९) : **संस्कृत-हिन्दीकोश**, दो. सं., बनारस : मोतीलाल बनारसीदास

उपाध्याय, केशवप्रसाद (२०४९) : **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन

कोइराला, जगन्नाथ (२०६३) : **कुलचन्द्र कोइरालाका निबन्धहरूको विश्लेषण**, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान

थापा, मोहन हिमांशु (२०६३) : (भूमिका) **शशि भण्डारी : आयाम र आलोक**, बनेपा : जनमत प्रकाशन

थापा, हिमांशु (२०५०) : **साहित्य परिचय**, चौ. सं., ललितपुर : साझा प्रकाशन

**दि न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**, (१९६८), भोलुम ४, (१७ औँ सं.), द युनिभर्सिटी अफ सिकागो

नलिन, जयनाथ (.....) : **हिन्दी निबन्धकार**, दो.सं., दिल्ली : आत्माराम एन्ड सन्स

नारायणस्वामी, भी. आर. (१९७८) : **स्टेथ युअर राइटिङ**, मद्रास : ओरिएन्टल लङम्यान लिमिटेड

पराजुली, गोपाल (२०६०) : (हरि मञ्जुश्री : रस दिने रसमूल), **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर**, बनेपा : एकीकृत विकास केन्द्र, नेपाल

प्रधान, भिक्टर (२०४४) : **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : ........................................

प्रसाद, विश्वनाथ (१९७३) : **कला एवं साहित्य और परम्परा**, पटना : विहार : हिन्दी ग्रन्थ अकादमी

बराल, ईश्वर (२०४९) : **सयपत्री**, चौ. सं., ललितपुर : साझा प्रकाशन

मञ्जुश्री, हरि (२०४३) : **आजको नेपाल कता लागिरहेछ ?**, जयवागेश्वरी : ..........

................ (२०६२) : **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे**, बनेपा : एकीकृत विकास केन्द्र, नेपाल

................ (२०६२) : **अध्यात्म चिन्तन**, पनौती : कृष्णकुञ्ज

................ (२०६४) : **अनेक स्रष्टा अनेक प्रसङ्ग**, चाबहिल : भानु प्रकाशन

................ (२०६४) : **काभ्रेका केही कर्मयोद्धा,** बनेपा : मध्यमार्ग साप्ताहिक

लुइँटेल, खगेन्द्र र गौतम, देवी (२०५४) : **नेपाली निबन्ध परिचय**, काठमाडौँ : नवीन प्रकाशन

शर्मा, गोपीकृष्ण (२०६०) : **नेपाली निबन्ध**, तेह्रौँ सं., ललितपुर : साझा प्रकाशन

शर्मा, मोहनराज (२०५५) : **समकालीन नेपाली समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (.....) : **नेपाली साहित्यको इतिहास**, ललितपुर : साझा प्रकाशन

सुवेदी, राजेन्द्र (२०४९) : **स्रष्टा सृष्टि द्रष्टा दृष्टि**, दो.सं., ललितपुर : साझा प्रकाशन

................ (२०४९) : **केही समीक्षण केही विश्लेषण**, दो.सं., ललितपुर : साझा प्रकाशन

(ख) पुस्तिका :

गड्तौला, गङ्गाराम (२०६२) : **मञ्जुश्री-मन्थन**, बनेपा : एकीकृत विकास केन्द्र, नेपाल

तरङ्ग, प्रतीक (२०६४) : **हरि मञ्जुश्रीको अक्षरचित्र**, बनेपा : एकीकृत विकास केन्द्र, नेपाल

(ग) शोधपत्र :

ओझा, रामनाथ (२०५४) : **निबन्धकार शङ्कर लामिछानेको निबन्धकारिताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि.

लुइँटेल, खगेन्द्र (२०४६) : **क्षेत्रप्रताप अधिकारीको काव्यकृति** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि.

सापकोटा, दुर्गाप्रसाद (२०६३) : विजय मल्लका उपन्यासमा नारीपात्र (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि.

(घ) पत्रिका :

कोइराला, कुलचन्द्र (२०४८) : **अन्तर्वार्ता**, **त्रिवेणी** मासिक, वर्ष १ अङ्क १

गड्तौला, गङ्गाराम (२०६२) : **भो, म अरू लेख्तिनँ**, **मध्यमार्ग साप्ताहिक**, वर्ष १ अङ्क २३

गोदारे, नारायण (२०५६) : **हरि मञ्जुश्री : फूलको मीठो वासना**, **जनमत** (साहित्यिक मासिक), पूर्णाङ्क ६८

भोजपुरे, हिरण्य (२०६३) : **मैले पाएको नोबेल पुरस्कार**, **मधुपर्क**, वर्ष ३८ अङ्क १२

परिशिष्ट

# हरि मञ्जुश्रीसँग लिइएको लिखित अन्तर्वार्ता

**म 'हरि मञ्जुश्रीको निबन्धकारिता' विषयमा शोध गर्न लाग्दैछु । त्यसका लागि तपाईंसँग केही जानकारी लिन चाहन्छु ।**

धन्यवाद ! म आफूले थाहा पाएसम्मको जानकारी दिने प्रयास गर्छु ।

**तपाईंको जन्म कहिले र कहाँ भएको हो ?**

मेरो जन्म कोसी अञ्चलअन्तर्गत भोजपुर जिल्लाको दिङ्लामा वि० सं० २०१६ साल असोज ५ गते भएको हो ।

**तपाईंका पितामाताको नाम के हो ?**

मेरा पिताको नाम दुर्गाप्रसाद अधिकारी र मेरी माताको नाम युगला अधिकारी हो ।

**तपाईंका दाजुभाइ र दिदीबहिनी कतिजना छन् ?**

भाइहरू तीनजना छन् – जीवन, चोलरमण र भुवन । बहिनीहरू पाँचवटी छन् – मञ्जु, लक्ष्मी, चेतना, दीपिका र रेखा । यसरी हामी हाम्रा पितामाताका नौजना सन्तान हौं ।

**पिताजीको आर्थिक अवस्था कस्तो थियो ?**

मेरा पिताजी सामान्य कृषक परिवारमा जन्मनुभएको हो । पहिले उहाँ खेतीपाती गर्नुहुन्थ्यो, पछि तलब आउने काम पनि गर्न थाल्नुभयो । खेतीपाती र पिताजीको तलबबाट पितामातासहितको हाम्रो ठूलो परिवार पालिन गाह्रो त थियो, तर गाउँको बसाइ भएकाले खान-लाउन धेरै दुःखचाहिँ थिएन ।

**पिताजी के काम गर्नुहुन्थ्यो ? हाल के गर्दै हुनुहुन्छ र कहाँ बस्तै हुनुहुन्छ ?**

मेरा पिताजीले दुःखसुख गरेर संस्कृत विषयमा स्नातक उत्तीर्ण गर्नुभएको छ । उहाँले स्नातक उत्तीर्ण गरेपछि दिङ्लाको षडानन्द संस्कृत माध्यमिक विद्यालयमा पढाउन थाल्नुभयो । शिक्षणपेसाबाट अवकाश लिई दिङ्लाका जग्गाजमिन बेचेर धुलिखेलमा जग्गा किन्नुभयो र २०४४ सालमा घर बनाउनुभयो । घरमा छोराछोरीलाई राखेर उहाँ विराटनगरमा बसी विद्यार्थीहरूलाई पढाउन थाल्नुभयो । विराटनगरबाट धुलिखेल फर्किएपछि त्यहाँको घरजग्गा बेचेर भक्तपुर काँडाघारीमा जग्गा किन्नुभएको छ र काठमाडौंको घट्टेकुलोमा डेरा लिएर बस्नुभएको छ । अचेल उहाँ काँडाघारीको घडेरीमा घर बनाउने तरखरमा हुनुहुन्छ ।

**तपाईंको अध्ययनका विषयमा पनि बताइदिनोस् न !**

म शिक्षित एवं साहित्यानुरागी परिवारमा जन्मेको हुँ । हाम्रो परिवार आर्थिक रूपमा कमजोर भए पनि राजनीतिक रूपमा सचेत एवं बौद्धिक परिवारका रूपमा गाउँमा चिनिन्थ्यो । आफ्ना पिताजीबाटै मैले सावाँ अक्षर चिनेको हुँ र काकाहरूको सङ्गतले गर्दा पढ्न-लेख्न जान्ने भएको हुँ । मलाई पहिले दिङ्लाकै सरस्वती प्राथमिक विद्यालयमा र पछि पिताजीले पढाउने षडानन्द माध्यमिक विद्यालयमा भर्ना गराइएको थियो । कक्षा ९ सम्म त्यहाँ अध्ययन गरेपछि त्यो विद्यालय छाडी दिङ्लाकै अरूण मा.वि. मा भर्ना भएँ र त्यही विद्यालयबाट वि.सं. २०३३ सालमा एस.एल.सी.परीक्षा दिएँ । पहिलो वर्षको एस.एल.सी.परीक्षामा नेपाली विषयमा अनुत्तीर्ण भएँ । कूल अङ्क भने प्रथम श्रेणीको आएको रहेछ । मैले दोस्रो वर्ष २०३४ सालमा पनि परीक्षा दिएँ र दोस्रो श्रेणीमा एस.एल.सी.उत्तीर्ण गरेँ । २०३४ सालको फागुनमा म घर छाडेर काठमाडौँतर्फ लागेँ । २०३५ सालमा नेपाल ल क्याम्पस, भृकुटीमण्डप काठमाडौँमा प्रमाणपत्र तहको अध्ययनका लागि भर्ना भएँ र त्यो तह पूरा गरी स्नातक तहका लागि त्यसै क्याम्पसमा भर्ना भएर अध्ययन गर्न थालेँ । तर स्नातक तह पूरा गरिनँ, अधुरै छाडेँ । ‘फोरिएको पर्खाल’ कथासङ्ग्रहले मेरो जागिर खाइदिएपछि भौँतारिँदै २०४० सालमा म भारततर्फ प्रस्थान गरेँ । पछि भारतबाटै उत्तरमीमांसा विषयमा स्नातक तह पूरा गरेँ ।

**तपाईंले कहिले र कोसँग विवाह गर्नुभएको हो ?**

काभ्रेको पातलेखेतबाट बसाइँ सरी मकवानपुरको सामरीमा पुगेका हरिप्रसाद तिवारीकी छोरीका रूपमा जन्मेर काभ्रेको देवभूमि बालुवामा बसोवास गरेकी गीता तिवारीसँग मैले २०४७ साल वैशाख २ गते विवाह गरेको हुँ ।

**तपाईंकी श्रीमती के काम गर्नुहुन्छ ?**

मेरी श्रीमती मेरो सम्पादनको काममा सघाउँछिन् र मैले लेखेका र सम्पादन गरेका पुस्तकका सामग्रीहरू कम्प्युटरमा अक्षराङ्कन गर्छिन् । उनी कुशल गृहिणी हुन् र ‘गीता मञ्जुश्री’ नाउँबाट पुस्तक निकालेकी लेखिका पनि हुन् ।

**तपाईंका छोराछोरी कतिजना छन् र कहाँ पढ्दैछन् ?**

छोराछोरी दुईजना छन् – एउटी छोरी रश्मि मञ्जुश्री (जन्म : २०४७।१०।०४) र एउटो रोशन मञ्जुश्री (जन्म : २०५०।८।२६) । छोरी अहिले काठमाडौँ विश्वविद्यालयमा ह्युमन बायोलोजी विषय लिएर बी.एस्सी. पढ्दैछिन् र छोरा बनेपाको बेलर इन्टरनेसनल एकेडेमीमा कक्षा १० मा पढ्दैछन् ।

**तपाईं आफ्नो परिवारको गुजारा कसरी चलाउँदै हुनुहुन्छ ?**

म अहिले काठमाडौं विश्वविद्यालयमा सञ्चार संयोजक छु र पुस्तकहरूको सम्पादन पनि गर्छु। मेरा आर्थिक स्रोतहरू यिनै हुन्।

**तपाईंका प्रारम्भिक निबन्धहरू कुन-कुन पत्रिकाहरूमा छापिएका थिए ?**

मेरा सुरुसुरुका निबन्धहरू **कोइपी, नेपालभूमि, हिन्दू, नयाँ बाटो, घटना र विचार, महानगर, कर्मयोग** आदि पत्रिकामा र विभिन्न स्मारिका, मुखपत्र आदिमा छापिएका छन्। तिनलाई सङ्ग्रह गर्न बाँकी नै छ।

**तीमध्ये केही निबन्धका शीर्षकहरू भनिदिनोस् न !**

**नागढुङ्गा** (कोइपी, २०४१), **आजको नेपाल कता लागिरहेछ ?** (२०४३, पुस्तिकाकार), **साहित्य नलेखे पनि हामी साहित्यकार** (२०४९), **समाजसेवीहरूको कालो राजनीति** (२०५४), **एक व्यक्ति तीस काम : धेरै दाम बदनाम, छन्दलाई किन हेला गरेको यसरी ?, साहित्यकारहरू पनि नामर्द हुने कि ?** (२०५४), **चिनियाँ कविसँग तीन घन्टा, मेलम्ची चम्चा र एकादशी फलाहार, हेर्ने भए चस्मा फुकाल्नोस्, जदौ यज्ञनिधि जदौ नेपालनिधि** (२०५६), **अझै सुतिराख नामर्दहरू, नेपालीलाई नेपाली हुन किन डर ?, भ्रष्टाचार, पुरस्कार र तिरस्कार, कर्तव्यलाई कहिलेसम्म पन्छाउने ?, मलाई माफ गर्नोस् कृष्णप्रसाद** (२०५७), **आखिर कुन मानिस असल ?, राष्ट्रको दुर्दशाप्रति रुने अधिकार नखोसिदेऊ** (२०५८) आदि।

**पुस्तकाकार निबन्धसङ्ग्रहहरूचाहिँ के-के छन् र कहिले-कहिले प्रकाशित भएका छन् ?**

मेरा निबन्धहरू आठवटा सङ्ग्रहमा सङ्कलित छन्। ती सङ्ग्रहहरू हुन् – **आजको नेपाल कता लागिरहेछ ?** (२०४३), **मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** (२०६०), **जवाहरको दर्शन** (२०६०) **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** (२०६२), **अध्यात्म-चिन्तन** (२०६२), **शशि भण्डारी : आयाम र आलोक** (२०६३), **अनेक स्रष्टा अनेक प्रसङ्ग** (२०६४) र **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग, २०६४)।

**तपाईंका निबन्धहरू एउटै शैलीका छन् कि भिन्नाभिन्नै ?**

मलाई मेरा निबन्धहरू फरक-फरक शैलीका लाग्छन्। शैलीमा पनि प्रयोग गर्ने प्रयास मैले गरेको छु।

**तपाईंले आफ्ना निबन्धहरूमा के-कस्ता विचार र भावनाहरू व्यक्त गर्नुभएको छ ?**

म समाजभित्रका नराम्रा पक्षहरू सहन सक्तिनँ, तर तिनलाई हटाउने सन्दर्भमा आउने कतिपय विचारहरूसँग सहमत हुन पनि सक्तिनँ । मेरा आफ्नै प्रकारका मान्यता र विचारहरू छन् । त्यसैले मेरा निबन्धहरूमा आपनै प्रकारका विचारहरू आएका होलान् जस्तो मलाई लाग्छ ।

**सबैभन्दा बढी मन परेको आफ्नो निबन्धसङ्ग्रह कुन हो ?**

**मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर** मा मैले आफूलाई धेरै पोखेको छु । **अमर्त्य भोजपुरे हिरण्य भोजपुरे** मा समीक्षालाई निबन्धात्मक स्वरूप दिएको छु । **आजको नेपाल कता लागिरहेछ** ? ले मेरो तत्कालीन राजनीतिक विचार बोकेको छ । **काभ्रेका केही कर्मयोद्धा** (पहिलो भाग) मा मेरा परिचितहरू आएका छन् । **अनेक स्रष्टा अनेक प्रसङ्ग** मा पाठकले थाहा पाउनैपर्ने प्रसङ्गहरू छन् । **शशि भण्डारी : आयाम र आलोक** को शैली नवीन लाग्छ । **जवाहरको दर्शन** भित्र गहन विषयका निबन्धहरू छन् । **अध्यात्म चिन्तन** का विषयमा त नाउँबाटै थाहा हुन्छ, के भनूँ । त्यसैले म कुनचाहिँलाई मन परेको सङ्ग्रह भनूँ र !

**निबन्धका बारेमा तपाईंको कुनै विशेष धारणा छ कि ?**

साहित्यका जुनसुकै विधाका परिभाषाहरू अब अपूर्ण बन्दैछन् । धेरै प्रकारका प्रयोगहरूले गर्दा अब विधा खुट्याउन कठिन पर्ने अवस्था आउँदैछ । त्यस्तो स्थितिमा निबन्ध नै मलाई यस्तो विधा लाग्छ, जसमा लेखकले सबै विषय र विधालाई अटाउन सक्छ । निबन्ध त्यसै पनि निर्बन्ध हुन्छ । त्यसैले यो अपरिभाषित छ भन्ने म ठान्छु । अबको युग भनेको निर्बन्ध निबन्धको युग हो ।

**मेरो शोधकार्यमा यसरी अन्तर्वार्ता दिई सहयोग गर्नुभएकोमा तपाईंलाई धन्यवाद छ ।**

मेरो निबन्धकारितामा शोध गर्न लाग्नुभएकोमा तपाईंलाई पनि मेरो धन्यवाद छ ।